# नेपाली

## कक्षा ९


नेपाल सरकार

शिक्षा मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# नेपाली

## कक्षा ९

लेखकहरू

डा. सुधा त्रिपाठी

डा. धनप्रसाद सुवेदी

ध्रुवप्रसाद ढुङ्गाना

द्रोण दाहाल

पाठ्यक्रम विकास केन्द्र

प्रकाशक

नेपाल सरकार

शिक्षा मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**ISBN:** 978-9937-601-29-0

© प्रकाशकमा

प्रथम संस्करण : वि. सं. २०७३

मुद्रक : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्ने पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्या सम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणसमेतलाई समेटी यो पाठ्य पुस्तक तयार पारिएको हो ।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका कार्यकारी निर्देशक श्री दिवाकर ढुङ्गेल, प्रा. डा. केदारप्रसाद शर्मा, प्रा. डा. रामनाथ ओझा, प्रा. रमेशप्रसाद भट्टराई, चन्द्रकान्त भुसाल, डा. गीता खरेल, मधुप्रसाद तिमिल्सिना, सिद्धिबहादुर महर्जनलगायतका महानुभावको विशेष योगदान रहेको छ । यस पाठ्य पुस्तकको विषय वस्तु सम्पादन रजनी धिमाल र भाषा सम्पादन चिनाकुमारी निरौलाबाट, चित्राङ्कन सुनिल रञ्जित, लेआउट डिजाइन भावना शर्माबाट भएको हो । यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्य पुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय

वि. सं. २०७३

**पाठ्यक्रम विकास केन्द्र**

# विषय सूची


| क्रम सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | अनारको बोट | १ |
| २. | यात्रा सुरु गरौँ | १२ |
| ३. | सङ्गीतज्ञ रामशरण दर्नाल | १८ |
| ४. | म को हुँ ? | २९ |
| ५. | मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व | ४० |
| ६. | बहिनीलाई चिठी | ५२ |
| ७. | निद्रा | ५९ |
| ८. | वसन्त कोकिल | ७० |
| ९. | जैविक खेती | ८० |
| १०. | मङ्गलाका तिन दिन | ८८ |
| ११. | डाक्टर अङ्कल | ९९ |
| १२. | आङ सान सुकी | १०९ |
| १३. | सय रङ इन्द्रेनी | १२० |
| १४. | महिला हिंसा | १२९ |
| १५. | छात्रावास | १३९ |
| १६. | बन्धनबाट मुक्ति | १५० |


पाठ्यक्रम विकास केन्द्र

पाठ्यपुस्तक विकास केंद्र

**पाठ १** 

# अनारको बोट

*- मुकुन्दराज पथिक*



१. सहरदेखि धेरै टाढा एउटा सुन्दर गाउँ थियो । गाउँको छेउबाट बग्ने नदी, वनका रुख तथा ससाना छहराले त्यसलाई आकर्षक बनाएका थिए। सहरको गन्धसमेत नपाएको त्यो गाउँ सफा मात्र थिएन, सबै खाले प्रदूषणबाट समेत मुक्त थियो । गाउँलेहरू पनि निकै उदार, श्रमशील र सरल थिए। उनीहरूले बाटोघाटो र पाटीपौवाका साथै ठाउँ ठाउँमा मठ मन्दिर पनि बनाएका थिए । यातायातको सुविधा नहुनाले एक ठाउँबाट अर्को ठाउँसम्म आउन जान भने पैदल हिँड्नुपर्थ्यो। त्यही गाउँमा एउटी बुढिया रहन्थिन्। उनको नाम कल्पलता थियो। परिवारमा उनका मेहनती पति र एक मात्र छोरा थिए । उनीहरू हँसिला, मिलनसार र सहयोगी थिए ।

२. एक दिन कल्पलताका पति घाँस काट्न वन गएका थिए। त्यहाँ रुखमा चढेर डाले घाँस झार्न लाग्दा अकस्मात् गोडा चिप्लिएर उनी भुइँमा खसे। रुखबाट खस्दा भुइँका ढुङ्गामा बजारिएकाले उनी बेहोस भए। धेरै बेरसम्म घर नफर्केपछि घरका मानिस र सबै गाउँले मिलेर उनको खोजी गरे। उनीहरूले तिनलाई अचेत अवस्थामा फेला पारे। उनको मुखबाट रगत बगिरहेको थियो। उनीहरूले बुढालाई बोकेर घर लगे। घर लगेको केही समयपछि कल्पलताका पतिको मृत्यु भयो। पतिको मृत्युले उनलाई धेरै दुःखी बनायो। उनी र छोरो घन्टौँसम्म रोए। उनीहरूको रुवाइ र बिलौना सुनेर गाउँलेहरूले पनि आँसु थाम्न सकेनन्। बुढाको मेहनती र मिलनसार बानी सम्झेर उनीहरूले पनि कल्पलता र छोरासँगै आफ्ना आँसु झारे।

---

**शब्दार्थ**

प्रदूषण : वातावरणमा आउने खराबी

यातायात : आवागमनको साधन

अचेत : बेहोस

बिलौना : विलाप

३. बाबुको मृत्युपछि छोरो किरियामा बस्यो। परम्पराअनुसार सबै कर्म भयो। यसपछि छोरो विद्यालयमा पढ्न थाल्यो। कल्पलता आफ्नो घरधन्दामा व्यस्त भइन्। उनीहरू दिन प्रतिदिन उनको अनुपस्थितिमा पनि जीवन यापन गर्न अभ्यस्त भए।

४. कल्पलताको छोरो पढाइमा राम्रो थियो। साथीहरूका बिचमा पनि ऊ उत्तिकै प्रिय थियो। आमाको त ऊ आँखाको नानी नै थियो। सामान्य रूपमा दिन बित्दै थिए। अचानक एक दिन कल्पलताको छोरो विद्यालयका साथीहरूसँग खोलामा गयो। ऊ त्यहाँ पौडी खेल्न थाल्यो। पौडी खेल्दाखेल्दै उसलाई खोलाले बगायो। उसका साथीहरू भने रुँदै घर फर्के। छोरालाई खोलाले बगाएको खबर सुनेर कल्पलता डाँको छोडी रुन थालिन्। "हे दैव ! तिमी कति निर्दयी रहेछौ ! मेरा श्रीमान्लाई त खोस्यौ, खोस्यौ ! मेरा साथमा भएको एउटा छोरालाई पनि लग्यौ। म अब कसको मुख हेरेर बाँच्ने ? अब बरु मलाई पनि लैजाऊ" भन्दै उनी अलापविलाप गरेर निरन्तर रोइरहिन्। उनले धेरै दिनसम्म खाना पनि खाइनन्। रुँदारुँदै उनको शरीर झन् दुब्लो भयो। छिमेकीहरूले उनलाई धेरै सम्झाइ बुझाइ गरे। छिमेकीको अनुरोधमा उनी अलि अलि गरेर बिस्तारै खाना केही खान थालिन्। उनका बिरसिला दिन यसरी बित्दै थिए। उनलाई रुघा र ज्वरोले पनि सतायो। उनी दिन प्रतिदिन शिथिल हुन थालिन्। गाउँलेहरूले मिलेर उनको औषधोपचार गरे। केही दिनपछि उनी हिँड्डुल गर्न सक्ने भइन्। उनले बिस्तारै आफूलाई पनि सम्झाउँदै लगिन्। आखिर जे भए पनि बाँच्नै पर्ने रहेछ र मर्नेहरू फर्केर आउने रहेनछन् भन्ने पनि उनले बुझिन्। उनमा अब भने बाँच्ने आशा बढ्दै गयो।



५. एक दिन एउटा केटाले रुखमा बसिरहेको ढुकुरलाई अचानक गुलेलीले हान्यो। उसले हानेको मट्याङ्ग्राले ढुकुरको खुट्टामा लाग्यो। ढुकुर रुखबाट खस्यो। त्यही बाटो गरेर आफ्नो घरतिर गइरहेकी कल्पलताले यस घटनालाई राम्ररी नियालिरहेकी थिइन्। त्यो केटो उनलाई देखेर ढुकुर नलिई टाप कस्यो। उनी ढुकुरको नजिक गइन्। त्यो पीडाले छटपटाइरहेको थियो। उनले त्यसलाई घर लगिन् र घाउमा औषधी लगाइदिइन्। कल्पलताको स्याहार पाएर ढुकुरको खुट्टाको घाउ विस्तारै निको हुन थाल्यो। ऊ अलि अलि हिँड्न र उड्न पनि सक्ने भयो। त्यो उनीसँग असाध्यै रत्तियो। त्यो कहिले उनको हातमा, कहिले काँधमा र कहिले टाउकामा बस्थ्यो। यसरी कल्पलता र ढुकुर घनिष्ट मित्र भए।

---

शब्दार्थ

औषधोपचार : औषधी सेवन गरी गरिने उपचार

मट्याङ्ग्रो : गुलेलीमा राखेर हान्ने गोली

६. धेरै दिनपछि एक दिन बिहान ढुकुर पिँढीबाट भुर्र उडेर टाढा गयो । दिउँसो त्यो घर फर्केन । साँझ पर्‍यो, झमक्क रात पर्‍यो । तैपनि ढुकुर फर्केन । कल्पलतालाई ढुकुर कता गयो, किन आएन भन्ने चिन्ता लाग्यो । अर्को दिन पनि ढुकुर घर फर्केन । उनी झन् ठुलो पिरमा परिन् । 'आखिर मैलाई किन यस्तो हुन्छ ?' उनले मनमनै प्रश्न गरिन् । शान्त भएको उनको मन पुनः बिथोलिन पुग्यो ।

७. महिना दिनपछिको एक दिन त्यो ढुकुर कल्पलताका घरमा टुप्लुक्क आइपुग्यो । ढुकुरलाई देख्नासाथ उनका आँखा आँसुले रसाए । ढुकुर भने आफूले चुच्चामा च्यापेर ल्याएको अनारको दाना उनका घरको ढोकामा छाडी फेरि भुर्र उडेर गयो । फेरि फर्केर आउँछ कि भनेर उनले आकाशतिर हेरिन् तर ढुकुर पुनः फर्केर आएन । त्यसले छाडेको अनारको त्यस दानालाई भने उनले घर अगाडिको बारीमा त्यही दिन रोपिन् ।



८. भोलिपल्ट बिहान कल्पलताले घर अगाडि बारीमा अनारको बोट देखिन् । एक रातमा नै अनारको बोट ठुलो भएको देख्न पाउँदा उनी निकै खुसी भइन् । पर्सिपल्ट उनी सदा झैँ बिहान उठ्दा त्यस बोटमा लटरम्म अनारहरू फलेका थिए । त्यो देखेर उनी छक्क परिन् । यो कस्तो चमत्कार हो ! 'त्यो ढुकुरले कस्तो अचम्मको अनारको दाना छोडेर गएको रहेछ ! मैले उसलाई गरेको उपचारको बदलामा उसले मलाई यस्तो गुन लगाएको त होइन ? मैले लगाएको गुनभन्दा त यो झन् ठुलो गुन भयो । म यो ऋण अब कसरी तिरौँ ? उसलाई कसरी भेट्ने ? उड्ने चराको के ठेगान हुन्छ र !' उनका मनमा यस्ता नाना थरिका कुराहरू खेल्न थाले । उनी अनारको बोटतिर लागिन् । कस्तो रहेछ भनेर विचार गर्न उनले एउटा अनार टिपिन् र त्यसलाई फुटाएर पनि हेरिन् । अनारभित्र त हिरैहिरा पो रहेछ । ती हिराहरू चम्केको देख्दा उनी हेरेको हेर्‍यै भइन् । हैन के अचम्म हो यो ? अब मैले यस हिरालाई के गर्ने होला ? 'भाग्य भए डोकामा दुध दुहे पनि अडिन्छ' भनेको यही पो हो कि ! अनारको बोटमा हिरा फल्ने कुरा कसरी सम्भव भयो ? धन्य ईश्वर ! नपत्याउनु पनि कसरी ? आफ्नै हातमा हिरा चम्किरहेकै छ । उनले ढुकुरलाई मुरी मुरी धन्यवाद दिइन् । उनले आफ्ना हातभरि भएका सबै

---

शब्दार्थ

हिरा : बहुमूल्य रत्न

हिरा पोल्टामा राखिन् । हिरा सक्कली हो कि होइन भनेर फेरि हेरिन् । हिरा त झन् झल्झलाकार भएर चम्किएको पो देखिन् । उनी अत्यन्त खुसी भइन् ।

९. कल्पलताले अनारमा हिरा फलेको देखाउन छिमेकीलाई बोलाइन् र पोल्टामा भएको हिरा देखाइन् । हिरा देखेपछि छिमेकीहरू पनि छक्क परे । 'यी कल्पलताले यति धेरै हिरा कहाँ पाइन् होला' भनी उनीहरू एक आपसमा हेराहेर गर्न थाले । कल्पलताले उनीहरूलाई अनारको वृत्तान्त सुनाइन् । यी कुरा सुनेपछि छिमेकीहरूले उनलाई भने, "हेर ! यो तिम्रो परीक्षण हो । तिम्रो धैर्य र श्रमप्रतिको आस्था पनि हो । यो तिमीले गरेको सेवाको फल हो । ढुकुरले समेत तिम्रो परीक्षण गर्‍यो । तिम्रो सेवाबाट खुसी भएर तिम्रो इच्छा पुरा गराउन उसले यो फल तिमीलाई दियो । 'सेवा गरे मेवा मिल्छ' भनेको यही त हो नि !" छिमेकीका यी कुरा सुनेर कल्पलता गम्भीर भइन् र भनिन्, "हो रहेछ, साँच्चै ईश्वर भनेको यही त होला नि ! ईश्वरले देख्छन्, दुःख गरे सुख पाइन्छ भनेको त साँचो रहेछ । मानिसमा मात्र होइन, अन्य प्राणीमा पनि सेवाको पैँचो तिर्ने प्रवृत्ति पाइँदो रहेछ । ढुकुरलाई मैले बचाएँ । उसले त मलाई त्यसभन्दा पनि धेरै दिएर गयो ।"

१०. कल्पलताले ती छिमेकीसँग अनार टिप्न सहयोग मागिन् । छिमेकीले सबै अनार टिपिदिए । उनले सबै अनार डालामा हालेर घरभित्र लगिन् । भित्र गएर अर्को अनार पनि फुटाइन् । अनारभित्र पनि हिरैहिरा रहेछन् । त्यसपछि सबै अनार बहुमूल्य रहेछन् भन्ने कुरा उनलाई लाग्यो । उनले आफ्नो पटुकाबाट झिकेर त्यहाँ आएका छिमेकीलाई एक एक ओटा हिरा दिइन् । हिरा पाउँदा छिमेकीहरू पनि दङ्ग परे र उनलाई धन्यवाद दिँदै आफ्ना आफ्ना घर फर्के ।

११. प्रत्येक वर्ष अनारका बोटमा हिरा फल्न थाल्यो । यस्तो देखेर कल्पलता सोच्न थालिन्, 'जिन्दगी पनि धेरै छैन, अब केही गर्नुपर्छ । बिरामी भएका बेलामा गाउँलेहरूले मलाई बचाएका छन् । म त्यस बेला मरेकी भए मैले यो अनारको बोट र हिरा देख्न पाउँदिनथे । मेरा आफ्ना भन्नु गाउँलेहरू नै हुन् । मैले सबै हिरा गाउँलेहरूलाई नै दिनु बेस छ । म मरेपछि मेरो लास त खरानी हुन्छ भने मैले आफूसँग के नै लैजान सक्छु र ?' यस्तो विचार गरी उनले एक दिन सबै गाउँलेहरूलाई आफ्ना घरमा बोलाइन् ।

१२. गाउँलेहरू कल्पलताले भनेकै समयमा उनका आँगनमा जम्मा भए । 'हामीलाई किन बोलाएको होला' भनेर आपसमा कुरा पनि गरे । यसपछि कल्पलताले घाइते ढुकुरको उपचार गरेदेखि अनारका बोटमा हिरा फलेसम्मका सारा वृत्तान्त गाउँलेहरूलाई बताइन् र भनिन्, "गाउँले दाजुभाइ तथा दिदी बहिनीहरू ! मेरा श्रीमान् मरे, छोरो पनि मर्‍यो । बिरामी भएर थला परी म पनि मर्न लागेकी थिएँ ।

---

**शब्दार्थ**

वृत्तान्त : बयान

परीक्षण : जाँच्ने काम

बहुमूल्य : धेरै महत्त्वको

पटुका : कम्मरमा बाँध्ने कपडा

तपाईँहरूले मलाई उपचार गरेर बचाउनुभयो । तपाईँहरू मेरा लागि ईश्वर समान हुनुहुन्छ । अब मलाई यो अनारको बोट र यी हिराको के काम छ र ? यी सबै तपाईँहरूकै हुन् । म मरेपछि मेरो घरबारी र यो अनारको बोट विद्यालय तथा गाउँकै हितमा प्रयोग गर्नुहोला ।" यति भनेपछि उनले आफू मर्दा आफ्नो चितामा राख्न एउटा सानो टुक्रा हिरा मात्र आफूसँग राखेर त्यहाँ आएका गाउँलेलाई सबै हिरा बाँडिदिइन् । गाउँलेहरू पनि खुसीले गद्गद् भएर उनको जयजयकार गर्दै बिदा भए ।

१३. कल्पलताले दिएका हिरा गाउँलेहरूले केही गहना बनाए र बाँकी सबै बेचे । त्यसबाट सबै गाउँलेहरू सम्पन्न भए । गाउँ पनि स्वर्ग जस्तै सुन्दर भयो । त्यस गाउँका बगैँचा, बाटो र मन्दिरहरू हेर्दा सबैको मन प्रफुल्ल हुन्थ्यो ।

१४. केही समयपछि कल्पलता मरिन् । गाउँलेहरूले उनको लासलाई घाटमा लगे । उनकै इच्छाअनुसार उनको पटुकामा भएको हिराको टुक्रा निकालियो र त्यो बेचेर कल्पलताको छोरो पढ्ने गरेको विद्यालयलाई दिने निर्णय भयो । त्यसपछि सबै गाउँलेहरू मिलेर कल्पलतालाई दागबत्ती दिए । आगोको ज्वालाले लासलाई दुई घण्टामा नै खरानी बनायो । सबै मलामीहरू आँखामा आँसु लिएर आफ्ना घर फर्किए ।

१५. गाउँलेहरूले यसपछि कल्पलताका बारीमा एउटा सुन्दर बगैँचा बनाउने र चौबाटामा उनको प्रतिमा स्थापना गर्ने विचार गरे । नभन्दै सुन्दर बगैँचा पनि निर्माण भयो । वार्षिकीको दिन उनको प्रतिमा



शब्दार्थ

चिता : लास जलाउने दाउराको टाँड

स्वर्ग : देवलोक

वार्षिकी : मरेको वर्ष दिनमा गरिने श्राद्ध

प्रतिमा : सालिक

पनि चौबाटामा स्थापना भयो । कल्पलता मरेपछि पनि उनले रोपेको अनारको बोटमा अनार उत्तिकै लटरम्म फले । अनार फुटाएर हेर्दा त्यसभित्र पहिले जस्तै हिरैहिरा थिए । गाउँलेहरूले ती सबै हिरा सरकारलाई बुझाए । यसबाट देश धेरै धनी भयो । सबै ठाउँमा विद्यालय, सडक, बिजुली, टेलिफोन, खानेपानी आदिको प्रबन्ध भयो । सुन्दर घरहरू पनि निर्माण भए । प्रत्येक वर्ष अनारको बोटमा यसरी नै हिरा फलिरह्यो । यसले गर्दा ती कल्पलता मरेर गए पनि उनको नाम सधैँका लागि अमर भयो ।

## अभ्यास

### सुनाइ

१. पाठको पाँचौं अनुच्छेद सुनी ठिक र बेठिक छुट्याउनुहोस् :

(क) एउटा केटाले रुखमा बसिरहेको ढुकुरलाई गुलेलीले हान्यो ।

(ख) केटाले हानेको मट्याङ्ग्राले ढुकुरको चुच्चामा लाग्यो ।

(ग) कल्पलतालाई देखेर केटो ढुकुर नलिई टाप कस्यो ।

(घ) ढुकुरलाई कल्पलताले घर लिएर गइन् ।

(ङ) ढुकुर केही दिनपछि आफैँ निको भयो ।

२. पाठको तेस्रो र चौथो अनुच्छेदको श्रुति लेखन गर्नुहोस् ।

३. पाठको पहिलो अनुच्छेदको सुन्नुहोस् र त्यसका आधारमा तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कल्पलताको गाउँ कस्तो थियो ?

(ख) गाउँलेहरूले आफ्ना गाउँमा के के कुराहरू निर्माण गरेका थिए ?

(ग) गाउँलेहरूमा कस्तो भावना थियो ?

(घ) कल्पलताका परिवारमा कति जना र को को थिए ?

(ङ) कल्पलताको परिवारका सदस्यको स्वभाव कस्तो थियो ?

४. 'अनारको बोट' कथा सुनेर यसका मुख्य घटना भन्नुहोस् ।

### बोलाइ

१. शुद्ध उच्चारण गर्नुहोस् :

प्रदूषण, यातायात, ओतप्रोत, अनुपस्थित, मट्याङ्ग्रो

२. कल्पलताले ढुकुरलाई गरेको सेवा र ढुकुरले कल्पलतालाई तिरेको गुनमा तपाईँ कुनलाई बढी महत्त्वपूर्ण मान्नुहुन्छ ? साथीहरूका बिचमा छलफल गरेर निष्कर्ष बताउनुहोस् ।

३. तपाईँले जानेको कुनै एउटा लोककथा सिलसिला मिलाएर भन्नुहोस् ।

४. यस लोककथाको शीर्षक कत्तिको उपयुक्त छ ? आफ्नो तर्क कक्षामा प्रस्तुत गर्नुहोस् ।

**पढाइ**

१. पाठका विभिन्न अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

२. पाठको चौथो अनुच्छेद पढ्नुहोस् र तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कल्पलताको छोरो आफ्ना साथीसँग किन खोलामा गयो ?

(ख) किन कल्पलता डाँको छोडेर रुन लागिन् ?

(ग) कल्पलताले आफ्नो दुःख के भनेर व्यक्त गरिन् ?

(घ) कल्पलता किन दुब्लाउँदै गइन् ?

(ङ) कल्पलताका शरीरमा कसरी सुधार भयो ?

३. पाठको नवौँ अनुच्छेद मौन पठन गरी तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) कल्पलताले छिमेकीहरूलाई के कुरा गर्न बोलाइन् ?

(ख) कल्पलताले आफ्ना पोल्टामा भएको हिरा कसलाई किन देखाइन् ?

(ग) छिमेकीहरूले आश्चर्य मानी आपसमा किन हेराहेर गरे ?

(घ) छिमेकीले अनारको दानाभित्र हिरा भएको रहस्यका सम्बन्धमा के अनुमान गरे ?

(ङ) कल्पलता छिमेकीका कुरा सुनेर के कुरामा विश्वस्त भइन् ?

(च) 'वृत्तान्त' र 'धैर्य' शब्द वाक्यमा प्रयोग गर्नुहोस् ।

(छ) 'परीक्षण' र 'प्रवृत्ति' शब्द कसरी बनेका हुन् ?

४. कथाका आधारमा तलका भनाइ कसले कसलाई भनेका हुन्, कापीमा सार्नुहोस् :

(क) अब, बरु मलाई पनि लैजाऊ ।

(ख) दुःख गरे सुख पाइन्छ ।

(ग) सेवा गरे मेवा मिल्छ भनेको यही त हो नि !

(घ) हो रहेछ, साँच्चै नै ईश्वर त रहेछन् ।

(ङ) भाग्य भए डोकामा दुध दुहे पनि अडिन्छ भनेको यही रहेछ ।

५. पाठका आधारमा तल दिएका घटनाहरूको क्रम मिलाई कापीमा सार्नुहोस् :

(क) कल्पलताको छोरो खोलामा बग्नु

(ख) कल्पलताका श्रीमान् घाँस काट्न वनमा जाँदा रुखबाट लड्नु

(ग) कल्पलता रुघाखोकीले बिरामी हुनु

(घ) कल्पलताले सबै गाउँलेलाई आफ्ना घरमा बोलाउनु

(ङ) कल्पलताले छिमेकीलाई आफ्ना घरमा बोलाउनु

(च) कल्पलताका बारीमा लटरम्म अनार फल्नु

(छ) कल्पलताले ढुकुरलाई छटपटाइरहेको देख्नु

(ज) गाउँलेहरूले कल्पलताका बारीमा बगैँचा बनाउनु

(झ) कल्पलताको मृत्यु हुनु

६. पाठका आधारमा कल्पलतासँग सम्बन्धित महत्त्वपूर्ण कुराहरू पाँच बुँदामा टिपोट गर्नुहोस् ।

## लेखाइ

१. पाठका आधारमा तलका प्रश्नको उत्तर सङ्क्षेपमा लेख्नुहोस् :

(क) कल्पलताले आफ्ना दिनहरू सुरुमा कसरी बिताएकी थिइन् ?

(ख) कल्पलताले जीवनमा के कस्ता दुःख भोग्नुपऱ्यो ?

(ग) गाउँलेहरूले दुःखमा कल्पलतालाई कसरी साथ दिए ?

(घ) कल्पलताले ढुकुरलाई कसरी बचाइन् ?

(ङ) कल्पलताप्रति ढुकुर किन कृतज्ञ बनेको हो ?

(च) कल्पलताले आफ्नो सुन्दर गाउँलाई झन् सुन्दर बनाउन कसरी सहयोग पुऱ्याइन् ?

(छ) कल्पलताका माध्यमबाट देश कसरी धनी भयो ?

(ज) कल्पलता मरेपछि गाउँलेहरूले उनीप्रति के कस्ता सम्मान प्रकट गरे ?

२. 'अनारको बोट' लोक कथाको सारांश लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. उक्त लोककथाको मूल भाव लेख्नुहोस् ।



पाठ्यक्रम विकास केन्द्र

४. **तलका उद्धरणको व्याख्या गर्नुहोस् :**

(क) 'सेवा गरे मेवा मिल्छ' भनेको यही त हो नि ।

(ख) मानिसमा मात्र होइन, अन्य प्राणीमा पनि सेवाको पैँचो तिर्ने प्रवृत्ति पाइँदो रहेछ ।

५. **कल्पलतामा केवल दयाका भावनाहरू मात्र थिएनन्, उनमा समाज सेवाका भावनाहरू पनि त्यत्तिकै प्रबल थिए भन्ने कुरालाई पाठका आधारमा प्रस्ट पार्नुहोस् ।**

६. **'घाइते ढुकुर' शीर्षक राखेर आवश्यकताअनुसार परिवर्तन गरी यस कथाको पुनर्लेखन गर्नुहोस् ।**

७. **निम्न अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

'हिंसा नगर्नु, असत्य नबोल्नु, कसैको सम्पत्ति चोरी नगर्नु, ब्रह्मचर्य व्रतको पालना गर्नु, आवश्यकताभन्दा बढी धन सङ्ग्रह नगर्नु' गौतम बुद्धका यी प्रमुख उपदेश हुन् । संसारमा उनका उपदेशको व्यापक रूपमा प्रचार प्रसार छ । उनका उपदेशले विश्वलाई नै मार्ग दर्शन गरेको छ । बुद्धका दृष्टिमा सबै मानिस समान मानिन्थे । सबै प्राणीको कल्याण गर्नु बुद्धको प्रमुख उद्देश्य थियो ।

(क) माथिको अनुच्छेदमा दिइएका तलका शब्दको विपरीतार्थक शब्द खोज्नुहोस् :

अहिंसा, सत्य, कम, असमान, अकल्याण, अनावश्यक, सीमित

(ख) अनुच्छेदमा उल्लेख भएका तलका शब्दको अर्थ लेख्नुहोस् :

सम्पत्ति, व्रत, प्रमुख, संसार, उपदेश, मार्ग, प्राणी, चोरी, पालना

(ग) अनुच्छेदमा उल्लेख भएका तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

धन, प्रचार, दर्शन, सबै, मानिस, गर्नु, गौतम बुद्ध, उद्देश्य

(घ) प्रमुख, प्रचार, प्रसार, यी शब्दमा 'प्र' उपसर्ग लागेको छ, यसैअनुसार 'प्र' उपसर्ग लगाएर अन्य पाँच ओटा शब्द निर्माण गर्नुहोस् ।

(ङ) 'उपदेश' देश शब्दमा 'उप' उपसर्ग लागेर बनेको हो, त्यस्तै 'देश' शब्दमा अन्य पाँच ओटा उपसर्ग लगाएर शब्द निर्माण गर्नुहोस् ।

८. **अल्प विराम, अर्ध विराम, पूर्ण विराम, प्रश्नवाचक र उद्गार चिह्नलाई प्रयोग गरेर पाँच ओटा वाक्य लेख्नुहोस् ।**

**व्याकरण**

१. **तलको अनुच्छेदका रेखाङ्कित क्रियापद भूत कालका हुन्, तिनको वर्तमान रूप पहिचान गरी कापीमा लेख्नुहोस् :**

एक जना सन्त नदीमा नुहाउन गए । त्यहाँ उनले पानीमा बिच्छी देखे । त्यो बिच्छीप्रति सन्तलाई दया लाग्यो । त्यसलाई बचाउनुपर्‍यो भनी सन्तले आफ्नो हातमा लिन खोज्दा बिच्छीले हत्केलामा टोक्यो । सन्तले बिच्छीलाई बचाउन फेरि पनि प्रयास गरे । बिच्छीले यस पटक त सन्तलाई झन् बेहोस नै हुने गरी टोक्यो । यस घटनालाई एउटा माझीले नजिकैबाट देख्यो र गएर सन्तलाई भन्यो, “बिच्छी स्वभावैले रिसाहा र दुष्ट हुन्छ । तपाईँ यसलाई बचाउन किन यस्तो कष्ट गर्नुहुन्छ ?” सन्तले माझीलाई भने, “बिच्छी स्वभावैले जति रिसाहा र दुष्ट हुन्छ, मानिसले पनि त्यति नै क्षमाशील र सज्जन हुन प्रयास गर्नुपर्छ । यो बिच्छी आफ्नो स्वभाव छोड्दैन भने म पनि आफ्नो धर्मलाई कसरी छोडौँ ?” यति भनी सन्तले तेस्रो पटक पनि प्रयास गरे । यस पटक भने बिच्छीलाई पानीबाट बाहिर निकाल्न उनी सफल भए ।

२. **पाठको अन्तिम अनुच्छेदमा भएका भूत कालका क्रियापदलाई रेखाङ्कन गर्नुहोस् ।**

३. **तलका क्रियापदमध्ये भूत कालका क्रियापदलाई मात्र कापीमा सार्नुहोस् :**

पढ्यौ, पढ्छौँ, लेख्यो, पढ्ने छु, भने, खायो, रोयो, बस्छ, टिप्यो, सुत्यो

४. **तलका वाक्यलाई भूतकालका वाक्यमा बदल्नुहोस् :**

(क) गोठालो घाँस काट्छ ।

(ख) सानी पानी ल्याउँछे ।

(ग) हामी विद्यालय जान्छौँ ।

(घ) भोलि पानी पर्ने छ ।

(ङ) हामी आज घरमै बस्छौँ ।

५. **तलका धातुलाई प्रयोग गरेर भूतकालका वाक्य निर्माण गर्नुहोस् :**

हिँड्, पकाउ, सुताउ, गाउ, जा, लेख्, उफ्रि

६. **लिङ्ग, वचन र पुरुषका आधारमा ‘खा’ धातुबाट बन्ने भूतकालका रूपहरू लेख्नुहोस् ।**

७. **भूतकालका क्रियापद प्रयोग गरी आफूले देखेको कुनै घटनाका सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।**

८. तलको तालिकामा भूतकालका सबै पक्षमा आधारित केही क्रियापदहरू उल्लेख छन्, तिनलाई आफ्नो कापीमा लेख्नुहोस् :

| सामान्य | अपूर्ण | पूर्ण | अभ्यस्त | अज्ञात |
|---|---|---|---|---|
| गयो | जाँदै थियो | गएको थियो | जान्थ्यो | गएछ |
| खेलेँ | खेल्दै थिएँ | खेलेको थिएँ | खेल्थेँ | खेलेछु |
| आई | आउँदै थिई | आएकी थिई | आउँथी | आइछ |
| हाँस्यौँ | हाँस्दै थियौँ | हाँसेका थियौँ | हाँस्थ्यौँ | हाँसेछौँ |

९. तलका 'क' र 'ख' समूहका बिचमा जोडा मिलाउनुहोस् :

| समूह (क) | समूह (ख) |
|---|---|
| भाइले उज्यालो भयो भनेर भन्यो । | अभ्यस्त भूत |
| हली हलो जोत्दै थियो । | सामान्य भूत |
| शिक्षकले विद्यार्थीलाई पढाउनुभएछ । | अपूर्ण भूत |
| केटाकेटी कपर्दी खेल्थे । | पूर्ण भूत |
| हिजो विद्यालय लागेको थियो । | अज्ञात भूत |

१०. 'आउ' धातुलाई प्रयोग गरेर भूत कालका सबै पक्षमा तिन तिन ओटा वाक्य लेख्नुहोस् :

११. कोष्ठमा दिइएका सङ्केतका आधारमा तलका खाली ठाउँ भर्नुहोस् :

एक जना पुजारी सधैँ मन्दिर ............ (जा, अभ्यस्त भूत) । बाटामा उसले कोइलीको सुमधुर स्वर ............ (सुन्, अज्ञात भूत) । मन्दिरमा तीर्थ यात्रीहरू पूजा ............. (गर्, अपूर्ण भूत) । पुजारीले उनीहरूलाई फुल र प्रसाद ............ (दि, अज्ञात भूत) । तीर्थयात्रीहरू खुसी .............. (हु, सामान्य भूत) । उनीहरूले प्रशस्त मिठाइ ............ (ल्याउ, पूर्ण भूत) । उनीहरूले ती सबै मिठाइ त्यही मन्दिरमा नै ............ (चढ्, सामान्य भूत) ।

१२. भूतकालका सबै पक्षलाई प्रयोग गरी आफूले भ्रमण गरेको कुनै ठाउँको वर्णन गर्नुहोस् ।

### सिर्जनात्मक कार्य

१. तपाईँले सुनेको कुनै एउटा लोककथा सिलसिला मिलाएर लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

२. आफ्ना आमाबुबा अथवा हजुरआमा, हजुरबुबा अथवा जेष्ठ नागरिकबाट लोककथा सुनी कक्षामा सुनाउनुहोस् ।

## पाठ २ यात्रा सुरु गरौँ

*- दुबसु क्षेत्री*

१. समयको एउटा लामो झरीपछि
बल्ल घाम उदाएको छ
बिहान भएको छ, अब हामीले हाम्रो यात्रा सुरु गर्नुपर्छ
पानी थामिएको छ, अब हामीले हाम्रो आरोहणको थालनी गर्नुपर्छ
आस्थाको टुकी बाल्नुपर्छ, अब हामीले उज्यालो छर्नुपर्छ
मौसम वसन्तको छ, अब हामीले गीत गुन्जाउनुपर्छ
फक्रेका छन् गुराँसहरू, अब हामीले मालाहरू उन्नुपर्छ ।

२. नाच्दानाच्दै जहाँ रोकेका थियौँ सोरठीको ताल
त्यहीँबाट चाल्दै एउटै चालका तिन कोटी पाइला
सह अस्तित्वको यात्रा सुरु गरौँ
रम्दारम्दै रोदीको रन्कोमा छुटेका थियौँ जहाँ
त्यही चौतारीबाट सहमतिको यात्रा सुरु गरौँ
पहेँलपुर धान खलियानमा राखेर
माघीको न्वागी खाँदै स्वावलम्बनको नयाँ यात्रा सुरु गरौँ
घुम्दै विवाह पञ्चमीको मेला पर्खिँदै थियौँ जहाँ
मधेसको पवित्र छठ र त्यहीँ जानकी माटाको चन्दन लगाउँदै
सहिष्णुताको यात्रा सुरु गरौँ
गाउँदा गाउँदै जहाँ रोकेका थियौँ सेलोको भाका
त्यहीँबाट गाउँदै बन्धुत्वको गीत
उज्यालोको यात्रा सुरु गरौँ

---

**शब्दार्थ**

आरोहण : माथि चढ्ने काम

सोरठी : गुरुङ, मगर आदि जातिमा प्रचलित गीतिनाट्यको एक भेद

रोदी : गुरुङ जातिमा प्रचलित गीत

खलियान : खलो

माघी : थारु जातिले मनाउने चाड

छठ : तराई क्षेत्रमा मनाइने पर्व

सेलो : तामाङ, शेर्पा आदिको लोकगीत

मनाउँदै ल्होसार जहाँ पुज्दै थियौँ हिमाललाई मानेर देवता
त्यही आकाश छुने हिमाललाई साक्षी राखेर
सहकार्यको यात्रा सुरु गरौँ
जप्दै गौरा जहाँ नाचेका थियौँ देउडा
त्यही कर्णालीको मुहाननिर उभिएर
नव निर्माणको यात्रा सुरु गरौँ
खोज्दै शान्तिका दुई सम्बोधी आँखा
जहाँ हामी लोलाएका थियौँ
उडाउँदै शान्तिका सेता परेवाहरू
तिनै सम्यक आँखाबाट शान्तिको यात्रा सुरु गरौँ

३. भाक्दै आस्थाको आरती
जहाँ हामी अनायास ब्युँझिएका थियौँ
त्यही गुम्बा, मन्दिर, मस्जिद र गिर्जाघरको प्राङ्गणबाट
सहधर्मको यात्रा सुरु गरौँ
जहाँ तिमी र हामीले हातेमालो गरेर
आरम्भ गरेका थियौँ एकीकरणको यात्रा
काष्ठ मण्डपको त्यही देवलबाट धिमे बजाउँदै
नव एकताको यात्रा सुरु गरौँ
साँझ परेर बास बसेका थियौँ जहाँ नाम्चेको फेदीमा
त्यही फेदीबाट सगरमाथा शिखरको यात्रा सुरु गरौँ ।

४. समयको एउटा निस्पट्ट अन्धकार
हामीले चिरिसकेका छौँ
अब एउटा नयाँ जीवन सुरु गरौँ
जहाँबाट हामी थकान रोपेर भागेका थियौँ
अब एउटा नयाँ यात्रा सुरु गरौँ त्यहीँबाट
जहाँ हामीले केही क्षण विश्राम गरेका थियौँ
राष्ट्र नव निर्माणको यात्रा सुरु गरौँ त्यहीँबाट
जहाँ हामीले शान्ति र समृद्धिका सपनाहरू सजाएका थियौँ ।

---

**शब्दार्थ**

ल्होसार : तामाङ, शेर्पा, गुरुङको नयाँ वर्ष

गौरा : डोटी, डडेलधुरातिर मनाइने पर्व

देउडा : सुदूर पश्चिमतिरको परम्परागत गीत/नृत्य

सम्यक : राम्रो, सुन्दर

धिमे : नेवार जातिमा प्रचलित नाच/गीत

## अभ्यास

### सुनाइ

१. कविताको पहिलो गद्यांश सुनी मौखिक उत्तर दिनुहोस् :

(क) समयको लामो झरी भनेको के हो ?

(ख) हामीले हाम्रो यात्रा किन सुरु गर्नुपर्छ ?

(ग) उज्यालो कसरी छर्न सकिन्छ ?

(घ) कवि कस्तो मौसममा गीत गुन्जाउन चाहन्छन् ?

२. कविताको दोस्रो गद्यांश सुन्नुहोस् र त्यहाँ उल्लेख भएका सांस्कृतिक नाच वा पर्वको नाम भन्नुहोस् ।

३. कविताको तेस्रो गद्यांश सुनी त्यसमा भन्न खोजिएको विचारलाई कक्षामा सुनाउनुहोस् ।

४. कविताको चौथो गद्यांशको श्रुति लेखन गर्नुहोस् ।

### बोलाइ

१. तलका शब्दहरू उदाहरणमा देखाए जस्तै गरी ठिक उच्चारण गर्नुहोस् र तिनीहरूलाई उच्चारणअनुसार नै कापीमा लेख्नुहोस् :

जस्तै : उच्चारण/उच्.चा.रण्

आरोहण, झोक्का, चकित, निस्पट्ट, प्राङ्गण, सहिष्णुता

२. निम्न लिखित अवस्था व्यक्त हुने गरी अभिनय गर्नुहोस् :

चकित भएको अवस्था, आल्हादित भएको अवस्था, लोलाएको अवस्था, थकाइ लागेको अवस्था

३. तलका शब्दलाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :

देउराली, टुकी, रोदी, धिमे, देउडा, सेलो

४. तपाईँ आफूले आजैदेखि सुरु गर्न सक्ने कुनै दुई सकारात्मक कामहरू कक्षामा सुनाउनुहोस् :

जस्तै :

आजसम्म मैले आफ्नो लुगा आफैँ धोएको छैन, म यो काम आजैबाट सुरु गर्छु ।

५. शान्ति र समृद्धिका सपनाहरू कस्ता हुन सक्छन् ? आफ्नो विचार कक्षामा सुनाउनुहोस् ।

६. माथिको कवितामा दीर्घ इकार लागेका शब्दहरू मात्र टिपोट गर्नुहोस् र ती शब्द दीर्घ लेख्नुपर्ने कारणबारे शिक्षकसँग छलफल गरी निष्कर्षमा पुग्नुहोस् ।

७. कोष्ठकमा दिइएका शब्दहरूमध्येबाट खाली ठाउँ भरी कक्षामा सुनाउनुहोस् :

(क) 'अनायास' शब्दको पर्यायवाची शब्द ............ हो । (एकाएक, औधी, एक्लै)

(ख) 'रहर' र 'झरी' ............ शब्द हुन् । (पर्यायवाची, अनेकार्थी, श्रुतिसम भिन्नार्थक)

(ग) 'आरम्भ' को विपरीतार्थक शब्द .............. हो । (प्रारम्भ, विलम्व, अन्त्य)

(घ) 'सब' र 'शव' ................ शब्द हुन् । (पर्यायवाची, अनेकार्थक, श्रुतिसम भिन्नार्थक)

(ङ) ...............को सानो बुझाउने शब्द 'टुकी' हो । (अँध्यारो, उज्यालो, बत्ती)

**पढाइ**

१. गति, यति र लय मिलाई कविता वाचन गर्नुहोस् ।

२. कविताको मौन पठन गरी सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनुहोस् :

(क) कस्तो यात्रा सुरु गर्नका लागि कविले आह्वान गरेका छन् ?

(ख) यात्रा सुरु गर्नका लागि समय किन अनुकूल छ ?

(ग) हामीले सजाएका सपना के के हुन् ?

(घ) यस कविताले के कस्ता सकारात्मक सन्देशहरू दिन खोजेको छ ?

(ङ) नेपाल बहु सांस्कृतिक सम्पदाले भरिपूर्ण देश हो भन्ने कथनलाई कविताका आधारमा स्पष्ट पार्नुहोस् ।

३. कविताको दोस्रो गद्यांशमा तल दिइएका विभिन्न यात्राहरू उल्लेख गरिएको पाइन्छ । ती यात्राहरूको अर्थ कविता पढेका आधारमा लेख्नुहोस् :

सह अस्तित्वको यात्रा, सहमतिको यात्रा, स्वावलम्बनको नयाँ यात्रा, सहिष्णुताको यात्रा, उज्यालोको यात्रा, सहकार्यको यात्रा, नव निर्माणको यात्रा, सहधर्मको यात्रा, सगरमाथा शिखरको यात्रा

४. कविता पढेका आधारमा 'आशावादी बन्नुपर्छ' भन्ने विषयमा एउटा अनुच्छेद लेख्नुहोस् ।

**लेखाइ**

१. सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

(क) कविले कवितामा माला उन्ने प्रसङ्ग किन उल्लेख गरेका हुन् ?

(ख) सहिष्णुताको यात्रा सुरु गर्न ध्यान दिनुपर्ने पक्ष के के हुन् ?

(ग) एकताको यात्रा कविले कहाँबाट कसरी सुरु गर्न भनेका छन् ?

(घ) नयाँ यात्रा सुरु गर्न कविले किन आह्वान गरेका छन् ?

२. कविताको प्रत्येक गद्यांशको आशय लेख्नुहोस् ।

३. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) अब एउटा नयाँ जीवन सुरु गरौँ
जहाँबाट हामी थकान रोपेर भागेका थियौँ ।

(ख) राष्ट्र नव निर्माणको यात्रा सुरु गरौँ त्यहीँबाट
जहाँ हामीले शान्ति र समृद्धिका सपनाहरू सजाएका थियौँ ।

४. उपयुक्त लेख्य चिह्नहरू राखी पुनर्लेखन गर्नुहोस् :

उसले मलाई भन्यो हे भाइ तिमी त ज्यादै अल्छी रहेछौ मैले आफ्नो व्यथा बताउँदै भनेँ होइन दाइ हिजोआज मलाई सन्चो छैन ।

**व्याकरण**

१. तलको अनुच्छेद पढी रेखाङ्कित शब्दमध्ये नाम र विशेषणको अलग अलग सूची बनाउनुहोस् :

तराईमा बस्ने गरिब गोपालले एउटा गाई किन्यो । उसले राम्रो खानेकुरा खुवायो । त्यसबाट धेरै बाछाबाछी जन्मे । गाईहरूको ठुलो बथान बन्यो । ती गाईहरूको शुद्ध दुध बेचेर उसले प्रशस्त आम्दानी गऱ्यो । उसको विशेष पढाइ थिएन । वास्तवमा अधिक इमानदारी नै उसका लागि उपयुक्त रोजगारीको प्रभावकारी माध्यम बन्न पुग्यो । जुनसुकै काम गरेर पनि यस समाजमा सजिलै बाँच्न सकिन्छ भन्ने असल शिक्षा उसबाट लिन सकिन्छ । गोपालको ठुलो दाजु रमेशले भने अनेक तालिम लिएर पनि केही पेसा गरेको थिएन । अल्छी स्वभावको त्यो रमेश रिसाहा प्रवृत्तिको पनि थियो । उसको मुख्य सोख नै रातो सर्ट, सेतो पाइन्ट र कालो चस्मा लगाएर बजार घुम्नु मात्र थियो । उसलाई जहिले पनि आर्थिक सङ्कट मात्र पर्थ्यो । एक दिन अचानक उसले भाइले जस्तै कुनै नयाँ काम गरेर धेरै उन्नति गर्ने विचार गऱ्यो । भाइले पनि उन्नत जातका बाखा पालेर राम्रो प्रगति गर्न सकिन्छ भन्ने उपयुक्त सल्लाह दियो । उसले दाइलाई केही आर्थिक सहयोग पनि गऱ्यो । सुरुमा तिन ओटा बाखा पालेको रमेशको अहिले गन्दा बिस बाखाहरू भइसके । हिजोआज गाउँमा ऊ जान्ने बुझ्ने बाखा पालक भएको छ । मेहनती मान्छेलाई कहिले दुःख हुन्छ र ?

२. **विशेषण शब्दलाई कसरी चिन्न सकिन्छ ? तालिकाका आधारमा छलफल गर्नुहोस् ।**

| प्रश्न | जवाफ |
|---|---|
| कस्तो ? | कालो, सोझो, लोभी, रातो, गुलियो, एकोहोरो, नयाँ, धनी, असल आदि |
| कस्ती ? | जाने बुझेकी, गोरी, मेहनेती, अल्छी, मोटी, गुणवती, सहनशील, दयालु आदि |
| कुन ? | त्यो, यो, ती, उही, सातौँ, पहिलो, कान्छो, माहिलो, पाश्चात्य आदि |
| कत्रो ? | अग्लो, होचो, त्यत्रो, यत्रो, सानो, ठुलो, विशाल आदि |
| कति ? | सबै, धेरै, अलिकति, आधा, आठ, धेरै, थोरै, त्यति, यति आदि |

३. **पाठमा प्रयोग भएका नाम र विशेषण शब्दहरू खोजेर लेख्नुहोस् :**

४. **उपर्युक्त विशेषण शब्दहरू प्रयोग गरी आफू नजिकैको साथीको परिचय दिनुहोस् ।**

**सिर्जनात्मक अभ्यास**

**नाम तथा सर्वनामको प्रयोग गरी आफूलाई मन पर्ने चाडका बारेमा कविता लेख्नुहोस् ।**

**पाठ ३** 

# सङ्गीतज्ञ रामशरण दर्नाल



१. कलाका विभिन्न भेदमध्ये सङ्गीत पनि एक हो । कविता, कथा वा चित्रकला जस्तै सङ्गीत कलालाई आफ्नो साधना बनाएर परिचित हुने प्रतिभा संसारभरि छन् । रामशरण दर्नाल पनि सङ्गीत कला र त्यसका साधनाका माध्यमबाट नेपाली कला जगत्मा आफ्नो परिचय बनाउन सफल प्रतिभा हुन् । काठमाडौँको कालधारामा वि. सं. १९९४ असार २७ गतेका दिन निम्न वर्गीय परिवारमा उनको जन्म भएको हो । पिता सत्यकुमार दर्नाल र माता दिलकुमारीको माइला सन्तानका रूपमा जन्मेका रामशरण बाँचेका मध्ये जेठा थिए । आफ्नी आमाका तर्फबाट एक र विमाताका तर्फबाट एक गरी उनका दुई जना भाइहरू रहेका छन् । तत्कालीन अवस्थामा श्रमजीवी परिवारमा जन्मेर दलन र अवहेलनाबिच बाँचेर प्रगति गर्न गारो थियो । रामशरणले यी सबै कुरालाई सहे र पचाए । उनले आफ्नो सङ्गीत साधनालाई निरन्तरता दिए । त्यही अथक साधनाले उनी नेपाली सङ्गीत जगत्मा प्रसिद्ध बने ।

२. रामशरणका पिता नेपाली सेनाको ब्यान्डका नाइके थिए । सबैले उनलाई 'हवल्दार मेजर' भनेर चिन्थे । उनी जागिरबाट निवृत्त भएपछि परिवारको आर्थिक अवस्था झन् जर्जर बन्न पुग्यो । उक्त अवस्थाबाट त्राण पाउनका लागि उनी कामको खोजीमा विदेश गए । लगत्तै एक वर्षपछि नै फर्केर आई उनी फेरि पुर्ख्यौली पेसा (बाजा बजाउने काम) गरेर गुजारा गर्ने प्रयत्नमा लागे । उता उनको एउटा भएको घर पनि वि. सं. १९९० को भूकम्पले चर्किएको थियो । यस विषम अवस्थाकै बिच रामशरणको बाल्यकाल बितेको थियो ।

३. रामशरण सानामा निकै रोगी थिए । हरेक समय उनलाई एउटा न एउटा रोगले सताइरहेकै हुन्थ्यो । जन्मेको केही महिनामा नै उनको नाकको डाँडीमा खटिरा आएको थियो । त्यो खटिरो सङ्ग्रालिएपछि मर्ने ठानेर उनलाई आँगनमा सुताइएको थियो । त्यतिबेलै भिक्षाटनमा आएकी एउटी महिला योगीले सो कुराको जानकारी पाइन् । उनले काँडाले सो खटिरो फुटाउने सल्लाह दिइन् ।

---

शब्दार्थ

विमाता : सौतेनी आमा

निवृत्त : सेवामुक्त

त्राण : सहारा

नाकको डाँडी : दुई ओटा आँखाका बिचको डाँडोजस्तो परेको भाग, चस्मा अड्याउने ठाउँ

भिक्षाटन : भिक्षा माग्दै हिँड्ने काम

खटिरो फुटाएपछि पिप निक्लेर नाकको डाँडी नै भासियो। घरी जुकाले सताउने, घरी आउँले सताउने भएपछि बल्ल बाँचेको एउटै मात्र सन्तानलाई कसरी जोगाउने भन्ने चिन्ताले उनकी आमालाई सधैँ सताइरहन्थ्यो। त्यतिबेला समाजमा विवाह गरिदिएपछि रोगीको रोग निको हुन्छ भन्ने अन्ध विश्वास व्याप्त थियो। यसैले एघार वर्षकै उमेरमा उनको विवाह नौ वर्षकी हरिमायासँग गराइएको थियो।

४. नेपाली समाजमा सामान्यत: सरस्वतीको वन्दना गराएपछि शिक्षारम्भ गराइन्छ । रामशरणको शिक्षारम्भ भने फरक किसिमले भएको थियो । उनले कखराबाट नभएर सारेगमबाट शिक्षाको आरम्भ गरेका थिए । उनी आफ्ना घरमा प्राय: बजिरहने ट्रम्पेट, कर्नेट र अर्ग्यानको सुमधुर ध्वनिबाट बाल्यकालदेखि नै प्रभावित थिए। यसैले तिनै बाजाबाट शिक्षारम्भ गर्न उनलाई सहज पनि भएको थियो। उनी एघार वर्षकै उमेरमा ती बाजा बजाउन सक्ने भइसकेका थिए। बाजा बजाउने कामसँगै पढाइको कार्यलाई पनि क्रमश: अघि बढाउँदै लगे। घरमा आफ्ना पिताका सङ्कलनमा रहेका पुस्तकले बिस्तारै बिस्तारै उनलाई अध्ययनमा पनि रुचि जगाइदिएका थिए। उक्त सङ्कलनमा त्यति धेरै पुस्तक नभए पनि उनका लागि भने रुचि जगाउनका लागि ती पर्याप्त थिए। उनका पिता पुस्तक सङ्कलनमा रुचि राख्थे । यसैले बजारमा नयाँ पुस्तक देखेपछि किन्न पछि पर्दैनथे । रामशरणलाई सानो छँदा लालहिरा, चार रङका माछा, शर्मिष्ठा, हात्तीमताई जस्ता पुस्तक मन पर्थे। तिनका अतिरिक्त उनका घरमा रामायण, महाभारत, गीता, चण्डी आदिका नेपाली अनुवादसमेत थिए। पुष्कर समशेरले सम्पादन गरेको अङ्ग्रेजी नेपाली शब्दकोश पनि घरैमा थियो। मुनामदन त अधिकांश साक्षर नेपालीका घरमा हुन्थ्यो नै। यसैले उनका घरमा पनि नहुने कुरै भएन। यसरी पिताको पढाइप्रतिको रुचिका कारण उनमा पनि सानैदेखि पढ्ने इच्छा जागृत भएको थियो।

५. जीविकोपार्जनमा नै कठिनाइ भएपछि दर्नालका पिताले आफ्ना सन्तानको शिक्षादीक्षालाई निरन्तरता दिन सकेका थिएनन्। विपन्नतामा बाल्यकाल गुजारेका रामशरणले विद्यालयको शुल्कसमेत तिर्न सकेनन्। केही समय त उनले पुर्ख्यौली पेसा गरेर पनि विद्यालयको शुल्क तिर्ने प्रबन्ध मिलाए। यसरी पनि धान्न सम्भव नभएपछि उनका लागि पठन पाठन स्वप्नसरि बन्न पुग्यो। यसैले उनले दरबार स्कुलमा पढ्दा पढ्दै पढाइबाट हात धुनुपर्‍यो। फलस्वरूप कहिले आफ्नो घर कालधारा, कहिले काठमाडौँकै थली र गोकर्णको मामाघरमा उनको बाल्यकाल बित्यो। पछि उनले मावली काका जर्जी ब्याङ्क्स (इसाई धर्म ग्रहण गर्नुभन्दा अघिको नाम पुस्कल बुढापिर्थी) का घरमा बसेर दार्जिलिङको सेन्ट रोबर्ट्स हाइस्कुलमा दुई वर्षजति अध्ययन गरे। उनलाई प्रवेशिकासम्मको अध्ययन गर्ने मौका त मिल्यो । तर त्यसको शैक्षिक प्रमाण पत्र प्राप्त गर्ने अवसर भने मिलेन । उनले जम्माजम्मी दस कक्षासम्म मात्र पढेका थिए।

---

शब्दार्थ

वन्दना : प्रार्थना

सारेगम : सङ्गीत अभ्यास गर्ने प्रारम्भिक सूत्र

जीविकोपार्जन : जीवन निर्वाहका लागि गरिने आर्जन

६. बालक कालदेखि नै विभिन्न बाजा बजाउन सिकेका दर्नालले कलकत्तामा पनि त्यसैमा अभ्यास बढाउन पाए । त्यहाँ उनले गितार, मेन्डोलिन र हवाई गितार सिक्ने अवसर पाए । उनले मनोहरि सिंहसँग मेन्डोलिन सिकेका थिए । उनले काठमाडौँमा काका जर्जी ब्याङ्क्सबाट पियानो एकर्डियन बजाउन सिके । दार्जिलिङमा पढ्दा ट्रम्पेट सिके । नेपाल एकेडेमीमा जागिरे भएपछि उनले आफूले सिकेका पुराना कुरालाई परिमार्जन गर्ने अवसर प्राप्त गरे । त्यहाँ उनले सङ्गीतलाई साहित्य र नाटकसँग जोड्ने अवसर पनि पाए । यसका लागि उनले नाटककार बालकृष्ण सम, कवि माधव घिमिरे, सङ्गीत साधकहरू यज्ञराज शर्मा र नरराज ढकालबाट अनुप्रेरणा र प्रभाव ग्रहण गरे । रामशरणको साधनालाई सशक्त पार्ने कार्यमा उल्लिखित साहित्यकार र सङ्गीतकारको योगदान पनि महत्त्वपूर्ण रहेको छ ।

७. रामशरण सानै उमेरमा नै अर्थोपार्जनका बारेमा सोच्न बाध्य भए । उनले जीवनमा धेरै नै आर्थिक सङ्घर्ष गर्नुपरेको थियो । विदेशमा गई पैसा कमाउने आशाले उनी भारतको लाहुरे पनि बने । काका बबी ब्याङ्क्स कलकत्तामा नै रहेकाले उनलाई काम खोज्न कठिन भएन । त्यहाँ उनले बाजा बजाउने काम पाए । उनी आफ्नो महिनावारीबाट बचत गरेको पैसा घरमा पठाउँथे । कलकत्ताबाट फर्केपछि उनले रेडियो नेपालमा रेकर्डिङको काम पाए । त्यहाँ उनले जागिरे नभई आवश्यक परेका समयमा बाहिरैबाट सघाउने सहयोगीका रूपमा मात्र काम गरे । वि. सं. २०१६ सालमा उनले तत्कालीन नेपाल एकेडेमी (हालको नेपाल प्रज्ञा प्रतिष्ठान) मा नोटेसनकारका रूपमा जागिर प्रारम्भ गरे । त्यसबेला उनको उमेर २२ वर्षको थियो । त्यहाँ उनले विभिन्न पदमा रहेर काम गरे । जागिरका अन्तिम दिनतिर उनी तत्कालीन कला विभागको सहायक सचिव र वाद्य प्रबन्धक बनेका थिए ।

८. रामशरण जन्मनुभन्दा चार वर्ष अगाडि नै चर्किएको घरमा उनको परिवारको गुजारा चलिरहेको थियो । उनले नयाँ घर बनाउने कुरा त परै जाओस्, आर्थिक अभावले गर्दा त्यसको मर्मतसमेत गर्न सकेका थिएनन् । उनले वर्ष दिनअघि नै एकेडेमीमा घर मर्मत गर्नका लागि पेस्की रकम मागेका थिए तर प्रशासनिक झमेलाका कारणले समयमा पैसा पाउन सकेनन् । वि. सं. २०२५ सालको दसैँपछि परेको अविरल वर्षाले उनको घर गर्ल्यामगुर्लुम ढल्यो । त्यसताका उनलाई एकपछि अर्को गरी निकै चोट पर्‍यो। घर भत्कँदा चेपिएर उनकी आमाको निधनसमेत भयो। उनले एकेडेमीमा पेस्की मागेको रकम एकैचोटि उनकी आमाको श्राद्धपछि मात्र प्राप्त भयो । यी आघातमाथि

---

**शब्दार्थ**

मेन्डोलिन : चार वा पाँच जोडी तार हुने, गहिरो गोली तुम्बा हुने र बजाइने एक प्रकारको वाद्य यन्त्र

पियानो एकर्डियन : हार्मेनियम जस्तो एक प्रकारको पाश्चात्य बाजा

तत्कालीन : त्यतिखेरको

पेस्की : अग्रिम रूपमा लिइने पारिश्रमिक

वि. सं. २०२८ सालमा उनीमाथि फेरि अर्को आघात थपियो । उनलाई बिना कसुर एकेडेमीको सेवाबाट अवकाश दिइयो । त्यसपछि मात्र उनलाई जागिरभन्दा व्यक्तित्व विकास नै बढी महत्त्वपूर्ण हुने रहेछ भन्ने कुराको बोध भयो ।

९. दर्नालले लेख्ने काम फाट्टफुट्ट त गरिरहेकै थिए । वि. सं. २०२५ सालको दुर्घटनाले उनको जीवनलाई अर्कैतिर मोडिदियो । घर भत्कँदा सारा मूल्यवान् बाजा नष्ट भए । ब्यान्ड सञ्चालन पनि बन्द भयो । यसपछि उनले बाजा बजाउने पेसालाई त्यागे । उनले सङ्गीत कला विषयमा अध्ययन अनुसन्धान गर्ने सङ्कल्प गरे । जीवनको विकट मोडमा प्रारम्भ गरेको यस यात्रामा उनलाई केही कलाकार र सङ्गीतज्ञको हौसला पनि प्राप्त भयो । वि. सं. २०२५ सालमा वनारसबाट प्रकाशित हुने गरेको 'सँगालो' भन्ने पत्रिकामा 'नेपाली संस्कृतिमा बाजाको स्थान' शीर्षकको पहिलो रचना प्रकाशित भयो । त्यसपछि अन्य पत्र पत्रिकामा पनि उनका सङ्गीत सम्बन्धी लेख रचना छापिन थाले । उनी बिस्तारै लेखकका रूपमा चिनिन थाले । नेपालका मुख्य पत्रिका, जर्नल आदिमा लेखहरूको माग हुन थालेपछि लेखनमा सक्रिय हुन उनलाई करै लाग्यो । सङ्गीत विषयक लेखपछि कला र लोक साहित्यका विषयमा पनि उनका लेखहरूको प्रकाशन प्रारम्भ भयो । साहित्यका बारेमा समेत पनि उनका केही लेखहरू प्रकाशित छन् । तिनै फुटकर लेखहरूको सँगालाका रूपमा उनको पुस्तक प्रकाशनको क्रम पनि प्रारम्भ भयो । यस क्रममा उनका सङ्गीत परिक्रमा, नेपाली सङ्गीत साधक, सङ्गीतको विस्तृत अवलोकन, नेपाली बागीना र कला, नेपाली बाजा, गायन शैलीलगायतका दर्जन पुस्तक प्रकाशित छन् । उनका केही पाण्डुलिपिको प्रकाशन हुन अझै बाँकी नै छ । स्वास्थ्यले साथ नदिएकाले नेपाली सङ्गीत कोश र नेपाली सङ्गीतको इतिहास तयार गर्ने योजना भने उनको सपनामै बिलायो ।

१०. दर्नाल पहिला नेपाल एकेडेमीको एउटा जागिरेका रूपमा सीमित थिए । जागिरबाट अवकाश प्राप्त गरेपछि भने उनको व्यापक सामाजिक जीवनको प्रारम्भ भयो । यसपछि उनलाई प्राज्ञ सभामा मनोनयन गरियो । उनी त्रिभुवन विश्व विद्यालयको सङ्गीत विषय समितिको सदस्य बने । सोही क्रममा नारायण गोपाल युवा सङ्गीत कोश, नेपाली शिक्षा परिषद्, छिन्नलता गीत पुरस्कार गुठी, लुनकरणदास गङ्गादेवी चौधरी साहित्य कला मन्दिर आदिका पनि सदस्य बने । साथै उनी सांस्कृतिक संवर्धन समिति (म्युजिक नेपाल), नेपाल शास्त्रीय समाज, कलानिधि इन्दिरा सङ्गीत महा विद्यालय, लोकबाजा सङ्ग्रहालय, नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, दलित बुद्धिजीवी प्रतिष्ठान, बिसे नगर्ची प्रतिष्ठान आदिका सल्लाहकार पनि बने ।

---

**शब्दार्थ**

आघात : मानसिक कष्ट वा व्यथा

विकट : अप्ठेरो, कठिन

पाण्डुलिपि : लिखित वा टङ्कित लेख रचना

अवकाश : सरकारी सेवा, सार्वजनिक जीवन आदिबाट पाएको विश्राम

प्राज्ञ : विशिष्ट विद्वान्

११. नेपालका लोकगीत र लोकबाजा त्यसै हराएर जालान् भनेर दर्नालले देशका दार्चुला, डोटी, बझाङ, बाजुरा र अछाम जस्ता अनकन्टार भूभागमा समेत काम गरे । उनले लोकगीत र लोकबाजालाई पछिल्लो पुस्ताका लागि जोगाएर राखिदिनुपर्ने सम्पत्ति ठाने । त्यही कारणले उनी जीवनभर त्यसैमा समर्पित भए। सङ्गीतकै सन्दर्भमा उनले भारत, थाइल्यान्ड र जापानको पनि भ्रमण गरे । उनी हाम्रा बाजागाजालाई जोगाउनका लागि तिनको आधुनिकीकरण गरिनु आवश्यक ठान्थे । उनी हाम्रा आफ्नै ताल, राग र स्वरको महत्त्व नबुझेर मात्र नयाँ पुस्ता पाश्चात्य सङ्गीततर्फ आकर्षित भएको ठान्थे । नयाँ पुस्तालाई ती कुरा बुझाउन सकेमा उनीहरूमा आफ्नै सङ्गीततर्फ रुचि बढ्छ भन्ने उनको विश्वास थियो । पछिल्लो समयमा सङ्गीतका क्षेत्रमा गैर विशेषज्ञहरूको बोलवाला भएकामा उनी खिन्नता प्रकट गर्थे । उनी मादलको तालबिना बन्दुकको नाल पनि फितलो हुन्छ भन्ने ठान्थे । यसरी हेर्दा दर्नालले साहित्य/सङ्गीतको महत्त्वलाई गहिराइमा गएर बुझेको देखिन्छ । लेखकका बारेमा उनी भन्छन्, "साँचो अर्थमा लेखक त्यही हो, जो प्रतिकूल परिस्थिति र कठिन अवस्थामा पनि आफ्नो लेखनलाई निरन्तरता प्रदान गरिरहन्छ, आफ्नो साधनाबाट कहिल्यै विमुख हुँदैन ।" उनले थुप्रै गीतका धुनको सिर्जना गरेका थिए । आजको दिनसम्म पनि सबैका मुखमा झुन्डिन सफल 'गाउँछ गीत नेपाली, ज्योतिको पङ्ख उचाली' गीतको धुनका स्रष्टा उनी नै थिए । दर्नालले अरू पनि थुप्रै धुनको सिर्जना गरेका थिए । नेपाली सङ्गीतमा गितारलाई भित्र्याउने काम पनि उनैले गरेका थिए । यसरी पारिवारिक वातावरणको प्रेरणास्वरूप जागेको रुचि र आफ्नो तपस्या एवम् समर्पणले नै उनलाई अमरता प्रदान गऱ्यो ।



१२. अभावै अभावका बिचमा रहेर पनि उनले गरेको योगदानको कदर गर्दै विभिन्न सङ्घसंस्थाले दर्नाललाई सम्मान प्रदान गरेका छन् । उनले डा. अम्बेडकर फेलोसिप (सन् १९९०), गोरखा दक्षिणबाहु (२०४९), किराँतेश्वर सङ्गीताश्रम (२०५१), साधना कला सम्मान (२०५२), कलानिधि सङ्गीत सम्मान (२०५३) लगायतका दर्जनभन्दा बढी सम्मान प्राप्त गरेका थिए । यिनका अतिरिक्त

---

**शब्दार्थ**

विमुख : विपरीत दिशातर्फ फर्कने, उल्टो

उनले राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३), लूनकरणदास गङ्गादेवी चौधरी पुरस्कार (२०६२), जगदम्बाश्री पुरस्कार (२०६५) लगायतका राष्ट्रिय पुरस्कार पनि प्राप्त गरेका थिए ।

१३. सरल व्यवहारका धनी र अथक सङ्घर्षका इतिहास रहेका दर्नाललाई पहिला आर्थिकलगायतका विभिन्न समस्याले घेरे । जीवनका अन्तिम वर्षहरूतिर शरीरले साथ दिन छाड्यो । पछिल्ला ५/६ वर्ष उनलाई पार्किन्सन रोगले सतायो । त्यति हुँदा पनि उनी सकी नसकी अध्ययन/अनुसन्धानमा भने लागिरहे । पार्किन्सनका कारण शरीरले भर नदिँदा उनी लडेर बेहोस भए । उनले एघार दिनसम्म अस्पतालमा अचेत अवस्थामा मृत्युसँग पौँठाजोरी खेले । आखिर मृत्युका अगाडि जीवनको केही लागेन । आइतबारको एउटा साँझलाई अझ बढी अन्धकार र नरमाइलो बनाउँदै उनी बेहोसीमै ७४ वर्षको उमेरमा यस संसारबाट बिदा भए । त्यो दुःखद् आइतबारे साँझ २०६८ साल असोज १ गतेको थियो ।

१४. दलित परिवारमा जन्मिएका कारणले उनले धेरै अपमान र दुःख खपेका थिए । उनले भोगेका जातीय अपमानका कुरा आजका मानिसले त कल्पनासम्म पनि गर्न सक्तैनौँ । स्थापित साहित्यकारसमेत कविताका आवरणमा उनीमाथि जातीय अपमान गर्न चुक्तैन थिए । उनी जातीय अपमान र भेदभावको यस कुरीतिलाई मिल्काउन चाहन्थे । जातिका आधारमा गरिने अमानवीय व्यवहार मानवता विरोधी कर्म हो भन्ने मान्यता उनको थियो । उनका पिता सत्यकुमार दलितले पशुपतिमा प्रवेश पाउनुपर्छ भन्ने आन्दोलनका अभियन्ता थिए । जीवनको उत्तरार्धतिर रामशरणले जातीय मुक्ति अभियानअन्तर्गत आफ्ना समुदायका मानिसहरूलाई सङ्गठित गर्ने काम गरेका थिए । यति भएर पनि उनको मूल ऊर्जा भने प्राज्ञिक कर्मतर्फ नै समर्पित भयो । उनले आफूलाई असीमित सङ्घर्षको कसीमा घोटिएको अकबरी सुनका रूपमा उभ्याउन सफल भए । उनी आफ्ना कृतिगत योगदानका कारणले नेपालीका मन मस्तिष्कमा सदैव जीवित रहेका छन् ।

---

**शब्दार्थ**

अथक : नथाकेको, नथाक्ने

पार्किन्सन : नसा खुम्चिने रोग

पौँठाजोरी : सङ्घर्ष, बल प्रदर्शनको खेल

**अभ्यास**

**सुनाइ**

१. **प्रस्तुत जीवनीको दोस्रो र पाँचौँ अनुच्छेद शिक्षक वा कक्षाको कुनै एक विद्यार्थीले वाचन गरेको सुनेर ठिक बेठिक छुट्याउनुहोस् :**

(क) रामशरण नेपाली सेनाको ब्यान्डका नाइके थिए ।

(ख) रामशरणका पिता कामको खोजीमा विदेश गए ।

(ग) रामशरणका पिता दरबार हाइस्कुलमा पढ्दै थिए ।

(घ) रामशरणको मामाघर थली र गोकर्णमा थियो ।

(ङ) रामशरणले प्रवेशिका परीक्षा मात्रै उत्तीर्ण गर्न पाएका थिए ।

२. **तलको पाठ सुन्नुहोस् र उत्तर दिनुहोस् :**

कालुसिंह रनपहेली भारतीय नेपाली साहित्यकार हुन् । उनका पितापुर्खा नेपालबाटै रोजगारीका सिलसिलामा भारत पसेका थिए । कालुसिंहको जन्म भारतमा नै भएको थियो । भारतको सिलीगुडीका स्थायी बासिन्दा कालुसिंहले खर्साङ रेडियोमा तिस वर्षसम्म काम गरे । अहिले उनी अवकाशको जीवन बिताइरहेका छन् । मूल रूपमा पत्रकार भए पनि उनले साहित्यका क्षेत्रमा पनि उत्तिकै महत्त्वपूर्ण योगदान दिएका छन् । उनको खारिएको कलमको परिचय कथा र कविता विधामा पाइन्छ ।

(क) कालुसिंह रनपहेली को हुन् ?

(ख) उनलाई किन भारतीय नेपाली भनिएको हो ?

(ग) उनका पितापुर्खा किन भारत पसेका थिए ?

(घ) उनको मूल परिचय के हो ?

(ङ) उनी साहित्यका कुन कुन विधामा चिनिएका छन् ?

३. **पाठको तेस्रो अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

**बोलाइ**

१. **तलका शब्दहरू ठिकसँग उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी लेख्नुहोस्, जस्तै :**

पर्याप्त/पर्.याप्.त

खटिरो/ख.टि.रो.

आर्थिक, दृष्टि, उच्चारण, बुद्धिजीवी, व्यवस्था

२. औपचारिक शिक्षा प्राप्त नगरेको मानिस पनि विद्वान् बन्न सक्छ भन्ने विषयमा आफ्ना साथीहरूका बिचमा छलफल गर्नुहोस् । त्यसबाट प्राप्त निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. घरको आर्थिक अभावले पढाइलाई निरन्तरता दिन नसकेको विषयलाई लिएर कक्षाका दुई जना साथी मिली अभिनयसहित कक्षामा कुराकानी गर्नुहोस् ।

४. तपाईँका वरिपरि उपलब्ध हुने बाजाका विषयमा केही बुँदा तयार गर्नुहोस् र त्यसकै आधारमा कक्षामा प्रस्तुति गर्नुहोस् ।

**पढाइ**

१. तेस्रो अनुच्छेदलाई द्रुत वाचन गर्नुहोस् र सो अनुच्छेद पढ्न तपाईँलाई कति समय लाग्यो, त्यसको हेक्का राख्नुहोस् ।

२. गति र यतिमा ध्यान दिई पाठको अन्तिम अनुच्छेद सस्वर वाचन गर्नुहोस् ।

३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

एउटा मान्छेको जीवनमा १२ वर्ष सारै ठुलो कालखण्ड हो । त्यसमाथि पनि सङ्घर्षै सङ्घर्ष, अभावै अभावबिच बितेको १२ वर्षको कुरा भिन्नै हुन्छ । आशैआशाको भग्न गोरेटामा घिस्रिरहेको थकित जिन्दगीको मानिसले रोक्न सक्तैन समयको प्रवाहलाई । हेलिइरहन्छ त्यसमा ऊ चाहेरै वा नचाहेरै । समयको क्रूर प्रवाहमा राजधानीमा हेलिएपछिको नन्दलालसँग भेट भयो मेरो - बागमती किनारको बस्ती शङ्खमूलमा, फराकिलो चौरको बिचमा बाँसका टेका लगाएर उभ्याइएको एउटा कैँचे छाप्रामा । पाल जस्तो देखिने फाटेका टाट र प्लास्टिक तानतुन पारेर उभ्याइएको थियो उसको बासस्थान । त्यहाँभित्र निस्लोट ज्वरो आएर सुतिरहेको थियो उसको छोरो विष्णु । ओखती किन्ने पैसा नभएर नन्दलाल र उसकी श्रीमती पवनी रोइरहेका थिए । मलाई देखेपछि बिरामीले आफ्ना रसिला आँखा उठाएर मतिर हेऱ्यो मानौँ ऊ भनिरहेको थियो, "हामीसँग केही पनि त छैन, न पैसा न खानेकुरा ।"

*(टङ्क उप्रेती : 'नन्दलालको युग' निबन्धबाट)*

(क) कस्तो खाले बार वर्षको कुरा भिन्नै हुन्छ ?

(ख) समयको प्रवाहमा मानिस कसरी हेलिन्छ ?

(ग) प्रस्तुत अनुच्छेदमा नन्दलालको कस्तो अवस्थाको चित्रण छ ?

(घ) नन्दलाल र पवनी किन रोइरहेका थिए ?

(ङ) बिरामीका आँखा रसिला हुनुका दुई ओटा कारण के के हुन् ?

## लेखाइ

१. प्रस्तुत जीवनी पढी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) रामशरणका पिता किन विदेश गएका थिए ?

(ख) उनको पुर्ख्यौली पेसा के थियो ?

(ग) रामशरणका लागि पठन पाठन किन स्वप्नसरि बन्न गयो ?

(घ) उनको रुचि अध्ययनमा कसरी जाग्यो ?

(ङ) उनको स्वास्थ्य बालक कालमा कस्तो थियो ?

(च) उनकी आमाको निधन कसरी भयो ?

(छ) वि. सं. २०२८ मा उनीमाथि कस्तो विपद् आइलाग्यो ?

(ज) नेपाल एकेडेमीको जागिरले उनलाई कस्तो अवसर प्रदान गऱ्यो ?

(झ) उनले के कारणले पेसा परिवर्तन गरे ?

(ञ) युवा पुस्तामा सङ्गीततर्फको रुचि कसरी बढाउन सकिन्छ ?

२. पाठको बारौँ अनुच्छेदबाट मुख्य मुख्य ५ ओटा बुँदा टिपी सारांश लेख्नुहोस् ।

३. पाठका आधारमा कम्तीमा दस ओटा विशेषण शब्द राखी रामशरणका चारित्रिक विशेषताहरू उल्लेख गर्नुहोस् ।

४. माथिको जीवनीबाट सिक्नुपर्ने कुराहरू के के हुन् ? बुँदागत रूपमा लेख्नुहोस् ।

५. व्याख्या गर्नुहोस् :

(क) मादलको तालबिना बन्दुकको नाल पनि फितलो हुन्छ ।

(ख) आखिर मृत्युका अगाडि जीवनको केही लागेन ।

(ग) साँचो अर्थमा लेखक त्यही हो, जो प्रतिकूल परिस्थिति र कठिन अवस्थामा पनि आफ्नो लेखनलाई निरन्तरता प्रदान गरिरहन्छ, आफ्नो साधनाबाट कहिल्यै विमुख हुँदैन ।

६. निम्न लिखित बुँदाका आधारमा 'साहित्यकार सम' शीर्षकमा एउटा जीवनी रचना गर्नुहोस् :

पहिलो अनुच्छेद – वि. सं. १९५९ को जन्म – जन्म स्थान काठमाडौँ – आमा कीर्तिराज्य लक्ष्मी – बुबा समरसमसेर – वैभवशाली परिवार – दाजु पुष्करसमसेर – कमजोर स्वास्थ्यका – दाजुलाई बढी माया गरेकामा बालकृष्णलाई पीडा बोध ।

दोस्रो अनुच्छेद – घरैमा पं. तिलमाधव देवकोटाद्वारा शिक्षारम्भ – पछि दरबार हाईस्कुलमा पढेको म्याट्रिकसम्म – त्रिचन्द्र कलेजमा आइ.एस्सी. सम्मको अध्ययन – बिचैमा सैनिक बन्नु परेकाले पढाइ अपूर्ण – पछि त्यसै कलेजमा प्राध्यापन ।

तेस्रो अनुच्छेद – घरैमा रङ्गमञ्च – राणा दरबारमध्ये सबैभन्दा उच्चस्तरको रङ्गमञ्च उनकै घरमा – त्यहाँ नाचगान र नाटक प्रदर्शन भइरहने – यसैले नाटकप्रति उनको आकर्षण – दरबार स्कुलमा पढ्दा विदेशी साहित्यकारका रचना पढ्ने अवसर – सोही क्रममा सेक्सपियरका रचना पढेको – उनकै दुःखान्त नाटकबाट बढी प्रभावित – नाट्य सम्राट्को उपाधि हासिल गर्न सफल ।

चौथो अनुच्छेद – नाटक लेख्ने मात्र होइन – अभिनय पनि गर्ने – निर्देशन पनि गर्ने – रङ्गमञ्चको तालिम पनि दिने – त्यसका लागि आवश्यक पर्ने खर्च पनि आफैँ व्यहोर्ने – नाटकका क्षेत्रमा उनको योगदान नरहेको भए आज नेपाली नाटक र रङ्गमञ्चको हैसियत यहाँसम्म नआइपुग्ने ।

७. **जीवनमा प्राप्त अवसरले मानिसलाई प्रगति मार्गमा डोऱ्याउँछ भन्ने कुरालाई रामशरण दर्नालको जीवनीका आधारमा विवेचना गर्नुहोस् ।**

८. **तलको सूचीमा भएका शब्दसँग वाक्यमा रेखाङ्कित शब्दको जोडा मिलाउनुहोस् :**

कमजोर, गरिबी, छुट्टी, प्रतिज्ञा, मुक्त ।

........... (क) उनी जागिरे जीवनबाट निवृत्त भएपछि परिवारको आर्थिक अवस्था झन् जर्जर बन्न पुग्यो ।

........... (ख) यस्तो विपन्नतामा बाल्यकाल गुजारेका रामशरणले विद्यालयको शुल्कसमेत तिर्न सकेनन् ।

........... (ग) उनले अध्ययनमा लाग्ने सङ्कल्प गरे ।

........... (घ) उनलाई बिना कसुर सो सेवाबाट अवकाश दिइयो ।

........... (ङ) मादलको तालबिना बन्दुकको नाल पनि फितलो हुन्छ ।

## व्याकरण

१. **तलका उदाहरण पढेर पद सङ्गति पहिचान गर्नुहोस् :**

लिङ्गगत पद सङ्गति - बहिनी विद्यालय गई । भाइले कथा पढ्यो ।

वचनगत पद सङ्गति - एउटा खसी हरायो । दुई ओटा खसी हराए । भूकम्प पीडितहरू पालमा बसे ।

पुरुषगत पद सङ्गति - म विद्यालय जान्छु । हामीले हिजोको पत्रिका पढ्यौँ । तिमी बिहान कति बजे आयौ ? तँ मामाघर जान्छस् कि जाँदैनस् ? मेरी छोरीले फुलबारी गोडी । उसका छोराले तरकारी पकायो ।

आदरगत पद सङ्गति - आमाले कलेजको काम सिध्याउनुभयो । बुबा बैठक सकेर भर्खर आउनुभयो । उनी हाम्रा राम्रा विद्यार्थी हुन् । तँ पनि त्यस्तै राम्रो हुने प्रयत्न गर् । बहिनी त त्यसै पनि तिमीभन्दा असल छन् ।

२. तलको अनुच्छेदमा लिङ्गगत, वचनगत, पुरुषगत र आदरगत पद सङ्गति मिलाउनुहोस् :

हिजो म चक्रपथमा एक्लै हिँडिरहेको थिएँ । एकान्त कुनानिर पुग्दा एउटी वृद्ध महिलाले पानी बेचिरहेको थियो । त्यही बेला अर्को केटी पनि आयो । उसले त्यस महिलालाई सहयोग गऱ्यो । त्यसपछि म चाँडै विद्यालय पुगेँ । आज बिहानै हाम्रो विद्यालयमा थुप्रै मानिस आयो । तीमध्ये सबैभन्दा मोटो केटो अगाडि सऱ्यो । पाले दाइले पनि हत्तपत्त ढोका खोलिदिइन् । त्यसपछि सबै मानिस भित्र पस्यो । हिजो विद्यालयको एउटा केटो गाडीबाट खसेर घाइते भएछन् । त्यसैबेला दस कक्षाका विद्यार्थीहरू पनि आयो । उनीहरू त सधैँ म्याद नाघेपछि मात्रै फाराम बुझाउन आउँछौ । तिमी त त्यसो गर्दिन होला नि ? बरु तिमीहरू कहिले आउँछस्, पहिल्यै खबर गरिराख् ल ! सीता तिमीले यी सबैलाई समातेर समयमै ले । तँहरूको त मलाई पत्यारै छैन । म विद्यालय गएका बेलामा मेरो ठुलो मामा एकाबिहानै मेरो घरमा आएछ । आमा कुकुरलाई डुलाउन निस्केकी थिई । बुबा पनि घरमा थिएन । भाइ चाहिँ निदाई राख्नुभएको थियो । आमाभन्दा अघि कुकुर भित्र पस्नुभयो । उनले मामालाई देख्नासाथ झम्टिहाले । हल्ला सुनेर भाइ पनि ब्युँझनुभयो ।

३. पद सङ्गति मिल्ने गरी खाली ठाउँ भर्नुहोस् :

(क) आज कक्षा नौका केटाहरूले कथा ....... ।

(ख) फुर्बा तामाङ कक्षाकार्य गर्नमा निपुण ......।

(ग) ...... जति सबैले परीक्षा बिगारेछन् ।

(घ) .........ले बहिनीलाई भात खुवाई ।

(ङ) ........... फुटबल खेल्दै छन् ।

४. उपयुक्त पद सङ्गति मिलाई आफ्नो परिवारको बयान गर्नुहोस् ।

### परियोजना कार्य

(क) नेपालको पर्यटन विकासको सम्भावनाबारे विभिन्न स्रोतबाट सामग्री सङ्कलन गर्नुहोस् । प्राप्त सामग्रीका आधारमा नेपालको पर्यटन प्रवर्धनको सम्भावनाका बारेमा लिङ्ग, वचन, पुरुष र आदरसमेत प्रयोग गरी आलेख तयार गर्नुहोस् ।

(ख) कुनै ऐतिहासिक व्यक्ति वा घटनासँग सम्बन्धित बुँदाहरू सङ्कलन गर्नुहोस् । तिनका आधारमा आलेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# म को हुँ ?

*- सुधा त्रिपाठी*

१. म त चोर हुँ नि ! तपाईंलाई थाहा छ कि छैन ? किन आफ्ना आँखा ठुला ठुला पारेर तन्काउनुभएको नि ? तपाईंले मलाई सज्जन सम्झनुभएको थियो होला । यसैले पत्याउनुभएन । सद्दे मानिसले आफूलाई बिना काममा चोर भन्दैन भनेर तपाईंले मलाई मानसिक रोगी त सम्झनुभएन ? तर हेर्नोस्, मलाई मानसिक रोगी चाहिँ नभन्नुहोस् है, तपाईंका मुखबाट मेरा निम्ति त्यो शब्द निस्क्यो भने सत्य, म नरिसाए त के ! मलाई तपाईंले चोर भन्नुभयो भने चाहिँ म पक्कै रमाउँछु । म साँच्चैको चोर चाहिँ हुँ, तर पक्का चोर बन्न चाहिँ मैले अझै निकै वर्ष चोर्ने अभ्यास जारी राख्नुपर्छ । तपाईंका अगाडि यसरी चोरी स्वीकार गर्दा मलाई ठ्याम्मै लाज पनि लागेको छैन र तपाईंले यो कुरा अरूलाई भनिदिनु होला भन्ने डर पनि लागेको छैन । मैले यति भन्दा पनि तपाईं किन मेरो कुरा पत्याउन सक्नुहुन्न ? नढाँटी भन्नुहोस् त, तपाईंले भित्री मनदेखि नै मलाई सज्जन सम्झनुभएको छ, हो ?

२. म इमानदार हुँ कि होइन भन्ने कुरा त तपाईंले थाहा पाइसक्नुभएको छैन तर म आफूलाई इमानदार चोर बनाउन प्रयत्नरत छु । चोर पनि कहीँ इमानदार हुन्छ र ! भन्ने तर्क झिक्नुहोला । चोर्नु नै किन परेको थियो ? मागे त भइहाल्थ्यो नि ! भन्नुहोला । म चोरी गर्न बाध्य छु । गुह्य कुरो त के भने मैले चोर्ने गरेका कुराहरू त मागेर कुनै हालतमा पनि पाउन सकिन्न, बाध्य भएर चोर्नै पर्छ । चोर्न बाध्य पार्ने अर्को मुख्य कुरो के भने नि ! म असाध्यै गरिब छु, मसँग ती कुराहरू पर्याप्त छैनन् । गरिब भनेर माया गरेर कसैले यहाँ उसको चाहना पनि त परिपूर्ति गरिदिँदैन नि ! धेरै भए दयासम्म गर्ला । मलाई दयामा बाँच्न सकस हुन्छ ।

३. फेरि तपाईंले मलाई तँ ती कुरा नचोरी बाँच्न सक्दै सक्दिनस् त ? भनेर सोधिहाल्नुभो । म तपाईंलाई ढाँटिदिऊँ कि साँचो कुरा बताऊँ त ? भइहाल्यो ढाँट्दिनँ । एउटा कुरो ढाँट्दा फेरि सबै कुरा ढाँटेकै ठहर्ला । म साँचो कुरा चाहिँ भन्छु । हेर्नोस्, एक मुठी सास जोगाउन त पशुले पनि जानेकै हुन्छ । पशुले जति मात्रै बाँचेर हामी मानिसको जातलाई पुग्छ र ? हो, त्यही पशुले भन्दा अलिकता बढी बाँच्न मन लाग्यो तर आफूसँग थप जिन्दगीका लागि पर्याप्त सामल थिएन । यसैले रहरले भनौँ कि केले भनौँ ? चोर्न चाहिँ बाध्य भएरै चोर्नुपरेको हो ।

४. बल्ल अब चाहिँ अलिकति खुसी लाग्यो मलाई, किनभने अब तपाईंले मेरा कुरा अलिकति पत्याउन थालेको भाव तपाईंको अनुहारमा देखा पर्न थालेको छ । बिन्ती, त्यस भावलाई बलेको दियो झैँ अझ उकास्नुहोस् । पख्नुहोस्, तपाईंलाई म पनि सघाउँछु । तपाईंको मनमा मैले के के चोरेँ भन्ने खुल्दुली

---

**शब्दार्थ**

भाव : आशय

जागे जस्तो छ । धैर्य गर्नुहोस्, म भ्याएजति कुराहरू तपाईंलाई सुनाउँछु तर तपाईं फुर्सदी पो हुनुहुन्छ के ? भैगो, तपाईंको फुर्सदले जति थेग्न सक्छ, त्यति मात्रै सुनाउँछु । लौ हेर, किन त्यति विधि चञ्चल हुनुभएको ? सासलाई किन त्यति छिटो तान्दै छाड्दै गर्नुभएको ? म अहिले तपाईंलाई केही सुनाउँदै नसुनाई भागेँ भने नि ? ए, लघार्ने पो ! भइहाल्यो, अब तपाईंलाई दु:ख दिन्नँ तर मैले बोल्दाबोल्दै बिचमा कुनै प्रश्न नगर्नुहोला । सोधे पनि मैले सबै कुरा बताइसकेपछि मात्र सोध्नुहोला ।

५. चोर्न पाएँ भनेर मैले जे पायो त्यही चोर्ने हो र ? त्यसभित्रको गाँठी कुरो चाहिँ चोर्छु । जस्तो : बगैँचामा जान्छु, फुलहरूलाई आँखा र मनहरूले स्पर्श गर्छु । उसको मुस्कान चोर्छु, आँसु चोर्छु । 'जीवन क्षणिक छ, यस क्षणिकतामा म सन्तुष्ट छैन' भन्दै फुलले मुन्टो हल्लाउँदा फुलबाट क्षणिकताको भाव चोर्छु । बादललाई हेरेर उसको गम्भीरता चोर्छु । कहिलेकाहीँ त बादल रिसाउँछ, बेसरी गर्जेर गाली गर्छ, झिलिल्ल पार्दै अगुल्टो फ्याँक्छ । उसको गाली र रिसमा सम्पूर्ण सृष्टि लहलहाउने सिर्जनात्मकता लुकेको हुन्छ । जीवनका लागि त्यस्तो सकारात्मक गाली र रिस आवश्यक हुने भएकाले म तिनको भाव चोर्छु । अनि केही सिप नलागेर बादल कहिले सुँक्क सुँक्क त कहिले डाँको छाडेर रुन थाल्छ । म उसको त्यस आँसुको इतिहास चोरेर खुसुक्क भाग्छु । कहिल्यै नगल्ने र नथाक्ने पहाडहरूलाई हेरेर तिनीहरूको प्रतीक्षाभित्रको धैर्यको भाव चोर्छु । हिउँदमा पात झरेर नाङ्गै भएका रुखहरूमा वसन्तमा पालुवा पलाएको देखेर तिनीहरूबाट नव जीवनको भाव चोर्छु । सल्लाघारीका सुसाइहरूबाट छटपटी र नि:श्वासका भाव चोर्छु । पहिराहरूबाट भित्रभित्रै उकुसमुकुस भइरहेको पहाडको चोटको भाव चोर्छु, नदीनालाबाट सङ्गीत चोर्छु । जीवनमा हिंस्रकता उखेल्नका लागि हिंस्रकताकै खाँचो हुन्छ । यसैले हिंस्रक पशुहरूका जीवनबाट हिंस्रकता चोर्छु । चरा चुरुङ्गीका चिरीबिरीबाट उनीहरूका जीवनको कथा चोर्छु, उन्मुक्तता चोर्छु । शुष्क प्रकृतिबाट निरसता चोर्छु, हराभरा वासन्ती प्रकृतिबाट उत्साह चोर्छु ।



---

**शब्दार्थ**

लघार्नु : धपाउनु

क्षणिक : छोटो समय

प्रतीक्षा : पर्खाइ

धैर्य : नआत्तिने गुण

उन्मुक्त : स्वतन्त्र

शुष्क : सुक्खा

६. प्रकृति त प्रकृति नै भयो, उसलाई कसले चाहिँ चोरेको, ठगेको, लुटेको छैन र ? यी कुराहरू चोर्दैमा प्रकृति कहिले पो रित्तिएको छ र ? म भाव चोर्छु, प्रकृतिको भाषा उसैसँग रहन्छ । प्रकृतिको सर्वस्व हामी जीवहरूकै सम्पत्ति त हो । सबैले उत्तिकै उपयोग गर्न पाउँछन् । म चाहिँ अलि लोभी छु, अरूको भन्दा अलि ठुलो भाग पाउने लालसा छ । यही थप भागका लागि म चोरी गर्दै छु । प्रकृति आमा हुन्, सन्तानसँग सधैँ रुष्ट भइरहन पनि सक्तिनन् नि !

७. मैले आजसम्म सबभन्दा बढी चोरी आमाबाटै गरेकी छु । मेरा निम्ति जगत्भरकै आमाहरू मेरी आमामा आएर एकाकार भएका छन् । मेरी आमा आमा मात्र होइनन्, मेरी निकटतम सँगिनी पनि हुन् । यसैले त मैले आमाको अभिन्न मित्र बनेर उनीबाट आमा भाव चोरेँ । सन्तान वियोगको पीडा पनि मेरी आफ्नै आमाबाट चोरेँ । मेरी दृष्टि हुन् आमा, संसारलाई हेर्ने भाव पनि उनैबाट चोरेँ । उनी छोरालाई पनि कम माया गर्दिनन् । छोरीलाई अझै बढी माया नगरी नहुने ठान्छिन् । छोरीले कुँजिएका पखेटालाई क्रियाशील नबनाई नहुने भन्ने पवित्र भाव पनि मैले उनैबाट चोरेँ । समाजले सिर्जिएका छोरी जातका लैङ्गिक विषमताले रन्थनिएका उनका भाव चोरेँ । खै, उनीबाट त के के चोरेँ के के !

८. आमालाई मात्र हो र ! मैले त बाबालाई समेत चोरिनबाट जोगाउन सकिनँ । सामाजिक प्रपञ्चको बोध हुन थालेपछि सरलता, निर्भीकता र स्वाभिमान चोरेँ । कहिले बाबासँग बाझेर, जुधेर र कहिले चाहिँ बाबाको आज्ञाकारी पुत्री बनेर उनीबाट पितृभाव चोरेँ । आज राम्ररी सोच्दा पो थाहा पाएँ, मैले सबैभन्दा बढी आफ्नै आमाबाबालाई नै चोरेकी रहिछु । आमाबाबाबाहेक मेरो अर्को ईश्वर छैन । ती मेरा सर्वस्व हुन्, म तिनको पूजा गर्छु तर उनीहरूलाई यो कुरा पटक्कै थाहा छैन । म आफ्ना मनमा तिनलाई विराजमान गराएर अव्यक्त भावनाका पुष्पहरू हर्दम अर्पण गरिरहेकी छु ।

९. अब तपाईं नै विचार गर्नुहोस्, आफ्ना आमाबाबालाई त चोर्नेले अरूलाई के बाँकी राखेकी हुँला ? मानिसहरूले आपसमा विनिमय गरेका यावत् प्रकारका प्रेम देखेँ भने यसै यसै तिनीहरूतिर तानिन थाल्छु, मित्रता गर्छु । उनीहरूलाई त्यसमा विश्वस्त बनाउँछु । त्यसपछि सुटुक्क, उनीहरूले थाहा नपाईकन प्रेम भाव चोरेर उछिटिन्छु । मनमनै विभिन्न पतिपत्नीका ढाँचा तयार पार्छु र प्रत्येक ढाँचाका पतिपत्नीसँग नजिकिन्छु । तिनका विभिन्न खाले भावहरू चोर्छु । कसैलाई दाजु भाउजू

---

शब्दार्थ

रुष्ट : रिसाएको

एकाकार : एउटै

प्रपञ्च : चाँजोपाँजो

निर्भीक : निडर

स्वाभिमान : आत्म सम्मान

पितृभाव : पितामा हुने भावना

विराजमान : रहेको/शोभायमान

अर्पण : श्रद्धापूर्वक दिने काम

बनाएर दाजु हुनुको भाव र भाउजू हुनुको भाव चोर्छु । आफैबाट र भाइ बहिनीहरूबाट पुत्रपुत्री भाव चोर्छु ।

१०. त्यति मात्रै कहाँ हो र ? तन, मन र धनले दुःखी हुनेहरूमाथि पनि मैले यस्ता कर्म गरेकी छु । उनीहरू दुःखले रुँदा र छटपटाउँदा म आफू पनि उनीहरूसँगै रुँदै र छटपटाउँदै उनीहरूका भाव सुटुक्क चोरेर आफ्नो मनमा थन्क्याएकी छु । दुःखी गरिबको दुःख, पीडा, दासता आदिको क्रन्दनको इमानदार श्रोता र सहृदयी शुभ चिन्तक बनेर उनीहरूबाट ती सबै कुराको पीडाको भाव चोरेकी छु । आफू जस्तै अन्य नेपाली महिलाहरूका जीवनबाट निस्सारलाग्दो रुवाइ र कुण्ठाको भाव पनि चोरेकी छु । यो भाव त मेरो हृदयबाट जति खन्याए पनि रित्तिन सकेको छैन । रुवाइ र कुण्ठाका नित्य नवीन भावहरू मनभरि, मस्तिष्कभरि उथलपुथल भइरहेछन् ।

११. अहिले तपाईं बालकमाथि त दया राखेकै रहिछ भनेर ढुक्क हुनुभएको होला । तर मित्र ! त्यसरी ढुक्क नहुनोस् । मेरो मन दसकौँदेखि चोरीमा अभ्यस्त भइसकेको छ । यसलाई त चोर्न पाए पुग्यो । चोरी नै यसको अभीष्ट भइसकेको छ । कुनै दिन केही चोरिनँ भने त के बिर्सिए बिर्सिए जस्तो लाग्छ । मलाई तपाईंका अगाडि केही पनि ढाँट्न मन लागेको छैन । यसैले त आफ्नो मन तपाईंका सामु उदाङ्गो पारेर कहिले कहिलेदेखिको उकुसमुकुसबाट उम्किन खोज्दै छु । यही चोरीकै ध्येयले बालकहरू सामु मित्रताको भिक्षा माग्न आफ्ना दुवै हात फैलाएकी छु । उनीहरूले मलाई निश्छल, निष्कपट, पवित्र, स्निग्ध मायाको सागरमा चुर्लुम्म डुबाएका छन् । एउटै चक्लेट टोकेर आधा आधा बाँडेर खाएकी छु, एक गाँस खानेकुरो पहिले उनीहरूलाई खुवाएर त्यही बाँकी जुठो पनि प्रसाद झैँ गरेर खाएकी छु । मेरो आँखामा हेर त को छ ? भन्दै आफ्ना आँखामा भएको



---

**शब्दार्थ**

क्रन्दन : रुवाइ

सहृदयी : दयालु

कुण्ठा : दबिएको इच्छा

नित्य : सधैँको

निश्छल : छलछाम नभएको

निष्कपट : कपट नभएको

स्निग्ध : सुकोमल, मायालु, सुमधुर

तिनको तस्वीर देखाएर विस्मित, चकित, पुलकित तिनका मिठो भाव चोरेकी छु । साना छुकछुके हातले मलाई अँगालेर तिनीहरू हाँस्दा आफू पनि उनीहरूसित हाँस्दाहाँस्दै उनीहरूले पत्तै नपाई उनीहरूबाट हाँसो र उल्लासका न्याना भावहरू चोरेकी छु । उनीहरू रुँदा आफू पनि सँगसँगै रोएर उनीहरूबाट आँसुका बाल भावहरू चोरेकी छु ।

१२. मैले मानिस र प्रकृतिबाट त यावत् भाव चोरेकी छु नै । दु:खान्तक हुन् वा सुखान्तक, साहित्यबाट पनि आनन्दको भाव चोरेकी छु । सुखान्तक साहित्यबाट भन्दा पनि दु:खान्तक साहित्यबाट बढी गहन आनन्द प्राप्त हुन्छ । यसैले त संसारमा दु:खान्तक साहित्यको प्रभावलाई बढी तीव्र मानिने गर्छ । यसैले त्यसबाट सहज रूपमा आनन्दको भावको चोरी गरेकी छु । चराको चिर्बिरबाट शैली चोरेकी छु, फुलको सौन्दर्यबाट शिल्प चोरेकी छु । प्रकृति तथा मानवबाट उपमा चोरेकी छु । अझ दिल खोलेर भन्ने हो भने दन्त्यकथाबाट चोरेको उपमा आजसम्म मलाई सबभन्दा बढी प्रिय लागेका छन् ।

१३. अब त पत्याउनुभयो होला नि मेरो कुरा ? अब छातीमा हात राखेर भन्नुहोस् त म चोर हुँ कि होइन ? चोर्दाचोर्दा अब तँ धनी भइसकिस् रे ! मलाई पहिला नै तपाईंले यसै भन्नुहोला भन्ने त लागेको थियो । फेरि के सोध्न आँट्नुभएको ? ए ! ती सबै कुरा कहाँ राखेकी छु रे ? हुन्छ, पख्नुहोस्, यत्तिका कुराहरू बताइसकेपछि त्यत्ति कुरा बताउन किन कन्जुसी गर्थें ! मैले दु:ख गरेर सम्हालेका कुराहरू अरूले चोरिदेलान् भनेर तपाईंले मलाई सावधान गराउनुभएको ? म त पहिल्यैदेखि सावधान छु । आजसम्म कसैले पनि मबाट केही पनि चोरेकै छैन । सायद चोर्न लायक केही नदेखेर पो हो कि ! कहिलेकाहीं त आफूबाट पनि चोराउन रहर लाग्छ । चोर्नेले नचोरिदिएपछि मेरो के लाग्छ र ? तर कुरा अर्को पनि छ । यस्ता कुरा चोर्दा एक त चोरिनेलाई नोक्सान पनि हुँदैन, अर्को उसलाई पत्तो पनि हुँदैन । यसैले आफू चोरिएको कुरा मैले पत्तै नपाएको पनि हुन सक्छ ।

१४. यति सबै भइसकेर पनि स्वयम्लाई यसो छामी हेर्छु तर रिक्तता सिवाय केही पाउँदिनँ । जति नै चोरी गरे पनि आफू त कङ्गालको कङ्गाल नै । ल, त्यसरी किन हाँस्नुभएको ? नपत्याएर होला । अघि पनि त तपाईंले मैले आफूलाई चोर भनेर घोषणा गर्दा पत्याउनुभएको थिएन नि ! मैले सबै कुरा भनेपछि यो कुरा पनि तपाईं अवश्य पत्याउनुहुन्छ । अँ त, सुन्नहोस्, आफ्ना भावहरूलाई अक्षय कोषका रूपमा मनभित्रै पाँजेर राखेकी थिएँ । अन्यत्रबाट चोरिएका भावहरू रित्तिएपछि आफ्ना

---

शब्दार्थ

विस्मित : आश्चर्यमा परेको

पुलकित : रमाएको

उल्लास : खुसी

दु:खान्तक : दु:खमा टुङ्गिएको

सुखान्तक : सुखमा टुङ्गिएको

अक्षय कोष : नमासिने ढुकुटी

भावको भोग चलन गर्ने सुर थियो। पुच्छारमा आफ्ना भाव र त्यसैमाथि अन्यत्रबाट चोरिएका भावहरू थुपार्ने गरेकी थिएँ। ती चोरिएका भावले थिच्दाथिच्दा आफ्ना भाव त जम्मै पानी परेको सिमेन्ट झैँ जमिसकेछन् । कुनै दिन चोरी गर्ने इच्छा मऱ्यो भने त म ठुलो नदीका बिचको विशाल पत्थर सरह शुष्क हुन के बेर ! होइन त ?

१५. कहाँ हुनु ? धनी भएर मैले यस्तो कुरा गरेकै होइन । साँच्चै तपाईंले यसो भन्दा त मेरो चित्त दु:ख्यो । मैले त तपाईंलाई समेत परोक्ष चोर ठहऱ्याएकी छु । प्रत्यक्ष चोर्ने मात्र चोर हुन्छ र ? चोरीका सामान उपयोग गर्ने पनि त चोर नै हुन्छ नि ! तपाईं आफ्नो अनुहारका कुनै रेखा पनि नखजमज्याई होइन भन्न सक्नुहुन्छ ? किन त्यसरी टोलाउनुभयो ? तपाईंले चोरीका सामान उपयोग गर्नुभएको छैन रे ? तै सम्झी हेर्नुहोस् त । पछि मैले भनिसकेपछि ए हो त नभन्नुहोला नि !

१६. कुरा के भने नि ! मैले आफ्ना चोरीका मालहरू साहित्यका माध्यमबाट सबैलाई बाँड्ने गरेकी छु । ऊ ! ऊ ! मुस्कुराउनुभो होइन त ? मैले भनेकी थिएँ नि ! एकातिरबाट चोऱ्यो, अर्कातिर थुपाऱ्यो । गँड्यौला जस्तै भइनँ त म ? तर म सारै दु:खी छु । किन भने नि ! नचोर्नु चोरिसकेपछि अर्केतिर नै भए पनि चोरीका सबै कुरा थुपार्न सके त बेसै थियो । तीमध्ये कति मेरा आफ्ना मनका भावसँग मिलेर जड हुन्छन्, कति परस्पर विरोधी भावहरूसँग मिलेर विलुप्त हुन्छन्, कति चाहिँ साहित्यरूपी ढुकुटीमा पुऱ्याएर खन्याउँदा खन्याउँदै यताउता पोखिएर खेर जान्छन् । मुस्किलले एक चतुर्थांश भाव मात्र ढुकुटीमा जम्मा हुन पुग्छन् । त्यति यत्नले सँगालेको स्मृतिपुञ्ज एकचोटि लेखिसकेपछि त्यसै त्यसै विस्मृत बन्न पुग्छ । अर्को स्मृति नसँगालिन्जेल चाहिँ बस् उही मनको रिक्तता मात्रै ! यसैले त म साहित्यकार बन्न पनि अरूका हृदयको भाव चोर्नु परेन र ? मित्र ! अब तपाईं पनि मैले झैँ खुला हृदयले भन्नुहोस् त तपाईंले मेरो कस्तो मूल्याङ्कन गर्नुभयो ?

*('जीवन सूत्र र स्वप्नाभास' निबन्ध सङ्ग्रहबाट)*

---

**शब्दार्थ**

पाँजेर : टम्म मिलाएर

परोक्ष : अप्रत्यक्ष

चतुर्थांश : चार भागको एक भाग

स्मृतिपुञ्ज : सम्झनाको सँगालो

## अभ्यास

### सुनाइ

१. निबन्धको पाँचौँ अनुच्छेद सुन्नुहोस् र तलका ठिक बेठिक भनाइ छुट्याउनुहोस् :

(क) फुलबाट क्षणिकताको भाव चोरिन्छ ।

(ख) फुल रिसाउँछ, बेसरी गर्जेर गाली गर्छ ।

(ग) सल्लाघारीका सुसाइबाट पहाडको चोटको भाव चोरिन्छ ।

(घ) चरा चुरुङ्गीबाट लेखकले जीवनको कथा र उन्मुक्तता चोर्छ ।

२. निबन्धको अन्तिम अनुच्छेद सुन्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) चोरीको माल बाँड्ने माध्यम के हो ?

(ख) चोरीको कति भाव चाहिँ ढुकुटीमा जम्मा हुन्छ ?

(ग) लेखकले चोर्ने कुराको मूल्याङ्कन तपाईँले कसरी गर्नुभयो ?

३. तलको अनुच्छेद सुन्नुहोस् र उत्तर दिनुहोस् :

सञ्चारले हाम्रो जीवनका सबै क्षेत्रलाई प्रभावित तुल्याउँछ । लैङ्गिक भूमिकाका बारेमा पनि सञ्चार जगत् प्रभावकारी हुन्छ । पत्र पत्रिका, टेलिभिजन, चलचित्र सबैमा पुरुष र महिलाको भूमिकाको वर्णन पाइन्छ । यिनले महिला र पुरुषको समान भूमिकाको वर्णन गर्छिन् । चालिस वर्षअघिसम्म संसारमा यो अवस्था थिएन । सुरुमा महिलालाई छोराछोरी हेर्ने र घरको काम गर्ने भूमिका दिइन्थ्यो । आमाले घर बस्ने र बाबुले बाहिर गएर काम गर्ने परम्परागत प्रस्तुति अहिले पनि टेलिभिजन र चलचित्रमा देखिन्छ । यस्तो प्रस्तुतिले समाजमा लैङ्गिक असमानतालाई कायम राख्छ । मान्छेको लैङ्गिक भिन्नता शारीरिक मात्र हो । सामाजिक सांस्कृतिक भूमिकामा महिला पुरुष समान हुन् । पूर्ण र न्यायपूर्ण समाजको स्थापनाका लागि पुरुष महिलामा सम व्यवहार आवश्यक छ ।

(क) महिलाको भूमिकाको वर्णन पाइने सञ्चारका माध्यम कुन कुन हुन् ?

(ख) सुरुमा महिला र पुरुषलाई कसरी हेरिन्थ्यो ?

(ग) लैङ्गिक न्याय किन आवश्यक छ ?

(घ) यस अनुच्छेदको मुख्य सन्देश के हो ?

४. पाठको चौधौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

## बोलाइ

१. तलका शब्दहरूको ठिक उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी उच्चारण गरिएको कुरा लेख्नुहोस् :

जस्तै : जीवन/जिबन, आज्ञाकारी/आग्ग्याँकारि

क्षणिक, खुल्दुली, सहृदयी, प्रतीक्षा, अभीष्ट, रिक्तता, स्मृतिपुञ्ज, मूल्याङ्कन, स्निग्ध, विस्मृत

२. निबन्धमा लेखकले केका लागि किन चोरी गर्ने विचार बनाएकी हुन् भन्ने बारेमा समूहमा छलफल गरी त्यसको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. मनिला र प्रवेश एउटा पुस्तक पसलमा भेट हुन्छन् । कस्तो पुस्तक पढ्ने भन्ने बारेमा उनीहरूका बिच हुने कुराकानी लेखी हाउभाउसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईँ आफूलाई कसरी चिनाउनुहुन्छ ? आफ्ना बारेमा बुँदा बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पढाइ

१. चौथो र पाँचौँ अनुच्छेदलाई सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपाईँलाई कति समय लाग्यो, शिक्षकलाई सोध्नुहोस् ।

२. पाठ पढेपछि लेखक कस्तो खालकी चोर हुन् भन्ने कुरा अनुमान गर्नुभयो, लेख्नुहोस् ।

३. 'म को हुँ' निबन्ध पढी यसका सबै विषयलाई समेट्ने गरी समूहमा पाँच ओटा प्रश्न निर्माण गर्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

४. उक्त प्रश्नको उत्तर पनि तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## लेखाइ

१. निबन्धको सातौँ अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदा टिपी सारांश लेख्नुहोस् ।

२. निबन्धका मुख्य मुख्य सन्देशका बारेमा विवेचना गर्नुहोस् ।

३. व्याख्या गर्नुहोस् :

(क) प्रकृति त प्रकृति नै भयो, उसलाई कसले चाहिँ चोरेको, ठगेको, लुटेको छैन र ?

(ख) आमाबाबाबाहेक मेरो अर्को ईश्वर छैन ।

४. 'म फुल हुँ' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।

५. 'मेरा सपनाहरू' भन्ने शीर्षकमा सर्वप्रथम शिक्षकबाट बुँदाहरू प्राप्त गर्नुहोस् । शिक्षकबाट प्राप्त ती बुँदालाई निबन्धका रूपमा लेख्नुहोस् ।

६. 'शारदीय आकाश' शीर्षकमा बुँदा तयार पारी एउटा आत्मपरक निबन्ध रचना गर्नुहोस् ।

७. रेखाङ्कित शब्दलाई तल दिइएका अर्थसँग जोडा मिलाउनुहोस् :

असमानता, कला, घनिष्ठ, सुमधुर, अनित्य

.....१. मलाई निश्छल, निष्कपट, पवित्र, स्निग्ध मायाको सागरमा चुर्लुम्म डुबाएका छन् ।

.....२. फुलको सौन्दर्यबाट शिल्प चोरेकी छु ।

.....३. जीवन क्षणिक छ यस क्षणिकताबाट म सन्तुष्ट छैन ।

.....४. मेरी आमा आमा मात्र होइनन्, मेरी निकटतम सँगिनी पनि हुन् ।

.....५. उनका वर्गीय एवम् लैङ्गिक विषमताले रन्थनिएका भाव चोरेँ ।

८. निबन्ध पढी तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) चोरी स्वीकार गर्दा पनि लेखकलाई लाज नलाग्नुको कारण के हो ?

(ख) लेखक किन चोरी गर्न बाध्य छिन् ?

(ग) लेखकले चोर्ने कुराहरू के के हुन् ?

(घ) आमा र बाबाबाट लेखकले के के चोरी गरिन् ?

(ङ) लेखकले बालकहरूसँग किन मित्रता गाँसेकी छन् ?

९. 'म को हुँ' निबन्धमा निबन्धकारले आफूलाई कसरी चिनाएकी छन्, वर्णन गर्नुहोस् ।

## व्याकरण

१. तलको अनुच्छेदका रेखाङ्कित शब्दहरू सर्वनाम हुन्, तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस् :

म बाटामा थिएँ । बाटामा सीमा र स्वरूप पनि भेटिए । उनीहरू बजार हिँडेका थिए । अब हामी सँगै भयौँ । बजारमा सीमाले आफूलाई जुत्ता किनिन् । म चाहिँ कलम किन्न चाहन्थेँ । पसलमा पुगेर स्वरूपले भन्यो, "कलम किन्ने भए त्यो राम्रो छ ।" "खोइ कुन चाहिँ हो ?" सीमाले सोधिन् । "जुन राम्रो छ त्यही किन्छु", मैले भनेँ । बजारका बिचमा को को भेटिए, के के देखिए पत्तै भएन । कोही खाँदै थिए । कुनै कुनै पसलमा भिड थिए । "तपाईंहरू भेटिएर रमाइलो भयो" अन्त्यमा मैले भनेँ । हामीहरूले आज रमाइलो गर्‍यौँ ।

२. पाठको पहिलोदेखि तेस्रो अनुच्छेदसम्म प्रयोग भएका सर्वनाम शब्दहरू टिप्नुहोस् ।

३. म, हामी, उनी, त्यो, आफू, जुन, कुन, के, को जस्ता सर्वनाम प्रयोग गरी एउटा अनुच्छेद रचना गर्नुहोस् ।

४. तलको अनुच्छेदबाट दस ओटा सर्वनाम नदोहोऱ्याई टिप्नुहोस् :

म राम नेपाली हुँ । श्यामा र कमल मेरा साथी हुन् । हामी मिलेर पढ्छौँ । म आफू जातले दलित हुँ । श्यामा राई र कमल बाहुन हुन् । उनीहरू मसँगै खान्छन् । त्यो दलित, यो राई, तिमी बाहुन भन्ने भाव हामीसँग छैन । कुन दलित, कुन बाहुन भन्ने कुरा सामाजिक विभेद हो । तपाईंमा पनि कुनै प्रकारको विभेदको भाव हुनुहुन्न । जोसुकै भए पनि हामी मानिस हौँ । प्रत्येकले यसरी नै सोचे समाजबाट जातीय विभेद आफैँ हराउँछ ।

५. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरू नामयोगी हुन्, तिनलाई अभ्यास पुस्तिकामा सार्नुहोस् :
कर्णालीभित्र जुम्ला छ । धेरै वर्षसम्म जुम्लामा गाडी पुगेन । जुम्लाभन्दा पछि गाडी पुग्ने जिल्ला पनि छन् । जुम्लामाथि हिमाल छ । जुम्लाभित्र तिला नदी छ । नदीपारि स्याउखेती छ । यसपालि स्याउ राम्रो फलेछ । पुससम्म पर्खंदा दाम पनि आएछ । व्यापारीसँग किसानले पैसा मागे । पैसासहित पुगेका व्यापारीसँग उनीहरूले पैसाबेगर स्याउ नै दिएनन् । मागेअनुसार पैसा पाएपछि उनीहरूले डोकाभरि स्याउ टिपे । डोकोसमेत साहुलाई दिए । व्यापारी पनि किसानसँग दङ्ग परे । उनीहरूले घरमाथिसम्म गाडी पुऱ्याए । घर अगाडिबाट स्याउ बोकाए । बिच बजारमा पुऱ्याए । गाडीभित्र स्याउ हाली नेपालगन्जसम्म पुऱ्याएर नाफा कमाए । किसानका घरभित्र पनि खुसियाली छायो ।

६. निबन्धबाट दस ओटा नामयोगी शब्द छानी अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

७. सँग, बिना, भित्र, बमोजिम, बाहेक, वापत, भरि, निम्ति, समेत, देखि, माथि, बिच जस्ता नामयोगी प्रयोग गरी आफ्ना बारेमा वर्णन गर्नुहोस् ।

८. तलको अनुच्छेदबाट १५ ओटा नामयोगी शब्द नदोहोऱ्याई छानेर लेख्नुहोस् :

रमासँग पुस्तक छ । उनी टेबलमाथि पुस्तक राख्छिन् । उनको घर तमोरपारि छ । उनलाई गुरुप्रति विश्वास छ । एक दिन उनी गुरुकहाँ गइन् । गुरुसमक्ष आफूले नजान्ने कुरा सोधिन् । उनलाई जीवन पर्यन्त नबिर्सने गरी पढ्ने मन थियो । त्यसैले पढ्नसम्म पढिन् । पुस्तकभित्रका कुरा सोधिन् । अभ्यासअनुसारका प्रश्न गरिन् । गुरु पनि उनको पढाइप्रतिको जाँगरसँग परिचित हुनुभयो । दिनभरि पढाउनुभयो । रमाले आफ्नो अपेक्षा पुरा गरिन् । त्यस बापत उनीसँग धन्यवाद दिनुभन्दा बढी कुरा थिएन । उनले गुरुबाट स्याबासीसमेत पाइन् । बिहान दस बजेदेखि साँझ पाँच बजेसम्म पढिन् । गुरुआमासँग पनि चिनजान गरिन् । गुरुमाथिको भरोसा पनि व्यक्त गरिन् । गुरुआमाले पनि उनलाई घरमुनि लिएर जानुभयो । गुरुमार्फत उनले कति कुरा सिकिन् त्यो पनि भनिन् । यस अतिरिक्त उनले गुरुकी छोरीलाई पनि भेटिन् । आफूभन्दा ठुली भए पनि उनीसित कुराकानी गरिन् । पाँच बजेपछि उनी घर फर्किन् ।

९. **तलका रेखाङ्कित शब्दमध्ये संयोजक र निपातलाई छुट्टाछुट्टै तालिकामा लेख्नुहोस् :**

शर्मिला चौधरी र राधेश यादव साथी हुन् । शर्मिला धनी गाउँ तथा राधेश बनी गाउँका हुन् । शर्मिला खुबै पढ्छिन् किनभने उनी राम्रो भविष्य बनाउन चाहन्छिन् । "आ ! धेरै पढेर के पो हुन्छ र ?" राधेश भन्छन् । "जे पनि हुन्छ नि" शर्मिला भन्छिन् । राधेश बिहान उठ्छन् अनि खेल्न जान्छन् । शर्मिला पनि बिहानै उठ्छिन् तर खेल्न जान्नन् । उनी त खेल्नमा त्यति रुचि नै राख्दिनन् परन्तु एकछिन बारीमा चाहिँ डुल्छिन् । राधेश थोरै पढ्छन् तैपनि परीक्षामा राम्रो गर्छन् । "पढ्न पनि पर्छ खेल्नु पनि पर्छ" उनी भन्छन् । एक दिन शर्मिलाले भनिन् "लौ त तिमी नपढ ।" "खै तिमी त यसो पो भन्न थाल्यौ" राधेशले भन्यो । "ल म कि प्रथम हुन्छु कि द्वितीय अथवा पहिलो वा दोस्रो भएरै छाड्छु" उसले थप्यो । "पहिलो अथवा दोस्रो नै त सबै कुरा होइन, मुख्य कुरा त पढ्नु हो रे, सरले भनेको" शर्मिलाले भनिन् । त्यसपछि राधेश पनि मन लगाएर पढ्न थाल्यो ।

१०. **पाठको चौथो अनुच्छेदबाट पाँच ओटा संयोजक र चार ओटा निपात टिप्नुहोस् ।**

११. **र, वा, अनि, पनि, किनकि, तर, किन्तु जस्ता संयोजक प्रयोग गरी आफ्नो कक्षाकोठाको वर्णन गर्नुहोस् ।**

१२. **न, नि, है, रे, त, पो, कि, लौ, खै जस्ता निपात प्रयोग गरी आफ्नो मिल्ने साथीको वर्णन गर्नुहोस् ।**

**परियोजना कार्य**

(क) 'नेपालमा जलस्रोतको उपयोग' शीर्षकका सामग्री खोजी मुख्य मुख्य बुँदा निर्माण गर्नुहोस् । ती बुँदा शिक्षकलाई देखाई उक्त शीर्षकमा एउटा निबन्ध तयार पार्नुहोस् ।

(ख) कक्षाका सबै विद्यार्थीको चार ओटा समूह निर्माण गर्नुहोस् । पहिलो समूहले सर्वनाम, दोस्रो समूहले नामयोगी, तेस्रो समूहले संयोजक र चौथो समूहले निपात शब्दको सूची तयार पार्नुहोस् । ती सूचीमध्ये समूहका साथीहरूले निश्चित शब्द बाँड्नुहोस् र तिनलाई प्रयोग गरी एउटा एउटा अनुच्छेद तयार पारी कक्षामा टाँस्नुहोस् ।

## पाठ ५ मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व



(आज आजाद उच्च माध्यमिक विद्यालय (उमावि) बनेपामा वक्तृत्व प्रतियोगिता छ । प्रतियोगितामा कक्षा ९ मा अध्ययनरत चार जना विद्यार्थीहरूले भाग लिएका छन् । विद्यालयका प्रधानाध्यापक मिलन चेपाङले प्रतियोगिताको अध्यक्षता गर्नुभएको छ । प्रमुख अतिथिका आसनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक श्रेष्ठ हुनुहुन्छ । समय सचेतकमा कक्षा ९ की विद्यार्थी प्रमिला शेरचन रहनुभएको छ । निर्णायक मण्डलमा नेपाली, सामाजिक र अङ्ग्रेजी विषयका तिन जना शिक्षक रहनुभएको छ । शिक्षक र विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति छ । कक्षा ९ का विद्यार्थी सुमन मिजार उद्घोषण गर्दै हुनुहुन्छ ।)

१. उद्घोषक : सर्वप्रथम यस वक्तृत्व प्रतियोगितामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्छु । यसपछि अध्यक्षज्यूको अनुमतिले म आजको कार्यक्रमलाई अगाडि बढाउँछु । आजको वक्तृत्वको विषय छ, ‘मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व’ । प्रतियोगितामा वक्ताहरूले पालन गर्नुपर्ने नियमहरू यस प्रकारका छन् :

---

**शब्दार्थ**

दायित्व : कर्तव्य

वक्ता : बोल्ने मान्छे

(क) हरेक वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेटमा जनाउ घन्टी बज्ने छ । अन्तिम घन्टीपछि वक्ताले आफ्नो भनाइ रोक्नुपर्ने छ ।

(ख) समाज र राष्ट्र विरोधी भावना फैलाउने र व्यक्तिगत आक्षेप लाग्ने किसिमका विचारहरू प्रस्तुत गर्न पाइने छैन ।

(ग) कुनै पनि प्रकारका लिखित सामग्री प्रयोग गर्न पाइने छैन ।

(घ) निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

अब म मेरा मित्र मोहम्मद आलमलाई आफ्नो मन्तव्य राख्नका लागि आमन्त्रण गर्दछु ।

२. सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गुरुवर्ग तथा मेरा प्यारा साथीहरू !

३. आजको वक्तृत्व प्रतियोगिताको विषय 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' हो । यस विषयमा आफ्ना विचारहरू राख्न पाउँदा मैले आफूलाई धन्य ठानेको छु ।

४. मानव बेचबिखन आजको समाजको जीवन्त समस्या हो । त्यसो भए मानव बेचबिखन भनेको के हो त ? मानव बेचबिखन भनेको कुनै पनि उद्देश्यले मानिसलाई बेच्ने वा किन्ने काम हो । महिलाहरूलाई देह व्यापार गराउनु, बाल बालिकाहरूलाई श्रममा लगाउनु, घरायसी दास बनाउनु, कानुन विपरीत मानव अङ्गप्रत्यङ्ग किनबेच गर्नु जस्ता गतिविधिहरू यसअन्तर्गत पर्छन् । मानव अधिकार उल्लङ्घनका यस किसिमका निकृष्ट कार्यहरू विश्वमै जटिल तथा संवेदनशील रूपमा बढ्दै आएका छन् ।

५. सभाध्यक्ष महोदय, हरेक वर्ष लाखौँ मानिसहरू कुनै न कुनै रूपमा किनबेच भएका तथ्याङ्कहरू सार्वजनिक हुने गरेका छन् । बेचिनेहरूमा महिला तथा बाल बालिकाहरू बढी मात्रामा छन् । यसै गरी युवाहरूलाई धेरै कमाउने प्रलोभनमा अन्य देशहरूमा सङ्गठित रूपमा पठाउने कार्य भइरहेको छ । मानव समाजका लागि यसभन्दा बढी कलङ्क के हुन सक्छ र ?

६. नेपालमा रोजगारीको न्यून अवसर, अज्ञानता, आर्थिक विपन्नता, भेदभावपूर्ण सामाजिक संरचना आदिका कारण मानिसहरू बेचबिखनको चपेटामा परेका छन् । मानव तस्करहरूले सिधासादा मानिसहरूलाई अनेकौँ प्रलोभन र झुठा आश्वासनहरू बाँड्ने गर्छन् । कतिपय महिलाहरू बनावटी मायाजालमा अथवा नक्कली विवाहको प्रपञ्चमा फस्न पुग्छन् र बेचिन्छन् । यसरी बेचिन पुगेका मानिसहरू विभिन्न किसिमका शारीरिक तथा मानसिक रोगका सिकार हुन्छन् । घर फर्केपछि पनि उनीहरूले परिवार तथा समाजबाट तिरस्कृत हुनुपर्छ ।

---

शब्दार्थ

देह व्यापार : शरीरको व्यापार, यौन व्यवसाय

उल्लङ्घन : नाघ्ने काम

प्रलोभन : बढी लोभ, बढी लालच

तस्कर : अवैध काम गर्ने व्यक्ति

प्रपञ्च : जालझेल

तिरस्कृत : अपहेलित

७. सभाध्यक्ष महोदय, मानव बेचबिखनका समस्याबाट कसरी मुक्ति पाउन सकिन्छ भन्ने विषयमा सबैले ध्यान दिन आवश्यक छ । यस किसिमको जघन्य अपराधलाई नियन्त्रण गर्न परिवारदेखि सामाजिक सङ्घ संस्था, स्थानीय निकाय र सरकारसम्मको साथ र सहयोग आवश्यक पर्छ । मानव बेचबिखनका बारेमा सबैलाई सचेत गराउन आवश्यक छ । यसका लागि लक्षित समुदायसम्म रोजगारीमूलक शिक्षाका अवसरहरू र गरिबी निवारणका कार्यक्रमहरूको व्यवस्था गरिनुपर्छ । मानव बेचबिखनका विरुद्ध लाग्ने व्यक्तिहरूलाई समाज तथा राज्यले प्रोत्साहन दिनुपर्छ । मानव तस्करहरूलाई सामाजिक बहिष्कार र कडा सजायको व्यवस्था गरिनुपर्छ ।

(जनाउ घन्टी बज्छ ।)

८. अन्त्यमा, म यति मात्र भन्छु, बेचबिखनबाट पीडित भएकाहरूको उपयुक्त पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । मानव बेचबिखनका विरुद्ध सबै एकजुट हुन सकेमा मात्र यसलाई पूर्ण रूपमा नियन्त्रण गर्न सकिन्छ भन्ने मेरो निष्कर्ष छ । मेरा विचारहरू धैर्यपूर्वक सुनिदिनुभएकामा हार्दिक कृतज्ञता जाहेर गर्दै आफ्नो भनाइलाई यहीँ बिट मार्छु । धन्यवाद !

(अन्तिम घन्टी बज्छ ।)

९. उद्घोषक : आफ्ना महत्त्वपूर्ण विचार राखिदिनुभएकामा साथी मोहम्मद आलमलाई हार्दिक धन्यवाद दिन्छु । अब अर्का वक्ता अयोध्या पौडेललाई आफ्ना अभिमतहरू राख्नुहुन आमन्त्रण गर्छु ।

१०. सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, गुरुवर्ग एवम् साथीहरू !

११. 'मानव बेचबिखन विरुद्ध हाम्रो दायित्व' शीर्षकमा धारणाहरू राख्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ ।

१२. मानव बेचबिखन कस्तो अपराध हो र यो कसरी बढ्दै गइरहेको छ भन्ने विषयमा पूर्ववक्ता मित्रले प्रकाश पारिसक्नुभएको छ । यस विषयमा म धेरै चर्चा गर्न चाहन्नँ । म अन्य केही महत्त्वपूर्ण पक्षमा प्रकाश पार्ने प्रयास गर्छु । मानव बेचबिखनको बजारले मानिसहरूलाई माल सामानका रूपमा हेर्छ । यसले विभिन्न दर तथा मूल्यमा मानिसहरूको बेचबिखन गर्छ । यस किसिमका अपराधहरू विशेष गरी अविकसित तथा अल्प विकसित देशमा बढी हुने गरेका छन् ।

१३. आज हामी एक्काइसौँ शताब्दीमा छौँ । नेपालमा एक सय वर्षअघि नै दास प्रथा उन्मूलन भएको थियो । संयुक्त राष्ट्र सङ्घको स्थापनासँगै संसारबाट दास प्रथा पूर्ण रूपमा उन्मूलन गर्ने घोषणा भएको हो । हामी भने लाचार भएर मानिसलाई मानिसले नै पशुलाई झैँ बिक्री वितरण गर्ने अमानवीय क्रियाकलाप टुलुटुलु हेर्न विवश छौँ । आज पुरानै दास प्रथा नयाँ ढङ्गले विकसित हुँदो छ । मानव

---

**शब्दार्थ**

जघन्य : अत्यन्त नराम्रो, अरूलाई घात गर्ने

पुनर्स्थापना : फेरि व्यवस्थापन गर्ने काम

उन्मूलन : जरैसँग हटाउने काम

बेचबिखन र ओसारपसार एक किसिमको आधुनिक दास प्रथा नै हो। यो मानव जातिकै लागि अत्यन्त दुखद् कुरा हो।

१४. नेपालमा मानव बेचबिखन वेश्यावृत्तिमा लगाउने, श्रम शोषण गर्ने, मजदुर बनाउने र मानव अङ्गको बेचबिखन गर्ने कार्यमा मात्र सीमित छैन। लागु औषधको व्यापार गर्न, अश्लील चलचित्रमा काम गर्न र सर्कसमा काम गर्नका लागि पनि नेपालीहरू बेचिएका छन्। यो समस्या बिस्तारै जटिल र विकराल हुँदै गएको छ। यो तपाईं हामी सबैका लागि चुनौती हो।

१५. मेरा विचारमा मानिसहरू बेचिनु, ठगिनु र बिचल्लीमा पर्नु त आजको समस्या हुँदै हो। त्यस्ता व्यक्तिहरूको भावी जीवन नै जोखिममा पर्नु अझ दर्दनाक समस्या हो। तिनीहरूबाट अनेक प्राण घातक रोगहरू फैलनु र समाजमा अनेक विकृति र विसङ्गति बढ्दै जानु अर्को विषम परिस्थिति हो। तिनीहरू विभिन्न खाले मानसिक र शारीरिक रोगले ग्रस्त भएका उदाहरण छन्। समाजमा एचआइभी एड्सको सङ्क्रमणको मूल कारण पनि यही मानव बेचबिखन र ओसारपसार नै हो। कतिपय पीडितहरू त समाजबाट बहिष्कृतसमेत छन्। उनीहरूको पुनर्स्थापनाको व्यवस्था पनि अत्यन्त कमजोर देखिन्छ।

१६. सभाध्यक्ष महोदय, मेरा विचारमा यस समस्याको मुख्य कारक चेतनाको कमी, गरिबी र बेरोजगारी नै हो। कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि नै नेपालमा यस किसिमको व्यवसाय फस्टाउँदै जानुका कारणहरू हुन्। त्यसै गरी वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थिरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिले गर्दा नेपालमा यस्ता खालका अपराध मौलाउँदै गएको पाइन्छ।

१७. सभाध्यक्ष महोदय, मानव बेचबिखन र ओसारपसार भीषण वा जघन्य अपराध हो। यसको नियन्त्रणका थुप्रै प्रयासहरू पनि भएका छन्। कैयौँ अपराधी प्रहरीको कारवाहीमा परेका छन्। पीडितका पक्षमा न्यायालयबाट निसाफ पनि नभएका होइनन्। यसका विरुद्ध संयुक्त राष्ट्र सङ्घलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरू जागरुक भएका छन्। यति हुँदाहुँदै पनि यो समस्या बढदो छ। त्यसैले उक्त समस्याको पूर्ण समाधानका लागि थप संवेदनशीलता, गाम्भीर्य र प्रतिबद्धताको खाँचो देखिन्छ।

(जनाउ घन्टी बज्छ।)

---

शब्दार्थ

अश्लील : छाडा

जोखिम : खतरा

दर्दनाक : दु:खपूर्ण

अपराध : गर्न नहुने काम, कसैको नोक्सानी हुने काम

गाम्भीर्य : गहिराइ, गहनता

प्रतिबद्धता : अठोट, प्रतिज्ञा

१८. हाम्रा शैक्षिक पाठ्यक्रमहरूलाई व्यावसायिक र रोजगारमूलक बनाउनुपर्छ । सरकारले पनि रोजगारी दिने कार्यक्रमहरूको तर्जुमा गर्नुपर्छ । हामी विद्यार्थीहरूबाट पनि सचेतनाका कार्यक्रमलाई अगाडि बढाउनुपर्छ । गरिबी निवारणका बारेमा स्थानीय निकायदेखि माथिल्लो तहसम्म संवेदनशील हुनुपर्छ । गैर सरकारी संस्थाहरूलाई सचेतना फैलाउने कामको जिम्मेवारी दिनुपर्छ । यसो गर्न सकियो भने यस अपराधलाई पूर्ण रूपमा नियन्त्रण गर्न पक्कै सकिन्छ । यति भन्दै म आफ्नो भनाइलाई पूर्ण विराम दिन्छु ।

१९. उद्घोषक : अब साथी मनोज तामाङलाई यसै विषयमा आफ्ना विचारहरू राखिदिनका लागि हार्दिक अनुरोध गर्दछु ।

२०. सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग, प्रतियोगी तथा अन्य मेरा साथीहरू !

२१. यस वक्तृता प्रतियोगितामा भाग लिन पाउँदा खुसी लागेको छ । म मानव बेचबिखन र तिनको निराकरणका सम्बन्धमा आफ्ना विचारहरू व्यक्त गर्छु ।

२२. आज, विवेकशील मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण हुँदो छ । यसभन्दा बढी दुर्भाग्यपूर्ण कुरा के हुन सक्छ र ! यस्तो स्थितिको सिर्जनाले हाम्रो समाज बढी भोक्तावादी हुँदै गएको छ । पैसामुखी प्रवृत्ति र नैतिकताको ह्रासले पनि मान्छेले मान्छेलाई बेचिरहेको स्थिति छ । अशिक्षा, गरिबी, बेरोजगारी र युद्धको प्रभावले पनि मानव बेचबिखन बढ्दो छ । सम्पन्न र विपन्न राष्ट्रका बिचका मानिसहरूको जीवन स्तरमा भएको भिन्नता पनि यस किसिमको समस्याको कारक हो ।

२३. हाम्रो देश नेपालमा विशेष गरी गाउँबाट सहरतिर मानिसहरूको परोक्ष व्यापार हुने गरेको पाइन्छ । वैदेशिक रोजगारका नाममा कानुनका आँखा छलेर नेपालबाट प्रशस्त मानिसहरू बेचिएका छन् । यसरी बेचिएकाहरूलाई वेश्यावृत्ति, सर्कस, घरायसी कामदार, उद्योगमा श्रमिक र खानीमा मजदुरका रूपमा काममा लगाउने गरेको पाइन्छ । बेचबिखनमा परेका कतिपय मानिसहरूको मिर्गौलालगायतका अङ्गहरू बेच्ने गरेका तथ्यहरू पनि हाम्रा सामुन्ने नै छन् ।

(जनाउ घन्टी बज्छ ।)

---

**शब्दार्थ**

निवारण : हटाउने काम

सचेतना : चेतनासहित

भोक्तावादी : खानपिन, भोगविलास र मोजमस्तीमा रमाउनुपर्छ भन्ने मान्यता भएको

२४. कुनै पनि समस्याले समाधान आफैँ बोकेर आएको हुन्छ भनिन्छ । त्यस्तै मानव बेचबिखनको समस्या पनि कुनै प्राकृतिक समस्या होइन । यो नितान्त मानव समाजबाट सिर्जित समस्या हो । त्यसैले यसको समाधान पनि हामी सबै तह र तप्काका मानिसले नै मिलेर गर्नुपर्छ । यसका लागि राज्यका संयन्त्रलाई सशक्त बनाइनुपर्छ । शिक्षा र चेतनाका लहरहरू हाम्रा हरेक बस्ती बस्तीमा पुग्नुपर्छ । विद्यार्थीहरू पनि चेतना विस्तारका संवाहकहरू हुन् । यसैले यस किसिमको निकृष्ट र मानवताहीन कार्यका विरुद्ध सक्रिय हुन सम्पूर्ण विद्यार्थीलाई आह्वान गर्छु । धन्यवाद !

२५. उद्घोषक : अब आजको प्रतियोगिताका अन्तिम वक्ताका रूपमा आफ्ना विचारहरू राखिदिनका लागि साथी रमा सापकोटालाई अनुरोध गर्छु ।

२६. यस गरिमामय सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग तथा साथीहरू !

२७. सर्वप्रथम मैले यस वक्तृता प्रतियोगितामा भाग लिने अवसर पाएकामा आयोजकप्रति हार्दिक आभार व्यक्त गर्दछु । पूर्ववक्ता साथीहरूले मानव बेचबिखन तथा ओसारपसार कार्यका सम्बन्धमा आफ्ना विचारहरू राखिसक्नुभएको छ । म भने मानव बेचबिखन र ओसारपसारको व्यापारले नेपाल र विश्व परिवेशमा पारेको प्रभावतर्फ सबैको ध्यान केन्द्रित गराउन चाहन्छु ।

२८. मानव बेचबिखनको दायरा वा क्षेत्रका आधारमा हेर्दा यसका दुई ओटा प्रकार छन्, देशभित्रै गरिने बेचबिखन र एक देशबाट र अर्को देशमा हुने व्यापार । हिजोआज त राज्यले कामदार पठाउन प्रतिबन्ध लगाएका मुलुकहरूमा पनि कानुनको आँखा छलेर र अर्कै देशको बाटो बनाएर पनि मानिसहरूको बेचबिखन भइरहेको छ । यसतर्फ पनि सबैको ध्यान जान आवश्यक छ ।

२९. मानव बेचबिखन जस्तो विवेकहीन कार्य किन हुन्छ र कसरी गरिन्छ त ? यस पेसालाई मलजल गर्ने काम विशेष गरी पैसा र पदको दुरुपयोग गर्नेहरूले नै बढी मात्रामा गरेको देखिन्छ । आफ्नै चिनजान र नातागोताकै मान्छेबाट पनि विश्वासघात गरी यस किसिमको अपराध गर्दै आएको पनि पाइन्छ । समग्रमा भन्ने हो भने आर्थिक लाभका लागि र्‍याल चुहाउनेहरूले नै यस किसिमका अमानवीय कार्य गरेका छन् ।

३०. सभाध्यक्षज्यू, मानव बेचबिखन र ओसारपसार समस्याको समाधानका लागि केही सुझाव राख्न चाहन्छु । यस अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्दछ । त्यसैले वर्तमान कानुनमा रहेका कमजोरी सुधार गर्नुपर्छ ।

---

शब्दार्थ

संवाहक : राम्ररी वहन गर्ने, राम्रो नेतृत्व कर्ता

निकृष्ट : तुच्छ, नीच

परिवेश : ठाउँ, समय र वातावरण

विश्वास घात : विश्वास भङ्ग गर्ने काम

आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ । यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । यसमा राज्यको मुख्य भूमिका हुन्छ । नागरिकहरूले राज्यलाई सहयोग गर्नुपर्छ । त्यसै गरी यस समस्याबाट मुक्ति पाउने अर्को पक्ष सचेतना अभियान नै हो । विद्यालय तकका पाठ्य पुस्तकबाटै सचेतना अभियान सुरु गर्नुपर्छ । यसमा समाजका सबै सचेत वर्गले सहयोग गर्नुपर्छ । यसमा सञ्चार माध्यमहरूको ठुलो भूमिका हुन्छ । सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरू सक्रिय हुनुपर्छ । अहिलेको एक्काइसौँ शताब्दीको युगमा मान्छेले मान्छेलाई नै बेच्ने जस्तो विचित्रको अवस्थाबाट जनताले मुक्ति पाउनुपर्छ ।

(जनाउ घन्टी बज्छ ।)

३१. मानव बेचबिखनबाट पीडित मानिसहरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । पीडितहरूलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरू ल्याउनुपर्छ । रोजगारीको अवसर दिलाउनुपर्छ । पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यहरूमा जोड दिनुपर्छ । हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यका विरुद्ध लाग्नुपर्छ । अन्त्यमा परिवर्तन आफैँबाट सुरु गर्नुपर्छ भनिन्छ । यस अर्थमा म पनि एक सचेत विद्यार्थीका नाताले मानव बेचबिखन विरुद्धको अभियानमा आजैदेखि सक्रिय रहने प्रण गर्दछु । म मेरो घर परिवारबाटै सचेतना अभिवृद्धि कार्यको शुभारम्भ गर्ने छु । साथै यस महाअभियानमा सधैँ सक्रिय रहने छु । यही वचनबद्धतासहित आफ्नो मन्तव्य यहीँ टुङ्ग्याउँछु । धन्यवाद !

३२. उद्घोषक : आजको वक्तृत्व प्रतियोगिता यहीँ सकिन्छ । अब केही क्षणपछि निर्णायक मण्डलबाट निर्णय सुनाउनुका साथै सभाध्यक्षज्यूबाट मन्तव्यसहित सभा विसर्जन हुने छ । म उद्घोषक सुमन मिजार बिदा हुन्छु । यहाँहरू सबैलाई हार्दिक धन्यवाद !

---

**शब्दार्थ**

विचित्र : अनौठो, अचम्मको

पुनर्मिलन : फेरि भेटघाट गर्ने वा मिल्ने काम

दुष्कार्य : नराम्रो काम

अभिवृद्धि : राम्ररी बढाउने काम

## अभ्यास

### सुनाइ

१. **चौबिसौँ अनुच्छेद सुनेका आधारमा मिलेको भनाइका अगाडि ठिक चिह्न दिनुहोस् :**

(क) कुनै पनि समस्याले समाधान आफैँ बोकेर आएको हुन्छ ।

(ख) मानव बेचबिखनको समस्या प्राकृतिक होइन ।

(ग) मानव बेचबिखनको समस्या समाधान गर्न राज्य जुर्मुराए पुग्छ ।

(घ) मानव बेचबिखनको समस्या समाधानमा विद्यार्थीको कुनै भूमिका हुँदैन ।

(ङ) मानव बेचबिखन निन्दनीय कार्य हो ।

२. **पाठको प्रारम्भिक अनुच्छेद शिक्षकबाट सुनेका आधारमा निम्न लिखित प्रश्नहरूको मौखिक जवाफ दिनुहोस् :**

(क) वक्तृताको विषय के हो ?

(ख) वक्तृत्व प्रतियोगिता कसको सभाध्यक्षतामा सञ्चालन भएको छ ?

(ग) निर्णायक मण्डलमा कति जना सदस्यहरू छन् ?

(घ) उद्घोषण गर्ने व्यक्ति को हुन् ?

(ङ) वक्तृत्व प्रतियोगितामा कति जना वक्ता तोकिएका छन् ?

३. **वक्तृत्व प्रतियोगिताका नियमहरूको श्रुति लेखन गर्नुहोस् ।**

### बोलाइ

१. **तल दिइएका शब्दहरू शुद्ध र स्पष्ट रूपमा उच्चारण गर्नुहोस् :**

सभाध्यक्ष, अङ्गप्रत्यङ्ग, दुर्व्यसन, दुष्प्रवृत्ति, पुनर्स्थापना, कलङ्कित, प्रत्यारोपण, बहिष्कृत, उल्लङ्घन, दुर्व्यवहार, पुनर्मिलन

२. **तलका उखान टुक्काहरूलाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :**

आङै जिरिङ्ग हुनु, सिधै स्वर्ग पुऱ्याउनु, लहैलहैमा लाग्नु, घाम जस्तै छर्लङ्ग हुनु, ऱ्याल चुहाउनु, सुइँको पाउनु, एक थुकी सुकी; सय थुकी नदी, हुने बिरुवाको चिल्लो पात

३. **तपाईँलाई वक्तृता प्रतियोगितामा बोल्ने ४ जनामध्ये कसको विचार राम्रो लाग्यो ? कारणसहित भन्नुहोस् ।**

४. **'विद्यालय शान्ति क्षेत्र हुन्' भन्ने विषयमा समूहमा छलफल गर्नुहोस् र निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## पढाइ

१. माथिको वक्तृताका अनुच्छेदलाई हाउभाउसहित पालैपालो पढ्नुहोस् ।

२. माथिको वक्तृता पढेका आधारमा तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) लहैलहैमा लाग्नुको अर्थ के हो ?

(ख) मानव बेचबिखनमा परेका मान्छेहरूलाई कस्ता काममा लगाइएको पाइन्छ ?

(ग) बेचबिखनबाट उम्केर आएका मानिसहरू कसरी बाँच्न बाध्य छन् ?

३. लेख्य चिह्नहरूलाई ख्याल गरी तलको अनुच्छेद पढ्नुहोस् :

कस्ता खराब मानिसहरू ! मान्छेले मान्छेलाई बेच्ने । के संसारमा पैसाभन्दा अर्को ठुलो कुरा केही छैन र ? सत्कर्म गरेर खानु, कसैलाई दुख नदिनु र केही गर्न नसके मागेर खानुमा जीवनको सार्थकता छ । हे ईश्वर ! तिनीहरूको सद्बुद्धि आओस् ! मानवता मगमगाओस् ।

४. वक्तृताको छैटौँ अनुच्छेदलाई मनमनै पढ्नुहोस् र त्यसमा अभिव्यक्त भएका विचारहरूलाई आफ्नै मौलिक शैलीमा लेख्नुहोस् ।

## लेखाइ

१. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) मानव बेचबिखन र ओसारपसारको तस्करी बढ्नाका कारणहरू के के हुन् ?

(ख) मान्छेले मान्छेलाई नै बेच्ने दुस्साहस किन गर्छ ?

(ग) मानव बेचबिखन र ओसारपसारका कार्यलाई नियन्त्रण गर्ने उपाय के के हुन् ?

(घ) तपाईं कानुन बनाउने ठाउँमा हुनुभएको भए यस्तो अपराध गर्नेलाई कस्तो सजायको व्यवस्था गर्नुहुन्थ्यो ?

(ङ) मानव बेचबिखन र ओसारपसार किन जल्दोबल्दो विषय मानिन्छ ?

२. मानव बेचबिखनका विरुद्ध सचेतना अभियान सञ्चालन गर्दा जुलुसमा लगाउन सकिने उपयुक्त कुनै पाँच ओटा नाराहरू लेख्नुहोस् ।

३. पाठको सातौँ अनुच्छेदबाट मुख्य चार ओटा बुँदाहरू टिपोट गर्नुहोस् ।

४. पाठको अठारौँ अनुच्छेदलाई एक तृतीयांश हुने गरी सङ्क्षेपीकरण गर्नुहोस् ।

५. 'सत्मार्ग र शान्तिले नै समाजलाई सभ्य बनाउँछ' भन्ने विषयमा ५० शब्दसम्मको एउटा अनुच्छेद लेख्नुहोस् ।

## व्याकरण

१. **दिइएको अनुच्छेदमा रेखाङ्कित शब्द क्रियापद हुन्, तिनलाई सार्नुहोस् :**

हिजोआज युवादेखि केटाकेटीसम्मका लागि मोबाइल एक महत्त्वपूर्ण मनोरञ्जनको साधन बनेको छ । साथीहरूसँग कुराकानी गर्न र आपसी सम्पर्क बढाउन पनि यसले सहयोग गरेको छ । इन्टरनेटबाट नयाँ कुरा सिकेर पढ्नका लागि होस् वा रोमाञ्चक खेलहरू खेल्न, यसलाई सबैले रुचाउँछन् । हाल आएर यो सबैका लागि जीवनको एक अभिन्न अङ्ग बनिसकेको छ । एकथरि मानिसहरू विद्यार्थीलाई मोबाइल चलाउन दिनुहुन्न भन्छन् भने अर्काथरि यसको प्रयोगबाट सिकाइमा ठुलो टेवा मिल्छ भन्छन् । मोबाइलबाटै विश्वका विविध जानकारीहरू प्राप्त गरेर आफूलाई अब्बल दर्जाको विद्यार्थीका रूपमा स्थापित गर्नेहरू पनि कम छैनन् । यसै अर्थमा उचित मात्रामा सदुपयोग गरे मोबाइल विद्यार्थीको असल सहयोगी र दुरुपयोग गरेमा यो सबभन्दा खराब हो भन्ने अभिमत विद्वान्हरूको पाइन्छ ।

२. **तलका अनुच्छेदहरूमा रेखाङ्कित क्रियायोगी शब्दलाई कापीमा टिपोट गर्नुहोस् र त्यस्तै प्रकारका अरू दस ओटा क्रियायोगी शब्दहरू खोजेर शिक्षकलाई देखाउनुहोस् :**

### स्वर्ण जयन्ती

विद्यालयको स्वर्ण जयन्ती मनाउने समय त पोहोर थियो । तयारी राम्रो नभएकाले आघौँ गरौँला भनियो । यस वर्षको तयारी एक महिनाअघि नै सकियो । निमन्त्रणा कार्ड बाँड्ने काम अस्ति सकियो । हिजो मञ्चको सजावटको काम पनि सम्पन्न भयो । काम गर्दागर्दै साँझ परेछ । मुख्य रमाइलो त भोलि पो हुन्छ ।

म आज बिहान सबेरै विद्यालय पुगेँ । कोही मान्छे भित्र थिए भने कोही बाहिरै थिए । साना केटाकेटीहरू कोही यता र कोही उता खेल्दै थिए । काम गर्नेहरू तल र माथि गर्दै थिए । मञ्चमा माइक अगाडि थियो भने सोफाहरू पछाडिपट्टि सजाइएका थिए । विद्युतीय सामग्रीहरू मञ्चको मुनि थिए । तोरणहरूलाई राम्ररी बाँधेर सबैतिर फन्फनी घुमाइएको थियो । हावा पनि मन्दमन्द र सिरसिर चलिरहेको थियो । अभिभावकहरू पनि खुरुखुरु आउँदै थिए । सङ्गीतको धुन थोरै सुनिँदो थियो भने अन्य हल्ला धेरै थियो । त्यसैले होला सङ्गीतको आवाज अलिकति बढाइयो । यो सुनेर सबै रमाए । रमिला मिसले एकपल्ट त्यहाँको तयारी हेरी फर्कनुभयो । मुख्य अतिथि पनि टुप्लुक्क आइपुग्नुभयो । तालीको आवाज घन्कियो । उद्घोषक चिटिक्क परेर आए र कार्यक्रम बिस्तारै सुरु भयो । कसैले विद्यालयको इतिहास सर्सर्ती पढे भने कसैले विद्यालयका राम्रा गतिविधिको मच्चीमच्ची प्रशंसा गरे । कसैले सुधार गर्नुपर्ने पक्षका बारेमा फाट्टफुट्ट बोले । पुरस्कार र सम्मान पाउनेहरूलाई टिलिक्क सिँगारिएको थियो र उनीहरू खुसीले गद्गद् थिए । सांस्कृतिक कार्यक्रममा साथीहरू नाच्दै थिए भने बाजागाजाहरू घनघन घन्किदै थिए । यस्तै रमझम गरी दिन बित्यो । बेलुकी धेरै बत्ती बाली विद्यालयलाई झिलिमिली पारियो र स्वर्ण जयन्ती कार्यक्रम धूमधामसँग सम्पन्न भयो ।

३. **तल दिइएका विस्मयादिबोधक शब्दहरूको प्रयोग गरी वाक्य निर्माण गर्नुहोस् :**

ओहो, हरे, कठैबरा, आबुइ, छ्या, थुक्क, आत्था

४. **तलका वाक्यबाट क्रियापद, क्रियायोगी र विस्मयादिबोधक शब्दहरू टिप्नुहोस् :**

(क) राम सधैँ मेहनतमा नै विश्वास गर्ने हुँदा उसको राम्रो प्रगति भयो ।

(ख) गरिब मानिसहरू गरिबीसँग जुधिरहेका छन्, धनीहरू भने धनसँग खेलिरहेका छन् ।

(ग) तिमी जोमसोम घुम्न गयौ भने रमणीय स्थलहरूको अवलोकन गर्न पाउने छौ ।

(घ) मेहनती किसानले मेहनत नगरे हामी के खाएर बाँचौँला ?

(ङ) अध्ययनशील विद्यार्थीले आफ्नो स्तर उठाउन सधैँ नियमित रूपमा अध्ययन गर्नुपर्छ ।

(च) विचरा, सानो बाबु हिजो कान्लाबाट खसेछ !

(छ) छि ! कस्तो फोहरी मान्छे रहेछ, ऊ त हातै नधोई सपासप भात खान थाल्यो ।

(ज) ओहो, तिमी त भर्खर आएछौ !

५. **तलको तालिकाका उदाहरणहरूबाट वाक्य विश्लेषण र संश्लेषणमा हुने फरक पत्ता लगाउनुहोस् :**

| वाक्य विश्लेषण | ⟷ | वाक्य संश्लेषण | वाक्यको किसिम |
|---|---|---|---|
| दिलमाया घर आउँछिन् ।<br>उनी गृहकार्य गर्छिन् । | ⟷ | दिलमाया घर आएर गृहकार्य गर्छिन् । | सरल वाक्य |
| दिलमाया घर आउँछिन् ।<br>उनी गृहकार्य गर्छिन् । | ⟷ | जब दिलमाया घर आउँछिन् तब गृहकार्य गर्छिन् । | मिश्र वाक्य |
| दिलमाया घर आउँछिन् ।<br>उनी गृहकार्य गर्छिन् । | ⟷ | दिलमाया घर आउँछिन् अनि गृहकार्य गर्छिन् । | संयुक्त वाक्य |

६. **तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**

(क) मेरी बहिनी सबेरै उठ्छिन् । उनी चिया पकाउँछिन् । (सरल वाक्य)

(ख) सत्यनारायण विद्यालय जान्छन् । उनी राम्ररी पढ्छन् । उनी नआएको कुरा गुरुसँग सोध्छन् । (संयुक्त वाक्य)

(ग) पानी पऱ्यो । बाटो हिलो भयो । (मिश्र वाक्य)

(घ) छिरिङ दोर्जे बिहेमा गयो । उसले भोज खायो । ऊ एकछिन नाच्यो । (संयुक्त वाक्य)

(ङ) उसले रामलखनसँग पैसा माग्यो । सोनवाले खुरुक्क पैसा दिइन् । (मिश्र वाक्य)

७. **तलका वाक्यहरूको विश्लेषण गर्नुहोस् :**

(क) ऊ र म दिनहुँ गृहकार्य गरेर एकछिन पढ्छौँ र केही समय खेल्छौँ अनि साँझ पर्नासाथ घर फर्कन्छौँ ।

(ख) चमेलीले चाउचाउ किनेर ल्याई तर आमाले त्यसको सट्टा चिउरा खान भन्दा चमेली रिसाएर हिँडी ।

(ग) मेरो टाउको गर्मीमा धेरै दुख्ने भएकाले म बढी मात्रामा पानी पिउने गर्छु ।

(घ) जब भुइँचालो आउँछ तब मानिसहरू सुरक्षित स्थानतर्फ लाग्छन् ।

(ङ) जसले मह काढ्छ, उसले हात चाट्छ ।

**सिर्जनात्मक कार्य**

तलका विषयमा वक्तृता तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् :

(क) भूकम्पीय सुरक्षाप्रति हाम्रो दायित्व

(ख) अपाङ्ग मैत्री व्यवहारका लागि सामाजिक सचेतना

(ग) छुवाछुत उन्मूलनमा विद्यार्थीको भूमिका

**पाठ ६**

# बहिनीलाई चिठी

वीरगन्ज मेडिकल कलेज
२०७२/०२/१५

प्यारी बहिनी अनुपमा,

शुभाशीर्वाद !

१. म यहाँ सन्चै छु । त्यहाँ आमाबुबासमेत सबैलाई आरामै होस् भन्ने कामना गर्छु । त्यहाँबाट चिठी नआएको धेरै भयो । परीक्षाको व्यस्तताका कारण मैले पनि चिठी लेख्न भ्याइनँ । अहिले अलि फुर्सद भएर तिम्रो हाल खबर पनि बुझौँ र आफूले जाने बुझेका कुरा तिमीलाई लेख्दै जाऊँ भन्ने हेतुले यो पत्र लख्दै छु । खासै नौलो खबर त केही छैन । पढ्नलाई मिहिनेत त गर्नै पर्‍यो । फुर्सदको समयमा मलाई आयुर्वेद सम्बन्धी पुस्तकहरू पढ्न मन लाग्छ । गत महिनाको चिठीमा मैले तिमीलाई योग साधनाका बारेमा केही चर्चा गरेकी थिएँ । आज भने औषधी विज्ञान सम्बन्धी केही नयाँ जानकारी दिने प्रयत्न गरेकी छु । मलाई लाग्छ तिमीले यसलाई सहज रूपमा ग्रहण गर्ने छ्यौ ।

२. प्रिय बहिनी ! स्वास्थ्य नै जीवनको पहिलो धन रहेछ । स्वस्थ र दीर्घ जीवनका आधार भनेकै नियमित र स्वास्थ्य वर्धक भोजन रहेछन् । अनियमित र अधिक आहारले नै मधुमेह, हृदयाघात, मोटोपना, अर्बुद र उच्च रक्तचाप जस्ता रोगहरू निम्त्याउने गर्छ । आहारका सम्बन्धमा बेन्जामिन फ्र्याङ्कलिनले भनेका छन्, "मैले देखेकामा थोरै मानिसहरू मात्र खान नपाएर मरेका छन् । धेरै खाएर मर्नेहरू हजारौँ, लाखौँ छन् ।" पूर्वीय दर्शनले पनि भन्छ, "स्वस्थ जीवनका लागि सर्वश्रेष्ठ आहार भनेका ऋताहार, हिताहार र मिताहार हुन् ।" खानाकै असावधानीका कारणले मान्छेलाई कुनै पनि रोग लाग्न सक्छ । रोग लागिहालेमा सुरुका अवस्थामा हाम्रै घर वरिपरि रहेका जडीबुटी वा घरेलु औषधी सेवन गर्नु श्रेयस्कर हुन्छ भन्ने कुरालाई आयुर्वेद विज्ञानले महत्त्व दिएको पाइन्छ ।

---

**शब्दार्थ**

व्यस्तता : बेफुर्सदी
मधुमेह : चिनी रोग
हृदयाघात : मुटुको चालमा अचानक पर्ने बाधा
अर्बुद : क्यान्सर
रक्तचाप : रगतको दबाब
ऋताहार : ऋतुअनुसारको खानपान
हिताहार : हितकारी भोजन
मिताहार : ठिक मात्राको खानपान
सेवन : प्रयोग
श्रेयस्कर : उपयोगी

३. नानी ! तिमी पनि घरका भन्दा बाहिरका खानेकुरा बढी खान्छ्यौ अरे ! चेतनाको अभावले हिजोआज बढी मात्रामा अग्निमान्द्य खानेकुराहरू खाने प्रवृत्ति छ । यसभित्र बढी मात्रामा माछा मासु, तारेका, मसलादार र बजारिया खाना पर्दछन् । यसरी स्वाद, रूप, रङ र गन्धलाई मात्र महत्त्व दिएर खाना खाने गर्नाले विभिन्न खालका रोग लाग्छन् । हामीले विशेष गरी क्षार प्रधान खानाहरूमा बढी जोड दिनुपर्दछ । क्षार प्रधान खानामा मौसमी तरकारी, फलफुल, गेडागुडीहरू, मकै, गहुँ, जौ, कोदो, फापर, उवा जस्ता खाना पर्दछन् । मान्छेले मिलाएर खान जान्यो भने सन्तुलित र संयमित आहार नै उत्तम औषधी हो ।

४. तिमीले पोहोर साल आफैँ जान्ने भएर पसलबाट औषधी किनेर खाँदा बिरामी भएको कुरा सम्झेकै छ्यौ कि बिर्सियौ कुन्नि ! हिजोआज चिकित्सकको परीक्षण र पुर्जा बिना हचुवाका भरमा औषधी किनेर खाने विकृति बढ्दो छ । टाउको दुख्दैमा सिटामोल, पेट दुख्दैमा पेन किलर र सामान्य ज्वरो आउँदा सोझै एन्टिबायोटिक खाने प्रवृत्ति जताततै देखिन्छ । यसरी आफ्नै अन्दाजमा औषधी खाँदा तत्काललाई त रोग निको भए जस्तो देखिन्छ । पछि गएर भने त्यसले शरीरका अन्य अङ्ग प्रत्यङ्गमा प्रतिकूल प्रभाव पार्ने सम्भावना धेरै नै हुन्छ । यसमा पनि धेरैलाई पक्षाघात हुने, मिर्गौलाले काम नगर्ने र विविध प्रकारका अपाङ्गता हुने डर हुन्छ । यस्ता कतिपय घातक रोगको उपचार शल्य चिकित्साका माध्यमबाट पनि सम्भव हुँदो रहेनछ । अर्को जान्नुपर्ने कुरा कुनै पनि औषधी सेवन गर्नुपूर्व त्यसको म्याद समाप्त भए नभएको हेर्नुपर्छ ।

५. मलाई विश्वास छ, तिमीले जानेका यस्तै कुराहरूलाई आफ्नो जीवनमा उतार्ने छ्यौ । आफ्ना साथीभाइ र गाउँघरमा पनि प्रचार प्रसार गर्ने छ्यौ । आशा छ, तिमीमार्फत अरूले पनि यस्ता नयाँ जानकारी प्राप्त गर्दै जाने छन् । कसैले पनि जथाभावी औषधी सेवन गरेका हुने छैनन् । अन्ततः हाम्रो समाज स्वस्थ र सभ्य रूपमा स्थापित भएको हुने छ ।

---

शब्दार्थ

उवा : हिमाली अन्न

संयमित : नियन्त्रित

सिटामोल : ज्वरो घटाउने औषधी

पेन किलर : दुखाइ कम गर्ने औषधी

एन्टिबायोटिक : प्रतिरोधात्मक औषधी

प्रतिकूल : उल्टो

पक्षाघात : शरीरका अङ्ग नचल्ने वा बाङ्गिने रोग

शल्य चिकित्सा : चिरफार गरी गर्ने उपचार

प्रचार प्रसार : फैलावट, फैलाउने काम

६. भोलिका दिनहरूमा थप जानेका कुरा लेख्दै जाने छु । तिमीले इन्टरनेट चलाउन जानेपछि यस्ता जानकारीलाई इमेलबाट नै आदानप्रदान गर्न सक्ने छौ । अपेक्षा गरौँ, त्यो दिन चाँडै आउने छ । आमाबुबासँग त मोबाइल फोनमा नै कुरा गर्दा रमाइलो लाग्छ । भाइलाई मेरो मिठो सम्झना सुनाइ दिनू । गाउँका साथीसँगीलाई पनि धेरै धेरै सोधेको छ भनी दिनू । आफू पनि धेरै मेहनत गरी पढ । अर्को सालको प्रवेशिका परीक्षामा राम्रो नतिजा ल्याउनुपर्छ । धेरै के लेखूँ । कुनै नयाँ विषयमा जानकारी पाएँ भने यसरी नै चिठी लेखुँला । आजलाई कलम यहीँ बन्द गर्छु ।

तिमीलाई धेरै माया गर्ने दिदी
श्रद्धा नेपाली

**खामको नमुना**

| प्रेषक | प्रापक |
|---|---|
| श्रद्धा नेपाली | श्री अनुपमा नेपाली |
| वीरगन्ज मेडिकल कलेज | सल्यान २, सोलुखुम्बु |
| वीरगन्ज उपमहानगर पालिका ५, पर्सा | |

## अभ्यास

### सुनाइ

१. चिठीको तेस्रो अनुच्छेद सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् :

(क) ................को अभावले मानिसहरू बढी मात्रामा अग्निमान्द्य खाना खान्छन् । (बुद्धि/चेतना)

(ख) बजारिया खानेकुराहरू ....... खानेकुराभित्र पर्दछन् । (अग्निमान्द्य/अप्रशोधित)

(ग) हामीले विशेष गरी .............. खानामा जोड दिनुपर्ने रहेछ । (क्षार प्रधान/मसलादार)

(घ) क्षार प्रधान खानामा .................. पर्दछ । (मकै/मासु)

(ङ) ................आहार नै उत्तम औषधी हो । (संयमित/प्रशोधित)

२. चिठीको चौथो अनुच्छेद शिक्षकबाट सुन्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) वर्तमान समाजमा के कस्ता औषधीजन्य विकृतिहरू पाइन्छन् ?

(ख) डाक्टरको सल्लाहबिना औषधी खाँदा कस्तो प्रभाव पर्न सक्ने सम्भावना हुने रहेछ ?

(ग) कुनै पनि औषधी सेवन गर्नुपूर्व बिर्सनै नहुने कुरा के हो ?

३. पाठको दोस्रो अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

### बोलाइ

१. तलका शब्दहरूको उदाहरणमा देखाए जस्तै गरी ठिक उच्चारण गर्नुहोस् :

व्यस्तता / ब्यस्.त.ता

रक्तचाप /रक्.त.चाप्

हृदयाघात, अर्बुद, क्षार प्रधान, चिकित्सक, परीक्षण

३. चिठीमा भनेअनुसार तपाईँका आसपासका बजारमा पाइने खानै नहुने प्रकारका के के वस्तुहरू पर्दा रहेछन् ? समूहमा छलफल गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. जथाभावी औषधी खाँदा पर्ने प्रभावका बारेमा समूहमा छलफल गरी त्यसको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. चिठीमा आधुनिक चिकित्सा सम्बन्धी नर्स पढेकी श्रद्धा नेपालीले आयुर्वेद विज्ञानलाई पनि महत्त्व दिएकामा तपाईँलाई कस्तो लाग्यो ? आफ्नो प्रतिक्रिया दिनुहोस् ।

६. चिठी लेख्ने श्रद्धा दिदीको बानी तथा व्यवहार कस्तो होला ? चिठी पढेका आधारमा कक्षामा छलफल गर्नुहोस् ।

### पढाइ

१. माथिको चिठी पालैपालो सस्वर पठन गरी कक्षामा सुनाउनुहोस् ।

२. पाठका आधारमा तलका वाक्यको क्रम मिलाउनुहोस् :

(क) स्वास्थ्य नै जीवनको पहिलो धन हो ।

(ख) खासै नौलो खबर त केही छैन ।

(ग) आजलाई कलम यहीँ बन्द गर्दछु ।

(घ) औषधी सेवन गर्नुपूर्व त्यसको म्याद समाप्त भए नभएको हेर्नुपर्छ ।

(ङ) जीवनका लागि सर्वश्रेष्ठ आहार भनेका ऋताहार, हिताहार र मिताहार हुन् ।

३. तल दिइएको अनुच्छेद राम्ररी पढ्नुहोस् र तल सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

ज्ञान पुस्तकमा मात्र सीमित हुँदैन । प्रकृतिमा, जनताका जीवनमा र तिनका सुख दुःखमा ठुलो ज्ञान हुन्छ । तिनीहरूसँग भिजेर ज्ञानको उपार्जन गर्न सकिन्छ । समाजका केटाकेटी, बुढाबुढीसँग सम्पर्क राख्नाले र लेकबेसी, गाउँघर, खेतखलो, मेला उत्सवमा घुम्ने फिर्ने गर्नाले पनि धेरै अनुभवी तथा पारखी बनाउँछ । लोक साहित्यमा चलेका राम्रा राम्रा गीत, उखान टुक्का, लोककथा, गाउँखाने कथा आदि सुन्ने, बटुल्ने गर्नाले लोक साहित्यको संवर्धन र विकासमा मदत पनि हुन्छ । कुनै चिज, घटना वा दृश्य देख्दा उठेका विचार र मनमा आएका भावहरूलाई अभिव्यक्त गर्नुपर्छ । यो वास्तविक अनुभूति यथार्थ पनि हुन्छ । यसरी नै नयाँ चिज खोज्ने उत्सुकता र नयाँ चिज ग्रहण गर्ने संस्कार बसाउनुपर्छ, पर्यवेक्षण र कल्पना गर्ने शक्ति बढाउनुपर्छ । लेखन कलाका सम्बन्धमा अर्नेस्ट हेमिङ्वे भन्छन्, "वर्णन मात्र गर्नुको साटो त्यसलाई माझ्दै खँदिलो आधार दिनुपर्छ, जीवन दिनुपर्छ । त्यो रचिन्छ, वर्णन गरिन्न । त्यो तिम्रो सिर्जनात्मक योग्यताको सीमासम्म सत्य एवम् उन्मुक्त हुन्छ ।"

*(कृष्णप्रसाद पराजुली : राम्रो रचना मिठो नेपाली)*

**प्रश्नहरू**

(क) हामीले ठुलो ज्ञान कहाँबाट प्राप्त गर्न सक्छौँ ?

(ख) मान्छेहरू कसरी अनुभवी र पारखी हुन सक्छन् ?

(ग) लोक साहित्यको संवर्धन र विकासमा कसरी मदत पुऱ्याउन सकिन्छ ?

(घ) 'संस्कार' र 'पर्यवेक्षण' शब्दको अर्थ लेख्नुहोस् ।

(ङ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुन सक्ला, लेख्नुहोस् ।

**लेखाइ**

१. निम्न लिखित प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) श्रद्धाले बहिनीलाई चिठी लेख्नुको मुख्य उद्देश्य के देखिन्छ ?

(ग) आफूलाई स्वस्थ राख्न हामीले कुन कुन कुराहरू गर्नुपर्छ ?

(घ) तपाईं श्रद्धाको स्थानमा भएको भए कुन विषयमा बहिनीलाई चिठी लेख्नुहुन्थ्यो, किन ?

(ङ) माथिको चिठीलाई अझ राम्रो बनाउन के गर्न सकिन्छ, आफ्नो विचार लेख्नुहोस् ।

२. व्याख्या गर्नुहोस् :

स्वास्थ्य नै जीवनको पहिलो धन हो ।

३. आजकालको मोबाइल, इमेल र इन्टरनेटका जमानामा पनि श्रद्धा नेपालीले हुलाकबाट पठाउने कागजी चिठी लेखेको तपाईँलाई कत्तिको उपयुक्त लाग्यो ? आफ्नो प्रतिक्रिया एउटा अनुच्छेदमा लेख्नुहोस् ।

४. बाल बालिकालाई बजारिया खाना खाजाका रूपमा नदिई घरेलु खानेकुरामा नै जोड दिन आग्रह गर्दै गाउँमा खेती गरी बस्नु भएका मामालाई चिठी लेख्नुहोस् ।

५. चिठी पढेका आधारमा मिल्दो पर्यायवाची शब्द खोजी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आराम | सन्चो |
| अल्पाहार | बेफुर्सदी |
| व्यस्तता | उल्टो |
| मिहेनत | परिश्रम |
| प्रतिकूल | अल्प भोजन |

६. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गरेर कक्षामा सुनाउनुहोस् :

अल्पाहार, छाउपडी, क्षार प्रधान, श्रेयस्कर, सेवन, शल्य चिकित्सा

७. तल दिइएका शब्दको फरक अर्थ आउने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

तर, फुल, जाल, साँचो, साल, काल, मास, पेटी, उत्तर, कर, हार

८. दुई दुई जनाको समूहमा बसी तलका वाक्यहरूलाई शुद्ध गरी कापीमा सार्नुहोस् :

मलाइ विस्वास छ, तीमीले यस्टा जानेका कुराहरू लाई आफूनो जिवनमा उतारने छउ । आफ्नासाथीभाई र गाउघरमा पनि प्रसार गर्नेछौ । आसा छ, हाम्रा गाउलेहरू ले यसटा नया जानकारि प्राप्त गरदै जान्या छन् ।

९. तपाईँको आफ्नो संस्कृतिअनुसार निम्न लिखित नातागोतालाई घरायसी चिठी लेख्दा सुरुमा के भनेर सम्बोधन र अभिवादन गर्नुहुन्छ, लेख्नुहोस् :

| नातागोता | सुरुको सम्बोधन | अभिवादन |
|---|---|---|
| माता | | |
| पिता | | |
| दाजु | | |
| दिदी | | |
| बहिनी | | |

## व्याकरण

१. पाठमा प्रयुक्त भविष्यत् कालका कुनै चार ओटा वाक्य टिप्नुहोस् ।

२. तलका वाक्यहरू भविष्यत् कालका कुन कुन पक्षहरूसँग सम्बन्धित छन्, लेख्नुहोस् :

(क) लक्ष्मण थारुले माघी पर्व मनाउने छन् ।

(ख) नमिता लामाले सिलाई सिकेकी हुने छन् ।

(ग) रामनाथ नयाँ घर बनाउँदै हुने छन् ।

(घ) अलिमिया अन्सारी आगामी महिनाबाट कपडा व्यापार गर्दै हुने छन् ।

(ङ) धुलिखेल महोत्सवमा पर्यटकहरू रमाएका हुने छन् ।

(च) महेन्द्र यादवले सगरमाथा आरोहण गर्ने छन् ।

३. भविष्यत् कालका प्रत्येक पक्षका पाँच पाँच ओटा वाक्य लेख्नुहोस् ।

## सिर्जनात्मक अभ्यास

आफन्तको निधनमा लेखिने समवेदना पत्रको नमुना तयार पार्नुहोस् ।

पाठ ७

# निद्रा

१. श्री ३ बडामहारानीका रूपमा दरबारमा भित्रिएको केही दिनमै बालकुमारी देवीले आफ्ना पति महाराज चन्द्रशमशेरमा गहिरो बेचैनी र छटपटाहट देखिन् । चन्द्रशमशेर राती राम्ररी निदाउन सक्तैनथे । उनी निद्रामै बर्बराउने, दारा किट्ने र एक्कासि बिउँझिने गर्थे । पतिको यस्तो व्यवहार देखेर बालकुमारीले एक दिन चन्द्रशमशेरसँग भनिन्, "हजुर किन राम्ररी निदाइ बक्सन्न ? जान्नेलाई देखाउन पाए हुन्थ्यो ।" जवाफमा चन्द्रशमशेरले भने, "मैले कलकत्ताका ठुला डाक्टरहरूसँग जँचाइसकेको छु । मलाई कुनै रोग छैन । चिन्ता मान्नु पर्दैन ।"

२. चन्द्रशमशेर प्रायः रिसाइरहन्थे । उनी आफ्ना भाइ भतिजाहरूसँग पनि झर्कोफर्को गरेर बोल्थे । उनी राम्ररी खाना पनि खाँदैनथे । उनको यस्तो बानी देखेर बालकुमारीले भनिन्, "हजुर बिनसित्तीमा रिसाइबक्सिन्छ, झर्कोफर्को गरिबक्सिन्छ । त्यत्रा त्यत्रा मुख्तियार, जङ्गीलाठ भइसकेका भाइहरूलाई गाली गरिबक्सिन्छ । किन होला, मैले त केही बुझ्नै सकिनँ ।"

३. बालकुमारीका कुरा सुनेर चन्द्रशमशेरले लामो सुस्केरा हाल्दै भने, "खै, किन हो मलाई भाइ भतिजाहरू देख्दै रिस उठ्छ । उनीहरू कसैप्रति मलाई पटक्कै विश्वास छैन । यिनीहरूको काम राम्रो छैन । सबैलाई रोलक्रममा माथि जानु छ । यस्तै हो भने भोलि के हुन्छ भन्न सकिँदैन ।"

४. "बिचरा ! त्यस्ता इमानदार फत्य बाबुलाई हजुरियाबाट हटाइबक्स्यो । गेहेन्द्र भतिजलाई यहाँ आउनै रोक लगाइबक्सेको छ । दाइले मलाई गाली गरिरहनुहुन्छ, यस्तै हो भने एक दिन राजीनामा दिएर हिँड्छु भनेर भीम बाबु भन्नुहुन्छ रे । यसरी आफ्नैलाई चिढाएर कसरी राजकाज गर्न सकिन्छ होला र ?" बालकुमारीले भनिन् ।

५. "तिमी जाजरकोटे ठकुरीकी छोरी, नेपाल दरबारको सबै कुरा थाहा पाएकी छैनौ । जङ्गबहादुरले बाँधेको थितिमा यही कमजोरी छ, शासनमा रहनेले आफ्नै भाइ भतिजासँग डराउनुपर्छ । दाजुपछि भाइहरूमा र भाइहरूपछि भतिजाहरूमा रोलक्रम जाने भएपछि आफ्नै भाइ भतिजा त शत्रु हुँदा

---

**शब्दार्थ**

बेचैनी : अशान्ति, व्याकुलता

प्रायः : धेरैजसो

बिनसित्तीमा : बिनाकारण, त्यत्तिकै, बित्थामा

मुख्तियार : प्रधान मन्त्री सरह अधिकार पाएको व्यक्ति

जङ्गीलाठ : राणा शासन कालको सेना प्रमुख, सेनापति

रोलक्रम : माथिल्लो पदमा जाने पालो

राजीनामा : पद छाड्ने काम

रहेछन् । रणोद्दीप, जगतजङ्का शत्रु को भए ? देव दाइका शत्रु को भए ? तिमीलाई थाहा छैन र ? त्यसैले मैले फत्यलाई हजुरियाबाट निकालेको हो । तिमीले असल भनेको गेहेन्द्र कम घमन्डी छ ? एउटा मेसिन गन के बनाएको थियो, आफूलाई नेपालकै पहिलो वैज्ञानिक भन्ठान्छ । अस्ति त्यसले मलाई देखाउन होइन, तर्साउनका लागि पेस्तोल बोकेर आएको हो ।" चन्द्रशमशेरले भने ।

६. बालकुमारीले भनिन्, "हजुरको नचाहिँदो शङ्का मात्र हो । मलाई हजुरका भाइ भतिजाबाट त्यस्तो कुनै खतरा छ जस्तो लाग्दैन । अनावश्यक शङ्कालु बानीले गर्दा हजुरलाई खान नरुचेको हो, निद्रा नआएको हो । शङ्काले लङ्का जलाउँछ भन्छन् । धेरै शङ्काले गर्दा दुब्लाएर सिट्ठो भइबक्स्यो । हजुरलाई थाहा छ, कुरा काट्नेहरू हजुरलाई फिस्टे महाराज भनेर हँस्सी मजाक गर्छन् रे ।"

७. वीरशमशेर र देवशमशेरका हजुरिया भएर काम गरेका फत्यजङ्लाई चन्द्रशमशेरले पनि सुरुमा आफ्नो हजुरिया बनाएका थिए । पछि खै के ठानेर उनलाई हजुरियाबाट बर्खास्त गरे । यो बर्खास्तीसँगै पिर र चिन्तामा डुबेका फत्यजङ्को एक दिन अचानक मृत्यु भयो । उता गेहेन्द्रशमशेर पनि एक बेलुकी रक्सीको एक घुट्को पिउनासाथ बेहोस भएर मरे । यसरी देवशमशेरलाई पदच्युत गरी चन्द्रशमशेरलाई सत्तामा पुऱ्याउन सहयोग गर्ने फत्य र गेहेन्द्रको रहस्यमय मृत्यु भयो । उनीहरू दुवैको मृत्यु चन्द्रशमशेरकै कारण भएको हो भन्ने गाइँगुइँ हल्ला चल्यो । यस्तो हल्ला बालकुमारीले पनि सुनिन् तर आफ्नो श्रीमान्सँग सोध्ने आँट भने गरिनन् । उता चन्द्रशमशेरको बेचैनी उस्तै थियो ।

८. एक दिन चन्द्रशमशेरले त्रिभुवन चन्द्र (त्रि चन्द्र) कलेजको उद्घाटन गरे । "कलेज खोलेर मैले आफ्ना खुट्टामा आफैँले बन्चरो हानेँ ।" दिउँसो भाषणमा भनेको कुरा उनले बेलुका रानी बालकुमारीसँग पनि दोहोऱ्याए ।

९. "महाराज पनि कस्तो कुरा गरिबक्सन्छ ! कलेज खोलेर त झन् राम्रो भयो नि, अब हाम्रा मान्छेले पढ्न पाउने भए ।" बालकुमारीले भनिन् ।

१०. "त्यही पढ्न पाउँछन् र कुरो बिग्रिन्छ नि । पढे लेखेका शिक्षितहरूले संसारमा के कस्ता शासन व्यवस्था छन् भन्ने थाहा पाउँछन् । अहिले संसारभरि हाम्रो जस्तो पारिवारिक र जहानिया शासनका

---

**शब्दार्थ**

हजुरिया : राणा कालमा श्री ३ को साथमा रहने प्रमुख व्यक्ति

शङ्कालु : शङ्का गर्ने बानी भएको

सिट्ठो : दुब्लाएर वा सुकेर हाड छाला मात्र रहेको

फिस्टे : फिस्टो जस्तो सानो, साना कदको, दुब्लो

बर्खास्त : निकाला, खारेज

पदच्युत : पदबाट हटाउने काम

विरुद्ध प्रजातान्त्रिक आन्दोलन चल्दै छ । यहाँका पढे लेखेकाहरू पनि त्यस्तो आन्दोलनतिर आकर्षित हुन सक्छन् । त्यस्तो भयो भने राणा वंशको शासन समाप्त हुन के बेर र !" चन्द्रशमशेरले लामो सुस्केरा हालेर भने ।

११. "यदि त्यस्तो थियो भने किन कलेज खोल्नुपर्‍यो त ?" बालकुमारीले भनिन् ।

१२. "मैले खुसीले कलेज खोलेको हो त ! हाम्रै खलक लौन हाम्रा छोराहरू बिग्रे, पढ्न पाएनन् भन्छन् । उता अङ्ग्रेज सरकारका जोसुकैलाई भेट्दा पनि एउटा कजेल त खोली बक्सिन पर्‍यो महाराज भन्छन् । कति दबाब सहनु ? जे त पर्ला भनेर खोलेको नि ।" चन्द्रशमशेरले पलङमा पल्टिँदै भने ।

१३. चन्द्रशमशेरले आफ्ना छोराहरूको रोलक्रमलाई पनि सुरक्षित पारे । उनले छिमेकी भारतमा रहेको अङ्ग्रेज सरकारसँग राम्रो सम्बन्ध बनाए । पहिलो विश्व युद्धमा लाखौँ नेपाली युवाहरूलाई पठाए बापत उनको निजी कोषमा लाखौँ नगद जम्मा भयो । उनले अन्तर्राष्ट्रिय स्तरका विभूषण पनि पाए । उनले सिपाही र पिपाहरूलाई खटाएर सिंह दरबार बनाए र राज्यकोषबाट दुई करोड रुपैयाँ लिए । उनले करोडौँ मूल्यका सुन, चाँदी, हिराहरू अनि करोडौँ रुपैयाँ विदेशी बैङ्कमा जम्मा गरे । त्यति हुँदा पनि उनको बेचैन र छटपटी हटेन, बरु बढ्दै गयो ।

१४. चन्द्रशमशेरको बेचैनी र छटपटाहट धेरै बढेको देखी एक बेलुका बालकुमारीले भनिन्, "अब त अति भयो महाराज, एक पटक कलकत्ताबाट डाक्टरलाई झिकाएर देखाउने हो कि !"

१५. "डाक्टरले निको पार्ने रोग भए त कलकत्ताबाट होइन, लन्डनबाटै झिकाउन सकिन्छ नि ! लन्डनमै गएर उपचार गरे पनि हुन्छ, तर मेरो यो रोग कुनै डाक्टरले उपचार गर्न सक्तैन !" चन्द्रशमशेरले लामो सुस्केरा हाल्दै भने ।

१६. "महाराज, हजुर आफ्नो सत्ता असुरक्षित छ भनेर डराइबक्सेको हो । यो हजुरको भ्रम मात्र हो । हामी विरुद्ध कसले षड्यन्त्र गर्न सक्छ र ? रोलक्रममा रहेका भीम र जुद्ध बाबुहरूले त्यस्तो गर्न सक्ने कुनै सम्भावना छैन । अनि किन चिन्ता लिइरहनुपर्‍यो !" बालकुमारीले भनिन् ।

१७. "हो महारानी, अहिले कसैले पनि हाम्रा विरुद्ध केही गर्न सक्तैन भन्ने मलाई थाहा छ । अब मलाई जिउँदा भाइ भतिजाहरूसँग कुनै डर छैन । मरेका बडाबाउ, दाइभाइ र भतिजाहरूसँग भने सारै डराउन थालेको छु । सपनामा मलाई रणोद्दीप आएर गाली गर्छन् । जगतजङहरू आएर डर

---

**शब्दार्थ**

आकर्षित : लोभिएको, झुम्मिएको, आफूतिर तानिएको

विभूषण : अलङ्कार, आभूषण

पिपा : सेनालाई काममा सघाउने तल्लो तहको जागिरे

राज्यकोष : सरकारी ढुकुटी, राज्यको आम्दानी जम्मा हुने ठाउँ

देखाउँछन् । त्यति मात्र होइन, गेहेन्द्र र फत्यहरू औँलो ठड्याउँछन् । कृष्णलाल 'मकैको खेती' किताब देखाउँदै मलाई खिज्याउँछन् । विश्वयुद्धमा मारिएका लाखौँ मानिसहरू आएर हाम्रो ज्यान बेचेर कति कमाइस् भनेर मलाई सताउँछन् ?" चन्द्रशमशेरले भने ।

१८. "भित्री मनमा लुकेका कुरा सपनामा देखिन्छ भन्छन् । हजुर तिनै मान्छेका बारेमा सोचिबक्सिन्छ होला, अनि सपनामा आउँछन् । बिर्सनु क्या तिनीहरूलाई ।" बालकुमारीले भनिन् ।

१९. "बिर्सन त खोज्छु नि तर कहाँ सक्छु र ! शक्ति, सत्ता र सम्पत्ति नै सबै थोक भन्ने ठानियो र मान्यजन पनि भनिएन, आफन्त पनि भनिएन । अहिले सम्झँदा डर लाग्छ, मरेपछि यमदूतले घिसार्दै नरक लैजान्छन् होला जस्तो लाग्छ । दान दक्षिणा र पाठपूजा त गरेका छौँ तर त्यसले सबै कुराको प्रायश्चित्त गर्ला जस्तो लाग्दैन ।" चन्द्रशमशेरले भने ।

२०. "हजुर नराम्रा कुरा मात्रै सोचिबक्सन्छ । आफूले गरेका राम्रा काम पनि त छन्, तिनलाई सम्झेर ढुक्क भइबक्स्योस् न ।" बालकुमारीले भनिन् ।

२१. "खै खालि भाइ भतिजाले षड्यन्त्र गर्लान् कि भन्ने त्रासमा रहियो । यत्रो श्री ३ महाराजा भएपछि अलिकति सम्पत्तिको जोहो गर्नुपर्छ भनेर त्यतातिर ध्यान गयो । पछिसम्म कीर्ति राख्ने कामतिर त ध्यानै गएनछ । धन्न सती प्रथा हटाउने एउटा राम्रो काम गरिएछ र मात्र, नत्र इतिहासमा कलङ्कै कलङ्क बोक्नुपर्ने रहेछ ।" चन्द्रशमशेरले उदास भएर भने ।

२२. "सती प्रथा हटाउने जस्तै अरू राम्रा काम पनि त गर्न सकिन्छ नि ! हजुरले गर्न चाहेको काम कसैले रोक्न सक्ने होइन क्यारे !" बालकुमारीले भनिन् ।

२३. "यो त ठिकै भन्यौ । यस सम्बन्धमा मेरा मनमा पनि कुरा खेल्न थालेका छन् । अमेरिकामा दास प्रथा हटाएकामा अब्राहम लिङ्कनको कत्रो इज्जत छ । भारतमा पनि यो प्रथा हटिसक्यो । संसारबाटै दास प्रथा हट्नुपर्छ भनेर अन्तर्राष्ट्रिय रूपमा स्लेभ कमिसन पनि बनेको छ भन्ने सुन्दै छु । अब हामीले यो प्रथा राखिराख्यौँ भने संसारभरि हाम्रो बेइज्जत पनि हुन्छ । त्यसैले अब दास प्रथा त हटाउनै पर्छ तर दास मालिकहरू रिसाउलान् कि भन्ने डर छ ।" चन्द्रशमशेरले भने ।

२४. "दास मालिकहरू किन रिसाउनु नि ! दुई चार सय दिएर पुस्तौँ पुस्तासम्म काम लगाउन पाएका छन् । अझै कति काम लगाई राख्नुपर्ने उनीहरूलाई !" बालकुमारीले भनिन् ।

---

**शब्दार्थ**

प्रायश्चित : पाप वा अपराधको दोष मेटाउने कार्य

षड्यन्त्र : छलकपट, जालझेल, अर्काको अनिष्ट गर्ने गोप्य चालबाजी

सती प्रथा : श्रीमान्को लाससँगै जलेर मर्ने परम्परा

कलङ्क : दोष, दाग, लाञ्छना

दास प्रथा : घरेलु कामदारका लागि मानिसको किनबेच गरेर काममा लगाउने परम्परा

स्लेभ कमिसन : राष्ट्र सङ्घले विश्वबाट दास प्रथा हटाउनका लागि सन् १९२३ मा बनाएको आयोग

२५. "त्यसो नभन, दास मालिक भनेका सबै हाम्रा मान्छे हुन्, उनीहरूलाई पनि चिढाउनु हुँदैन। राज्यकोषबाट क्षतिपूर्ति दिएर भए पनि यो प्रथा चाहिँ हटाउनुपर्छ क्यारे।" चन्द्रशमशेरले भने।



२६. श्री ३ चन्द्रशमशेरले टुँडिखेलमा आयोजित समारोहमा नेपालबाट दास मुक्त भएको घोषणा गरे। पशुपतिनाथको ढुकुटीबाट छत्तिस लाख सत्तरी हजार रुपैयाँ झिकेर मालिकहरूलाई दासदासीको मूल्य चुक्ता गरियो। यसरी नेपालभरिबाट उनन्साठी हजार आठ सय त्रिपन्न दासदासीहरू मुक्त भए।

२७. दासप्रथा उन्मूलनको घोषणापछि चन्द्रशमशेर आनन्दले निदाउन थाले। छ्याङ्ग उज्यालो हुँदासम्म पनि उनी मस्त निदाइरहेका हुन्थे। चन्द्रशमशेरसँग बालकुमारीको बिहे भएर आएको दुई दशक भयो। यस बिचमा पहिलो पटक चन्द्रशमशेर यसरी आनन्दले निदाएको देखेर बालकुमारी खुसी भइन्। यस्तो देखेर उनले मनमनै भनिन्, "सुख र सन्तुष्टि भन्ने कुरा सम्पत्ति, पद र प्रतिष्ठाबाट हैन, असल कामबाट प्राप्त हुँदो रहेछ।"

---

**शब्दार्थ**

उन्मूलन :जरैदेखि उखेल्ने क्रिया

प्रतिष्ठा : मान, कीर्ति, यश, गौरव

## अभ्यास

### सुनाइ

१. पाठको पहिलो र दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

(क) बालकुमारी देवी श्री ५ बडामहारानीका रूपमा दरबारमा भित्रिएकी थिइन् ।

(ख) बालकुमारीले चन्द्रशमशेरमा गहिरो बेचैनी र छटपटाहट देखिन् ।

(ग) चन्द्रशमशेर निद्रामै बर्बराउने, दारा किट्ने र एक्कासि बिउँझिने गर्थे ।

(घ) चन्द्रशमशेरले नेपालका ठुला डाक्टरहरूसँग जँचाइसकेका थिए ।

(ङ) चन्द्रशमशेर मुख्तियार, जङ्गीलाठ भइसकेका भाइहरूलाई गाली गर्थे ।

२. पाठको तेस्रो र चौथो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) चन्द्रशमशेर भाइ भतिजासँग कसरी बोल्थे ?

(ख) किन चन्द्रशमशेरमा भाइहरूप्रति विश्वास थिएन ?

(ग) चन्द्रशमशेरले फत्य र गेहेन्द्रलाई के के गरे ?

(घ) चन्द्रशमशेर र गेहेन्द्रशमशेरका बिचमा कस्तो नाता सम्बन्ध थियो ?

(ङ) भीमशमशेरले किन राजीनामा दिन्छु भनेका थिए ?

३. पाठको सातौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

### बोलाइ

१. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :

बर्बराउनु, मुख्तियार, शङ्कालु, बर्खास्त, पदच्युत, रहस्यमय, गाइँगुइँ, आकर्षित, विभूषण, षड्यन्त्र, कलङ्क, चिढाउनु, ढुकुटी, उन्मूलन, प्रतिष्ठा

२. पाठका आठौँ, नवौँ र दसौँ अनुच्छेदका आधारमा तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) चन्द्रशमशेरले कुन कलेजको उद्घाटन गरे ?

(ख) कलेजको उद्घाटनमा चन्द्रशमशेरले के भने ?

(ग) बालकुमारीका अनुसार कलेज खोल्दा किन राम्रो हुन्छ ?

(घ) पढे लेखेका शिक्षितहरू के थाहा पाउँछन् ?

(ङ) राणा वंशको शासन समाप्त हुने कारण के हो ?

३. पाठको सत्रौँ अनुच्छेदमा उल्लेख भएका पात्रहरू चन्द्रशमशेरका सपनामा किन आएका होलान् ? समूहमा छलफल गर्नुहोस् र छलफलबाट निकालिएको निष्कर्ष कक्षामा सुनाउनुहोस् ।

४. तपाईँले सुनेको वा पढेको कुनै कथा साथीलाई छोटकरीमा सुनाउनुहोस् ।

**पढाइ**

१. पाठका अनुच्छेदहरू हाउभाउसहित पालैपालो पढ्नुहोस् ।

२. पाठका तेरौँदेखि सोरौँ अनुच्छेदसम्म पढी सारांश लेख्नुहोस् ।

३. पाठका अठारौँदेखि एक्काइसौँ अनुच्छेदसम्म पढी कुनै पाँच ओटा प्रश्न बनाउनुहोस् ।

४. पाठका बाइसौँदेखि अन्तिम अनुच्छेदसम्म पढी मुख्य मुख्य घटना टिप्नुहोस् ।

५. तलको लघुकथा पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

फाटेको मैलो लुगा लगाएको एक माग्ने खाली खुट्टामा एक नव धनाढ्यकहाँ माग्दै पुग्यो । नव धनाढ्यले एक मुठी भिक्षा दिनुको सट्टा एक जोर नयाँ लुगा नै दियो ।

माग्नेले सर्ट उठाएर हेऱ्यो र त्यहीँ राख्यो, जहाँबाट उठाएको थियो । प्यान्ट उठायो, हेऱ्यो र त्यहीँ राख्यो । त्यसरी आफूले दिएको सामानलाई तिरस्कार गरेको ठानी धनी व्यक्तिले कड्केर भन्यो, "हैन, के खोजेको तैँले ? माग्न हिँड्ने, दिएको नलिने ?"

माग्नेले सकरुण भन्यो, "मालिक, मलाई बस्, एक पेट अन्न चाहिएको छ, जसले पेट भर्न सकूँ । यतिका लुगा लगाएर हिँडे मलाई कसले दिन्छ फेरि ? त्यसैले यी लुगा लगाउन बाध्य गराएर मेरो पेटमा लात किन हान्नुहुन्छ ? मैले हजुरको के पो बिराएको छु र ?"

*(कपिल लामिछाने, 'माग्ने' शीर्षकको लघुकथाबाट)*

(क) माग्नेलाई धनी व्यक्तिले के दियो ?

(ख) धनाढ्य व्यक्तिले दिएको कुरा माग्नेले किन लिन मानेन ?

(ग) माग्नेले धनाढ्य व्यक्तिलाई 'मेरो पेटमा लात किन हान्नुहुन्छ ?' भन्नुको तात्पर्य के हो ?

(घ) माथिको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको अर्थ के के हुन् ?

(ङ) यस लघुकथाबाट तपाईँले कस्तो सन्देश पाउनुभयो ?

६. पाठको पाँचौँ र छैटौँ अनुच्छेद पढ्नुहोस् र जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बालकुमारी देवी | 'फिस्टे महाराज' भनेर हँस्सी मजाक गर्छन् |
| फत्य | जाजरकोटे ठकुरीकी छोरी |
| जङ्गबहादुरले बाँधेको थिति | हजुरियाबाट निकालिएको |
| कुरा काट्नेहरू | मेसिन गन बनाउने |
| दुब्लाएर | आफ्नै भाइ, भतिजासँग डराउनुपर्छ |
| गेहेन्द्र | सिट्ठो भइबक्स्यो |

**लेखाइ**

१. तलका प्रश्नको उत्तर छोटकरीमा लेख्नुहोस् :

(क) बिहे भएर आएको केही दिनमै बालकुमारी देवीले चन्द्रशमशेरका बारेमा के कुरा थाहा पाइन् ?

(ख) चन्द्रशमशेर आफ्ना भाइ भतिजाहरूसँग कस्तो व्यवहार गर्थे ?

(ग) चन्द्रशमशेरलाई किन आफ्नै भाइ भतिजाप्रति शङ्का थियो ?

(घ) चन्द्रशमशेरले कसरी आफ्नो शासनलाई बलियो बनाएका थिए ?

(ङ) चन्द्रशमशेरलाई सपनामा ककसले के के गर्थे ?

२. शिक्षकलाई सोधेर सती प्रथाका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

३. भाव विस्तार गर्नुहोस् :

(क) जङ्गबहादुरले बाँधेको थितिमा यही कमजोरी छ, शासनमा रहनेले आफ्नै भाइ, भतिजासँग डराउनुपर्छ ।

(ख) कलेज खोलेर मैले आफ्ना खुट्टामा आफैँले बन्चरो हानेँ ।

(ग) शक्ति, सत्ता र सम्पत्ति नै सबै थोक भन्ने ठानियो र मान्यजन पनि भनिएन, आफन्त पनि भनिएन ।

(घ) सुख र सन्तुष्टि भन्ने कुरा सम्पत्ति, पद र प्रतिष्ठाबाट हैन, असल कामबाट प्राप्त हुँदो रहेछ ।

४. पाठको सारांश लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :

बेचैनी, बिनासित्तीमा, रोलक्रम, राजीनामा, पदच्युत, आकर्षित, विभूषण, प्रायश्चित्त, षड्यन्त्र, उन्मूलन, प्रतिष्ठा

६. निम्न लिखित अनुकरणात्मक शब्दहरूको प्रयोग गरी वनभोज जाँदाको अनुभव लेख्नुहोस् :

जुरुक्क, सरासर, ढकमक्क, थपक्क, खुरुक्क, कलकल, खलखली, हुरुक्क, खलबल, चिरबिर, सर्रसर्र आदि

७. पाठबाट हलन्त प्रयोग भएका शब्दहरू खोजेर लेख्नुहोस् ।

८. पाठका शब्दार्थ पढी उही अर्थ आउने शब्द खोजेर शिक्षकलाई देखाउनुहोस् ।

९. पाठ पढ्दा दोहोरो उद्धरण चिह्नको प्रयोगमा ध्यान दिनुहोस् र यस्तो चिह्न प्रयोग गरी छोटो संवाद लेख्नुहोस् ।

**व्याकरण**

१. तलको अनुच्छेदमा वर्तमान काल जनाउने क्रियापदलाई रेखाङ्कन गरिएको छ, तिनलाई भूतकालमा रूपान्तरण गरी कापीमा सार्नुहोस् :

सुदर्शन र स्वस्तिका उठिसकेका छन्। अहिले उनीहरू खाजा खाँदै छन्। जेनिस र आशुतोष पनि आँखा मिच्दै उठ्छन् । सुजन र युजन कपडा लगाउँदै छन् । करुणा र नारायण ठिक परिसकेका छन् । अनिता, प्रनिसा, प्रतीक र सचिन पनि जम्मा हुन्छन्। सबै मिलेर एकै छिनमा चाहिने सामानको भारी लगाउँछन्। पुजन क्यामेरा बोक्छन्। मुनाल गितार भिर्छन्। आज उनीहरू वनभोज जाँदै छन्। सबैको चेहरामा खुसी देखिन्छ ।

२. तलको अनुच्छेद पढी वर्तमान कालका पक्षहरूको पहिचान गर्नुहोस् र हरेक पक्षका वाक्यलाई अलग अलग तालिकामा राख्नुहोस् :

डोल्मा, रेखा, हसिना र शान्ति मेरा मिल्ने साथी हुन् (सामान्य वर्तमान) । सुम्निमा, चित्रलेखा, हाकुमायासँग पनि म सारै मिल्छु (सामान्य वर्तमान) । उनीहरू पनि मसँग असाध्यै मिल्छन् (सामान्य वर्तमान) । अमरेश, रामकृष्ण, सुवास, सलिम, अष्टमान, प्रवीण, पासाङ, योगेन्द्रहरूसँग हामी सँगै पढ्दै छौँ (अपूर्ण वर्तमान) । उनीहरू पनि मेरा राम्रा साथी बन्दै छन् (अपूर्ण वर्तमान) । हामीहरू मेचीदेखि महाकालीसम्म अनि हिमाल, पहाड, मधेस, तराई सबैतिरका छौँ (सामान्य वर्तमान) । जात, संस्कार, मातृभाषा, वेषभूषा अलग अलग भए पनि हामी सबै नेपाली हौँ भन्ने हामीले थाहा पाएका छौँ (पूर्ण वर्तमान) । यसैले हामी सबै आपसमा मिलेर बसेका छौँ (पूर्ण वर्तमान) । एक अर्काको भावनाको कदर गरेका छौँ । (पूर्ण वर्तमान)

३. पाठको पहिलो अनुच्छेदलाई सामान्य वर्तमान कालमा बदली पुनर्लेखन गर्नुहोस् ।

४. पाठको तेइसौँ अनुच्छेदलाई अपूर्ण वर्तमान कालमा बदली पुनर्लेखन गर्नुहोस् ।

५. पाठको छब्बिसौँ अनुच्छेदलाई पूर्ण वर्तमान कालमा बदली पुनर्लेखन गर्नुहोस् ।

६. कोष्ठकमा दिएको सङ्केतअनुसार खाली ठाउँ भर्नुहोस् :

(क) जसदीप पढाइका साथसाथै घरको काममा पनि सहयोग .... । (गर् - सामान्य वर्तमान)

(ख) कृतिका कक्षा ९ मा ..... । (पढ् - अपूर्ण वर्तमान)

(ग) आङकाजी आज काठमाडौँ ...... । (जा - पूर्ण वर्तमान)

(घ) लछुमनियाँ बिदाका दिन लुम्बिनी ... । (घुम् - सामान्य वर्तमान)

(ङ) महेश गीत .... । (गाउ - अपूर्ण वर्तमान)

(च) खालिदाले चित्र .... । (बन् - पूर्ण वर्तमान)

७. तलको अनुच्छेदबाट विशेषण र क्रियापद छानी अलग अलग तालिकामा लेख्नुहोस् :

हामी गुराँसे पाखातिर लाग्यौँ । उकालो बाटो, मोटो मान्छेलाई उकालो बाटो चढ्न धेरै गारो हुँदोरहेछ, केही शिक्षकलाई सारै गारो भयो । बाँकी हामी दुब्ला, पातला भए पनि फुर्तिला थियौँ, खासै गारो भएन । पाखैभरि राता गुराँस फुलेका अनि साना, ठुला र रङ्गीविरङ्गी चरा चुरुङ्गीको चिरबिराहटले गर्दा मनै आनन्द भयो । डाँडाको शिखरमा पुग्दा चेप्टा, थेप्चा, लाम्चा, गोला, काला, राता विभिन्न आकार र रङका ढुङ्गाहरू थुपारेर बनाएको देउरालीलाई फुलपाती र सेता कपडाको ध्वजा चढायौँ । शिखरमा पुग्दा हामीलाई ठुलो विजय हासिल गरेको महसुस भयो ।

८. समूह समूह बनाई पाठबाट विशेषण शब्दहरू छान्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. पाठको अन्तिम अनुच्छेदमा प्रयोग भएका क्रियापदहरू वाक्यमा प्रयोग गरी कापीमा सार्नुहोस् ।

## सिर्जनात्मक लेखन

१. तलको लघुकथामा प्रयोग भएका मुख्य घटना, पात्र र परिवेशका बारेमा छोटो वर्णन गरी कक्षामा प्रस्तुत गर्नुहोस् :

दुई जना बटुवा बगरमाथि हिँड्दै थिए । घाम चर्कँदै थियो । एक जनाले छाता ओढ्यो । अर्कासँग छाता थिएन तर उसले जुत्ता लगाएको थियो । छाता हुनेसँग जुत्ता थिएन । केही बेरपछि घामको रापले बालुवा बेस्सरी तात्यो । छाता हुनेको पैताला भतभती पोल्न थाल्यो । उसले आफ्नो सहयात्रीलाई भन्यो, “बालुवाले सारै पोल्न थाल्यो । मलाई एकछिन तिम्रो जुत्ता देऊ । म तिमीलाई मेरो छाता दिन्छु ।”

जुत्तावालाले आफ्नो जुत्ता फुकालेर साथीलाई दियो र छाता ओढेर खाली खुट्टा बालुवामाथि हिँड्न थाल्यो । पाँच दस पाइला हिँड्दा नहिँड्दै ऊ आत्तियो र भन्यो, “भो तिम्रो छाता तिमी नै ओढ, मेरो जुत्ता देऊ । जुत्ता नभई म एक पाइला पनि हिँड्न सक्दिनँ ।” विचरा छातावाला सङ्कटमा पऱ्यो र उसले भन्यो, “कस्तो अचम्म, घाम बरु सहन सकिन्छ । तर त्यही घामले तातेको बालुवालाई सहन सकिन्न ।”

ती दुई बटुवाको कुरा सुनिरहेको बालुवाले घमन्डले फुल्दै सूर्यलाई हेऱ्यो र चिच्यायो, “देख्यौ मेरो शक्ति ? तिमी जति कडा भए पनि मानिसलाई पोल्न सक्दैनौ । मैले मान्छेको सातो लिन सक्छु ।”

यो सुनेर सूर्य मुसुक्क हाँस्यो र बादलभित्र पस्यो । बटुवाहरूले चैनको सास फेरे । केही बेरमै बालुवा सेलायो । बटुवाहरू आरामसाथ अगाडि बढे ।

*(विनयकुमार कसजू, ‘सूर्य र बालुवा’ लघुकथा)*

२. **आफूले पढेको वा सुनेको ऐतिहासिक घटनामा आधारित भएर छोटो कथा लेख्नुहोस् ।**

**पाठ ८** # वसन्त कोकिल

*- लेखनाथ पौड्याल*

भरी लता वृक्ष विषे टनाटन
नवीन लाखौँ फुल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब
सुनिन्छ साह्रै कलकण्ठ गौरव ॥१॥

अगाडि जो दीन बनी लुकीकन
बिताउँथ्यो केवल दुःखमा दिन ।
अहो ! उही कोकिल हेर आज यो
प्रमोदले पूर्ण महासुखी भयो ॥२॥

बसी बगैँचा बिच मोजमा परी
नयाँ कलीला सहकार मञ्जरी ।
चपाउँदै मस्त भएर बेसरी
कुहू कुहू गर्दछ त्यो घरी घरी ॥३॥



---

**शब्दार्थ**

लता : लहरा
वृक्ष : रुख
विषे : मा, माथि
टनाटन : भरिभराउ
पालुवा : कलिला पात
वसन्त : चैत वैशाख महिनामा पर्ने ऋतु
कलकण्ठ : कोइली
कल : कोमल
कण्ठ : स्वर
कोकिल : कोइली
प्रमोद : आनन्द
सहकार : आँपको रुख
मञ्जरी : मुजुरा, पालुवा

चलीरहेको छ सिरीसिरी हवा
झुलीरहेछन् सब मञ्जु पालुवा ।
जता दियो दृष्टि उतै सुखी मन
प्रमोदले पूर्ण नहोस् त्यो किन ॥४॥

समीरले पुष्प-परागको झरी
लगाउँदा त्यो रस रङ्गमा परी ।
झुली रहेको छ शरीर बेसरी
मुछेर तेही रजमा घरी घरी ॥५॥

पिएर **साऽऽनन्द** रसालको रस
घुमाउँदै नेत्र दुवै **मदाऽऽलस** ।
सहर्ष खोली सुरिलो गलाकन
घनक्क घन्काउँछ त्यो सबै वन ॥६॥

घरी घरी भुर्र उडी अलीकति
घुमेर शाखान्तरमा यताउति ।
बडो बहाडी रसिकै बनी तहाँ
ढलीमली गर्दछ पालुवा महाँ ॥७॥

---

**शब्दार्थ**

मञ्जु : मनोहर
दृष्टि : आँखा
समीर : हावा
पराग : सुगन्ध
रङ्ग : नशा
रज : पुष्प पराग
साऽऽनन्द : आनन्दसँग
रसाल : आँप वा कटहरको रस, मिठो रस
मदाऽऽलस : मदले लट्ठ
गला : भाका, लय
बहाडी : फरासिलो
रसिक : मन प्रसन्न पार्ने

चुचो ठड्याईकन चट्ट मञ्जरी
ठुङ्गेर च्यापीकन देखिने गरी ।
फरक्क फर्कन्छ घरी पछिल्तिर
प्रसन्नता साथ लतारि पुच्छर ॥८॥

न शीत बाधा न त घामको डर
न बाग नङ्गा, न त वृष्टिको पिर ।
वसन्तको गौरवले गरीकन
खुसी छ साह्रै कलकण्ठको मन ॥९॥

*(लालित्य, भाग १)*

---

**शब्द र अर्थ**

शीत : चिसो
बाग : बगैँचा
नङ्गा : नाङ्गो
वृष्टि : वर्षा

**अभ्यास**

**सुनाइ**

१. 'वसन्त कोकिल' कविता सुनेर त्यसैअनुसार पालैपालो वाचन गर्नुहोस् ।

२. कविताको पहिलो र दोस्रो श्लोक सुन्नुहोस् र त्यसका आधारमा निम्न प्रश्नको उत्तर दिनुहोस् :

(क) रुख तथा लहरामा वसन्त ऋतुमा कस्तो परिवर्तन आउँछ ?

(ख) कोइलीले वसन्त ऋतुको शोभा कसरी बढाउँछ ?

(ग) वसन्त ऋतुभन्दा पहिले कोइली आफ्ना दिन कसरी बिताउँथ्यो ?

(घ) कोइली वसन्त ऋतुलाई कुन रूपमा लिन्छ ?

३. कविताको तेस्रो र चौथो श्लोक श्रुति लेखन गर्नुहोस् ।



पाठ्यक्रम विकास केन्द्र

## बोलाइ

१. **तलका शब्द उच्चारण गर्नुहोस् :**

**कलकण्ठ, रसरङ्ग, प्रसन्नता, वृष्टि, शाखान्तर**

२. **तलका शब्द प्रयोग गरेर साथीसँग कोइलीका बारेमा कुरा गर्नुहोस् :**

**सारै, केवल, मोज, शरीर, चुच्चो**

३. **तलका प्रश्नको उत्तर भन्नुहोस् :**

(क) 'वसन्त कोकिल' कविताका कवि को हुन् ?

(ख) कवितामा कुन श्लोक बढी राम्रो लाग्यो र किन ?

(ग) कविताको शीर्षक 'वसन्त कोकिल' कत्तिको उपयुक्त छ र किन ?

(घ) कविले कोइलीलाई के के नाम दिएका छन् ?

४. **पाठका आधारमा वसन्त ऋतुमा देखिने परिवर्तनका बारेमा समूहमा छलफल गर्नुहोस् ।**

## पढाइ

१. **'टनाटन', 'पालुवाकन' जस्ता अनुप्रासयुक्त शब्द पाठबाट खोजेर शिक्षकलाई भन्नुहोस् ।**

२. **कविताको चौथो श्लोकका पङ्क्ति पढेर उदाहरणअनुसार लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।**

उदाहरण : हावा सिरिसिरी चलिरहेको छ ।

३. **पाठका सातौँ र आठौँ श्लोक पढी तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कोइलीले आफ्नो प्रसन्नतालाई कसरी व्यक्त गरेको छ ?

(ख) 'शाखान्तर' 'बहाडी', 'रसिक', 'पालुवा' र 'मञ्जरी' शब्दको अर्थ के हो ?

(ग) 'भुर्र', 'चट्ट', 'फरक्क' यी अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

(घ) 'घरिघरि', ढलिमली जस्तै अन्य पाँच ओटा द्वित्व शब्द शिक्षकसँग सोधेर लेख्नुहोस् ।

४. **पाठको पाँचौँ र छैटौँ श्लोक पढी छोटो उत्तर आउने तिन ओटा प्रश्न निर्माण गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## लेखाइ

१. पाठका आधारमा उत्तर लेख्नुहोस् :

(क) वसन्त ऋतुका विशेषताहरू के के हुन् ?

(ख) वसन्त ऋतुमा कोइलीका दिन कसरी बित्छन् ?

(ग) वसन्त ऋतु कोइलीका लागि किन रमाइलो हुन्छ ?

(घ) कोइलीले वनको शोभा कसरी बढाउँछ ?

(ङ) कविले वसन्तको गौरवका रूपमा के के कुरा उल्लेख गरेका छन् ?

२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) चपाउँदै मस्त भएर बेसरी
कुहू कुहू गर्दछ त्यो घरी घरी ।

(ख) वसन्तको गौरवले गरीकन
खुसी छ सारै कलकण्ठको मन ।

३. कविले 'वसन्त कोकिल' कवितामा प्रकृतिको बयान कुन रूपमा गरेका छन्,विस्तारपूर्वक लेख्नुहोस् ।

४. 'वसन्त कोकिल' कविताको सारांश लेख्नुहोस् ।

५. तलका विविध किसिमका शब्दहरूलाई समूह समूहमा मिली अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् र कक्षामा सुनाउनुहोस् :

(अ) अनेकार्थक शब्द

(क) कल – मेसिन, कलह, कोमल

(ख) पिर – चिन्ता, कलह, पिर्ने काम गर, सल्लाको पात

(ग) पुरा – पहिले, सम्पन्न, जुठो

(घ) रज – धुलो, पुष्पराग, स्त्रीरज

(आ) श्रुतिसम भिन्नार्थक शब्द

| | |
|---|---|
| दिन – दिउँसो | घरी – डाँठसहितका केराको काइँयाहरूको समूह |
| दीन – दुखी | सित – सँग |
| घरि – पटक | शीत – चिसो |

(इ) **विपरीतार्थक शब्द**

| | |
|---|---|
| भरि – आधा | नवीन – प्राचीन |
| अगाडि – पछाडि | दीन – सुखी |
| दु:ख – सुख | पूर्ण – अपूर्ण |
| बस्नु – उठ्नु | कलिलो – छिप्पिएको |
| दिनु – लिनु | पछि – अघि |

(ई) **अनुकरणात्मक शब्द**

घनक्क, फरक्क, सिरिसिरी, भुर्र, चट्ट

६. **पाठमा भएका तलका शब्दहरूलाई प्रचलित वर्ण विन्यासअनुसार सच्याएर कापीमा सार्नुहोस् :**

भरी, चलीरहेको, अलिकति, झुलीरहेछन्, लतारि

**व्याकरण**

१. **विभिन्न समूह बनाई उदाहरणका तल दिइएका वाक्य परिवर्तनको अभ्यास गर्नुहोस् :**

(क) लिङ्ग

| | |
|---|---|
| सानो भाइ आयो । | सानी बहिनी आई |
| कालो केटो दौडियो । | काली केटी दौडिई । |

(ख) **वचन**

| | |
|---|---|
| भाइ पाठ पढ्छ । | भाइहरू पाठ पढ्छन् । |
| रुख अग्लो छ । | रुख अग्ला छन् । |

(ग) पुरुष

| | | |
|---|---|---|
| म मावल जान्छु । | तँ मावल जान्छस् । | ऊ मावल जान्छ । |
| हामी मावल जान्छौँ । | तिमी/हरू मावल जान्छौ । | उनी/हरू मावल जान्छन् । |
| तपाईं/हरू मावल जानुहुन्छ । | उहाँ/हरू मावल जानुहुन्छ । | |

(घ) आदर

| | | |
|---|---|---|
| तँ फुल टिप्छस् । | तिमी फुल टिप्छौ/टिप्छ्यौ । | तपाईं फुल टिप्नुहुन्छ । |
| ऊ फुल टिप्छ । | उनी फुल टिप्छन्/टिप्छिन् । | उहाँ फुल टिप्नुहुन्छ । |
| मेरो साथी आयो । | मेरा साथी/हरू आए । | मेरा साथी/हरू आउनुभयो । |
| मेरी साथी आई । | मेरी साथी आइन् । | मेरी साथी आउनुभयो । |

(ङ) करण र अकरण

| | |
|---|---|
| सुयोग गीत गाउँछ । | सुयोग गीत गाउँदैन । |
| सरिफाले किताब ल्याइछ । | सरिफाले किताब ल्याइनछ । |
| आज सिद्धार्थ मावल जाला । | आज सिद्धार्थ मावल नजाला । |

(च) काल र पक्ष

| काल पक्ष | भूत | वर्तमान | भविष्यत् |
|---|---|---|---|
| सामान्य | केटाकेटी रोए । | केटाकेटी रुन्छन् । | केटाकेटी रुने छन् । |
| अपूर्ण | केटाकेटी रुँदै थिए । | केटाकेटी रुँदै छन् । | केटाकेटी रुँदै हुने छन् । |
| पूर्ण | केटाकेटी रोएका थिए । | केटाकेटी रोएका छन् । | केटाकेटी रोएका हुने छन् । |
| अभ्यस्त | केटाकेटी रुन्थे । | | |
| अज्ञात | केटाकेटी रोएछन् । | | |

२. कोष्ठकमा दिएका सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस् :

(क) पूर्णमान कविता लेख्छ । (स्त्रीलिङ्ग)

(ख) माधुरी गीत गाउँछे । (पुलिङ्ग)

(ग) तिमी कहाँ गएका थियौ ? (स्त्रीलिङ्ग)

(घ) उसले माछा माऱ्यो । (बहु वचन)

(ङ) हामी सिनेमा हेर्न गएका थियौँ । (एक वचन)

(च) मैले घाँस काटेँ । (तृतीय पुरुष)

(छ) ऊ माइत गई । (अकरण)

(ज) साथी घर गयो । (उच्च आदर)

३. तलका वाक्यलाई पक्षका आधारमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) जुनेलीले खसी पालेकी छ । | अभ्यस्त भूत |
| (ख) मञ्चला चित्र कोर्दै छिन् । | अज्ञात भूत |
| (ग) अष्टमान घर गयो । | पूर्ण वर्तमान |
| (घ) आज राती पानी परेछ । | अपूर्ण वर्तमान |
| (ङ) मीरा सानामा निकै पढ्थी । | सामान्य भविष्यत् |
| (च) हामी भोलि मामाघर जाने छौँ । | सामान्य भूत |

४. सामान्य वर्तमानका क्रियापदहरू प्रयोग गरी आफ्नो विद्यालयका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

५. भविष्यत् कालका तिन ओटै पक्षमा दुई दुई ओटा वाक्य लेख्नुहोस् ।

६. तलका पद सङ्गति मिलेका वाक्यमा ठिक (√) र पद सङ्गति नमिलेका वाक्यमा बेठिक (X) चिह्न लगाउनुहोस् :

(क) साथीको आमा आयो ।

(ख) आज विद्यालयमा विद्यार्थी छैनन् ।

(ग) चरो आकासमा उड्छन् ।

(घ) तिनीहरू बिहानै बजार गयो ।

(ङ) तिमी नेपाली राम्ररी बोल्छौ ।

७. धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) कविले कविता ......... । (लेख् : पूर्ण भूत)

(ख) गुरुले पाठ ......... । (पढाउ : सामान्य भूत)

(ग) उसले खेल ......... । (खेल् : अज्ञात भूत)

(घ) भरियाहरू भात ..................... । (खा : अपूर्ण भूत)

(ङ) हामी मङ्गलबार व्रत ................... । (लि : अभ्यस्त भूत)

८. तलको अनुच्छेदबाट 'सम्' उपसर्ग लागेका शब्द छानेर शिक्षकलाई देखाउनुहोस् :

लेखनाथ पौड्याल (वि. सं. १९४१-२०२२) कुशल कवि हुन् । उनको जन्म कास्कीको अर्घौअर्चलेमा भएको थियो । उनले संस्कृत शिक्षामा मध्यमासम्मको अध्ययन गरेका थिए । उनको उदयले नेपाली साहित्यको काव्य विधा निकै समृद्ध भयो । पूर्वीय साहित्य सिद्धान्तअनुसार नेपाली भाषामा काव्य सिर्जना गर्ने कविहरूमा कवि शिरोमणि लेखनाथ पौड्याल अग्र पङ्क्तिमा छन् । उनका कवितामा विशेष गरेर नेपालको सामाजिक अवस्था, सांस्कृतिक परिवेश तथा प्राकृतिक दृश्यको चित्रण पाइन्छ । ऋतु विचार, बुद्धि विनोद, सत्यकलि संवाद, भर्तृहरि निर्वेद, गीताञ्जली, लक्ष्मीपूजा, त्याग र उदयको युगल प्रकाश, सत्यस्मृति, मेरो राम, तरुण तपसी, लालित्य भाग १ र २ उनका उत्कृष्ट कृतिहरू हुन् ।

९. उदाहरणअनुसार तलका उपसर्ग लगाएर तिन तिन ओटा शब्द निर्माण गर्नुहोस् :

उदाहरण :

| उपसर्ग | आधार शब्द | व्युत्पन्न शब्द |
|---|---|---|
| उप | वन | उपवन |
| प्र | बल | प्रबल |
| सम् | वाद | संवाद |
| सु | मार्ग | सुमार्ग |
| अनु | वाद | अनुवाद |

प्र, वि, अनु, सु, अ, बद, अधि, अभि, उप

१०. तलका शब्दबाट उपसर्ग र आधार पदलाई छुट्याउनुहोस् :

अभिभावक, अनुशासन, नातागत, बेमतलब, निराहार, संहार, सङ्कष्ट

११. तलका आधार पदमा उपसर्ग लगाई तिन तिन ओटा शब्द निर्माण गर्नुहोस् :

हार, कार, चार, देश, सार, भाव

**सिर्जनात्मक अभ्यास**

१. तलका शब्दहरूलाई सन्दर्भअनुसार समावेश गरी प्रकृतिका बारेमा अनुच्छेद रचना गर्नुहोस् :

(क) ह्रस्व 'इ' कार लागेका शब्द :

भरि, विषे, सुनिन्छ, अगाडि, बिताउँथ्यो, दिन, बिच, कलिला, घरि, चलि रहेको छ, झुलिरहेछन्, दियो, दृष्टि, किन, सुरिलो, अलिकति, यताउति, देखिने, पछिल्तिर, वृष्टि, पिर, पिएर, रसिक

(ख) दीर्घ 'ई' कार लागेका शब्द :

नवीन, दीन, बनी, लुकीकन, उही, महासुखी, बसी, परी, मञ्जरी, बेसरी, सिरीसिरी, सुखी, समीर, झरी, शरीर, लतारी, शीत, गरीकन, खुसी

२. 'वसन्त कोकिल' कविताको ढाँचामा वर्षा ऋतु शीर्षकमा कविता रचेर कक्षामा सुनाउनुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

**पाठ १०** **मङ्गलाका तिन दिन**

१. मङ्गला तामाङ खोटाङ जिल्लाको नेर्पा गाउँमा बस्छिन् । उनी श्री कालिका माध्यमिक विद्यालयमा कक्षा ९ मा पढ्छिन् । उनी हरेक दिन बेलुका सुत्नु अगाडि दैनिकी लेख्छिन् । उनले लेखेको २०७१ मङ्सिर १२, १३ र १४ गतेको दैनिकी यहाँ दिइएको छ :

२०७१ मङ्सिर १२ गते शुक्रबार



२. सदा झैँ आज पनि म बिहानै ५ बजे उठेँ, हात मुख धोएँ र कसरत गरेँ । भाइ र म प्रायः बिहान एक एक भारी घाँस काट्थ्यौँ । आज अतिरिक्त क्रियाकलापको तयारी गर्नुपर्ने हुँदा मैले घाँस काट्न भ्याइनँ । त्यसैले बिहानको चियाखाजापछि मैले एक घण्टा नृत्यको अभ्यास गरेँ । बिहान ९ बजे खाना खाएर म स्कुलतिर लागेँ ।

३. हरेक शुक्रबार हाम्रो स्कुलमा अतिरिक्त क्रियाकलाप सञ्चालन हुन्छ । त्यसमा खेलकुद, गायन, नृत्य, कविता, निबन्ध, हाजिरी जवाफ, वक्तृत्व कला, वाद विवाद, चित्रकला आदि प्रतियोगिताहरू हुने गर्छन् । मलाई गीत र नृत्य खुब मन पर्छ । त्यसैले आज गीत तथा नृत्य प्रतियोगितामा भाग लिन पाएकाले म ज्यादै खुसी र उत्साहित थिएँ । सुरुमा त मलाई प्रतियोगिताहरूमा भाग लिन पनि सङ्कोच लाग्थ्यो । मानिसहरूका अगाडि माइक समाएर बोल्नुपर्दा गोडा काम्थे । पटक पटक भाग लिनाले अहिले त्यस किसिमको सङ्कोच र डर धेरै हटेको छ । अभ्यास र शिक्षा प्राप्त गर्न पाए सबै किसिमका नृत्य गर्न सक्छु भन्ने विश्वास ममा छ । तैपनि प्रतिस्पर्धा भनेपछि एक प्रकारको छटपटाहट भने हुँदो रहेछ । के हुने हो भन्ने आशङ्का पनि जन्मिँदो रहेछ ।

४. कृष्ण सरको मिठो उद्घोषणसँगै कार्यक्रम अगाडि बढ्यो । पहिले गीत र त्यसपछि नृत्य प्रतियोगिताहरू भए । एकल नृत्यमा म प्रथम भएँ । समूह नृत्यमा रीता, पासाङ र सूर्याको समूह प्रथम भयो । एकल गायनमा हाकुमायाले सबैलाई उछिनिन् । गङ्गा र हर्कबहादुर युगल गायनमा प्रथम भए । बिच बिचमा अप्रतियोगी कार्यक्रम पनि भए । गणित शिक्षक चित्र सुवेदीले मिठो कविता सुनाउनुभयो । विज्ञान शिक्षक मिथिलेश यादवले मैथिली गीत गाएर मन्त्रमुग्ध बनाउनुभयो । शिक्षकहरू शिवराज

---

**शब्दार्थ**

युगल : जोडी, दुई जनाको समूह

मन्त्रमुग्ध : मोहित, मक्ख

राई र परशुराम सुब्बाले हाकपारे गाएर रमाइलो गर्नुभयो। आङदावा सर र डोल्मा मिसको सेलोले सबैलाई नचायो। जसदीप र हर्कमायाको प्रहसनले हामी सबैलाई पेट मिची मिची हँसायो।

५. प्रधानाध्यापक (प्रअ) रवि राईले साहित्य, सङ्गीत, कला तथा खेलकुदको महत्त्वका बारे प्रकाश पार्नुभयो। हरेक मानिसमा कुनै न कुनै प्रकारको प्रतिभा हुन्छ, सबैको प्रतिभाले प्रस्फुटन हुने अवसर पाउनुपर्छ भन्ने कुरामा उहाँले जोड दिनुभयो। प्रमुख अतिथि विद्यालय निरीक्षक (विनि) रेणुका बमले पुरस्कार तथा प्रमाण पत्र वितरण गर्नुभयो। उहाँले आजको कार्यक्रमलाई राष्ट्रिय सांस्कृतिक कार्यक्रम भन्दै सुदूर पश्चिम क्षेत्रमा प्रचलित देउडा गीत पनि सुनाउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मीना गुरुङले सबैलाई धन्यवाद दिँदै कार्यक्रमको समापन गर्नुभयो। अन्त्यमा फोटो खिच्ने काम भयो। कार्यक्रमका अतिथिहरू, गुरुहरू र साथीहरूले मेरो नृत्यको सराहना गर्नुभयो। म दङ्ग परेँ।

६. घर पुग्दा सबैले मलाई बधाई दिनुभयो। बेलुका दाइले साउदी अरबबाट फोन गर्नुभयो र बधाई दिनुभयो। आजको कार्यक्रमका फोटाहरू फेसबुकमा राखिसकिएको रहेछ। नृत्यमा म प्रथम भएको खबर पनि दाइले फेसबुकबाटै थाहा पाउनुभएछ।




७. खुसीले गर्दा आज यति बेलासम्म पनि निद्रा लागेन। आज किन यस्तो खुसी लागेको होला ! किन मन तुलबुल तुलबुल भएको होला ! ओहो ! रातीको ११ बजिसकेछ। भोलि त बिहानै उठ्नु छ। निद्रा नलागे पनि अब त सुत्नुपर्छ।

२०७१ मङ्सिर १३ गते शनिबार

८. आज बिहान म ५ बजे उठेँ र भाइलाई उठाएँ। दिदीभाइ मिलेर हतार हतार खाना बनायौँ। मकै भटमास भुटेर दिउँसोलाई खाजा पनि ठिक पार्‍यौँ। भाइ पनि आज मसँग वन जाने भए। पल्लाघर सानी र सुदेशहरू पनि आइपुगे। सल्लाहअनुसार नै बगरे भन्ज्याङमा मन्दिरा, डोल्मा, राजन, शिवराजहरूसँग भेट भयो। हामी गीत गाउँदै ढिकुरे वनतिर लाग्यौँ।

---

शब्दार्थ

हाकपारे : नेपालको पूर्वी पहाडी भेगमा गाइने लोकभाका

प्रहसन : हँस्यौली, हँसाउने काम

प्रस्फुटन : प्रकट हुने काम, व्यक्त हुने क्रिया

९. आज बिदाको दिन भएर होला वनमा निकै मान्छे थिए । मान्छेहरूलाई देखेर बाँदरहरू रुखरुखै पिङ खेल्दै रमिते भिरतिर लागे । हामीहरू पनि समूह समूहमा बाँडियौँ । आफ्नो समूहका साथी साथीबिच कुरा गर्दै, गीत गाउँदै हामी कटुस टिप्न थाल्यौँ । युवा युवतीले गाएका दोहोरी गीतले वनै थर्कियो । केही मानिसहरू सामुदायिक वन उपभोक्ता समिति र जिल्ला वन कार्यालयको अनुमतिमा गोठका लागि घोचा, हलो र कोदालाका बिँडहरू बनाइरहेका थिए । हामीहरू भने कटुस टिप्नमै व्यस्त भयौँ ।



१०. कटुस मलाई मन पर्ने फल हो । घोच्ने काँडाको पर्वाह नगरी म सानैदेखि कटुस टिप्न रमाउथेँ । असिना पनि नपरेको र कटुस फल्ने वर्ष पनि परेको हुँदा यसपालिको कटुस टिपाई मेरा लागि सुखद बन्यो । मध्याह्नपछि हामी खाजा खानका लागि बिसाउनी ढुङ्गामा जम्मा भयौँ । बिसाउनी ढुङ्गाबाट संसारको सर्वोच्च शिखर सगरमाथा र आसपासका अरू हिमालहरू हेऱ्यौँ । साथीहरूले क्यामेरा ल्याएका रहेछन् । हामीले हिमाल र जङ्गलका दृश्यमा थुप्रै फोटाहरू खिच्यौँ । त्यसपछि आआफ्ना खाजाका पोका फुकायौँ । कसैले सेल, कसैले चाम्रे, कसैले भुटेका मकै भटमास, कसैले उसिनेका स्कुस र आलु ल्याएका रहेछन् । सामूहिक यात्रा र खुवाइको मजा नै अर्कै हुन्छ । यसपालि हामीले त्यस्तै सुन्दर अनुभूतिलाई साट्ने अवसर पायौँ ।

११. दिन ढल्किँदै गयो, आकाश पनि अलिक धुम्मिएको थियो, जाडो पनि हुन थाल्यो र पानी पर्ला पर्ला जस्तो भयो । अब हामी घर फिर्ने तर्खरमा लाग्यौँ । मैले वनमालाका केही लहरा र चिराइतोका केही बोटहरू पनि बोकेँ । भाइले घँगरुको एउटा लट्ठी बनाएर टेके । यत्तिकैमा पानी दर्कन थाल्यो । हामीमध्ये कसैसँग पनि ओढा थिएन । कतै ओत लाग्ने ठाउँ पनि थिएन । भिज्दै उकालो चढ्नुको हाम्रो

---

**शब्दार्थ**

कटुस : काँडेदार बोक्राभित्र गेडा हुने एक प्रकारको रुख वा फल

बिँड : कुनै औजारको हातले समाउने भाग

वनमाला : वनमा पाइने माला जस्तो लहरो

चिराइतो : एक प्रकारको तितो जडीबुटी र लेकाली वनस्पति

घँगरु : एक प्रकारको काँडेदार वनस्पति

ओढा : पानी पर्दा ओढ्ने साधन

ओत : पानीबाट जोगिने ठाउँ

कुनै विकल्प भएन । भन्ज्याङमा आइपुग्दा चारैतिर अँध्यारो भयो । हिमालतिरबाट आएको मुटु छेड्ने हावा हुरीले हामीलाई उडाउला जस्तो भयो । ठिक त्यही बेला असिना बर्सिन थाल्यो । हामीलाई सास फेर्न गारो भयो । धन्न नजिकै बर्खे गोठ रहेछ । हामी दगुर्दै गोठभित्र पस्यौँ ।



१२. झन्डै २०-२५ मिनेट लगातार परेपछि असिना र पानी केही रोकियो । हामी बाटो लाग्यौँ । बाटाभरि असिनाका थुप्रा रहेछन् । हामी आआफ्ना भारी बोकेर काम्दै र असिनामा चिप्लिँदै तेर्सै तेर्सो दौडियौँ । नेर्पा थाप्लोको चौतारामा आइपुग्दा आकाश पुरै उघ्रियो, पानी पर्न पुरै रोकियो । त्यतातिर त असिना परेको रहेनछ । पानी पनि फाट्टफुट्ट मात्र परेको रहेछ । हामी केही बेर चौतारामा भारी बिसाएर सुस्तायौँ र फेरि गीत गाउँदै ओरालो झर्न थाल्यौँ ।

१३. बेलुका साढे ६ बजे हामी घर आइपुग्यौँ । घरमा खाना पाकिसकेको रहेछ । हामीले हतार हतार लुगा फेऱ्यौँ र खाना खायौँ । खाना खाएपछि हामी सबै जना अगेनाका छेउमा बस्यौँ । हामी दिदीभाइले आजको यात्राका मुख्य मुख्य घटना र अनुभवहरू सुनायौँ । आमा, बुबा र भाउजूले पनि कटुस टिप्दाका विगतका अनुभवहरू सुनाउनुभयो ।

१४. बेलुका ९ बजे दैनिकी लेख्न सुरु गरेको अहिले बेलुकाको १० बजिसक्यो । आज निकै थाकिएकाले निद्रा पनि लाग्यो । अब सुत्छु ।

२०७१ मङ्सिर १४ गते आइतबार

१५. हाम्रो विद्यालयमा आज स्थानीय बिदा थियो । यही बिदाको मौका पारेर बैङ्क खाता खोल्न र केही सामान किनबेच गर्नका लागि भाउजू र म दिक्तेल जाने निधो भयो । "धुम्मधाम्म भइरहेछ, बेलुकीपख पानी पर्न सक्छ, त्यसैले बिहान चाँडै गएर बेलुका छिटै फर्किनू" आमाले भन्नुभयो । त्यसैअनुसार बिहान सातै बजे खाना खाएर हामी दिक्तेलतिर लाग्यौँ । दिक्तेल पुग्दा साढे आठ बजेको थियो ।

---

शब्दार्थ

भन्ज्याङ : दुईटा चुलीको बिचको गहिरो भाग, डाँडा पार गर्ने ठाउँ, नेटो

बर्खे : वर्षा सम्बन्धी

१६. दाइ अरबमा रहे पनि मेरी भाउजू अनुभवी र जीवन बुझेकी हुनुहुन्छ । महिलाले केही गर्न सके समाज फेरिन्छ भन्ने बलियो चेतना उहाँमा छ । त्यसैले दिक्तेल क्याम्पसमा स्नातक तहमा अध्ययनरत भाउजू पढाइका साथसाथै घरको काम पनि गर्नुहुन्छ । म र भाइ पनि फुर्सदमा घरको काम गर्छौं । बुबा र आमाको मुख्य काम नै खेतीपाती हो । खाने अन्न हामी आफैँ उब्जाउँछौँ । हामीले कुखुरा, बाख्रा र भैँसी पालेका छौँ । अन्डा, कुखुरा, घिउ आदि बेचेर सानोतिनो खर्च हामी आफैँ जुटाउँछौँ । आज हामीले एक दर्जन अन्डा, एउटा कुखुराको भाले, दुई कुरुवा घिउ र दुई पाथी कटुस बेच्न लगेका थियौँ । यी सबै सामान बेचेर हामीले कापी, कलम, चिनी, मसला र रिचार्ज कार्डहरू किन्यौँ ।

१७. बिहानको दस बज्नु अगाडि नै हामी दिक्तेलमा रहेको राष्ट्रिय वाणिज्य बैङ्क (रावाबै) को शाखामा पुगेका थियौँ । कार्यालय खुल्नासाथ भाउजूले बैङ्कमा खाता खोल्नका लागि निवेदन दिनुभयो । खाता खोल्ने सबै प्रक्रिया पुरा हुन २ घन्टा जति लाग्ने रहेछ । त्यस बिचमा हामी कान्छा मामालाई भेट्न उहाँ काम गर्ने जिल्ला प्रशासन कार्यालय (जिप्रका) तिर लाग्यौँ । मामा उहाँकै कार्यकक्षमा भेटिनुभयो । हामीलाई देखेर उहाँ सारै खुसी हुनुभयो, हामी पनि उस्तै खुसी भयौँ ।



१८. मामाले हामीलाई प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को कार्यकक्षमा लैजानुभयो । उहाँले भाउजू र मलाई प्रजिअसँग परिचय गराउनु भयो । "यिनीहरू पढाइमा पनि अब्बल छन्, घरको काम पनि गर्छन्, सिर्जनात्मक क्रियाकलापमा पनि त्यति नै रुचि राख्छन्" मामाले भन्नुभयो ।

१९. मामाको कुरा सुनेर प्रजिअले हाम्रो प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "सारै राम्रो कुरा, पढाइसँगसँगै श्रम गर्ने कुरा मलाई औधी मन पर्छ । मानिसले गर्ने काम र सिप ठुला र साना भन्ने हुँदैनन्, आआफ्ना ठाउँमा हरेकको महत्त्व हुन्छ । शारीरिक श्रम पर्ने र बल लगाउनुपर्ने कामलाई हेला होइन, अरूलाई जत्तिकै सम्मान गर्नुपर्छ ।"

२०. प्रजिअले भाउजू र मेरो पढाइ र रुचिका बारेमा सोध्नुभयो । भाउजूले भविष्यमा सरकारी कर्मचारी बन्ने लक्ष्य सुनाउनुभयो । मैले कलाकार बन्ने लक्ष्य सुनाएँ । उहाँले भाउजूलाई स्नातकपछि निजामती सेवाको तयारी गर्न र मलाई कलाकारितामा चासो राख्दै पढाइमा जोड दिन सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "कलाकार, राजनीतिज्ञ, डाक्टर, इन्जिनियर, प्राध्यापक, व्यापारी आदि जेसुकै बन्नुहोस्,

---

**शब्दार्थ**

कार्यकक्ष : काम गर्ने कोठा

अब्बल : उत्कृष्ट, दक्ष

आफ्नो रोजाइ हो । हरेकको आआफ्ना क्षेत्रमा महत्त्व हुन्छ । तर आफू जे बन्ने हो, त्यसमा गहिरो अभिरुचि र गहन अध्ययन भने गर्नुपर्छ ।"

२१. जिल्ला प्रशासन कार्यालयबाट निस्केर हामी हुलाक छेउको साइबरमा पस्यौँ । गाउँमा मोबाइलबाट इन्टरनेट चलाउन त सकिन्छ तर साइबरमा जस्तो सुविधा हुँदैन । त्यसैले सदरमुकाम आएका बेला साइबर नछिर्ने कुरै भएन । साइबरमा बस्नलाई हामीसँग धेरै समय थिएन । भाउजू र मैले पालैपालो स्काइपबाट दाइसँग कुरा गऱ्यौँ । अनुहार हेराहेर गरेर उहाँसँग कुरा नगरेको निकै भइसकेको थियो । आज धक फुकाएर कुरा गरियो । दाइले आमाबुबाको स्वास्थ्य, उहाँका साथीहरूको हाल खबर र हाम्रो पढाइका बारेमा सोधखोज गर्नुभयो । उहाँले हामीलाई इन्टरनेटलाई पढाइसँग जोड्नुपर्ने र साइबर अपराधदेखि सचेत हुनुपर्ने सुझाव पनि दिनुभयो ।

२२. दाइले हामीसँग चाँडै घर फर्कने बताउनुभयो । उहाँले भन्नुभयो, "हामी धेरै खोज्ने भएर बिग्रेका रहेछौँ । हाम्रै देशमा धेरै काम गर्न सकिने रहेछ । यहाँ हामी मरुभूमिमा फुल उमारिरहेका छौँ । त्यहाँ त्यत्रो उब्जाउ जमिन बाँझै छ । अब स्वदेशमै काम गरिन्छ । मैले नेपालमै आएर कुनै एउटा व्यवसाय गर्ने योजना बनाइसकेको छु । तिमीहरूले सहयोग गर्नुपर्छ ।" दाइको विचार राम्रो लाग्यो । भाउजू र मैले समर्थन गऱ्यौँ । हाम्रो समर्थन पाएर उहाँ खुसी हुनुभयो ।

२३. बैङ्कको काम सकेपछि हामीले एक पटक दिक्तेल बजार परिक्रमा गऱ्यौँ । चिनेजानेका मानिसहरूसँग सन्चो बिसन्चो सोध्दै हामी अगाडि बढ्यौँ । सबै काम सिध्याएर दिउँसो ३ बजे हामी घरतिर लाग्यौँ ।

२४. आज अलि चाँडै खाना खायौँ । खानापछि भाउजू र मैले दिनभरि भएका कुराहरू बुबाआमालाई बेलिबिस्तार लगायौँ । जिल्लामा महिला प्रमुख जिल्ला अधिकारी आएको कुरा सुनेर आमा निकै खुसी हुनुभयो । उहाँले भन्नुभयो, "तिमीहरू पनि पढेर ती प्रजिअ नानी जस्तै ठुलो मान्छे हुनुपर्छ ।"

२५. आजको दैनिकी निकै लामो भए जस्तै छ । ओहो ! ११ पो बज्न लागेछ । अब आराम गर्नुपर्छ ।

---

शब्दार्थ

स्काइप : प्रत्यक्ष हेराहेर गरेर कुराकानी गर्न मिल्ने कम्प्युटर प्रविधि

## अभ्यास

### सुनाइ

१. पाठको बिसौँ र एक्काइसौँ अनुच्छेद सुनी ठिक बेठिक छुट्याउनुहोस् :

(क) मङ्गला भविष्यमा कलाकार बन्न चाहन्छिन् ।

(ख) मङ्गलाकी भाउजू भविष्यमा शिक्षक बन्न चाहन्छिन् ।

(ग) मङ्गलाका दाजुलाई साइबर अपराधबारे केही थाहा छैन ।

(घ) आफ्नो रुचिअनुसार पेसा गर्नुपर्छ तर आफूले रोजेको क्षेत्रमा गहन अध्ययन भने गर्न आवश्यक हुन्छ ।

२. पाठको दोस्रो र तेस्रो अनुच्छेद सुनेर तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) मङ्गला कति बजे उठिन् र के गरिन् ?

(ख) मङ्गला १२ गते बिहान किन घाँस काट्न गइनन् ?

(ग) मङ्गलाका विद्‌यालयमा हुने अतिरिक्त क्रियाकलापहरू के के हुन् ?

(घ) मङ्गलालाई मन पर्ने अतिरिक्त क्रियाकलाप कुन कुन हुन् ?

(ङ) मङ्गलाका सङ्कोच र डरहरू कसरी हटे ?

३. पाठको पन्ध्रौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

### बोलाइ

१. तलका शब्दको शुद्‌ध उच्चारण गर्नुहोस् :

प्रहसन, पुरस्कृत, प्रस्फुटन, बिँड, गुजुल्टो

२. तलका शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

प्रतिभा, प्रस्फुटन, अगेनो, मन्त्रमुग्ध, परिक्रमा

३. तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :

(क) मङ्गलालाई के मन पर्छ ?

(ख) मङ्गला र उनको भाइले जङ्गलमा जाँदा के खाजा लगेका थिए ?

(ग) मङ्गला र उनकी भाउजू सदरमुकाम किन गएका हुन् ?

(घ) "मानिसले गर्ने काम र सिप ठुला र साना भन्ने हुँदैनन्" कसले र किन भनेको हो ?

(ङ) मङ्गलाका तिन दिनका दैनिकीमध्ये तपाईँलाई कुन दिनको दैनिकी मन पऱ्यो, किन ?

४. तपाईँलाई कुन अतिरिक्त क्रियाकलापमा बढी रुचि छ र किन, भन्नुहोस् ।

५. मङ्सिर १३ गते मङ्गलाले गरेका कामहरूका बारेमा कक्षामा छलफल गर्नुहोस् ।

६. भविष्यमा सरकारी कर्मचारी बन्न चाहने मङ्गलाकी भाउजूले महिला प्रजिअ आफ्नो कार्यकक्षमा बसिरहेको देख्दा मनमनै सोचेको कुरा अनुमान गरी भन्नुहोस् ।

**पढाइ**

१. मङ्गलाको पहिलो दिनको दैनिकीका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

२. मङ्गलाको दोस्रो दिनको दैनिकी पढी तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) मङ्गला किन वनमा गएकी हुन् ?

(ख) वनका रुखहरू काट्न कसको अनुमति लिनुपर्छ ?

(ग) मङ्गलाहरूले वनमा के के गरे ?

(घ) मङ्गलाका साथीहरूले के के खाजा लगेका थिए ?

(ङ) मुटु छेड्ने हावा हुरी भनेको के हो ?

३. तेस्रो दिनको दैनिकी पढी मुख्य मुख्य चार ओटा बुँदा टिप्नुहोस् ।

४. पाठ पढी तलका भनाइ कसले कसलाई भनेका हुन्, पत्ता लगाउनुहोस् :

(क) हरेक मानिसमा कुनै न कुनै प्रकारको प्रतिभा हुन्छ, सबैको प्रतिभाले प्रस्फुटन हुने अवसर पाउनुपर्छ ।

(ख) कलाकार, राजनीतिज्ञ, डाक्टर, इन्जिनियर, प्राध्यापक आदि जेसुकै बन्नुहोस्, आफ्नो रोजाइ हो ।

(ग) हाम्रै देशमा धेरै काम गर्न सकिने रहेछ । यहाँ हामी मरुभूमिमा फुल उमारिरहेका छौँ । त्यहाँ त्यत्रो उब्जाउ जमिन बाँझै छ ।

५. पाठका शब्दार्थ खण्डमा नपरेका कठिन शब्द टिपी तिनको अर्थ शब्दकोशका सहायताले लेख्नुहोस् ।

**लेखाइ**

१. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) मङ्गलाको विद्यालयको नाम के हो ?

(ख) मङ्गला र उनका भाइ हरेक बिहान के काम गर्छन् ?

(ग) मङ्गलाहरू किन जङ्गल गएका हुन् ?

(घ) मङ्गलाको घरबाट जिल्ला सदरमुकाम पुग्न कति समय हिँड्नुपर्छ ?

(ङ) मङ्गला र उनकी भाउजूले दिक्तेल बजारमा के के सामान किने ?

(च) भविष्यमा तपाईं के बन्न चाहनु हुन्छ ?

२. **तलका भनाइहरूको भाव विस्तार गर्नुहोस् :**

(क) प्रतिस्पर्धा भनेपछि एक प्रकारको छटपटाहट भने हुँदो रहेछ ।

(ख) शारीरिक श्रम पर्ने र बल लगाउनुपर्ने कामलाई हेला होइन, अरूलाई जत्तिकै सम्मान गर्नुपर्छ ।

३. **पाठको २१ औँ अनुच्छेदलाई एक तृतीयांश हुने गरी सारांश लेख्नुहोस् ।**

४. **कुनै ठाउँमा भ्रमण गर्दाको स्मरण गरी एक दिनको दैनिकी लेख्नुहोस् ।**

५. **तलको गद्यांशबाट सङ्क्षिप्त उत्तर आउने पाँच ओटा प्रश्न बनाउनुहोस् :**

पोखरा प्रकृतिका रूपमा मात्र चर्चित नभई भाषा, साहित्य र कलाका क्षेत्रमा पनि चर्चित छ । प्रकृतिका अनुपम सौन्दर्य माछापुच्छ्रे, फेवाताल, बेगनास ताल, रूपातालमा जसरी छरिएको छ त्यसरी नै सेतीको गहिरो सुसाइमा छ । महेन्द्र गुफाको कालो ओढार आश्चर्यमा लेखिएको छ । आफ्ना जीवनका अनुभूति साट्नेहरूसँग संस्कृति भएर घाटु हुर्केको छ, सोरठी गुन्जिएको छ । संस्कारसँगै रोधी र सेलो, झ्याउरे ताल, तयामचा तथा लाखे नाच पनि हुर्किएको छ । पोखरेली सुन्तला जस्तै रसिलो भएर पोखरेली परिवेश लेखिएको छ । यही भूमिमा लेखनाथ पौड्यालको वार्णिक लयको गुञ्जन छ । अलि मिया र धर्मराज थापाको लोकगलाको मिठास छ र भूपि शेरचनको गद्यात्मक पद्यको ललित रन्को अटाएको छ ।

*(सुकुम शर्मा : कृति परिचय)*

६. अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :

सराहना, हुल, तुलबुल, अतिरिक्त क्रियाकलाप, साइबर अपराध

७. उदाहरणमा दिए जस्तै गरी सङ्क्षिप्त शब्द बनाउनुहोस् :

उदाहरण : गोरखापत्र : गोप /गो.प.

प्राध्यापक, डाक्टर, पण्डित, जिल्ला विकास समिति, राष्ट्रिय समाचार समिति, संयुक्त राष्ट्र सङ्घ

८. पाठमा प्रयोग भएका सङ्क्षिप्त शब्दहरू खोजेर तिनको पूर्ण रूप लेख्नुहोस् ।

९. पाठबाट ह्रस्व उकार ( ु ) र दीर्घ ऊकार ( ू ) लागेका शब्दहरू खोजी लेख्नुहोस् ।

१०. पाठबाट खुट्टो काटेका (हलन्त) शब्दहरू खोजेर लेख्नुहोस् ।

**व्याकरण**

१. तलको अनुच्छेदमा रहेका विभक्ति चिनेर तपाइँ पनि विभक्ति प्रत्ययको प्रयोग गरी कुनै मेला वा जात्रामा जाँदाको अनुभव लेख्नुहोस् :

कृष्णाकी मितिनी डोल्मा उनको घर गइन् र उनले आफ्नो विवाहको निमन्त्रणा दिइन् । विवाहमा कृष्णाले पनि डोल्मालाई सक्दो सहयोग गरिन् । विवाहको अन्त्यमा डोल्माले भनिन्, "तिम्रो सहयोगका लागि धेरै धेरै धन्यवाद छ ।" विवाहपछि कृष्णा खुसी हुँदै आफ्ना घर गइन् ।

२. उपयुक्त विभक्ति प्रयोग गरी खाली ठाउँ भर्नुहोस् :

सुजन युजन... दाजु हुन् । स्वस्तिका उनीहरू ....बहिनी हुन् । सुजन... मन पर्ने विषय कविता र चित्रकला हो । त्यसैले हरेक बिहान एक घण्टा सुजन, युजन र स्वस्तिका... चित्र बनाउन र कविता लेख्न सिकाउँछन् । उनीहरू खराब साथी.... टाढै रहन्छन् ।

३. पाठको १६ औँ अनुच्छेदमा प्रयोग भएका विभक्तिहरू लेख्नुहोस् ।

४. तलको अनुच्छेदमा रेखाङ्कित द्वित्व शब्दलाई कापीमा सार्नुहोस् :

सहरमानले साथीहरूका घर घरमा गएर उनीहरूलाई छिटो छिटो उठायो । साथीहरूले पनि हतार हतार आआफ्ना सामान झोलामा पोको पारे । ससाना झोला बोकेर उनीहरू बाटो लागे । हतार भएकाले उनीहरूले भातसात खान भ्याएनन्, बिस्कुटसिस्कुट खाएर हिँडे ।

५. तलका पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

(अ) पूर्ण द्वित्व : छिटो छिटो, घर घर, सबै सबै, आफ्नो आफ्नो, समय समय, स्कुल स्कुल

(आ) आंशिक द्वित्व : आआफ्ना, ससाना, ठुल्ठुला, सर्सामान, झझल्को, झैझगडा

(इ) अपरिवर्तित द्वित्व : भातसात, गोदगाद, टिपनटापन, पैसासैसा, ऐँचोपैँचो, बाटोसाटो

६. पाठमा प्रयोग भएका द्वित्व शब्दहरू खोजेर शिक्षकलाई देखाउनुहोस् ।

७. तल केही सामान्य धातु र नाम धातु दिइएका छन् । उदाहरणमा दिए जस्तै गरी ती धातुमा 'नु' प्रत्यय लगाई शब्द बनाउनुहोस् :

उदाहरण : खा + नु = खानु, पढाउ + नु = पढाउनु, कमाउ (काम + आउ) + नु = कमाउनु, लोभि (लोभ + इ) + नु = लोभिनु

सामान्य धातु : बस्, हिँड्, धु, हाँस्, बोल्, लेख्, गर्, उठ्, देख्

नाम धातु : छोटि, चेप्टि, घिनाउ, नङ्ग्याउ, मोटाउ, बङ्ग्याउ

८. पाठको १२ औँ अनुच्छेदमा प्रयोग भएका क्रियापदहरू टिपोट गरी तिनका धातुहरू पहिल्याउनुहोस् ।

९. तलका धातुबाट शब्द निर्माण गरी वाक्यमा प्रयोग गर्नुहोस् :

गर्, सुत्, हिँड्, फेर्, लेख्, भन्

## सिर्जनात्मक कार्य

तलका कुनै एउटा विषयमा एक दिनको दैनिकी लेख्नुहोस् :

(क) कुनै नदी किनार, पहाड वा जङ्गलमा जाँदाको अनुभव

(ख) कुनै चाड पर्वको दिन

(ग) परीक्षा फल प्रकाशित भएको दिन

(घ) बिर्सन नसकिने कुनै दिन

# जैविक खेती

१. खेतीका दुई तरिका छन्, रासायनिक र जैविक । रासायनिक मल तथा कीट नाशक विषादीको प्रयोग गरेर गरिने खेती रासायनिक खेती हो । परम्परागत जैविक वस्तुमा मात्र निर्भर रहेर गरिने खेती जैविक हो । जीवसँग सम्बन्धित कुरालाई जैविक भनिन्छ । जो जन्मिन्छ, बढ्छ र मर्छ अनि जसलाई बाँच्नका लागि खाना, पानी र हावा चाहिन्छ, त्यही नै जीव हो । विषादीलगायतका हानिकारक तत्त्व प्रयोग नगरी गरिने खेती जैविक हो । यसमा मानिस तथा जीवका लागि हानिकारक हुने तत्त्वको प्रयोग हुँदैन । आफ्नै परिवेशमा पाइने वनस्पति, जडीबुटी तथा अन्य वस्तुबाट जैविक खेतीका सामग्री तयार पारिन्छ । यी सामग्री जीवनका लागि हानिकारक नभई लाभदायक हुन्छन् । यो पूर्णत: प्राङ्गारिक मलमा आधारित हुने हुनाले यसलाई प्राङ्गारिक खेती पनि भनिन्छ ।



२. कृषि युगको आरम्भसँगै जैविक खेतीको सुरुआत भएको हो । उद्योग धन्दाको विकाससँगै जनसङ्ख्याको ठुलो हिस्सा कृषिबाट विमुख भयो । थोरैले काम गरेर धेरैलाई पाल्नुपर्ने भयो । यसैले थोरै जमिनमै धेरै उत्पादन गर्ने उपायका रूपमा १९ औँ शताब्दीमा रासायनिक मलको आविष्कार भयो । रासायनिक मलमा बाली बिरुवाका लागि अधिक मात्रामा चाहिने नाइट्रोजन, फोस्फोरस, पोटास जस्ता खाद्य तत्त्वहरू मिश्रण गरिएकाले उत्पादन बढ्न थाल्यो । यसै गरी २० औँ शताब्दीदेखि बालीनालीमा लाग्ने कीट पतङ्गहरूलाई नियन्त्रण गर्न विषादीको पनि प्रयोग हुन थाल्यो । रासायनिक मलबाट उत्पादन बढ्ने, विषादीको प्रयोगबाट रोग र किरा नियन्त्रण हुने भएपछि थोरै जमिनमा धेरै उत्पादन हुनु स्वाभाविक हो । यसरी थोरै मिहेनतबाट धेरै उब्जनी दिन सकेकाले रासायनिक खेती चाँडै लोकप्रिय हुन थाल्यो । रासायनिक खेतीमा यी फाइदा भएर पनि यसका बेफाइदा पनि देखा पर्न थाले । यसले गर्दा रासायनिक खेतीका विषयमा अनुसन्धान र अध्ययन गर्नुपर्ने अवस्था आयो । यसका नकारात्मक असरहरूका बारेमा हुन थालेको अध्ययनले यसको विकल्पको खोजी गर्नुपर्ने तथ्यलाई

---

शब्दार्थ

कीट नाशक : किरा नाश गर्ने

हिस्सा : अंश, भाग

विषादी : विषयुक्त, विष भएको

प्रस्तुत गऱ्यो । पृथ्वीको पर्यावरण, मानव स्वास्थ्य र वानस्पतिक चक्रमा आएको सङ्कटले पनि रासायनिक खेती प्रतिकूल हुन्छ भन्ने निष्कर्ष प्रस्तुत भयो ।

३. रासायनिक मलले माटाको अम्लीयपन बढाएर प्राकृतिक बनावट बिगार्छ । जैविक तत्त्वको कमी हुँदा जमिन मरुभूमिमा परिणत हुन बेर लाग्दैन । बाली बिरुवालाई सखाप पार्ने कीट पतङ्गलाई कतिपय किरा, फट्याङ्ग्रा, चरा चुरुङ्गीहरूले खाएर, धपाएर सहयोग पुऱ्याइरहेका हुन्छन् । त्यस्तै मौरी, बारुला, पुतली, झिँगालगायतका कीट पतङ्गले बालीको पराग सेचन प्रक्रियामा सहयोग पुऱ्याई उत्पादन बढाउँछन् । रासायनिक खेतीले बाली बिरुवाका मित्रलाई पनि असर गर्दछ । अर्कातिर शत्रु किराहरूको प्रतिरोधात्मक क्षमता बढ्छ र कडाभन्दा कडा खालका विषादीको प्रयोग गर्नुपर्ने अवस्था आउँछ । विषादीको बढ्दो प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर गर्छ । यसले क्यान्सर, उच्च रक्तचाप, हृदयाघात, मुटु, कलेजो र फोक्सो बिग्रने खालका रोगलाई निम्त्याउँछ । यसरी रासायनिक खेतीले मानव स्वास्थ्य, पर्यावरणीय सन्तुलन र जैविक विविधतामा गम्भीर सङ्कट सिर्जना गर्दछ । यसैले पछिल्लो समयमा रासायनिक खेतीको विकल्प सोच्न थालिएको छ । रासायनिक खेतीको एउटै विकल्प भनेको जैविक खेती नै हो ।

४. पृथ्वीमा रहेका बोट बिरुवा, कीट पतङ्ग, चरा चुरुङ्गी, जनावर र मानिसहरू परस्परमा निर्भर छन् । प्राणीहरूले खाद्य तत्त्व र अक्सिजन बोट बिरुवाबाट पाउँछन् । बोट बिरुवाहरूले पनि आफूलाई चाहिने हावा र खाने कुरा जीवजन्तुबाट लिन्छन् । मानिस तथा जनावरहरूका मलमूत्र बोट बिरुवाका उत्तम खाना हुन् । सडेगलेका पात पतिङ्गरलाई कुहाएर बोट बिरुवाका लागि खान योग्य मल बनाउने काम कीट पतङ्गहरूले गर्छन् । यसरी पृथ्वीका प्राणी र वनस्पतिका बिचमा लेनदेन प्रक्रिया चक्र झैँ घुमिरहन्छ । यस्तै अन्योन्याश्रित सम्बन्धले पृथ्वीमा जीवको अस्तित्व सम्भव भएको हो । यही लिने दिने प्रक्रिया नमिलेर अहिले वातावरणीय प्रदूषण बढेको छ ।

५. पृथ्वीमा रहेका सबै पशुपन्छी, कीट पतङ्ग र वनस्पतिहरू आपसमा निर्भर भएकाले पर्यावरणीय सन्तुलनका लागि यी सबैको आवश्यकता छ । खेतीपातीका शत्रु किरा, फट्याङ्ग्रा, सुलसुले, मुसा, खरायो, दुम्सी, बाँदरसमेत पर्यावरणीय सन्तुलनका लागि आवश्यक छन् । यस्ता जीवलाई मार्ने होइन धपाउने र भगाउने उपाय खोज्नुपर्छ । जैविक खेती यही मान्यतामा आधारित छ । जैविक खेतीले वातावरणीय सन्तुलन मिलाउनुका साथै मानवलगायत पृथ्वीमा रहेका सबैको जीवन बचाउने काम गर्छ ।

---

**शब्दार्थ**

पराग सेचन : फुलबाट फल बन्ने प्रक्रिया

प्रतिरोधात्मक : रोगसँग लड्न सक्ने

चक्र : गोलो नाङ्लो जस्तो वस्तु, घुमिरहने प्रक्रिया

अस्तित्व : छ अथवा हो भन्ने अर्थ, हुनाको भाव

६. जैविक खेतीमा प्राङ्गारिक मलको प्रयोग गरिन्छ । प्राङ्गारिक मलले वातावरणलाई कुनै असर गर्दैन । यसबाट माटो, पानी र वायु प्रदूषणलाई घटाउन सहयोग मिल्दछ । यस्तो खेतीले माटाको उर्वरा शक्ति कायम राख्छ र मानिस तथा पशुपन्छीबाट निस्कने फोहोर मैलाको व्यवस्थापनमा सहयोग गर्छ । यसैले ठुलो धनराशि खर्चेर रासायनिक मल उत्पादन गर्नुभन्दा गाउँ सहरमा खेर जाने वस्तु र वनस्पतिबाट सामान्य तरिकाले प्राङ्गारिक मल बनाउनु धेरै श्रेयस्कर छ । यसले सहर सफा राख्न, मल उत्पादनको खर्च घटाउन र अन्तत: वातावरण जोगाउन सहयोग गर्छ ।



७. जैविक विधिबाट रोग तथा किरा नियन्त्रण गर्ने अनेकौँ उपायहरू छन् । राम्ररी खनजोत गरी समयमा बाली लगाउँदा र उचित मलजलको प्रयोग गर्दा बाली बिरुवाको प्रतिरोधक क्षमता बढ्छ । यसबाट बाली बिरुवामा रोग र किराहरूको आक्रमणमा कमी आउँछ । कतिपय किराहरूलाई हातले टिपेर, जालीको प्रयोग गरेर, बत्ती बालिदिएर र टाँसिने पदार्थ राखेर पनि नियन्त्रण गर्न सकिन्छ । मित्र किराको उत्पादन गरेर पनि हानिकारक किरा नियन्त्रण गर्न सकिन्छ । तितो, पिरो, अमिलो, टर्रो आदि वनस्पतिको झोल र धुलो प्रयोग गर्नाले अधिकांश किरा र कीटाणुलाई भगाउन र नियन्त्रण गर्न सकिन्छ । यस्ता वनस्पतिमा तितेपाती, निम, बकाइनु, सुर्ती, असुरो, सरिफा, बोझो, मौवा, धतुरो, सिमाली, अदुवा, बेसार, टिम्मुर, तुलसी आदि पर्दछन् । त्यसो त यस्ता जडीबुटीजन्य वनस्पतिमा पनि विषादीको मात्रा हुन्छ । त्यो वातावरणमा चाँडै नष्ट पनि हुन्छ । यस्ता जडीबुटीजन्य विषादीको प्रयोग भएका खाद्य पदार्थ केही दिनमै खानयोग्य हुन्छन् ।

८. जैविक खेती केवल निर्वाहमुखी मात्र नभई यसको व्यावसायीकरण र आधुनिकीकरण हुनुपर्छ । यसका लागि सर्वप्रथम माटाको परीक्षण आवश्यक हुन्छ । कुन माटामा के कस्ता तत्त्व छन् ? के कस्ता तत्त्वको अभाव छ ? कुन माटो कुन बालीका लागि उपयुक्त छ ? आदि कुराको जानकारी लिएर माटाको प्रकृतिअनुसार जैविक खेती लगाउन सकिन्छ । माटामा अपुग तत्त्वलाई जैविक विधिबाटै आपूर्ति गर्न सकिन्छ । उपयुक्त हावापानी, उपयुक्त मौसम, आवश्यक मलको प्रयोग, सिँचाइ व्यवस्था, उपयुक्त बालीचक्र आदि मिलाएर खेती गर्नु आवश्यक हुन्छ । यसो गर्दा जैविक विधिबाट पनि पर्याप्त उत्पादन गर्न सकिन्छ ।

---

**शब्दार्थ**

निर्वाहमुखी : सामान्य काम चलाउने खालको

व्यावसायीकरण : पेसा वा व्यवसायका रूपमा विकास गर्ने काम

९. नेपालको प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक पर्यावरण जैविक खेतीका लागि अनुकूल छ । प्रशस्त मात्रामा जङ्गल, चरन सुविधा र पानीको स्रोत भएकाले नेपालमा व्यावसायिक रूपमा गाई, भैँसी, बाख्रा, भेडा, कुखुरा, सुँगुर, माछा जस्ता पशुपन्छी पाल्न सकिन्छ । यसबाट पर्याप्त मात्रामा दुध, दही, घिउ, ऊन, मह, चिज आदिको उत्पादनका साथै प्राङ्गारिक मल उत्पादन हुन्छ । पानीको स्रोत उपयोग गरेर सिँचाइको राम्रो व्यवस्था गर्न सकिन्छ । बहु सङ्ख्यक नेपालीको पुर्ख्यौली व्यवसाय जैविक खेती नै भएकाले त्यसलाई थोरै आधुनिक र व्यावसायिक बनाइदिए पुग्छ । अब नेपालका गाउँ गाउँसम्म सडक यातायात पुग्न थालेको छ । उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सहज बन्दै छ । जैविक खाद्य वस्तु देशभित्र र विदेशमा पनि महँगो मूल्यमा सजिलै बिक्री हुन्छ । बर्सेनि अरबौँ रुपियाँको खाद्य पदार्थ आयात गर्नु अहिलेको नेपालको बाध्यता बनेको छ । निर्वाहमुखी र परम्परागत खेतीका कारण यस्तो भएको हो । जैविक खेतीलाई बृहत् अभियानका रूपमा अगाडि बढाउन सके नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सक्छ ।

१०. नेपालमा व्यावसायिक जैविक खेतीलाई रोजगारीको मुख्य आधार बनाउन सकिन्छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सके युवाहरू बिदेसिनु पर्दैन । युवाहरू स्वदेशमै रहँदा राष्ट्र विकासमा सकारात्मक प्रभाव पर्छ । परनिर्भरता घट्न जाँदा स्वावलम्बी संस्कृतिको विकास हुन्छ र राष्ट्रियता पनि बलियो बन्छ । निर्यात बढाउन सक्दा पुँजी निर्माण हुन गई औद्योगिक लगानीको बाटो खुल्छ । जैविक खेतीबाट वातावरण संरक्षण हुन्छ र मानव स्वास्थ्यमा पनि अनुकूल प्रभाव पर्छ । यसबाट वातावरण र स्वास्थ्यका क्षेत्रमा गरिने लगानी बचत हुन्छ । त्यस बचतलाई अन्य उत्पादनमूलक क्षेत्रमा लगाउन सकिन्छ । कृषिमा आत्मनिर्भर बन्दै जलस्रोत, पर्यटन जस्ता उद्योगलाई प्रवर्धन गर्न सके नेपाल संसारकै समुन्नत र सुखी मुलुक बन्ने छ ।

११. नेपालमा खेतीलाई व्यवसायका रूपमा बुझ्न र ग्रहण गर्न सकिएको छैन । संसार जतिसुकै अगाडि बढे पनि मानिसको प्राण बचाउने खानेकुरा अन्ततः खेतीबाटै आउँछ भन्ने कुरा हामीले मनन गर्न सकेका छैनौँ । खेतीलाई व्यवसाय नै नमान्नु, हेला र उपेक्षाको पेसा मान्नु हाम्रो ठुलो कमजोरी हो । खेती वनस्पतिको उत्पादन र उपयोग गर्ने एउटा महान् पेसा हो । वनस्पति मानिसलाई बाँच्नका लागि नभई नहुने सास, गाँस, कपास, बास, इन्धन, ओखती, पानी आदिको मूल स्रोत हो । यो आफू बाँच्ने र दुनियाँलाई बचाउने पेसा हो । यसैले खेती हेय नभएर सबैको प्रिय पेसा बन्नुपर्छ । नेपाल जस्तो कृषि प्रधान देशमा त झन् जैविक खेती नै सबैभन्दा मुख्य पेसा हो र हुनु पनि पर्छ ।

---

**शब्दार्थ**

पुर्ख्यौली : पुर्खाका पालादेखि चलिआएको

परनिर्भरता : अरूको भर पर्नुपर्ने अवस्था

संस्कृति : परम्परादेखि चलिआएको रीतिरिवाज, संस्कार

पुँजी : उद्योग, व्यवसायमा लगाउन सकिने धन

प्रवर्धन : वृद्धि गर्ने काम, बढाउने

समुन्नत : उच्च, राम्ररी माथि उठेको

हेय : हेला, उपेक्षा

**अभ्यास**

**सुनाइ**

१. पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

(क) रासायनिक मल र कीट नाशक विषादीको प्रयोग भएको खेती रासायनिक हो ।

(ख) रासायनिक मल र कीट नाशक विषादीको प्रयोग नभएको खेती जैविक हो ।

(ग) जैविक र प्राङ्गारिक अलग अलग खेती प्रणाली हुन् ।

(घ) जैविक खेतीमा प्राङ्गारिक मलको प्रयोग हुँदैन ।

(ङ) मानिस, पशुपन्छी, कीट पतङ्ग र वनस्पतिमा निर्भर खेती नै जैविक खेती हो ।

२. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) जैविक खेतीको सुरुआत कहिले भयो ?

(ख) उद्योग धन्दाको सुरुआतपछि के भयो ?

(ग) रासायनिक मलका रूपमा कस्ता खाद्य तत्त्वहरू उत्पादन गरिन्छ ?

(घ) के कारणले थोरै जमिनमा धेरै उब्जनी हुन थाल्यो ?

(ङ) रासायनिक खेती कसरी लोकप्रिय भयो ?

३. पाठको छैटौँ अनुच्छेदको श्रुति लेखन गर्नुहोस् ।

**बोलाइ**

१. तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

प्राङ्गारिक, औद्योगिक, पृष्ठभूमि, आविष्कार, प्रतिरोधात्मक, अम्लीयपन, पर्यावरणीय, कृत्रिम, पुख्र्यौली, प्रवर्धन

२. रासायनिक खेतीका फाइदा र बेफाइदाबारे कक्षामा छलफल गर्नुहोस् ।

३. जैविक प्रविधिबाट बाली बिरुवामा लाग्ने किरा र रोगको निदान कसरी गर्न सकिन्छ भन्ने विषयमा आफूले जानेका कुराहरू कक्षामा सुनाउनुहोस् ।

**पढाइ**

१. शिक्षकले निर्देशन दिएअनुसार पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

२. पाठको नवौँ अनुच्छेद पढी ठिक बेठिक छुट्याउनुहोस् :

(क) नेपालको प्राकृतिक, भौगोलिक, सामाजिक सांस्कृतिक पर्यावरण जैविक खेतीका लागि अनुकूल छ ।

(ख) नेपालमा व्यावसायिक रूपमा पशु पालन गर्न सकिन्छ ।

(ग) नेपालमा कम्पोस्ट मल बनाउने कच्चा सामग्रीको अभाव छ ।

(घ) नेपालका बहु सङ्ख्यक मानिसहरूको पुर्ख्यौली व्यवसाय व्यापार हो ।

(ङ) नेपालमा जैविक खेतीलाई थोरै आधुनिक र व्यावसायिक बनाइदिए पुग्छ ।

(च) अब नेपालका गाउँ गाउँसम्म सडक यातायात पुग्न थालेको छ ।

(छ) नेपालबाट बर्सेनि अरबौँ रुपियाँको खाद्य पदार्थ निर्यात हुने गरेको छ ।

३. पाठको तेस्रो अनुच्छेद पढी तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) रासायनिक खेतीले माटालाई के गर्छ ?

(ख) मित्र किराहरूले बाली बिरुवालाई कसरी सहयोग पुऱ्याउँछन् ?

(ग) पराग सेचन प्रक्रियालाई ककसले सहयोग पुऱ्याउँछन् ?

(घ) किन रासायनिक खेतीको विकल्प सोच्न थालिएको हो ?

(ङ) उर्वरा शक्ति, पराग सेचन, प्रतिरोधात्मक क्षमता, पर्यावरणीय सन्तुलन र जैविक विविधताको अर्थ बताउनुहोस् ।

४. पाठमा प्रयोग भएका प्राङ्गारिक, उर्वरा शक्ति, पराग सेचन जस्ता प्राविधिक शब्द टिपोट गर्नुहोस् ।

## लेखाइ

१. पाठका आधारमा उत्तर दिनुहोस् :

(क) रासायनिक खेती र जैविक खेतीका बिचमा के फरक छ ?

(ख) रासायनिक खेतीका बेफाइदाहरू के के हुन् ?

(ग) विषादीको प्रयोगले मानव स्वास्थ्यमा के कस्तो असर गर्दछ ?

(घ) पर्यावरणीय सन्तुलन र जैविक विविधताका बिचमा के अन्तर छ ?

(ङ) जैविक खेतीबाट कसरी आत्म निर्भरता बढाउन सकिन्छ ?

२. पाठको सातौँ अनुच्छेद अनुलेखन गर्नुहोस् ।

३. 'नेपाललाई रसायन र विषादी मुक्त राष्ट्र बनाऔँ' शीर्षकमा एउटा अनुच्छेद लेख्नुहोस् ।

४. व्याख्या गर्नुहोस् :

(क) पृथ्वीका प्राणी र वनस्पतिबिचमा लिने दिने प्रक्रिया चक्र झैँ घुमिरहन्छ ।

(ख) प्राणी र वनस्पतिका बिचमा रहेको अन्योन्याश्रित सम्बन्धले पृथ्वीमा जीवको अस्तित्व सम्भव भएको हो ।

५. नेपालमा व्यावसायिक रूपमा जैविक खेतीको सम्भावनाका बारेमा एउटा निबन्ध लेख्नुहोस् ।

६. शब्दार्थमा प्रयोग भएका पर्यायवाची शब्दहरूको सूची बनाउनुहोस् ।

७. तलका शब्दलाई फरक फरक अर्थ आउने गरी अलग अलग वाक्यमा प्रयोग गर्नुहोस् :

तर, तिर, कल, अर्थ, फुल, फल, बस

८. तलका शब्दको विपरीत अर्थ हुने शब्द लेख्नुहोस् :

ठुलो, शत्रु, सफा, मरुभूमि, कृत्रिम, निर्यात, सकारात्मक, आधुनिक

९. पाठको तेस्रो अनुच्छेदबाट सुरु, बिचमा र अन्त्यमा दीर्घ हुने पाँच पाँच शब्द खोजी कापीमा लेख्नुहोस् ।

१०. पाठबाट 'श' को प्रयोग भएका शब्दहरू खोजी लेख्नुहोस् ।

## व्याकरण

१. उदाहरणका आधारमा प्रत्येक कारक र विभक्तिको उचित प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :

(क) कर्ता कारक र प्रथमा विभक्तिको प्रयोग

हसिना हाँसिन् । म कविता लेख्छु । रामले खाना खायो । नानीमैयाँले कविता लेखिन् ।

(ख) कर्म कारक र द्वितीया विभक्तिको प्रयोग

मैले आँप खाएँ । पासाङले सीतालाई किताब पढायो । आमाले रामलाई बोलाउनुभयो ।

(ग) करण कारक र तृतीया विभक्तिको प्रयोग

मैले लाठाले आँप झारेँ । हरिले खुकुरीले दाउरा चिरे । गुरुआमाले हामीलाई प्रोजेक्टरले पढाउनुभयो ।

(घ) सम्प्रदान कारक र चतुर्थी विभक्तिको प्रयोग

मैले सिर्जनालाई उपहार दिएँ । हाकुमैयाले रञ्जनादेवीलाई रुमाल दिइन् । सुलोचनाले हामीलाई गीत सुनाइन् ।

(ङ) अपादान कारक र पञ्चमी विभक्तिको प्रयोग

मैले रुखबाट सुन्तला झारेँ । हरिले बिहानैदेखि केही खाएको छैन । सुम्निमाले झोलाबाट किताब निकालेर मैयाँलाई दिइन् ।

(च) षष्टी विभक्तिको प्रयोग

मेरा एक एक जना बहिनी र भाइ छन् । मेरो भाइको नाम भोगेन्द्र हो । रञ्जना मेरी बहिनी हुन् । सरिता, सन्देश र गेल्बु भाइका मिल्ने साथी हुन् । बहिनीकी मिल्ने साथी चित्रलेखा हुन् । रञ्जना र भोगेन्द्र दुवै जना आआफ्ना सामानको हिफाजत गर्न सिपालु छन् । आफ्नो भाइ र आफ्नी बहिनीको यस्तो राम्रो बानी देख्दा मलाई खुसी लाग्छ ।

(छ) अधिकरण कारक र सप्तमी विभक्ति

बेगम नेपालगन्जमा बस्छिन् । मञ्जु दार्चुला पुगिन् । उनको मनमा पाप छैन ।

२. **तलको अनुच्छेदमा रहेका कारक र विभक्ति पहिल्याई शिक्षकलाई देखाउनुहोस् :**

निनामा धेरै मेहनती छन् । उनी अत्यन्त दयालु र सहयोगी पनि छन् । उनी दुःखी गरिबहरूलाई सहयोग गर्छिन् । उनी बेला बेलामा असहायहरूलाई खानेकुरा र कपडा दिन्छिन् । निनामाका बाबु अमरबहादुर चाम्लिङ अवकास प्राप्त बेलायती सैनिक हुन् । उनी श्रमलाई धेरै महत्त्व दिन्छन् र धेरैजसो कोदालाले बारी खनिरहेका भेटिन्छन् । उनी रुखबाट डाले घाँस झार्न र बाँसबाट चोया काढ्न पनि उत्तिकै सिपालु छिन् । निनामाकी आमा धनशोभा याक्खा कलेजमा पढाउँछिन् । आमाकै छत्रछायामा रहेर निनामाले पढाइमा धेरै राम्रो गरेकी छन् । पढाइका अतिरिक्त घरको काममा पनि निनामा उत्तिकै जाँगरिली छन् । बगैँचामा जाने, पाकेका फलफुल रुखबाट टिपेर जम्मा गर्ने, बजारमा लगेर बेच्ने आदि काममा उनी सिपालु छिन् । त्यसो त कविता लेख्ने, चित्र बनाउने कलामा पनि उनी निपुण छिन् ।

३. **पाठको दसौँ अनुच्छेदमा प्रयुक्त फरक फरक विभक्ति चिह्न प्रयोग भएका शब्दको टिपोट गर्नुहोस् ।**

४. **सबै प्रकारका कारकको प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।**

### सिर्जनात्मक कार्य

**निम्न लिखित बुँदाहरूका आधारमा 'सूचना विस्तार र आजको विश्व' शीर्षकमा निबन्ध लेख्नुहोस् :**

– पहिले पहिले परेवा, काग, कुकुरका आवाजका आधारमा सूचना अनुमान – पछि चिठी पठाउने चलनको सुरुआत – टेलिफोन, रेडियो, टेलिभिजन, ताररहित टेलिभिजन, फ्याक्स, कम्प्युटरको आविष्कार – अन्तरिक्षमा मानिसको पहुँच – भूउपग्रहबाट सूचना सङ्कलन र विस्तार – इन्टरनेट प्रविधि र त्यसभित्र विभिन्न सामाजिक सञ्जाल – छपाइ वा मुद्रणका नयाँ नयाँ प्रविधिको विकास – सूचना विस्तारसँगै आजको विश्व साँगुरिएको – विश्वभरका मानिसलाई साथी बनाउन, भावना आदान प्रदान गर्न, कुनै विचार वा घटनाप्रति तत्काल प्रतिक्रिया व्यक्त गर्न, विश्व प्रसिद्ध कृति पढ्न सकिने – प्रविधिको विकास अभिशाप पनि – प्रविधिको सदुपयोग जीवनका लागि वरदान ।

**पाठ ११** # डाक्टर अङ्कल

*- आत्माराम शर्मा पुडासैनी*



१. पुसको महिना, केही दिनदेखि बादल लागेर दिन धुम्मिएको थियो । दर्केर पानी पर्न पनि सकेको थिएन र घाम पनि पटक्कै लागेको थिएन । चिसो धेरै बढेको थियो । मानिसहरू घर घरमा अगेनो, हिटर र मकलमा आगो तापेर वरिपरि बसिरहेका थिए । केटाकेटी, युवा, बुढापाका सबैलाई जाडाले नराम्रोसँग गाँजेको थियो । जाडाको बिदा भएकाले केटाकेटी पनि विद्यालय गएका थिएनन् ।

२. त्यही जाडाको दिन डा. कमलको पनि छुट्टी थियो । सधैँभरि ल्यापटप र आइप्याडमा झुत्ती खेलिरहने छोराछोरी पनि आज भने हिटरको वरिपरि नै झुम्मिएका थिए । छोरी सुनिताले बिस्तारै कुरा निकाली । आफ्ना साथीहरूले हजुरबा र हजुरआमाबाट मिठा मिठा कथा सुन्ने गरेको तर आफूले भने त्यस्तो अवसर कहिल्यै नपाएको गुनासो गरी । छोरो विदुरको पनि त्यसैमा सहमति थपियो । आज उनीहरूले बाबाबाटै कथा सुन्ने प्रस्ताव अगाडि सारे । दुवै दिदी भाइ मिलेर डा. कमललाई कथा भन्न निकै कर गर्दै थिए । उनी आफूलाई कथा भन्न पटक्कै आउँदैन भनेर टारिरहेथे । हिटरको नजिक बसेका आफ्ना छोराछोरीलाई उनले पटक्कै पन्छाउन सकेनन् र कथा भन्न सुरु गरे ।

३. "हाम्रो नेपालको पश्चिम पहाडमा सीतापुर नामको एउटा सानो गाउँ थियो । त्यस गाउँका धेरै मानिसहरू किसानी अर्थात् खेतीपातीको काम गर्ने गर्दथे । गरिबीका कारणले गर्दा उनीहरू बेलाबखत सदरमुकाम गएर साहु र ठेकेदारहरूको भारी बोक्ने, सडक बनाउने कामसमेत गर्दथे । उतिखेर त्यस गाउँबाट जिल्ला सदरमुकाम पुग्न चार दिनसम्म हिँड्नुपर्दथ्यो । त्यति टाढासम्म पुगेर गाउँका मानिसहरू नुनतेल र लुगाफाटाको जोरजाम गर्ने गर्दथे ।

---

**शब्दार्थ**

अगेनो : दाउरा बाल्ने ठाउँ

गाँजेको : उम्कन नसक्ने गरेर समातेको

जोरजाम : बन्दोबस्त

४. सीतापुर गाउँमा एउटा अति नै गरिब किसान परिवार थियो । त्यस घरमा दुई छोरा, एक छोरी र आमाबुबा गरी जम्मा पाँच जनाको परिवार थियो । जेठो र कान्छो क्रमश: तिन र दुई कक्षामा पढ्थे । छोरीलाई त्यतिखेर पढाउने चलन नभएकाले छोरीले घरमा बसेर बाबुआमालाई काम सघाउने गर्थी । बाबुआमा समय समयमा सदरमुकाममा भारी बोक्न जाने गर्थे । एक दिन भारी बोकेर आफ्नो गाउँ फर्किंदा भिरबाट लडेर आमा चाहिँको बाटामै मृत्यु भयो ।"

५. छोरा विदुरले सोध्यो, "त्यो सीतापुर गाउँ हाम्रो पहाडको गाउँ जस्तै थियो हो बाबा ?"

६. डा. कमलले भने, "अँ हो, त्यस्तै नै थियो ।"

७. "हामीलाई हाम्रो गाउँ कहिले लैजाने बाबा ?" छोरी सुनिताले बाबुसँग प्रश्न गरी । छोरा विदुरले भन्यो, "हैन, हैन बाबा पहिला कथा नै भन्नुहोस्, अनि त्यसपछि के भयो ?"

८. "अनि त्यसपछि त्यस घरका किसान र केटाकेटीहरूको बिचल्ली भयो । केटाकेटी सानै थिए । किसानले भारी बोकेर कमाएर ल्याओस् कि घरको काम गरोस् ! तैपनि उसले हरेस खाएन । सबै समस्यासँग एक्लै जुधिरह्यो । उसले कसै गरे पनि घरको अवस्था लथालिङ्ग र भताभुङ्ग बन्नबाट जोगाउन सकेन । घरको गरिबी र अशिक्षाका कारण किसानकी छोरी उमेर नपुग्दै आफैँ विवाह गरेर गई । ठुलो छोरो पढ्दापढ्दै विद्यालय छाडेर परदेश लाग्यो । कान्छो छोरा सानै भएकाले घर छाडेर कतै जान सकेन । यसैले सबै दुर्दशा खपेर भए पनि ऊ विद्यालयमा पढ्दथ्यो र आफ्ना बाबुसँग घरमा नै बस्थ्यो ।

९. एक दिन कान्छो छोराले बुद्धि बिग्रिएर कापी किन्न बाबुको दस रुपियाँ झिकेछ । त्यही रिसमा उसलाई बाबुले गाली गऱ्यो । दस रुपियाँका लागि छोरालाई गाली गर्नुपर्ने आफ्नो गरिबी देखेर उसको मुटु चिरिएर आयो । ऊ मझेरीमा बसेर रुन थाल्यो । उसले सदरमुकाममा साहुको भारी बोक्न जाँदा पाएको पैसा उबारेर दसैँमा छोरालाई लुगा हालिदिन थपथाप हुन्छ भनेर राखेको थियो । त्यही पैसा छोराले मासिदिँदा उसलाई रिस उठ्नु स्वाभाविकै थियो । पैसा कमाउने काम उसका लागि कष्टकर थियो ।

१०. आमा नभएको त्यस टुहुरालाई माया गर्ने बाबुबाहेक अरू कोही थिएन । दाजु दिदी पनि आआफ्ना बाटा लागिसकेका थिए । उसले जसलाई आफ्नो सम्पूर्ण आधार मानेको थियो, उही व्यक्ति

---

शब्दार्थ

बिचल्ली : बिल्लीबाठ

लथालिङ्ग : बिग्रिएको

भताभुङ्ग : नष्टभ्रष्ट

दुर्दशा : खराब हालत

उबारेर : बचाएर

टुहुरा : बाबुआमा नभएका

त्यसरी रोएको देख्दा उसले सहन सकेन । बाबु चाहिँ भोलिपल्ट बिहानै मजदुरी गर्न हिँडिसकेको थियो । आमा मर्दा ऊ सानै थियो । उसका आँखामा आमाको धमिलो तस्बिर उदायो । उनैलाई सम्झेर रुँदारुँदै उसको बिहान बित्यो । अघिल्लो दिनको एक डल्लो ढिँडो र गुन्द्रुकको झोल खायो । संसारमा उसको आफ्नो भन्ने त्यही एउटा बाबु थियो । उसले पैसा कमाएर बाबुलाई सघाउने विचार गऱ्यो । त्यसैले आफ्नो बाबुलाई समेत माया मारेर त्यही दिन ऊ घरबाट निस्केर हिँड्यो ।

११. उसका अगाडि भविष्यको कुनै तस्बिर थिएन । उसँग आमा मरेर बाँकी रहेको अलिकति विगत थियो । उसले आफ्नो वर्तमानबाट भाग्न घर छाडेको थियो । दु:खपूर्ण वर्तमानले भने उसलाई लखेट्न छाडेन । धेरै नै हन्डर ठक्कर खाँदै, दु:ख खप्दै ऊ तराईमा रहेको अञ्चल सदरमुकामसम्म पुग्यो । त्यहीँ एउटा व्यापारीका घरमा घरेलु सहयोगीका रूपमा बस्यो ।

१२. "अनि ऊ सधैँ त्यहीँ बस्यो बाबा ?" छोरा विदुरले अँध्यारो मुख लगाएर प्रश्न गऱ्यो ।

१३. अँ, त्यसपछि ऊ त्यस घरमा मेहनत र इमानदारीका साथ काम गर्दै विद्यालयमा चार कक्षामा नै भर्ना भएर पढ्न थाल्यो । उसको पढाइ र मेहनत देखेर विद्यालयका शिक्षकहरू उसलाई धेरै नै माया गर्दथे । ऊ र उसका साथीहरूका नेपाली अक्षर भने त्यति राम्रा थिएनन् । यही कारण एक दिन विद्यालयमा नेपाली कक्षामा गुरुले 'मलाई आमाले धेरै धेरै माया गर्नुहुन्छ' भन्ने शीर्षकमा आफ्ना अनुभव वर्णन गर्न दिए । उक्त शीर्षक कापीको पानामा सारेर ऊ निकै समय घोरिइरह्यो । साथीहरूले लेखी सकेर गुरुलाई बुझाए तर उसले लेख्दै लेखेन ।

१४. छोरी सुनिताले प्रश्न गरी, "किन नलेखेको बाबा ? ऊ राम्रो पढ्ने र ज्ञानी विद्यार्थी थियो भनेको होइन र ?"

१५. "हुन त हो, तर उसले त्यस दिन त्यो अनुभव लेखेन र टोलाएर बसिरह्यो ।" अनि गुरुले सोधे, "तिमीले किन नलेखेको हैँ ?"

१६. ऊ बोल्दै बोलेन । गुरुले निकै केरकार गरे, त्यसपछि ऊ सुँक्कसुँक्क गरेर रुन थाल्यो । दु:ख मानेर ऊ निकै समयसम्म रोइरह्यो । एक छिनपछि गुरुले रुनुको कारण सोधे । अनि उसले बतायो, "गुरु मलाई माया गर्ने मेरी आमा हुनुहुन्न, तपाईँले लेख्न दिनुभएको कामले गर्दा मलाई मेरी आमाको सम्झना आयो । अनि म रोएको हुँ ।"

---

**शब्दार्थ**

मजदुरी : ज्यालादारी

विगत : बितेको समय

टोलाएर : एकोहोरिएर

१७. उसको यस्तो मार्मिक कुरा सुनेर गुरुले उसका बारेमा धेरै नै गहिरिएर सोधीखोजी गरे । उसका सबै कुरा सुनी सकेपछि गुरुले अब बितेका कुरालाई धेरै नसम्भ भनेर सान्त्वना दिए ।

१८. कथा भन्दाभन्दै डा. कमलको छाती भक्कानियो र कथालाई छिटो छिटो टुङ्ग्याउन खोज्दै उनले फेरि भने, "समय बित्दै गयो, ऊ पढाइमा सधैँ अब्बल हुँदै गयो । पढाइमा मेहनती र अनुशासित विद्यार्थी भएकाले उसलाई सबै शिक्षकहरूले माया गर्ने गर्थे । उसले त्यही विद्यालयबाट प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गऱ्यो । उसको पढाइप्रतिको लगनशीलता र रुचि देखेर त्यही विद्यालयका शिक्षकहरूले सहयोग गरेकाले ऊ राजधानीमा गएर विज्ञान क्याम्पसमा भर्ना भयो । काठमाडौँमा उसले धेरै नै दुःख गऱ्यो । सुरु सुरुका दिनमा ज्यामीको काम पनि गऱ्यो । पछि भने विद्यालय पढ्ने केटाकेटीलाई साँझ बिहान पढाएर आफू क्याम्पसमा पढ्न थाल्यो । यसरी अर्काको घरमा बसेर दुःखसुख काटेर काठमाडौँ आएपछि ऊ आफैँ क्याम्पस पढ्न सक्ने भयो ।"

१९. छोरा विदुरले सोध्यो, "अनि उसले कहाँ जागिर खायो बाबा ?"

२०. डा. कमलले भन्दै गए, "पख न पख, त्यसपछि ऊ विज्ञान विषयमा उत्कृष्ट भयो । सरकारबाट विदेशमा डाक्टरी पढ्न जाने छात्रवृत्ति पाएकाले उसले केही वर्षका लागि नेपाल छाड्यो ।"

२१. छोरी सुनिताले प्रश्न गरी, "हजुर डाक्टर पढ्न गएकै क्याम्पसमा ऊ पढ्न गएको हो बाबा ?"

२२. "हो, ठ्याक्कै, त्यही ठाउँमा ऊ गएको हो नानी । त्यसपछि पाँच वर्षसम्म विदेशमा पढेर डाक्टर बनेर आयो । अहिले दस वर्षदेखि ऊ पनि मैले काम गर्ने अस्पतालमा नै काम गर्छ ।"

२३. छोरी सुनिताले फेरि सोधी, "हजुर साँच्चै उसलाई चिन्नुहुन्छ त बाबा ? भन्नुहोस् न, भन्नुहोस् न भन्या ।" दुवै छोराछोरीले डा. कमलसँग एकै पटक आश्चर्य मानेर प्रश्न गरे ।



---

**शब्दार्थ**

उत्कृष्ट : सबभन्दा राम्रो

२४. "हो, उसलाई म मात्र हैन, तिमीहरूकी मामुले पनि चिनेकी छन् । तिमीहरू दुवैले चिनेका छौ ।" यति भन्दै डा. कमलले आँखाबाट दुई थोपा आँसु तप्प खसाले ।

२५. सुनिताले फेरि सोधी, "अनि उसको बाबा नि ?"

२६. कमलले भने, "ऊ विदेशमा पढ्न जानुअघि नै सीतापुर गएको थियो । उसले घर छाडेको छ महिनामा नै उसको बाबुको मृत्यु भइसकेको रहेछ । आफ्नो बाबुलाई सुखसँग पाल्ने उसको धोको पुरा हुन पाएन ।"

२७. आँखाको आँसु पुछ्दा पुछ्दै छोरी सुनिताले देखिहाली । छोरीले अँध्यारो मुख लगाएर सोधी, "हामीले चिनेको त्यो डा. अङ्कल को हो ? हजुरको असाध्यै मिल्ने साथी हो कि ? उसलाई हजुरले पहिलेदेखि नै चिन्नुभएको हो कि सँगै काम गर्न थालेपछि मात्रै ? बताउनुहोस् न बाबा" उसले निकै जोड गरी ।

२८. आँसुले टम्म भरिएका आँखा पुछ्दै उनले भने, "त्यो डाक्टर अङ्कल म नै हुँ ।"

२९. सुनिता र विदुर दुवै आफ्ना बाबालाई हेरेको हेऱ्यै भए । एकछिनपछि दुवैले उनलाई अँगालो हाले र धेरै बेरसम्म अँगालो हालिरहे । निकै बेरपछि रुन्चे हाँसो हाँस्दै बाबाको गाला मुसार्दै उनीहरूले एक स्वरमा भने, "हजुर जस्तो बाबाको सन्तान हुन पाएकामा हामीलाई गौरव छ ।"

३०. कमलका आँखाबाट बलिन्द्रधारा आँसु खसिरह्यो । उनले आफ्ना दुवै सन्तानलाई अँगालामा बेरे ।

*('डाक्टर अङ्कल' कथा सङ्ग्रहबाट)*

---

**शब्दार्थ**

धोको : चाहना

बलिन्द्रधारा : अटुट

## अभ्यास

### सुनाइ

१. **कथाको दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :**

(क) जाडाका दिन मात्रै केटाकेटीहरू ल्यापटप र आइप्याडमा झुत्ती खेल्छन् ।

(ख) सुनिताले हजुरबा र हजुरआमाबाट कथा सुन्न पाएकी थिइन ।

(ग) डा. कमलले सुनिता र विदुरलाई कथा भन्न लगाए ।

(घ) कमलले कथा भन्न सुरु गरे ।

२. **कथाको तेस्रो अनुच्छेद सुनेर तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) सीतापुर गाउँ कहाँ थियो ?

(ख) त्यस गाउँका मानिसहरूको पेसा के थियो ?

(ग) उनीहरू किसानीबाहेक अरू के काम गर्थे ?

(घ) गाउँलेहरू नुनतेल र लुगाफाटाको जोरजाम कसरी गर्थे ?

(ङ) 'नुनतेल' र 'लुगाफाटो' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

३. **तलको अनुच्छेद सुनेर उत्तर दिनुहोस् :**

बाग्मती अञ्चलको पूर्वतिर जनकपुर अञ्चल पर्छ । दोलखा त्यही अञ्चलको पहाडी जिल्लाको नाम हो । यस जिल्लामा प्रसिद्ध केही स्थलहरू छन् । नेपालको स्विजरल्यान्ड मानिएको जिरी, एसियाको समयको मापक मानिएको गौरीशङ्कर हिमाल आदिले गर्दा दोलखाको प्रसिद्धि दिन प्रतिदिन बढिरहेको छ । त्यसका साथै पर्यटनका दृष्टिले महत्त्वपूर्ण मानिएको कालिन्चोक, धार्मिक पर्यटनका दृष्टिले महत्त्वपूर्ण दोलखा भीमसेन, नेपालकै सबभन्दा ठुलो जल विद्युत् आयोजना भएको तामाकोसी जस्ता कुराले पनि दोलखा प्रसिद्ध नै छ । त्यसका अतिरिक्त जिरेल, सुरेल, थामी जस्ता विविध जातिको आदिभूमि पनि दोलखा नै हो ।

(क) दोलखा कहाँ पर्छ ?

(ख) दोलखा किन प्रसिद्ध छ ?

(ग) गौरीशङ्कर हिमालको विशिष्टता केमा रहेको छ ?

(घ) नेपालको सबभन्दा ठुलो जल विद्युत् आयोजनाको नाम के हो ?

(ङ) दोलखा कुन कुन जातिको आदि थलो हो ?

## बोलाइ

१. तलका शब्दहरूको ठिक उच्चारण गर्नुहोस् :

सदरमुकाम, दुर्दशा, दुर्गति, ठ्याक्कै, ठेकेदार

२. कथामा लेखकले एउटा गरिब टुहुरो केटो डाक्टर बनेको देखाएर कुन कुरा सिद्ध गर्न खोजेका हुन् भन्ने बारेमा कक्षामा छलफल गर्नुहोस् । छलफलपछिको निष्कर्षलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. काठमाडौँमा घरेलु कामदार बनेका उर्गेन र प्रमिलाको दुध किन्ने पसलमा भेट हुन्छ । उनीहरूले आफूले काम गर्ने घरमा आफूहरूप्रति हुने व्यवहारका बारेमा गर्ने कुराकानी लेखी हाउभाउसहित कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईँ आफूलाई भविष्यमा कस्तो बनाउन चाहनुहुन्छ ? यस बारेमा बुँदा बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## पढाइ

१. तलका शब्दसँग त्यसमुनिका वाक्यमा दिइएका रेखाङ्कित शब्दको अर्थ खोजी जोडा मिलाउनुहोस् :

बेहाल, भत्किएको, बिजोग, बादलले ढाकिएको, जम्मा गर्ने काम

..... (क) केही दिनदेखि बादल लागेर दिन धुम्मिएको थियो ।

..... (ख) त्यति टाढासम्म पुगेर गाउँका मानिसहरू नुनतेल र लुगाफाटाको जोरजाम गर्ने गर्दथे ।

..... (ग) त्यस घरका किसान र केटाकेटीहरूको बिचल्ली भयो ।

..... (घ) घरको अवस्था भताभुङ्ग बन्न पुग्यो ।

..... (ङ) उसैबाट आज यस्तो दुर्गति भएको थियो ।

२. आठौँ र नवौँ अनुच्छेदलाई सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न कति समय लाग्यो शिक्षकसँग सोध्नुहोस् ।

३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

नेपाली समाजमा भर्खरै मात्र नयाँपनका केही सङ्केत देखा पर्न थालेका छन् । नेपालमा भएको राजनीतिक परिवर्तनपछि सामाजिक रूपान्तरणका लागि पनि पृष्ठभूमि तयार भइरहेको छ । खास गरी २०४६ सालको परिवर्तनपछि सञ्चारका क्षेत्रमा व्यापक विकास भएको छ । नेपाल पनि एउटै गाउँका रूपमा विकसित भएको विश्वको एउटा अङ्ग बनेको छ । विश्वमा विकसित ज्ञान विज्ञानका हरेक आयामसँग नेपालीको परिचय मात्र नभई घनिष्ठतासमेत बढिसकेको छ । समाजमा अनेकन् विभेदमा परेका जन समुदाय पनि सोही कारणले टाठाबाठा बनिरहेका छन् । यस क्रममा नेपालीहरू पर्याप्त मात्रामा व्यक्तिवादी पनि बनिरहेका छन् । स्वार्थको भावनाले मानिसलाई व्यक्तिवादी बनाउँछ । यो पूर्वीय सभ्यताको विपरीत आचरण हो । असल कुराको साथ लागेर खराब कुरा पनि भित्रिँदा रहेछन् ।

(क) नेपाली समाजमा केका लागि पृष्ठभूमि तयार भइरहेको छ ?

(ख) अहिले विश्वको स्वरूप कस्तो बनेको छ ?

(ग) कस्ता मानिसमा परिवर्तन आउन थालेको छ ?

(घ) सञ्चारको अधिक विकासले देखा परेका नराम्रा कुरा के हुन् ?

(ङ) 'पृष्ठभूमि' र 'आयाम' शब्दहरूको अर्थ शब्दकोशको प्रयोग गरेर लेख्नुहोस् ।

४. **कथाबाट मुख्य मुख्य छ ओटा घटनालाई क्रम मिलाएर टिप्नुहोस् ।**

## लेखाइ

१. **कथा पढी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) बाल बालिका घरमा बस्दाको समय कसरी बिताउन चाहन्छन् ?

(ख) सुनिताले के गुनासो गरी ?

(ग) बाल बालिकाको चरित्र निर्माणमा अभिभावकको भूमिका कस्तो हुनुपर्छ ?

(घ) किसानको घरको अवस्था किन भताभुङ्ग बनेको थियो ?

(ङ) किसानले छोरालाई गाली गर्नुका पछाडिको मर्म के थियो ?

२. **कथाको तेरौँ अनुच्छेदबाट चार ओटा मुख्य मुख्य बुँदा टिपी सारांश लेख्नुहोस् ।**

३. **कथामा प्रस्तुत गरिएको मूल भावको विश्लेषण गर्नुहोस् ।**

४. **व्याख्या गर्नुहोस् :**

(क) सबै दुर्दशा खपेर भए पनि ऊ विद्यालयमा पढ्दथ्यो र आफ्ना बाबुसँग घरमा नै बस्थ्यो ।

(ख) पैसा कमाउने काम उनका लागि कष्टकर थियो ।

५. **डाक्टर कमलले आफ्नो व्यक्तित्व निर्माणका क्रममा गरेका सङ्घर्षबारे आफ्नो धारणा लेख्नुहोस् ।**

६. **'गरिबीबाट मुक्ति' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।**

७. **'मानिसले पूर्ण समर्पित भएपछि मात्रै साँचो अर्थमा लक्ष्य हासिल गर्न सक्छ' भन्ने शीर्षकमा सर्वप्रथम शिक्षकबाट बुँदाहरू प्राप्त गर्नुहोस् । शिक्षकबाट प्राप्त बुँदालाई कथाका रूपमा लेख्नुहोस् ।**

## व्याकरण

१. **तलका कृत् प्रत्यय लगाई दुई दुई ओटा शब्द बनाउनुहोस् :**

उदाहरण : सुन् + आइ = सुनाइ

अक्कड, उवा, इलो, अन्त, ओट, नु, आलु, अक

२. **तलका तद्धित प्रत्ययद्वारा दुई दुई शब्द निर्माण गर्नुहोस् :**

उदाहरण : लेक + आली = लेकाली

आली, इलो, एली, आहा, तव्य, उवा, ता, ति, आलु, ई, ए, औना

३. **तलका शब्दहरूमध्येबाट कृदन्त र तद्धितान्त शब्द छुट्याएर लेख्नुहोस् :**

खाएर, बुझक्कड, खेल्दै, दयालु, बोलेर, पोखरेली, नागरिक, चुनाउ, किटान, पोसिलो, यही, खेलाडी, हारेको, थुनुवा, बनावट, होसियार, नुनिलो, भिक्षुक, खान, खेलेर, हिँड्दै, सहरिया, फटाहा

४. **तल दिइएका शब्दहरूको निर्माण प्रक्रिया देखाई तिनलाई कृदन्त वा तद्धितान्त दुई समूहमा विभाजन गर्नुहोस् :**

चम्किलो, सुन्दरता, गाउँले, हिमाली, रोपाइँ, भिडन्त, फटाहा, दुधालु, मगन्ते, अंशियार, बोलक्कड, पहाडिया, खेलाडी, लागत, पक्राउ, जुनेली, जडान, पोसिलो, मतियार, बढुवा, नुनिलो, मिसावट, भलाइ

५. **तलका अनुच्छेद पढी कालका अपूर्ण पक्ष पहिचान गर्नुहोस् :**

म वि. सं. २०७२ साल बैशाख १२ का दिन बाटामा हिँड्दै थिएँ । घाम लागिरहेको थियो । एक्कासि मानिसहरू कोकोहोलो गरिरहेका देखिए । हावा चलिरहेको थियो । वातावरण धमिलिँदै थियो । एक बथान चरा नमिठो आवाज निकालेर उड्दै थिए । मानिसहरू कोही उभिँदै थिए भने कोही चाहिँ बाटाका बिचमा नै बस्दै थिए । अगाडिको एउटा घर भत्कँदै थियो । त्यतिखेर भुइँचालो आउँदै थियो ।

आज ठूलो भुइँचालो आएको दोस्रो दिन मात्र हुँदै छ । मानिसहरू चौरमा पाल टाँग्दै छन् । डोल्मा किला ठोक्दै छिन् । कल्पना पाल ओसार्दै छिन् भने सीता पानी बाँड्दै छिन् । विश्वनाथ कामको निर्देशन दिइरहेका छन् । निर्मला चाहिँ सामानको रखवारी गर्दै छिन् । म चाहिँ भुइँचालोमा घर भत्कँदा गोडा भाँचिएकाले एकै ठाउँमा बसेर सबैले काम गरेको हेर्दै छु ।

एक महिनापछि त हामी जस्ताको छाना हालेर अस्थायी टहरा बनाउँदै हुने छौँ । बच्चाहरू विद्यालय जाँदै हुने छन् । भुइँचालाका कारणले बन्द भएका विद्यालयहरू पनि खुल्दै हुने छन् । त्यसैले म भने सिन्धुपाल्चोक पुग्दै हुने छु ।

६. हिजोको यसै समयमा तपाइँको परिवारका कुन कुन सदस्यहरू के के गर्दै थिए ? अपूर्ण भूत कालको प्रयोग गरी दस वाक्यमा वर्णन गर्नुहोस् ।

७. वर्तमान समयमा तपाइँका को को साथीहरू के के गर्दै छन् ? अपूर्ण वर्तमान कालको प्रयोग गरी पाँच ओटा वाक्य निर्माण गर्नुहोस् ।

८. भोलिको यसै समयमा तपाइँ के गर्दै हुनुहुने छ, अनुमान गर्नुहोस् र अपूर्ण भविष्यत् कालको प्रयोग गरी पाँच ओटा वाक्यको एउटा अनुच्छेद निर्माण गर्नुहोस् ।

**सिर्जनात्मक कार्य**

१. डाक्टर कमलका दाजु र दिदीको अहिलेको अवस्थाको अनुमान गरी वर्णन गर्नुहोस् ।

२. शिक्षा आर्जनमा गरिबीले पार्ने प्रभावका बारेमा कक्षामा छलफल गरी बुँदा तयार गर्नुहोस् र तिनैका आधारमा एउटा कथा लेख्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

# आङ सान सुकी



१. “संसारका सबै मानिसले स्वतन्त्रताका आधारभूत कुरा चाहेका हुन्छन्, चाहे तिनीहरू बिल्कुलै भिन्न सांस्कृतिक वातावरणमा बाँचेका किन नहुन् ।”

२. माथिको भनाइ नोबेल शान्ति पुरस्कार विजेता आङ सान सुकीको हो । उनी मध्य म्यानमार (बर्मा) को नात्मुक भन्ने ठाउँमा सन् १९४५ जुन १९ मा जन्मेकी हुन् । उनका बाबुको नाम आङ सान र आमाको नाम दा खिन की हो । उनका बाबु आङ सानले म्यानमारलाई सन् १९४७ मा बेलायतको उपनिवेशबाट मुक्त गर्ने कार्यमा मध्यस्थता गरेका थिए । उनी त्यहाँको राष्ट्रिय सेनाका संस्थापक पनि थिए । यसैले बर्मेलीहरू उनलाई स्वतन्त्रताका पिता मान्छन् र राष्ट्रिय विभूतिका रूपमा सम्मान गर्छन् । उनको हत्या सन् १९४७ जुलाई १९ मा भयो । उनकी आमा दा खिन की चाहिँ राजदूत भई सन् १९६० मा भारत र नेपालको राजदूत भएकी थिइन् । त्यसै क्रममा उनी नेपाल पनि आएकी थिइन् । सुकीका दुई जना दाजु थिए । जेठा दाजु आङ सान उले अमेरिकामा गृहस्थी गरे भने कान्छा आङ सान लिनको चाहिँ नौ वर्षकै उमेरमा पानीमा डुबेर मृत्यु भयो ।

३. आङ सान सुकी आफ्नो देश, जनता र प्रजातन्त्र तथा मानव अधिकारका लागि गरेको त्याग, तपस्या र सङ्घर्षकै कारण विश्वमै परिचित छिन् । उनी महात्मा गान्धी जस्तै अहिंसाको राजनीति गर्ने महान् महिला हुन् । उनी सानैदेखि शान्त स्वभावकी थिइन् । उनी अनुशासनपूर्ण जीवन बाँच्न मन पराउँछिन् । उनको औपचारिक शिक्षा मध्य याङ्गुन (रङ्गुन) स्थित सेन्ट फ्रान्सेस कन्भेन्ट स्कुलबाट प्रारम्भ भयो । उनले त्यहाँको मेथडिस्ट इङ्लिस हाइस्कुलमा पनि केही वर्ष अध्ययन गरिन् । सुकीमा सानैदेखि अध्ययनप्रति विशेष अभिरुचि थियो । नौ वर्षको उमेरदेखि नै उनी साहित्यिक किताब पढ्ने र नियमित दैनिकी लेख्ने गर्थिन् । दैनिकी लेख्दा उनी आफूले पढेका किताबका बारेमा पनि टिप्पणी

---

**शब्दार्थ**

आधारभूत : मूलभूत

विभूति : राष्ट्रको सर्वमान्य व्यक्ति

टिप्पणी : प्रतिक्रिया

गर्थिन् । उनी त्यस बेलादेखि नै भगवान् बुद्धको प्रार्थना गर्थिन् । बुद्धको त्याग, समर्पण र ज्ञानमा उनको ठुलो विश्वास छ । उनमा आदर्श विचार छ, उनी विचारशील नारी हुन् । उनका विचारलाई आध्यात्मिक, सामाजिक र राजनीतिक गरी तिन समूहमा विभाजन गर्न सकिन्छ । त्यसमा पनि अहिले उनको जीवन राजनीतिमय बनेको छ । राजनीतिक सङ्कटबाट देशलाई मुक्त गर्न उनी अहोरात्र सङ्घर्षशील छिन् ।

४. म्यानमार सन् १९४८ को अक्टोबरमा ब्रिटिस उपनिवेशबाट स्वतन्त्र भयो । त्यसपछि पनि देशको अवस्थामा खासै सुधार हुन सकेन । एउटा सक्षम सरकार र सशक्त नेतृत्वका अभावले गर्दा देश युद्ध र गरिबीले ग्रस्त भयो । सरकारले कुनै नियम कानुनलाई लागु गर्न पनि सेना नै परिचालन गर्नुपर्‍यो । प्रधान मन्त्री उ नुले सन् १९५८ मा आफ्नो कार्यकारी अधिकार सेनालाई जिम्मा लगाए । देशमा केही अमनचैन कायम भएपछि सन् १९६० मा सेना ब्यारेकमा फर्कियो । त्यही वर्ष सुकीकी आमा दा खिन की भारत र नेपालका लागि राजदूत भइन् ।

५. दा खिन कीले आफू दिल्ली आउँदा छोरी आङ सान सुकीलाई पनि साथमै ल्याइन् । सुकीको पढाइ अब दिल्लीका विद्यालयमा नै हुने भयो । सुकीले दिल्लीस्थित कन्भेन्ट जेसस र कन्भेन्ट मेरी स्कुलबाट विद्यालयको पढाइ पुरा गरिन् । अनि उनी दिल्लीकै लेडी श्रीराम कलेजमा भर्ना भइन् । कला, संस्कृतिमा अभिरुचि राख्ने सुकी त्यहाँ नाटक कार्यक्रममा पनि भाग लिने गर्थिन् । उनले त्यस कलेजमा सन् १९६४ सम्म राजनीति शास्त्रको अध्ययन गरिन् । आङ सान सुकी दिल्लीमा रहँदा आफ्नो देशकी राजनीतिका बारेमा पनि विशेष जानकारी राख्ने गर्थिन् । सैनिक प्रमुख ने विनबाट बर्मा सङ्घको अखण्डताको बहानामा सन् १९६२ मा फेरि सैनिक शासन लागु भयो । उनले तत्कालीन उ नुको प्रजातान्त्रिक सरकार र देशको सम्पूर्ण राजनीतिक गतिविधिमा नै प्रतिबन्ध लगाए । यो काम उनले बिना रक्तपात सम्पन्न त गरे तर यो कार्य इतिहासमै राष्ट्र घातक हो भन्ने कुरा सुकीलाई त्यति बेलै लागेको थियो ।

६. आङ सान सुकी सन् १९६४ पछि उच्च तहको अध्ययनका लागि बेलायतको राजधानी लन्डन गइन् । उनले त्यहाँको अक्सफोर्ड स्थित सेन्ट हग कलेजमा राजनीति शास्त्रका साथै दर्शन शास्त्र र अर्थशास्त्र पनि पढिन् । उनले त्यहाँकै लन्डन विश्व विद्यालयको स्कुल अफ ओरिएन्टल एन्ड

---

**शब्दार्थ**

समर्पण : सुम्पिने काम

अहोरात्र : दिनरात

कार्यकारी : काम गर्ने

अखण्डता : एक हुनाको अवस्था

बहाना : देखावटी, निहुँ

घातक : घात गर्ने, हानि गर्ने

शास्त्र : ग्रन्थ, विज्ञान

अवलम्बन : पालना

अफ्रिकन स्टडिजबाट आधुनिक बर्मेली साहित्यमा एम. फिल. पनि गरिन् । आङ सान सुकीको लगभग अढाइ दशक समय देशबाहिर बितेको छ । सन् १९६९ देखि १९७२ सम्म उनले अमेरिकाको न्युयोर्क अवस्थित संयुक्त राष्ट्र सङ्घको कार्यालयमा जागिर खाइन् । बेलायती नागरिक माइकल एरिससँग सन् १९७२ को जनवरीमा उनको विवाह भयो । विवाहपछि उनले संयुक्त राष्ट्र सङ्घको जागिर छाडिन् । उनका अलेक्जेन्डर एरिस र किम एरिस नामक दुई छोरा जन्मे । उनले आफ्ना छोराहरूलाई बर्मेली संस्कारअनुसार नै पालन पोषण गरिन् र बौद्ध धर्म तथा परम्परा अवलम्बन गर्न उनीहरूलाई अभिप्रेरित गरिन् । उनका श्रीमान् माइकल एरिस पनि हिमाली संस्कृति, एसियाली नैतिक मूल्य र तिब्बती सभ्यता मन पराउँथे । उनी तिब्बतको बौद्ध धर्म र बौद्ध दर्शनका विशेष ज्ञाता थिए ।

७. आङ सान सुकीले श्रीमान्का साथमा नेपाल, भुटान, तिब्बत, जापान र भारतका हिमाली क्षेत्रको भ्रमण गरिन् । उनले त्यहाँको भौगोलिक, सामाजिक र राजनीतिक अवस्थाको अनुभव पनि हासिल गरिन् । उनको भ्रमणको प्रमुख उद्देश्य भने बौद्ध संस्कृति र धर्मका बारेमा विशेष ज्ञान हासिल गर्नु थियो । यस सिलसिलामा श्रीमान् र छोरा अलेक्जेन्डर र एरिसलाई साथमा लिई उनी केही समय म्यानमारमा रहिन् । आमा दा खिन की पनि सन् १९६७ पछि आफ्नै घरमा थिइन् । सुकीले त्यस बेला सैनिक सरकारसँग रुष्ट व्यक्ति, राजनीतिज्ञ, सेवाबाट बर्खास्त अधिकारी र म्यानमार स्थित विदेशी कुटनीतिज्ञसँग भेटघाट गरिन् । भेटघाटका क्रममा उनले देशको राजनीतिक विषयमा कुराकानी गरिन् ।

८. विभिन्न देशहरूको अध्ययन भ्रमणपछि आङ सान सुकी लन्डनमा रहिन् । त्यहाँ रहँदा उनले आफ्ना छोराहरूको पढाइमा ध्यान दिइन् । यसै अवसरमा उनले यात्रा संस्मरणका रूपमा लेट्स भिजिट नेपाल, लेट्स भिजिट भुटान र लेट्स भिजिट जापान नामका बालोपयोगी कृतिहरू लेखिन् । उनले आफ्ना बुबा आङ सानको जीवनी अस्ट्रेलियाबाट प्रकाशन गरिन् । त्यसपछि उनले निबन्धकार हग रिचार्डसनका तिब्बत र बौद्ध धर्म सम्बन्धी निबन्धहरू सङ्कलन गरी तिनलाई सङ्ग्रहका रूपमा प्रकाशन गरिन् । उनले अक्सफोर्डको चर्चित पुस्तकालय 'बोडियन' मा बर्मेली साहित्यको सङ्कलन हेर्ने गरी काम पनि गरिन् ।

९. आङ सान सुकी सबै कामलाई उत्तिकै महत्त्व दिन्थिन् र सानैदेखि काम गर्नमा उनी असाध्यै रमाइलो मान्थिन् । म्यानमारमा गएर राजनीति गर्नुपर्ने कुराप्रति भने उनी जहाँ जस्तो अवस्थामा हुँदा पनि विचार गर्थिन् । म्यानमारको राजनीतिमा विशेष चासो राख्नेहरू विचार विमर्शका लागि उनी कहाँ

---

**शब्दार्थ**

अवलम्बन : ग्रहण, धारण

मूल्य : महत्त्व, गरिमा, महिमा

कुटनीतिज्ञ : पारस्परिक सम्बन्ध कायम गर्न जान्ने व्यक्ति

कृति : पुस्तक, रचना

विमर्श : छलफल, परामर्श

आउँथे र सैनिक सरकारलाई गाली गर्थे । यो प्रवृत्ति सुकीलाई त्यति उपयुक्त लाग्दैनथ्यो । 'बाहिर बसेर देश चलाउनेलाई गाली गर्नुभन्दा त्यहीँ बसेर देश बनाउने अभियानमा लाग्नुपर्छ' भन्ने उनको विचार थियो । उनले बर्माको स्वतन्त्रता सङ्ग्रामका बारेमा जापानमा रहेर अनुसन्धानमूलक अध्ययन गर्ने अवसर पनि प्राप्त गरिन् । म्यानमारको राजनीतिप्रति बढी दायित्व बोध पनि उनलाई जापानमा अध्ययन गर्दा नै भयो ।

१०. आङ सान सुकी सन् १९८८ मा बिरामी आमाको हेरचाह गर्न आफ्नो देश म्यानमार आइन् । त्यस बेला देशमा सैनिक शासनको विरोधमा प्रजातान्त्रिक आन्दोलनले उग्र रूप लिएको थियो । प्रजातन्त्रका पक्षधर हजारौँ विद्यार्थीले आन्दोलनमा ज्यान गुमाएका थिए । उनका लागि आमाको अवस्थाभन्दा देशको दुर्दशा बढी पीडा दायक बन्यो । यसैले देशको प्रजातान्त्रिक आन्दोलनमा उनी समाहित भइन् । राजधानी स्थित स्वेडागन प्यागोडा परिसरमा उनले सन् १९८८ अगस्त ८ मा ऐतिहासिक जनभेलालाई सम्बोधन गरेर प्रजातान्त्रिक सरकारको पुनर्बहालीका लागि एकजुट हुन सबैलाई आह्वान गरिन् । आफू राजनीतिमा प्रवेश गरेको घोषणा पनि उनले त्यहीँ सुनाइन् । यसपछि देश, प्रजातन्त्र र जनताका हितमा उनी यति दत्तचित्त भइन् कि उनका सम्पूर्ण क्रियाकलापहरू अर्जुन दृष्टि जस्तै यसै सम्बन्धमा केन्द्रित भए ।

११. आङ सान सुकीले २४ सेप्टेम्बर १९८८ मा 'नेसनल लिग फर डेमोक्रेसी' नामक राजनीतिक दल गठन गरिन् । यसको नेतृत्व उनी आफैँले लिइन् । यस दलले महात्मा गान्धी र बुद्धको अहिंसावादी सिद्धान्त अवलम्बन गर्ने नीति लियो । यस दलको मुख्य उद्देश्य देशमा प्रजातान्त्रिक समाजवाद लागु गर्नु हो । यसै उद्देश्य र नीतिका आधारमा जनतालाई देशको अवस्थाप्रति सचेत गर्न देशका विभिन्न भागमा गएर उनले भाषण गरिन् । उनी सन् १९६२ मा सैनिक शासन लागु हुँदादेखि नै त्यसको विरोधमा उभिएकी थिइन् । सैनिक सरकारले उनलाई समुदायको शान्ति र स्थायित्वमा खलल पुऱ्याउने कार्य गरेको भन्ने आरोप लगायो र जुलाई २०, १९८९ मा उनकै घरमा नजरबन्द गऱ्यो ।

१२. म्यानमारका जनताले पटक पटक भएको निर्वाचनमा लोकतन्त्र र मानव अधिकारका पक्षमा उच्च जनमत प्रदर्शन गरेका थिए । त्यहाँको सैनिक शासक भने त्यो जनमत कार्यान्वयन गर्न तत्पर भएन । सैनिक सरकारले आङ सान सुकीको नेतृत्वमा भएको सघन, व्यापक र प्रभावकारी आन्दोलनलाई साम्य पार्न सन् १९९० मा आम निर्वाचन त गरायो । सुकीले नेतृत्व गरेको जननिर्वाचित सरकारलाई सत्ता भने हस्तान्तरण गरेन । यसबाट सुकीका पक्षमा अन्तर्राष्ट्रिय क्षेत्रमा

---

**शब्दार्थ**

दायित्व : कर्तव्य, जिम्मेवारी

दुर्दशा : खराब अवस्था

आह्वान : अपिल, आग्रह

अर्जुन दृष्टि : अर्जुनको जस्तो दृष्टि

नजरबन्द : तोकेको ठाउँबाट बाहिर निस्कनमा प्रतिबन्ध

व्यापक जनमत तयार भयो । त्यसले सैनिक सरकारको ठुलो भर्त्सना गऱ्यो, यसलाई पनि सैनिक सरकारले सुनेन । प्रजातन्त्र, मानव अधिकार र शान्तिप्रति आङ सान सुकीको विचार र निष्ठालाई कदर गर्दै सन् १९९१ मा उनलाई नोबेल शान्ति पुरस्कार प्रदान गरियो । उनले यस पुरस्कारको राशि १३ लाख अमेरिकी डलर म्यानमारका जनताको शिक्षा र स्वास्थ्यमा खर्च गर्ने गरी ट्रस्टलाई प्रदान गरिन् । नजरबन्दको जीवनलाई धैर्यपूर्वक व्यतित गर्न यस पुरस्कारले उनलाई सहयोग गऱ्यो । यसले म्यानमारप्रति विश्वको ध्यानाकर्षण पनि गरायो ।

१३. आङ सान सुकी पटक पटक गरी करिब २१ वर्ष नजरबन्द भइन् । नजरबन्दमा रहँदा उनले आफ्ना स्वदेशी समर्थक र अन्तर्राष्ट्रिय शुभ चिन्तकसँग भेटघाट र कुराकानी गर्नसमेत पाइनन् । पत्रकार तथा परिवारका सदस्यहरूलाई समेत भेट गर्न दिइएन । उनका श्रीमान् माइकल एरिसको क्यान्सर रोगबाट सन् १९९९ मा मृत्यु भयो । सानो घेरामा ठुलो सैनिक भिड खडा गरेर उनलाई नजरबन्दमा राखिएको थियो । म्यानमारको सेना समर्थित जुन्ता सरकारले उनलाई राजनीतिबाट पाखा लगाउन अनेक उपाय अपनायो । उनी भने प्रजातन्त्रको पक्षमा अडिग भई रहिन् ।

१४. म्यानमारमा सन् २०१० मा सेना समर्थित राष्ट्रपति थिएनन्, त्यसले गर्दा त्यहाँ केही राजनीतिक सुधारको प्रारम्भ भयो । यस सिलसिलामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै तर्फबाट आङ सान सुकीलाई रिहा गराउन भरमग्दुर प्रयास भयो । सुकीले पनि नजरबन्दमा रहँदा सैनिक सरकारले लागु गरेका नियम पूर्ण पालन गरी अदालतले तोकेको नजरबन्दको अवधिसमेत भुक्तान गरेकी थिइन् । फलस्वरूप १३ नोभेम्बर २०१० मा उनीलगायत सबै राजनीतिक बन्दीलाई रिहा गर्न सैनिक सरकार बाध्य भयो । सैनिक सरकारले राजनीतिक दलमाथिको प्रतिबन्ध पनि हटायो र विदेशमा रहेका राजनीतिक शरणार्थीलाई समेत माफी दियो । देशमा प्रजातान्त्रिक समाजवादको पूर्ण कार्यान्वयन भई नसकेका कारण प्रतिपक्षी नेतृका रूपमा आङ सान सुकीको सङ्घर्ष अहिले पनि उत्तिकै जारी छ ।

१५. नेपालमा आङ सान सुकीको पछिल्लो भ्रमण सन् २०१४ जुन १३ मा भयो । त्यस अवसरमा उनले संविधान सभामा सभासद्लाई सम्बोधन गर्दै संविधानको संशोधन प्रक्रिया सरल हुनुपर्ने कुरा व्यक्त गरिन् । भ्रमणको त्यस अवसरमा उनी नागरिक अभिनन्दनका साथै डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कारले सम्मानित पनि भइन् । उनी विश्व समुदायमा उदाहरणीय नारी व्यक्तित्वका रूपमा स्थापित भएकी छन् ।

---

**शब्दार्थ**

भर्त्सना : निन्दा, गाली

निष्ठा : आस्था, श्रद्धा

राशि : रकम, अङ्क

रिहा : मुक्ति

प्रतिबन्ध : बन्देज, रोक

सभासद् : परिषद्का सदस्य

संशोधन : सुधार

अभिनन्दन : सत्कार, सम्मान

**अभ्यास**

**सुनाइ**

१. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र निम्न लिखित प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) आङ सान सुकी कहिले कहाँ जन्मिइन् ?

(ख) आङ सान र आङ सान उ ककसको नाम हो ?

(ग) दा खिन की कहाँका लागि राजदूत भइन् ?

(घ) आङ सान सुकीका कान्छा दाजु कसरी मरे ?

(ङ) बर्मेलीहरू कसलाई स्वतन्त्रताका पिता भन्छन् ?

२. पाठको चौथो तथा पाँचौँ अनुच्छेद सुन्नुहोस् र निम्न लिखित भनाइमा कुन ठिक र कुन बेठिक छुट्याउनुहोस् :

(क) म्यानमार सन् १९४८ मा जापानबाट स्वतन्त्र भएको हो ।

(ख) म्यानमारमा सैनिक शासन सन १९६२ बाट लागु भएको थियो ।

(ग) आङ सान सुकी सन् १९६० मा आमासँग दिल्ली आइन् ।

(घ) सन् १९५८ मा म्यानमारका प्रधान मन्त्री ने बिन थिए ।

(ङ) आङ सान सुकी दिल्लीमा रहँदा पनि म्यानमारको राजनीतिका बारेमा जानकारी राख्थिन् ।

३. पाठको दोस्रो अनुच्छेदको श्रुति लेखन गर्नुहोस् ।

**बोलाइ**

१. शिक्षकका निर्देशनमा निम्न लिखित शब्दहरूको शुद्धसँग उच्चारण गर्नुहोस् :

स्वतन्त्रता, कार्यान्वयन, प्रजातन्त्र, स्थायित्व, प्रतिबन्ध, अन्तर्राष्ट्रिय, शरणार्थी

२. पाठको पहिलो अनुच्छेदको आशय मौखिक रूपमा विश्लेषण गर्नुहोस् ।

३. पाठको पाँचौँ तथा छैटौँ अनुच्छेदका आधारमा निम्न लिखित प्रश्नको उत्तर मौखिक रूपमा दिनुहोस् :

(क) आङ सान सुकीले दिल्लीका कुन कुन स्कुलमा पढिन् ?

(ख) लेडी श्रीराम कलेजमा सुकीले कुन विषय कहिलेसम्म पढिन् ?

(ग) सुकी लेडी श्रीराम कलेजमा पढ्दा कुन कार्यक्रममा भाग लिन्थिन् ?

(घ) आङ सान सुकीले लन्डनको सेन्ट हग कलेजमा कुन कुन विषय पढिन् ?

(ङ) सुकीले के विषयमा एम.फिल. गरेकी छन् ?

४. आङ सान सुकी महान् महिला हुन् भन्ने बारेमा कक्षामा छलफल गर्नुहोस् ।

५. आङ सान सुकीको जीवनी सारांशमा सुनाउनुहोस् ।

६. कुनै परिचित समाज सेवीको जीवनीका बारेमा कक्षामा कुराकानी गर्नुहोस् ।

### पढाइ

१. पाठका अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

२. पाठको एघारौँ अनुच्छेद मौन पठन गरी त्यहाँका विषय वस्तुलाई बुँदाका रूपमा टिपोट गर्नुहोस् ।

३. पाठको आठौँ तथा नवौँ अनुच्छेद पढ्नुहोस् र निम्न लिखित प्रश्नको उत्तर दिनुहोस् :

(क) सुकीका बालोपयोगी कृतिहरू कुन कुन हुन् ?

(ख) सुकीले कसको जीवनी लेखेकी छन् र त्यो कहाँबाट प्रकाशन गरेकी हुन् ?

(ग) हग रिचार्डसन कुन विधाका लेखक हुन् ?

(घ) आङ सान सुकी लन्डनको बोडियन पुस्तकालयमा के काम गर्थिन् ?

(ङ) आङ सान सुकीलाई राजनीतिक व्यक्तिहरूको कस्तो नीति मन पर्दैन ?

४. तलका रेखाङ्कित शब्दको अर्थ कोष्ठबाट छान्नुहोस् :

(क) आन्दोलनले उग्र रूप लिएको थियो । (विशाल, चर्को, धेरै)

(ख) सुकीको अध्ययनप्रति विशेष अभिरुचि थियो । (प्रेरणा, लक्ष्य, चाख)

(ग) आङ सानले धेरै लडाइँ लडेका थिए । (युद्ध, आन्दोलन, विद्रोह)

(घ) उनको सम्मान सहिद तथा विभूतिका रूपमा हुन्छ । (अभिमान, महत्त्व, आदर)

५. पाठका आधारमा जोडा मिलाउनुहोस् :

| समूह (क) | समूह (ख) |
|---|---|
| स्वतन्त्रताका पिता | हग रिचार्डसन् |
| राजदूत | आङ सान सुकी |
| नोबेल पुरस्कार विजेता | आङ सान |
| बौद्ध दर्शनका ज्ञाता | ने बिन |
| सैनिक प्रमुख | माइकल एरिसन |
| म्यानमारका प्रधान मन्त्री | उ नु |
| निबन्धकार | दा खिन की |

## लेखाइ

१. **तलका प्रश्नको उत्तर सङ्क्षेपमा लेख्नुहोस् :**

(क) आङ सान सुकीको बाल्यकाल सम्बन्धी चिनारी के हो ?

(ख) सुकी दिल्ली रहँदाका उल्लेखनीय कुराहरू के के हुन् ?

(ग) आङ सान सुकीले आफ्ना श्रीमान्सँग कुन कुन देशको भ्रमण गरिन् ?

(घ) आङ सान सुकीले राजनीतिमा प्रवेश गरेको घोषणा कहिले र किन गरिन् ?

(ङ) सुकीको 'नजरबन्द' जीवनले म्यानमारको राजनीतिमा कस्तो प्रभाव पऱ्यो ?

(च) नेपाल र आङ सान सुकीको सम्बन्ध कुन रूपमा विकास भएको छ ?

२. **पाठको अन्तिम अनुच्छेद अनुलेखन गर्नुहोस् ।**

३. **निम्न लिखित उद्धरणको व्याख्या गर्नुहोस् :**

(क) संसारका सबै मानिसले स्वतन्त्रताका आधारभूत कुरा चाहेका हुन्छन्, चाहे तिनीहरू बिल्कुलै भिन्न सांस्कृतिक वातावरणमा बाँचेका किन नहुन् ।

(ख) बाहिर बसेर देश चलाउनेलाई गाली गर्नुभन्दा त्यहीं बसेर देश बनाउने अभियानमा लाग्नुपर्छ ।

४. **पाठमा प्रयोग भएका निम्न लिखित पारिभाषिक शब्द र तिनका अर्थका बिचमा जोडा मिलाउनुहोस् :**

| शब्द समूह | अर्थ समूह |
|---|---|
| कलेज | मित्र राष्ट्रका लागि पठाइएको राज्यको प्रतिनिधि |
| सरकार | जीवन र जगतलाई चिनाउने विद्या |
| प्रजातन्त्र | उच्च शिक्षा हासिल गर्ने शिक्षण संस्था |
| सेना | राज्यले सुरक्षाका लागि तैनाथ गरेका जवानको समूह |
| उपनिवेश | जन प्रतिनिधिद्वारा गरिने शासन व्यवस्था |
| राजदूत | देशको शासन सञ्चालन गर्ने राज्यको महत्त्वपूर्ण अङ्ग |
| दर्शन | शक्तिशाली देशले अन्य देशमा आधिपत्य जमाउनु |

५. तलका शब्द पाठमा खोज्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

राजनीति, दशक, सङ्घ, कार्यालय, साहित्य, कानुन, अभियान, आन्दोलन, नजरबन्द, समाजवाद

६. पाठका आधारमा आङ सान सुकीको जीवनीमा घटेका प्रमुख घटनाहरूको वर्णन गर्नुहोस् ।

७. तलका अनुच्छेदमा रहेका त्रुटिहरू सच्याउनुहोस् :

ग्यान विज्ञानमा धनि म्याडम क्युरीको वीद्यार्थी जिवन अर्थ अभाबका कारण निकै कस्ट मय थियो । उनका ती दिन अँध्यारो चिरो सानो कोठा मा चिया विस्कुटका भरमा बित्थे । उनलाई बिश्व विद्यालयको खर्च धान्न धौ धौ थियो । उनि धेरै कमजोरीले मुर्छा समेत परेका थिए । तर पनि उनी दिनरात अध्ययनमा ब्यस्त हुन्थिन् ।

**व्याकरण**

१. तलको तालिकामा समस्त शब्दका केही उदाहरण छन् । तपाईं पनि विभिन्न पाठहरूबाट त्यस्ता समस्त शब्द सङ्कलन गरी र शिक्षकलाई देखाउनुहोस् :

| विग्रह | समस्त शब्द | वाक्यमा प्रयोग |
|---|---|---|
| छात्र र छात्रा | छात्रछात्रा | छात्रछात्रा अनुशासित छन् । |
| दुई मनको समूह | दोमन | ऊ घर जान दोमन गर्छ । |
| गुरु आमा | गुरुमा | गुरुमा सबैलाई माया गर्नुहुन्छ । |
| प्रत्येक दिन | प्रतिदिन | विद्यार्थीले प्रतिदिन पढ्नुपर्छ । |
| कर्म रहित | अकर्मक | अकर्मक क्रियाले कर्म लिँदैन । |
| कक्षाका लागि कोठा | कक्षाकोठा | विद्यालयमा दस कक्षाकोठा छन् । |

२. समस्त शब्दको निर्माण गर्नुहोस् :

माना र पाथी - ................ सानी नानी - ................

भानिज दाइ - ................ रातमा अन्धो - ................

लामा कान भएको - ................ बाढीले पीडित - ................

चार कुना भएको - ................ अभावले ग्रस्त - ................

शक्ति भए सम्म - ................ लाज नभएको - ................

३. **तलका शब्दहरूबाट समस्त शब्द मात्र कापीमा सार्नुहोस् :**

प्रेमपूर्ण, वनवास, उपकार, जीवन धन, पापपुण्य, मुर्ख्याइँ, खै खै

४. **तलका समस्त शब्दलाई विग्रह गर्नुहोस् :**

शक्तिहीन, नदीकाट, अकाल, ग्रन्थकार, कालीमाटी, भाइ बहिनी, दिनभर, वारिपारि, हात्ती पाइले, त्रिवेणी

५. **उपयुक्त उत्तरमा ठिक (√) चिह्न दिनुहोस् :**

(क) पूर्ण भूतकालको वाक्य कुन हो ?

- कवि काव्य लेख्छन् ।
- कविले काव्य लेखेका थिए ।
- कवि कविता लेख्दै छन् ।

(ख) पूर्ण वर्तमान कालको वाक्य कुन हो ?

- भरियाले भारी बोक्यो ।
- भरिया भारी बोक्छ ।
- भरियाले भारी बोकेको छ ।

(ग) पूर्ण भविष्यत् कालको वाक्य कुन हो ?

- तिमी दसैँमा आउने छौ ।
- हामीले दसैँमा पिङ खेलेका हुने छौँ ।
- मैले जाँचमा यसपटक राम्रो गरेको छु ।

६. **कोष्ठकमा दिएको निर्देशनका आधारमा वाक्यमा भएको खाली ठाउँ भर्नुहोस् :**

(क) लेकमा लाली गुराँस .................................... । (फुल् : पूर्ण वर्तमान)

(ख) आज आकासमा बादल ............................ । (लाग् : पूर्ण वर्तमान)

(ग) गत वर्ष धेरै मकै ............. । (फल् : पूर्ण भूत)

(घ) हामीले असारमा रोपाइँ .................... । (गर् : पूर्ण भूत)

(ङ) तिमी परीक्षामा सफल .............. । (हु : पूर्ण भविष्यत्)

७. उदाहरणका आधारमा तलका धातुबाट क्रियापद बनाउनुहोस् :

उदाहरण : जा : गएको थियो, गएको छ, गएको हुने छ

धु, पकाउ, खा, नुहाउ, सुत्, रु, ठोकि, किन्, बेच्

८. तलका कृदन्त शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लेखेका, पढेकी, खेलेको, गएकी, उठेका, हिँडेको, खनेका, काटेकी

९. आफूले मनाएको चाडका सम्बन्धमा पूर्ण पक्षका क्रियापद प्रयोग गरी एक अनुच्छेद लेख्नुहोस् ।

१०. तलको तालिकामा 'नाच' धातुका विभिन्न रूपहरू पढ्नुहोस् र त्यसैअनुसार तपाइँ पनि 'जा' धातुका रूपहरू तयार गर्नुहोस् :

| पुरुष | एक वचन | | बहु वचन | |
|---|---|---|---|---|
| | करण | अकरण | करण | अकरण |
| प्रथम | म नाच्छु । | म नाच्दिनँ । | हामी नाच्छौँ । | हामी नाच्दैनौँ । |
| द्वितीय | तँ नाच्छस् ।<br>तँ नाच्छेस् ।<br>तिमी नाच्छौ ।<br>तिमी नाच्छ्यौ । | तँ नाच्दैनस् ।<br>तँ नाच्दिनस् ।<br>तिमी नाच्दैनौ ।<br>तिमी नाच्दिनौ । | तिमीहरू नाच्छौ ।<br>तपाईं/हरू नाच्नुहुन्छ । | तिमीहरू नाच्दैनौ ।<br>तपाईं/हरू नाच्नुहुन्न । |
| तृतीय | ऊ नाच्छ ।<br>ऊ नाच्छे । | ऊ नाच्दैन ।<br>ऊ नाच्दिन ।<br>उनी नाच्छन् ।<br>उनी नाच्छिन् । | उनीहरू नाच्छन् ।<br>उहाँ/हरू नाच्नुहुन्छ ।<br>उनी नाच्दैनन् ।<br>उनी नाच्दिनन् । | उनीहरू नाच्दैनन् ।<br>उहाँ/हरू नाच्नुहुन्न । |

११. स्त्रीलिङ्गी क्रियापदको प्रयोग गरेर महिला साथीका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

### परियोजना कार्य

१. आफ्ना एक जना निवृत्त शिक्षकका गुणदोषसमेत औँल्याई जीवनी तयार गर्नुहोस् ।

२. तपाईंको गाउँघरकै महिला समाज सेवीको जीवनी उनीसँग नै सोधेर लेख्नुहोस् ।

## पाठ १३ सय रङ इन्द्रेनी

*वासुदेव त्रिपाठी*

गाउँ मेरै सहर मेरै मैले रच्ने सुख नै हो
मैले ज्युँने पौरख गर्ने यै देश यै समाज नै हो
आँसु नहोस् पीडा नहोस् मुस्कुराउँदा जीवन मिठो
मिलीजुली ज्युँदा खेरि भरोसाको रस मिठो । १ ।

जहाँ फुल्यो सयपत्री हजारी फुल त्यहाँ फुल्यो
मानिसको सिर्जनामा समाज हो कति ठुलो
भारापर्म ऐँचोपैँचो आँटोपिठो सिस्नो मिठो
जसको घरमा जे पाक्यो त्यो अमृतभन्दा मिठो ।२ ।



के हो साइनो बताइदेऊ गौरा सीता भृकुटीको
सलहेश फुलबारी बुद्ध जनक उपवन यो
मञ्जुश्रीको यलम्बरको रचनाको रस मिठो
भावनाले भिजेपछि जुनै कुरा पनि मिठो । ३ ।

आर्य मङ्गोल खस किरात थारु यादव शूरवीरको
पाइलाको डोब प्यारो गोर्खा जाति विश्ववीरको
सयौँ जाति थर पाछा मिलीजुली पौरख मिठो
दिलको माया मोह मिठो समाजको साइनो मिठो । ४ ।

---

**शब्दार्थ**

पौरख : उद्यम, कमाइ

भारापर्म : खेतीपातीको बेला एक अर्कामा गरिने कामदारको ऐँचोपैँचो, खेताला लाग्ने आलोपालो

ऐँचोपैँचो : खाँचो टार्न कुनै सामान लिने दिने प्रचलन

आँटोपिठो : रुखासुखा खानेकुरा

सलहेश फुलबारी : सलहेशले बनाएको सिराहा जिल्लामा रहेको फुलबारी

मञ्जुश्री : काठमाडौँ उपत्यकामा बस्ती बसाउने प्राचीन व्यक्ति

यलम्बर : किँरात वंशका पहिलो राजा

शूरवीर : बहादुर, पराक्रमी

डोब : गहिरो वा खाल्डो परेको चिह्न, डाम

पाछा : थर, उपथर

मिथिला र कपिलवस्तु चाँगु सिन्जा अजैमिरको
डोब प्यारो पाल्पा मुस्ताङ नाम्चे सिमरौनगढको
सयौँ भाषा भेष भूषा संस्कृतिको रस मिठो
सबै मिली होस्टे हैँसे सहसृजन जोस मिठो । ५ ।



हिमाल पहाड तराई मधेस जोड्ने सिप प्रकृतिको
जसले रचे तिनलाई प्रणाम् ती पुर्खाको देश हो नासो
जुनै थातथलो जिऊँ सृष्टिरस उस्तै मिठो
वरगाछी पीपलगाछी चौतारीको शीतल मिठो । ६ ।

तिमी म त आउने जाने रहने यो समाज नै हो
कसले के नै साथ लग्ने सिर्जे जति नेपालकै हो
मानिसको नाता प्यारो मिलीजुली ज्युँनु मिठो
चाचाचाची तता आमै जुनै नाता पनि मिठो । ७ ।



जन्म्यो हुर्क्यो देख्यो भेट्यो समाजै हो सबै साइनो
रोजीरोटी भेटघाट मिठो देशै जोड्ने लागी साइनो
कहीँ बाहिर नेपालीलाई देख्नु भेट्नु कति मिठो
द्वन्द्व हैन देश प्यारो दिलको दोस्ती संवाद मिठो । ८ ।

---

शब्दार्थ

सिन्जा : नेपाली भाषाको उत्पत्ति थलो, प्राचीन खस साम्राज्यको राजधानी

अजैमिर : प्राचीन डोटी राज्यको राजधानी

सिमरौनगढ : बारा जिल्लामा रहेको ऐतिहासिक गढी

सहसृजन : साझा सिर्जना

नासो : अर्कालै सुरक्षित राख्न दिएको वस्तु

सिर्जे : सिर्जना गरिएको

चाचाचाची : काकाकाकी

तता : दिदी

दोस्ती : मित्रता

## अभ्यास

### सुनाइ

१. पाठको पहिलो श्लोक सुनी ठिक बेठिक छुट्याउनुहोस् :

(क) गाउँ पनि हाम्रै हो सहर पनि हाम्रै हो ।

(ख) जसरी पनि मान्छेले आखिर दुःख नै रच्ने हो ।

(ग) यही देशमा हामी जिउनुपर्छ, यहीँ पौरख गर्नुपर्छ ।

(घ) आँसु र पीडाबिनाको मुस्कुराहटमा नै जीवन मिठो हुन्छ ।

(ङ) जीवनमा एक अर्काको भरोसा आवश्यक पर्दैन ।

२. पाठको दोस्रो श्लोक सुनी तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सयपत्री फुलेको ठाउँमा फुल्ने अर्को फुल कुन हो ?

(ख) समाज कसको सिर्जना हो ?

(ग) भारापर्म र ऐँचोपैँचोलाई मिठो मान्नाको आशय के हो ?

(घ) तपाईँलाई आँटोपिठो र सिस्नो कस्तो लाग्छ ?

(ङ) घरमा जे पाक्यो त्यसलाई अमृतभन्दा मिठो मान्नाका कारण के हुन् ?

३. पाठका चौथो र पाँचौँ श्लोकको श्रुति लेखन गर्नुहोस् ।

### बोलाइ

१. पाठको सातौँ र आठौँ श्लोकका आधारमा तलका प्रश्नको अति छोटो मौखिक उत्तर दिनुहोस् :

(क) हामीले सिर्जना गरेका कुरा कहाँ रहन्छन् ?

(ख) मानिसलाई के प्यारो हुन्छ ?

(ग) कसरी जिउँदा मिठो हुन्छ ?

(घ) कस्तो नाता मिठो हुन्छ ?

(ङ) देश जोड्ने कुरा के हो ?

(च) द्वन्द्वभन्दा कुन कुरा प्यारो हुन्छ ?

२. तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :

आँटोपिठो, सिर्जना, निर्माण, पौरख, सयपत्री, ऐँचोपैँचो, स्वाधीन, सृष्टि, द्वन्द्व

३. तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) यस कविताका रचनाकार को हुन् ?

(ख) पाठमा कति ओटा श्लोक छन् ?

(ग) समाजका के के कुरा मिठा हुन्छन् ?

(घ) पाठका श्लोकहरूमध्ये तपाईंलाई सबैभन्दा बढी मन पर्ने श्लोक कुन हो र किन ?

(ङ) आउने/जाने र रहने कुरा के के हुन् ?

४. मानिस र समाजको सम्बन्धका बारेमा समूहमा छलफल गर्नुहोस् र छलफलमा व्यक्त भएका मुख्य मुख्य कुराहरू कक्षामा सुनाउनुहोस् ।

**पढाइ**

१. शिक्षकका निर्देशनमा पाठका पुरै पङ्क्तिहरू गति, यति र लय मिलाई पालैपालो वाचन गर्नुहोस् ।

२. पाठका पाँचौँ र छैटौँ अनुच्छेद पढी पाँच ओटा प्रश्न बनाउनुहोस् ।

३. पाठको पहिलो श्लोकमा भन्न खोजिएका कुरा उदाहरणका रूपमा तल दिइएको छ । यसरी नै पाठ पढेर अन्य श्लोकमा भन्न खोजिएका कुराहरू टिप्नुहोस् :

उदाहरण :

- सबै मानिसको चाहना सुख हो ।
- मानिसको बाँच्ने र पौरख गर्ने आधार देश र समाज हो ।
- दु:ख र पीडाबिनाको हाँसो नै जीवनको सफल पक्ष हो ।
- समाजमा मिलेर जिउनाले जीवन रमाइलो बन्छ ।

**लेखाइ**

१. तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :

(क) गौरा, सीता र भृकुटी नेपालका कुन कुन विषयसँग सम्बन्धित छन् ?

(ख) 'सलहेश फुलबारी' ले नेपालको कुन सन्दर्भलाई देखाउन खोजेको छ ?

(ग) मञ्जुश्री र यलम्बरको रचनाको रस भनेको के हो ?

(घ) गोर्खा जाति विश्ववीर भनेर कविले के भन्न खोजेका हुन् ?

(ङ) कवितामा कुन कुन ऐतिहासिक तथा सांस्कृतिक स्थानको उल्लेख भएको छ ?

(च) नेपाल बहु जातीय देश भएकामा कविलाई कस्तो लाग्छ ?

२. कविताको मूल भावको विवेचना गर्नुहोस् ।

३. 'सय रङ इन्द्रेनी' कवितालाई गद्यमा रूपान्तर गरी लेख्नुहोस् ।

४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) जहाँ फुल्यो सयपत्री हजारी फुल त्यहाँ फुल्यो
मानिसको सिर्जनामा समाज हो कति ठुलो
भारापर्म ऐँचोपैँचो आँटोपिठो सिस्नो मिठो
जसको घरमा जे पाक्यो त्यो अमृतभन्दा मिठो ।

(ख) तिमी म त आउने जाने रहने यो समाज नै हो
कसले के नै साथ लग्ने सिर्जे जति नेपालकै हो
मानिसको नाता प्यारो मिलीजुली ज्युँनु मिठो
चाचाचाची तता आमै जुनै नाता पनि मिठो ।

५. 'सय रङ इन्द्रेनी' कवितामा नेपालको सामाजिक सांस्कृतिक चिनारी कसरी प्रस्तुत गरिएको छ ?

६. पाठमा नेपालको इतिहास, संस्कृति, जाति तथा स्थानलाई बुझाउने शब्दहरू समूह कार्यका रूपमा टिपोट गरी तिनको अभिप्राय झल्कने गरी एक एक अनुच्छेद लेख्नुहोस् ।

७. पाठबाट चन्द्रबिन्दु र शिरबिन्दु लागेका शब्द खोजेर शिक्षकलाई देखाउनुहोस् ।

८. जनसङ्ख्या वृद्धि र त्यसका असरका विषयमा बुँदाहरू खोज्नुहोस् र 'जनसङ्ख्या विस्फोट' शीर्षक राखी तिन ओटा अनुच्छेद लेख्नुहोस् ।

९. पत्र पत्रिका अथवा जानकारहरूबाट जलवायु परिवर्तन र यसका असर बारेमा आवश्यक जानकारी लिनुहोस् र 'जलवायु परिवर्तन र विश्वव्यापी सङ्कट' शीर्षकमा कम्तीमा चार ओटा अनुच्छेद लेख्नुहोस् ।

## व्याकरण

१. तलका लेख्य चिह्नको नाम र काम कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस् :

(क) पूर्ण विराम ( । )

मैया दयालु छन् । उनी गरिबप्रति दया देखाउँछिन् । वृद्धवृद्धाहरूलाई सहयोग गर्ने उनको बानी छ ।

(ख) अल्प विराम ( , )

शोभा, तारा र डोरनिधि बजार गए । उनीहरूले त्यहाँ कपडा, किताब र काउली किने । त्यहाँ तुलसी, बाबुराम र पवित्रा पनि देखा परे । "ओ, यिनीहरू त यतै पो रहेछन् त !" पवित्राले भनी ।

(ग) अर्ध विराम ( ; )

म बिहानै उठ्छु; हातमुख धुन्छु; घुम्न जान्छु र पत्रिका पढ्छु । मानवता नैतिकताको नाम हो; बहादुरीको नाम हो र विश्वासको नम हो ।

(घ) प्रश्नवाचक चिह्न ( ? )

तिमी घरबाट एक्लै आयौ कि तिम्रा भाइ पनि आए ? अब तिमी फेरि घर कहिले जान्छौ ?

(ङ) उद्गार चिह्न ( ! )

तिमीले राम्रो गरेछौ, स्याबास् !

बिचरा, तिनलाई त रोगले सारै च्यापेछ !

ए राम ! कतातिर हो ?

(च) उद्धरण चिह्न (‘’, “”)

लक्ष्मीप्रसाद देवकोटाको ‘यात्री’ कविता मात्रिक छन्दमा छ । यस कवितामा देवकोटाले ‘मानवतावाद’ मा जोड दिएका छन् । उनी भन्छन्, “मलम लगाऊ आर्तहरूको चहराइरहेको घाउ ।”

(छ) निर्देश चिह्न (:)

भौगोलिक रूपमा नेपाललाई तिन प्रदेशमा विभाजन गर्न सकिन्छ : हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश ।

(ज) योजक चिह्न (–)

नेपाल-चीनबिचको दौत्य सम्बन्ध दीर्घकालसम्म रहने छ ।

(झ) कोष्ठक ( )

वासुदेव त्रिपाठी त्रिवि (त्रिभुवन विश्व विद्यालय) बाट नेपाली साहित्यमा विद्यावारिधि (पिएचडी) गर्ने पहिलो व्यक्ति हुन् ।

२. तलको अनुच्छेदमा कुन कुन लेख्य चिह्नहरू प्रयोग भएका छन्, लेख्नुहोस् :

हाम्रा विज्ञान शिक्षक भन्नुहुन्छ, “अहिलेको युग सूचना प्रविधिको युग हो । अहिलेको युगमा कम्प्युटर प्रविधि खास गरेर इन्टरनेटमा पहुँच नहुनेहरू धेरै पछि पर्छन् ।” उहाँले भनेको कुरालाई राम्ररी मनन गरेर मैले आफूलाई कम्प्युटर प्रविधिमा पोख्त बनाएको छु । आधुनिक प्रविधिको कसरी सदुपयोग गर्नुपर्छ ? इन्टरनेटको उपयोगिता के हो ? मलाई थाहा छ । इन्टरनेटलाई मैले पढाइकै एउटा अभिन्न अङ्ग बनाएको छु । यसबाट मैले संसार चिन्न सकेको छु । इन्टरनेटका अतिरिक्त पुस्तकालयमा गएर नयाँ नयाँ पुस्तक पढ्ने मेरो सोख छ । मैले थुप्रै विदेशी तथा नेपाली लेखकका किताब पढेको छु ।

भर्खरै 'मुनामदन' पढेँ; केही दिन अगाडि 'घामका पाइलाहरू' पढेको थिएँ; राम्रो लाग्यो । म खेलकुदमा पनि उत्तिकै रुचि राख्छु । मलाई मन पर्ने खेल हुन् : क्रिकेट, भलिबल, फुटबल र चेस । मलाई ठुलो-सानो, धनी-गरिब, पुरुष-महिला, छुत-अछुत भनी विभेद गर्ने चलन पटक्कै मन पर्दैन । हाम्रो समाजमा रहेको वर्गीय (धनी र गरिब बिचको), जातीय (जात, जातिका बिचको), क्षेत्रीय (क्षेत्र वा बसेका ठाउँका बिचको), लैङ्गिक (पुरुष, महिला र तेस्रो लिङ्गी बिचको) जस्ता विभेद (भेदभाव) हटाउनुपर्छ । त्यस्तै शारीरिक रूपमा अशक्तहरूलाई छिः छिः !! र दुरः दुरः !! गर्ने, उनीहरूलाई बरा ! बिचरा ! भनेर कमजोर ठान्ने प्रवृत्ति पनि मलाई पटक्कै मन पर्दैन । उनीहरूसँग भिन्न प्रकारको क्षमता छ र उनीहरू पनि आफ्नै गोडामा उभिन सक्छन् भन्ने कुरा मलाई थाहा छ ।

३. **उपयुक्त लेख्य चिह्न प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :**

(क) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको छोटकरी नाम नै सार्क हो तपाईँलाई थाहा छ सार्कका सदस्य राष्ट्रहरू कुन कुन हुन् नेपाल भारत भुटान बङ्गलादेश श्रीलङ्का पाकिस्तान माल्दिभ्स अफगानिस्तान सार्कका सदस्य राष्ट्रहरू हुन्

(ख) सुन्नु भो राम त हिजै अमेरिका पुगेछ तर के गर्नु उसको भिसा त नक्कली पो परेछ ऊ त विमान स्थलबाटै फिर्ता भएछ हामीले उसलाई कति भनेका थियौँ स्वदेशमै बसेर काम गरे पनि हुन्छ विदेशै जाने हो भने पनि राम्ररी बुझेर मात्र जानुपर्छ ।

४. **उदाहरणमा जस्तै गरी 'पढ्' धातुबाट तिन कालका सामान्य पक्षका रूप लेख्नुहोस् :**

उदाहरण : (धातु 'लेख्') मैले कविता लेखेँ । (सामान्य भूत)

म कविता लेख्छु । (सामान्य वर्तमान)

म कविता लेख्ने छु । (सामान्य भविष्यत्)

५. **उदाहरणअनुसार 'लेख्' धातुबाट अपूर्ण पक्षका रूपहरू बनाउनुहोस् :**

उदाहरण : तिमी भात खाँदै थियौ । (अपूर्ण भूत )

तिमी भात खाँदै छौ । (अपूर्ण वर्तमान)

तिमी भात खाँदै हुने छौ । (अपूर्ण भविष्यत् )

६. **उदाहरणमा जस्तै गरी 'सुन्' धातुका पूर्ण पक्षका रूप लेख्नुहोस् :**

उदाहरण :

हरि बसेको थियो । सीता आएकी थिई । (पूर्ण भूत )

हरि बसेको छ । सीता आएकी छ । (पूर्ण वर्तमान)

हरि बसेको हुने छ । सीता आएकी हुने छ । (अपूर्ण भविष्यत् )

७. उदाहरणअनुसार 'गर्' र 'पढ्' धातुबाट कर्तृ, कर्म तथा सुत् धातुबाट भाव वाच्यका रूप देखाउनुहोस् :

उदाहरण :

म कविता लेख्छु । तिमी सफल भयौ । जयकला हाँस्छिन् । योगराज गयो । (कर्तृ वाच्य)

(मद्वारा) कविता लेखिन्छ । (तिमीद्वारा) परीक्षा दिइयो । (कर्म वाच्य)

(जयकलाद्वारा) हाँसिन्छ । (योगराजद्वारा) गइयो । (भाव वाच्य)

८. उदाहरणमा दिए जस्तै गरी 'हराउ', 'सुनाउ', 'हिँड्' र 'बोल्' धातुबाट करण र अकरणका वाक्यहरू बनाउनुहोस् :

उदाहरण :

ऊ पढ्छ । म जान्छु । सुमित्रा गइन् । (करण)
ऊ पढ्दैन । म जान्नँ । सुमित्रा गइनन् । (अकरण)

९. तलका क्रियापदले अभ्यस्त भूत काललाई बुझाएका छन्, तिनलाई सार्नुहोस् :

हाम्रा पालामा अहिले जस्तो जतासुकै स्कुल हुँदैनथे । खास गरेर माध्यमिक विद्यालयहरू सीमित हुन्थे । त्यसैले म मावि तहको पढाइका लागि घरबाट डेढ घन्टा टाढा हिँडेर जान्थेँ । बाढी आउँदा खोलाहरू ठुला हुन्थे । हामी बाढी नघटुन्जेल पर्खेर बस्थ्यौँ र बाढी घटेपछि तर्थ्यौँ । बाटो पनि अप्ठ्यारो हुन्थ्यो । कहिले काहीँ पहिरोले पनि बाटो छेक्थ्यो । चाहिए जति कापी कलम किन्ने पैसासमेत हुँदैनथ्यो । पढाइ सकेर घर फर्किने बेला बाटाका पसलहरूमा बाहिरै सेल रोटी बेच्न राखेका हुन्थे । यता भोकले पेटमा मुसा दौडिरहेको हुन्थ्यो, अर्कातिर किनेर खाने पैसा हुँदैनथ्यो । त्यसैले बेच्न राखेका खानेकुरातिर आँखा नपरून् भन्दै दौडिन्थ्यौँ ।

१०. तलको अनुच्छेदमा रहेका भूत कालका अज्ञात पक्ष (अज्ञात भूत) का क्रियापदलाई सारेर शिक्षकलाई देखाउनुहोस् :

ऊ त कति ठुलो भइसकेछ । उसले पढ्न पनि राम्ररी पढेछ । इन्जिनियरिङ पढ्न छात्रवृत्ति पाएछ । अनि ऊ लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेर सरकारी जागिरे भएछ ।

११. अभ्यस्त भूत कालको प्रयोग गरी आफ्नो बाल्यकालको वर्णन गर्नुहोस् ।

१२. अज्ञात भूतको प्रयोग गरी आफूले देखेको कुनै सहरको वर्णन गर्नुहोस् ।

### सिर्जनात्मक कार्य

१. तल कविताका तिन प्रकारका लय वा ढाँचा दिइएका छन् । ती मध्ये कुनै एउटा ढाँचामा 'किसान' शीर्षकमा कविता लेख्नुहोस् :

(क) मुक्त लय

उसको जिन्दगी
सडक र बिहानसँगै उठेको छ, दगुरेको छ
उसको पाइताला
चिसो र नाङ्गो छ
लाग्छ, उसको जिन्दगीको अन्त्य छैन
उसले गर्ने यात्राको कुनै विश्राम छैन

*(जसराज किराती : 'त्यो हुलाकी' शीर्षक कविताबाट)*

(ख) शास्त्रीय छन्द (लय)

कस्तो छ घर अन्नपात अहिले बर्सात कस्तो भयो ?
बाढी आइ परार झैँ कि त सबै सोरी बढारी गयो ?
ठाडै बोट सुके कि धानहरूका चर्को खडेरी छ कि !
हानी व्यङ्ग्य सुसाउँदै तल अझै बग्दै हुनिन् गण्डकी ।

*(मित्रलाल पंज्ञानी : 'गाउँको साथीलाई चिठी' कविताबाट)*

(ग) लोक लय

हातको मैला सुनको थैला के गर्नु धनले ?
साग र सिस्नो खाएको वेश आनन्दी मनले

*(लक्ष्मीप्रसाद देवकोटा : 'मुनामदन' बाट)*

२. **निम्न लिखित बुँदाका आधारमा 'साहित्यकार वासुदेव त्रिपाठी' शीर्षकमा जीवनी तयार पार्नुहोस् :**

पहिलो अनुच्छेद – वि. सं. १९९९ को जन्म – जन्मस्थान तनहुँ – माता गोमा त्रिपाठी – पिता प्रेमदत्त त्रिपाठी – उनी आठ वर्षको हुँदा आमाको निधन – पिताको लालनपालनमा हुर्काइ – सम्पन्न परिवार – औलोको डरले गोरखामा पुऱ्याइए – मामाघर पनि त्यहीँ – बाल्यकाल त्यहीँका खोला, खोल्सा, रुख कान्ला, खेतबारी चहार्दै बित्यो – अत्यन्त चञ्चल स्वभाव – जोगाउनै मुस्किल ।

दोस्रो अनुच्छेद – घरैमा पिताद्वारा अक्षरारम्भ – गुरु कुलीय वातावरणमा शिक्षारम्भ – १६ वर्षको उमेरमा शिक्षार्जनका लागि काठमाडौँ आगमन – संस्कृत छात्रावासमा बसेर संस्कृत शिक्षाको पढाइ – संस्कृतमा आचार्य, नेपालीमा स्नातकोत्तर उत्तीर्ण र अङ्ग्रेजीमा समेत स्नातकोत्तर प्रथम वर्षको परीक्षा उत्तीर्ण – त्रिविबाट नेपाली विषयको पहिलो विद्यावारिधि – त्रिचन्द्र कलेजबाट प्राध्यापन आरम्भ – त्यसको लगत्तै त्रिवि कीर्तिपुरमा प्राध्यापन र त्यहीँबाट सेवा निवृत्त ।

तेस्रो अनुच्छेद – कविता, कथा, निबन्ध, समालोचना विधामा गरी नेपाली भाषामा सबैभन्दा बढी रचना गर्ने व्यक्ति – समालोचना सम्राट्को उपाधि प्राप्त – सेवा निवृत्त भएपछि आफूले पहिला लेखेका रचनाको सङ्कलन सम्पादन, प्रकाशनमा व्यस्त ।

**पाठ १४**

# महिला हिंसा

विद्यालयमा लगातार तिन चार दिन बिदा परेको छ । छात्रावासका धेरैजसो विद्यार्थी बिदा मनाउन आआफ्ना घर गएका छन् । घर टाढा भएका विद्यार्थी भने छात्रावासमा नै छन् । निकै दिन धुम्मिएपछि बल्ल घाम लागेकाले आज सबै विद्यार्थी चौरमा बसेका छन् ।



१. संज्ञा : (छात्रावासको ढोकाबाट बाहिर निस्कँदै) ए साथी हो ! तिमीहरू के खाँदै छौ हँ ? मैले पनि केही खानेकुरा ल्याएकी छु ।

२. अन्वेषा : के ल्यायौ संज्ञा ?

३. संज्ञा : भुटेको बदाम र मकै ! (परतिर देखाउँदै) ऊ अभिलेख र उपांशु पनि छात्रावासबाट यतै आउँदै छन् ।

४. अन्वेषा : सप्तरीमा फेरि अर्की महिलालाई जलाएर मारेछन् नि ! तिमीले थाहा पायौ ?

५. संज्ञा : किन मारेछन् ?

६. अन्वेषा : दाइजो नल्याएको निहुँमा ।

७. संज्ञा : कतै दाइजो नल्याएकामा, कतै छोरा नपाएकामा, कतै श्रीमती हुने पुरुषको सम्बन्ध अन्य महिलासँग भएकाले कतै श्रीमती श्रीमान्भन्दा मीथिल्लो ओहोदामा पुग्नाले घर घरमा धेरै महिलामाथि हिंसा हुने गरेका छन् ।

८. अन्वेषा : मानिस किन यति लोभीपापी भएका होलान् हगि ?

९. अभिलेख : (बस्दै) विकसित देशका मानिसहरूले हाम्रा यस्ता घटनाका बारेमा थाहा पाएर के भन्लान् भन्ने डर भइसक्यो ।

१०. उपांशु : भन्लान् होइन, भनिसकेका छन् नि !

११. संज्ञा : यसो गऱ्यो उसो गऱ्यो, महिलाकै टाउकामा भुङ्ग्रो खनिने त रहेछ नि !

१२. अभिलेख : पहिले त नेपालमा दाइजो प्रथाले यति विकराल रूप लिएको सुनिएको थिएन । पहाडमा त यस्तो चलनै देखिन्नथ्यो ।

१३. अन्वेषा : पहिले दाइजो दिनु त परै जाओस्, छोरीलाई पोषणयुक्त खानेकुरा र शिक्षादीक्षा दिने कुरामा समेत बन्देज थियो । अहिले त त्यस्तो छैन । शिक्षादीक्षा, पालन पोषण कुनै कुरामा पनि छोरा र छोरीमा फरक गरिँदैन ।

१४. संज्ञा : पहाड, तराई र राजधानीमा छोरीप्रतिको व्यवहार फरक फरक छ । दाइजो प्रथाले तराईलाई बढी आक्रान्त पारेको छ । मैले आफ्नो मामाघर वीरगन्ज जाने आउने क्रममा यो कुरा नजिकैबाट देखेकी छु ।

१५. उपांशु : तराई मात्र कहाँ हो र, पहाडमा पनि विभेदयुक्त व्यवहार छँदै छ । दाइजो प्रथाका कुनै न कुनै अवशेष त्यहाँ पनि छन् । मलाई त अचम्म लाग्छ । विश्व कहाँबाट कहाँ पुगिसक्यो । हामी भने यस्तै अविवेकी कुरामा अल्झिएर बसेका छौँ ।

१६. संज्ञा : मानवता माथिकै क्रूर प्रहार हो यो । अन्य कतिपय देशमा त यस्ता मानवता विरोधी घटनाले हलचल मच्चाउँथ्यो ।

१७. अन्वेषा : हामीकहाँ त्यस्ता क्रियाकलापले किन निरन्तरता पाएका होलान् हगि ?

१८. उपांशु : चेतनाको कमीले पनि होला । सजाय कम भएर पनि होला । यस्ता अपराधीलाई त जति सजाय दिए पनि कमै हुन्छ ।

१९. अन्वेषा : हाम्रो देशमा महिलामाथिको उत्पीडन त कति हो कति !

२०. संज्ञा : त्यही त, विवाह गरेर गएका घरमा बुहार्तन खप्नु उत्तिकै । छाउपडी, देउकी, कुमारी जस्ता प्रथाबाट दु:खी हुने पनि तिनै ।

२१. अन्वेषा : वस्तुभाउ सरह बेचिनुपर्ने तिनैले, बलात्कार गरी कुकुर बिराला सरह मिल्काइने पनि तिनै ।

---

शब्दार्थ

विकराल : डरलाग्दो

आक्रान्त : सताइएको

छाउपडी : रजस्वला हुँदा बस्ने छाप्रो

देउकी : मन्दिरमा चढाइएकी कन्या

२२. उपांशु : मानिसलाई यति धेरै अत्याचार चाहिँ किन गर्नु परेको होला हगि ?

२३. अन्वेषा : एकातिर अबुझपना, अर्कातिर बुझ पचाइ पनि ।

२४. अभिलेख : यस्तालाई कसरी तह लगाउन सकिएला त !

२५. संज्ञा : चेतनाको कमी पनि हो । कानुनको कार्यान्वयन प्रभावकारी नहुनु पनि हो ।

२६. उपांशु : किन र संज्ञा, कानुन त पालना भएकै छ नि !

२७. अन्वेषा : कानुनी व्यवस्थामा भएका कुराको कार्यान्वयन पक्ष बलियो हुनुपर्छ । राज्यले आँट्ने हो भने यस्तो कुप्रथा हट्न धेरै समय नै लाग्दैन । राज्यका पहलमा सहज किसिमले सम्पन्न हुने काम व्यक्तिका पहलमा भने असहज हुन्छ ।

२८. उपांशु : महिला हिंसाको मुख्य कारण समाजमा लैङ्गिक विभेद कायम हुनु हो । सम व्यवहार नहुँदा लैङ्गिक असन्तुलन जन्म्यो । यसको मूल कारण सामाजिक आर्थिक रूपमा महिला र पुरुषको समान भूमिका नहुनु हो । चिन्ता नगरौँ, बिस्तारै समाज परिवर्तन हुँदै छ । हाम्रा सोचाइ र विचार धारा पनि परिवर्तन हुँदै छन् । समानता र स्वतन्त्रता हठात् प्राप्त हुने विषय पनि त होइनन् ।

२९. अभिलेख : त्यस्तो कहाँ होला र ? विभेद त अझसम्म जब्बर रूपमा रहेकै छ । यस्तो लैङ्गिक असमानता हट्ला र ?

३०. उपांशु : महिलाहरू आत्मनिर्भर हुन थालेपछि भने यस्तो विभेदमा परिवर्तन आउन थालेको छ ।

३१. अभिलेख : महिलाले नै पनि महिलालाई उत्पीडन दिन्छन् पनि भनिन्छ नि ! सासूले बुहारीलाई नै दुःख दिएका उदाहरण पनि छन् ।

३२. अन्वेषा : कुरा उत्पीडन कसले दिएको छ भन्ने होइन, त्यो त सामाजिक संरचना र त्यसले निर्माण गरेको संस्कारको हो । परम्परामा जे भएको छ, चेतनाको विकाससँगै त्यसको अन्त्य हुन्छ । हिजोको परम्परा तोडिँदै छ । नयाँ चेतना जन्मँदै छ ।

३३. अभिलेख : त्यसो त भनिन्छ । तै पनि हाम्रा विचार यति जब्बर छन्, त्यो हटाउन गारो छ नि !

३४. संज्ञा : सामाजिक परिवर्तनका लागि अब पुरुषहरू पनि तयार छन् । उनीहरू आफ्नो भूमिका परिवर्तन गर्दै छन् । महिलामा पनि जागरण आएको छ ।

३५. अन्वेषा : त्यो त हो । शिक्षाले मानिसको विचारमा परिवर्तन ल्याउँदै छ ।

३६. संज्ञा : त्यति मात्र होइन, अहिलेको संविधानले त महिला हकलाई धेरै मात्रामा स्थापित गरेकै छ ।

३७. अन्वेषा : महिलाका लागि प्रदान गरिने शिक्षा जागिरमा प्रवेश तथा छात्रवृत्ति जस्ता सुविधाका कारण पनि महिला हुनु कमजोर हुनु हो भन्ने विचारमा परिवर्तन आएको छ ।

३८. अभिलेख : यो परिवर्तन त आउँदै छ नै । तैपनि विभेद त कायम नै छ नि !

३९. उपांशु : अब कार्यान्वयनको चरणलाई पर्खनुपर्छ ।

४०. अभिलेख : हुन त हो तर म चाहिँ आशावादी छैन ।

४१. उपांशु : राज्य र समाजको संयुक्त पहल भयो भने यी सबै कुरा व्यवहारमा नै सम्भव हुन्छन् ।

४२. अभिलेख : महिलाले महिलामाथि गर्ने हिंसाको कुरो नि ?

४३. अन्वेषा : सामाजिक संरचनाले निर्माण गरेको संस्कारका बारेमा पुनर्विचार नगरेर हो ।

४४. अभिलेख : (केही हाँसेर) पुरुषले महिलामाथि गरेको हिंसाको कुरा नि ? यो सामाजिक संरचनाको मात्र दोष हो र ?

४५. अन्वेषा : (गम्भीर भएर) ठट्टा गरेको कि साँच्चै भनेको अभिलेख ?

४६. अभिलेख : ठट्टै हो, हामी जस्ता सचेत मानिसले त यस्ता कुरालाई फरक किसिमले अर्थ्याउनै मिलेन नि !

४७. अन्वेषा : हो साथी, हामी सामाजिक संरचनाका जगमा नपुगी सही समाधान निकाल्न सक्षम हुँदैनौँ पनि ।

४८. उपांशु : यस्ता घटनामा प्राय: पुरुषको विरोध गर्ने चलन छ । के दोषी पुरुष नै हुन् त ?

४९. अन्वेषा : हो, यहीँनिर भइरहेको छ मूल गल्ती । विरोध गर्नुपर्ने त सामाजिक संरचनाको पो हो त ! समाजलाई बदल्ने विचार धाराले हो । यसका लागि सचेत पुरुष र महिला एक हुनुपर्छ र सामाजिक तथा आर्थिक विभेदलाई अन्त्य गर्नुपर्छ ।

५०. संज्ञा : हजारौँ वर्षको विभेद एक दिनमा नै अन्त्य हुने त होइन । पुरुष वा महिला रथका दुई पङ्ग्रा हुन् । समाजमा हार्दिकता र सौन्दर्यका लागि पनि विभेद हट्नुपर्छ । यसका लागि पनि समाजलाई ब्युँताउनै पर्छ ।

५१. अन्वेषा : कुरा त्यही हो । हामी महिलाहरू पुरुष विरोधी होइनौँ, न त पुरुष नै महिला विरोधी हुन् । दुवैको एकताले मात्र परिवार चल्छ, समाज चल्छ र राज्य चल्छ ।

५२. उपांशु : त्यही त भनेको नि ! पुरुष र महिला एक भएर नै लैङ्गिकलगायतका विभेद अन्त्य गर्न सकिन्छ ।

५३. अभिलेख : महिला र पुरुष दुवै थरीको प्रयत्न समसत्ता स्थापना गर्ने कुरामा केन्द्रित हुनुपर्छ । त्यो समसत्ता भनेको पुरुष नारी दुवैले लैङ्गिक उत्पीडन भोग्नु नपर्ने सत्ता हो ।

५४. अन्वेषा : हो, यो सम्भव छ । पहिलो कुरा आर्थिक किसिमले महिलालाई पुरुषलाई जत्तिकै अधिकार र कर्तव्यले सम्पन्न बनाउनुपर्छ । यसले आधा सफलता मिल्छ । बाँकी आधा सफलता सांस्कृतिक विभेदलाई क्रमश: उखेल्दै गएपछि प्राप्त हुन्छ ।

५५. अभिलेख : वक्तृतामा राख्नलाई आज गजबको विषय फेला पर्‍यो होइन त ?

५६. अन्वेषा : हो त, बिदा सकिएपछि सबै साथीहरू फर्किन्छन् । त्यसपछि सबैसँग सल्लाह गरेर यस विषय सम्बन्धी वक्तृताको कार्यक्रम बनाउँला नि, हुन्न र ?

५७. संज्ञा : भइहाल्छ नि ! तर वक्तृतामा मात्र होइन, जीवनमा पनि यसलाई लागु गर्नुपर्‍यो नि !

५८. अभिलेख : हो, हामीले अब महिला, पुरुष, बाल बालिका सबैमा हुने हिंसाका विरुद्ध पाइला चाल्नुपर्छ ।

५९. सबै जना : (एकैसाथ) हो, पाइला चाल्नुपर्छ । आजैदेखि हामीले हिंसाका विरुद्ध एकजुट हुनुपर्छ ।

६०. सबै जना : हो हो । हुनैपर्छ । हुनैपर्छ ।

(खाना खाने समयको घन्टीको आवाज आउँछ ।)

अन्वेषा : ए ! कुरै कुरामा खाना खाने घन्टी पनि लाग्यो ! राम्रै कुरामा छलफल भयो । अब जाऔँ सबै ।

(सबै जना उठ्छन् ।)

---

शब्दार्थ

समसत्ता : बराबरीको अधिकार

## अभ्यास

### सुनाइ

१. **संवादको एकदेखि एघारसम्मको अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :**

(क) दाइजो प्रथाका बारेमा कसैकसैले मात्रै सुनेका छन् ।

(ख) पत्र पत्रिकामा दिनदिनै दाइजोका बारेमा समाचार आएको छ ।

(ग) मानिसहरू लोभीपापी छैनन् ।

(घ) विदेशीहरूले आजसम्म हाम्रो पछौटेपनका बारेमा थाहा पाएका छैनन् ।

(ङ) भुङ्ग्रो खन्याउनु अपराध हो ।

२. **संवादको बारदेखि एक्काससम्मको अनुच्छेद सुन्नुहोस् र तल सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) दुई चार दशकअघिसम्म नेपालमा दाइजो प्रथाको रूप कस्तो थियो ?

(ख) पहिला छोरीप्रतिको व्यवहार कस्तो थियो ?

(ग) महिला हिंसाका घटना कसरी थाहा पाइन्छ ?

(घ) नेपालीहरू कस्ता कुरामा अल्झिएर बसेका छन् ?

(ङ) महिलालाई किन वस्तुभाउ सरह बेचिन्छ ?

३. **तलको पाठ सुन्नुहोस् र उत्तर दिनुहोस् :**

समाजमा महिला उत्पीडनको कारक आर्थिक सम्बन्ध पनि हो । परम्परागत रूपमा हेर्ने हो भने महिलाहरू आर्थिक रूपमा पछि परेका छन् । बिहानदेखि रातीसम्म घरायसी काममा संलग्न रहे पनि त्यसको कुनै श्रमगत मूल्य छैन । आर्थिक कारोबार कि पति कि पुत्रका हातमा हुन्छ । सम्पत्तिमाथि अधिकार नहुँदा महिलाहरू उत्पीडनमा परेका छन् । यस्तो अवस्थामा परिवर्तन ल्याएर नै महिला अधिकारलाई सुनिश्चित गर्न सकिन्छ ।

(क) महिला उत्पीडनको मूल कारक के हो ?

(ख) महिलाको श्रमको गणना किन नभएको हो ?

(ग) लैङ्गिक विभेदको अन्त्य कसरी सम्भव हुन्छ ?

(घ) लैङ्गिक विभेदको अन्त्यका लागि तपाईं के गर्नुहुन्छ ?

## बोलाइ

१. **तलका शब्दको शुद्ध उच्चारण गर्नुहोस् :**

आक्रान्त, भुङ्ग्रो, प्रथा, लैङ्गिक, उपांशु, क्रियाकलाप, स्वाभाविक

२. **तपाईँलाई कुन पात्रको भनाइ राम्रो लाग्यो र किन ? तर्कसहित कक्षामा बताउनुहोस् ।**

३. **आआफ्ना परिवेशमा तपाईँहरूले अनुभव गरेका लैङ्गिक विभेदका बारेमा कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## पढाइ

१. **उनान्चालिसदेखि पैँतालिससम्मका अनुच्छेदलाई सस्वर वाचन गर्नुहोस् र ती अनुच्छेद पढ्न तपाईँलाई कति समय लाग्यो, शिक्षकलाई सोध्नुहोस् ।**

२. **पाठका पचासदेखि सन्ताउन्नसम्मका अनुच्छेदबाट मुख्य मुख्य पाँच बुँदा टिप्नुहोस् ।**

३. **निम्न लिखित अनुच्छेद पढी तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

सधैँ सधैँ सल्ला सुसाउँदा रमाइलो र आनन्द लाग्ने मलाई अहिले कस्तो कस्तो नरमाइलो लागेर आयो । कामैकाम र दु:खै दु:खले सधैँभरि थिचिएकी महिलाको चिसो सुस्केरा जस्तो लाग्यो मलाई सल्ला सुसाउँदाको आवाज । हजारौँ हजार दु:खी नेपाली महिलाहरूका मधुरा अनुहारहरू उभिए मेरा आँखाअघि । कठै ! सभ्यताका नाममा जति नै आधुनिक देखिए पनि र नियम कानुनका पानामा जति नै लेखे पनि खोइ कहाँ घटेको छ र महिलाको उत्पीडन र शोषण ! खोइ कहाँ ओभाएको छ महिलाको अनुहार र आँखाको डिल ? खोइ कहाँ उज्यालिएको छ महिलाको अनुहार र आँखाको नानी ! जब आधा धर्ती र आधा आकाश नै अँध्यारो र बादलले ढाकिरहन्छ भने आधुनिकता र विकासको नाममा गर्व गरेर छाती फैलाउनु पनि व्यर्थै हो भन्छु म ।

*(भीष्म उप्रेती : निलो पानी र निला भावनाहरू निबन्ध सङ्ग्रहबाट)*

(क) लेखकलाई किन नरमाइलो लाग्यो ?

(ख) महिलामाथिको उत्पीडन र शोषणको अवस्था कस्तो रहेको छ ?

(ग) महिलाका लागि कानुनका पाना कस्ता छन् ?

(घ) महिलाको आँखाको डिलले के भन्छ ?

(ङ) अहिले आधुनिकता र विकासको मूल्य के कस्तो छ ?

(च) 'उत्पीडन' र 'मधुरा' प्रयोग गरी एउटा एउटा वाक्य बनाउनुहोस् ।

## लेखाइ

१. पाठ पढी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) महिला हिंसाको स्वरूप कस्तो हुन्छ ?

(ख) समाजका विभिन्न घटनाका बारेमा कसरी जानकारी पाइन्छ ?

(ग) सामाजिक समसत्ता भनेको के हो ?

(घ) कस्ता कुरालाई अविवेकी भनिन्छ ?

(ङ) अधिकार र कर्तव्यको समान वितरण भनेको के हो ?

२. प्रस्तुत पाठ पढेपछि सामाजिक रूपान्तरणका बारेमा आफ्नो धारणा लेख्नुहोस् ।

३. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् :

पितृसत्ताका कारणबाट भएका समस्या महिलाले मात्र भोगेका छैनन्, पुरुषहरू पनि यसबाट पर्याप्त मात्रामा पीडित बनेका छन् । कतिपय पुरुषलाई भान्साको काम गर्न रहर लाग्छ । तर समाजका डरले उनीहरू त्यसो गर्न सक्दैनन् । कतिपय पुरुषको स्वभाव नै लजालु हुन्छ । तर उनीहरूले लाज मान्दा समाजले महिला जस्तो भनिदिन्छ । दुःखमा आँसु नआउने मानिस हुँदैन । समाजले भने पुरुषलाई आँसु लुकाएर कठोर बन्ने आदेश दिन्छ । दुःख हेपिनेलाई मात्र हुँदैन, हेप्नेलाई पनि हुन्छ । महिला र पुरुषमध्ये एउटा हेप्ने र अर्को हेपिने हुँदा समाजको संरचना पनि लथालिङ्ग हुन्छ । यस्तो समाजमा मानिसले सुख र शान्तिको अनुभव गर्न पाउँदैनन् । यसैले सग्लो र परिपूर्ण समाजको निर्माणको एउटा महत्त्वपूर्ण आधार हो, पितृसत्ताको उच्छेदन र समसत्ताको स्थापना ।

(क) पितृसत्ताबाट पुरुष कसरी पीडित बनेका छन् ?

(ख) पुरुषले समाजका डरले के गर्न सक्दैन ?

(ग) समाजले पुरुषलाई कस्तो अवस्थामा महिला जस्तो भनिदिन्छ ?

(घ) समाजको अवस्था कसरी लथालिङ्ग हुन्छ ?

(ङ) समसत्ता भनेको के हो ?

४. माथिको संवादमा प्रस्तुत भएका सन्देशहरूलाई सारांशका रूपमा लेख्नुहोस् ।

५. व्याख्या गर्नुहोस् :

(क) विश्व कहाँबाट कहाँ पुगिसक्यो ! नेपालीहरू भने यस्तै अविवेकी कुरामा अल्भिएर बसेका छन् ।

(ख) वस्तुभाउ सरह बेचिनु पनि महिलाले नै पर्ने । बलात्कार गरी मारेर कुकुर बिराला सरह मारेर मिल्काइने पनि तिनै ।

६. 'म समतावादी समाज निर्माण गर्न चाहन्छु' शीर्षकमा एउटा अनुच्छेद रचना गर्नुहोस् ।

७. 'महिला सशक्तीकरण' शीर्षकमा एउटा संवाद रचना गर्नुहोस् ।

## व्याकरण

१. पाठबाट शब्दका प्रारम्भमा र अन्त्यमा ह्रस्व इकार भएका दस दस ओटा शब्द टिप्नुहोस् ।

२. पाठबाट शब्दको मध्यमा ह्रस्व इकार भएका पाँच र दीर्घ इकार भएका पाँच ओटा शब्द टिप्नुहोस् ।

३. स, श, ष अक्षर प्रयोग हुने दस शब्द लेख्नुहोस् ।

४. तलको अनुच्छेदमा भएका वर्ण विन्यासगत त्रुटिहरू सच्याउनुहोस् :

सिता मेरी साथि हुन् । गिता चाहीँ सीताकी साथी हो । हामी सबैका बहीनिहरू पनि सँगै पढ्छन् । हामिलाई कथाका पूस्तक पढ्न मन पर्छ । रजनि दिदीले हामीलाई पुस्तक दिनूहुन्छ । हामी पनि पुस्तकको खूब जतन गर्छौं । हामीसँग कथाको पुस्तक देख्नासाथ दिपा पनि हाम्रा छेउमा आउँछीन् ।

५. तल दिइएका वाक्य पढ्नुहोस् र तिनका प्रकारका बारेमा जानकारी हासिल गर्नुहोस् :

सरल वाक्य : वि. सं. २०७२ सालको भुइँचालाले धेरै विनाश गऱ्यो । यसले मधेसमा भन्दा पनि पहाडमा धेरै हानि गऱ्यो । धेरै ओटा गाउँका मानिसहरू घरबारविहीन बने । धेरै विद्यालयहरू पनि भत्किए । थुप्रै बच्चाहरूले आमाबाबु गुमाए ।

संयुक्त वाक्य : यसपालि समयमा नै वर्षा भयो र अन्नबाली धेरै सप्रियो । मानिसहरूले धेरै अन्न थुपार्न पाउने आशा राखेका थिए तर कार्तिकमा परेको असिनाले सबै बाली ध्वस्त भयो । विनाशकारी भूकम्पपछि विद्यालय गएको पहिलो दिन विद्यार्थीहरूलाई पढाइएन किनभने उनीहरूको मनमा अझै त्रास बाँकी नै थियो । उनीहरूले त्यहाँ नाचगान पनि गरे र गुरुबाट कथा पनि सुने ।

मिश्र वाक्य : तिमी जहाँबाट आएका थियौ, त्यहीँ फर्केर जाऊ । तिमीलाई जुन कुराका बारेमा केही थाहा छैन, त्यसैका बारेमा भाषण नछाँट । म जे गर्छु, तिमी पनि त्यही गर । हिजोको मानिस असल थियो, जो मसँग निकै नजिकिन खोजिरहेको थियो ।

६. **तलको अनुच्छेद पढी वाक्यका प्रकार चिन्नुहोस् :**

आज चैत महिनाको दोस्रो हप्ता हो (सरल वाक्य) । हिजो बेलुका पनि पानी पऱ्यो र आज बिहान पनि पानी पऱ्यो (संयुक्त वाक्य) । एउटा छाता बोकेकी थिएँ तर असिनापानीले त्यसलाई भाँचिदियो (संयुक्त वाक्य) । हिजोआजका सबै छाता त्यस्तै हुन् (सरल वाक्य) ।  म जुन छाता किन्छु, मेरी छोरी त्यही छाता लैजान्छे (मिश्र वाक्य) । हिजो म जता जता गएँ, त्यता त्यता एकदमै भिडभाड थियो (मिश्र वाक्य) ।

७. **पाठबाट सरल, संयुक्त र मिश्र वाक्य छानेर सार्नुहोस् ।**

८. **तलका संयोजक प्रयोग गरेर वाक्य निर्माण गर्नुहोस् :**

र, तर, जो, जुन, पनि, किनकि, किनभने, भने, वा, नत्र, कि, तैपनि, एवम्

९. **सरल वाक्यको प्रयोग गरेर आफ्नो घरको वर्णन गर्नुहोस् ।**

१०. **मिश्र वाक्यको प्रयोग गरेर आफ्नो समाजका बारेमा वर्णन गर्नुहोस् ।**

११. **संयुक्त वाक्यको प्रयोग गरेर वातावरणीय प्रदूषणका बारेमा वर्णन गर्नुहोस् ।**

## सिर्जनात्मक कार्य

१. नेपाली समाजमा महिला र पुरुषका बिचमा हुने भेदभावका बारेमा सरल र मिश्र वाक्यको प्रयोग गरेर संवाद तयार पार्नुहोस् ।

२. 'सामाजिक न्याय' विषयमा एउटा संवाद तयार गर्नुहोस् ।

**पाठ १५** 

# छात्रावास

जनता उच्च माध्यमिक विद्यालय
स्याफ्रुबेसी, रसुवा
मिति : २०७२/१/५

१. श्री अध्यक्षज्यू
स्याफ्रु गाउँ पालिका, रसुवा

विषय : छात्रावास निर्माण गर्ने सम्बन्धमा

महोदय,

२. जनता उच्च माध्यमिक विद्यालयमा यस गाउँ पालिका तथा अन्य गाउँ पालिकाका समेत बाल बालिका अध्ययन गर्छन् । यो विद्यालय स्थानीय समुदायको सद्भाव र सहयोगमा विद्यार्थी मैत्री वातावरण सिर्जना गर्न प्रयासरत छ । यसैले यहाँ अहिले विद्यालय भवन, विषयगत शिक्षक, शैक्षिक तथा खेलकुद सामग्री, शौचालय, खाने पानी तथा पुस्तकालयको व्यवस्था राम्रो छ । घरबाट आउन सम्भव नहुने विद्यार्थीका लागि भने विद्यालयले आवासको व्यवस्था गरिदिन सकेको छैन । यी विद्यार्थीहरू विद्यालयकै वरपर डेरा गरी बस्ने गर्छन् । हिमाली क्षेत्रको सानो बस्ती भएकै कारण उपयुक्त डेरा पाउन निकै समस्या छ । त्यसमा पनि पर्यटकीय स्थल भएकाले विद्यार्थीले महँगो डेरा भाडा तिर्नुपरेको छ ।

३. विद्यार्थीहरूलाई घर वा डेरामा अध्ययन गर्न उपयुक्त शैक्षिक वातावरण आवश्यक हुन्छ । यसका अभावमा विद्यार्थीलाई गृहकार्य गर्न समस्या पर्ने र त्यसको असर कक्षाकोठामा हुने शिक्षण सिकाइमा प्रत्यक्ष रूपले पर्दछ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता विद्यार्थीमा हासिल हुन नसक्नाका कारण यो पनि हो । छात्रावासको सुविधा उपलब्ध गराउन सकेको अवस्थामा उक्त समस्या समाधान

---

**शब्दार्थ**

स्थानीय : सम्बन्धित ठाउँका

सद्भाव : असल विचार

विषयगत : विषय सम्बन्धी, विषयको

पर्यटकीय : पर्यटकसँग सम्बन्धित

पाठ्यक्रम : पढाउनका लागि तोकिएको विषय र ढाँचा

निर्धारण : निर्णय, निश्चय

सक्षमता : काम सम्पन्न गर्ने गुण

हुन्छन् । साथै सिकाइमा पछि परेका विद्यार्थी लाभान्वितसमेत हुन्छन् । त्यहाँ उनीहरूका लागि सहपाठी सिकाइको अवसर र विद्यालयको परामर्श पनि प्राप्त हुन्छ । विद्यार्थीमा नवीनतम ज्ञान र आधुनिक प्रविधियुक्त सिपको विकास गर्न छात्रावासमा पत्रपत्रिका, कम्प्युटर तथा अन्य सन्दर्भ सामग्रीको व्यवस्था पनि गर्न सकिन्छ । यसबाट विद्यालयको शैक्षिक गुणस्तर प्रवर्धन गर्न ठुलो सहयोग हुन्छ । अतः विद्यालयमा छात्रावास निर्माणको विशेष आवश्यकता छ ।

४. माध्यमिक तहका चालिस जना विद्यार्थीका लागि बिस कोठाको दुई तले छात्रावास बनाउने विद्यालयको योजना छ । यसका लागि लगभग एक करोड रुपियाँ लाग्ने अनुमान छ । विद्यालयसँग भने कुनै स्रोत छैन, सरकारी अनुदान उपलब्ध हुन सक्ने सम्भावना पनि कम छ । गाउँ विकास समितिले आफ्नो स्रोत तथा स्थानीय समुदायलाई समेत परिचालन गर्न सकेमा छात्रावास निर्माणको कार्य सम्भव हुन्छ । अतः यसका लागि आवश्यक प्रयास गरी छात्रावास निर्माण योजनालाई सार्थक बनाउन विद्यालय प्रशासनका तर्फबाट हार्दिक अनुरोध छ ।

निवेदक
श्यामकृष्ण चापागाईं
प्रधानाध्यापक

---

शब्दार्थ

परामर्श : सुझाव, सरसल्लाह

नवीनतम : सबभन्दा नयाँ

गुणस्तर : तहअनुसार निर्धारित गुण

प्रवर्धन : वृद्धि

अनुदान : धन, वस्तु वा आर्थिक सहयोग

परिचालन : सञ्चालन

सार्थक : सिद्ध, अर्थपूर्ण

**अभ्यास**

**सुनाइ**

१. पाठको पहिलो अनुच्छेद सुनी तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) विद्यालयले कुन कुन कुराको राम्रो व्यवस्था गरेको छ ?

(ख) विद्यार्थीहरू डेरा गरी बस्न बाध्य हुनुपर्ने कारण के हो ?

(ग) विद्यार्थीलाई उपयुक्त किसिमको डेरा पाउन किन समस्या परेको होला ?

(घ) विद्यार्थीले डेराका लागि किन महँगो भाडा तिर्नुपरेको छ ?

२. पाठको अन्तिम अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।

३. पाठको दोस्रो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

(क) विद्यार्थीका लागि घर वा डेरामा पनि उपयुक्त शैक्षिक वातावरण चाहिन्छ ।

(ख) छात्रावासको व्यवस्थाले सिकाइमा पछि परेका विद्यार्थी लाभान्वित हुँदैनन् ।

(ग) सिकाइमा पछि परेका विद्यार्थीहरूलाई छात्रावासमा सिक्ने अवसर प्राप्त हुन्छ ।

(घ) छात्रावासमा विद्यार्थीहरूलाई सहपाठी सिकाइको अवसर उपलब्ध हुँदैन ।

(ङ) विद्यालयले छात्रावासको निर्माणलाई विशेष आवश्यकताका रूपमा लिएको छ ।

**बोलाइ**

१. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :

अध्यक्ष, निर्माण, परामर्श, विद्यालय

२. पाठको अन्तिम अनुच्छेदका आधारमा तलका प्रश्नको उत्तर भन्नुहोस् :

(क) कति जना विद्यार्थीका लागि कति कोठाको छात्रावास बनाउने विद्यालयको लक्ष्य छ ?

(ख) छात्रावास निर्माण गर्न विद्यालयले प्रस्ताव गरेका स्रोत के के हुन् ?

(ग) छात्रावास बनाउन कति रकम लाग्ने अनुमान छ ?

(घ) पाठसँग सम्बन्धित निवेदन कसले कसलाई लेखेका हुन् ?

३. छात्रावासको महत्त्वका विषयमा खँदिला तर्कसहित आफ्नो भावना कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. आफ्नो विद्यालयको भौतिक संरचनाका बारेमा कक्षाका साथीसँग छलफल गर्नुहोस् ।

## पढाइ

१. पाठका अनुच्छेद पालैपालो सस्वर वाचन गर्नुहोस् ।

२. पाठको दोस्रो अनुच्छेद मौन पठन गरी एक एक वाक्यमा तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) छात्रावासबाट कस्ता विद्यार्थी बढी लाभान्वित हुन सक्छन् ?

(ख) कस्तो सिकाइलाई सहपाठी सिकाइ भनिन्छ ?

(ग) विद्यालयको प्राथमिकतामा परेको विषय के हो ?

(घ) छात्रावासमा विद्यार्थीलाई सजिलैसँग उपलब्ध हुन सक्ने सुविधा के के हुन् ?

३. पाठ पढी तलका शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् :

| शब्द समूह | अर्थ समूह |
|---|---|
| विद्यालय | ज्यादै |
| प्रयास | पाठशाला |
| विद्यार्थी | कोसिस |
| वरपर | निम्ति |
| लागि | छात्रछात्रा |
| निकै | यताउति |

## लेखाइ

१. पाठका आधारमा तलका प्रश्नको उत्तर सङ्क्षेपमा लेख्नुहोस् :

(क) जनता उच्च माध्यमिक विद्यालयका भौगोलिक विशेषता के हुन् ?

(ख) यस विद्यालयमा भौतिक संरचनाका रूपमा के के कुरा उपलब्ध छन् ?

(ग) विद्यालयले छात्रावास निर्माणलाई प्राथमिकता दिनाका कारणहरू के के हुन् ?

(घ) छात्रावासले शिक्षाको गुणस्तर प्रवर्धनमा कसरी मदत गर्छ ?

(ङ) विद्यालयले छात्रावास निर्माणका लागि कसलाई किन अनुरोध गरेको हो ?

२. विद्यालयमा खानेपानीको व्यवस्था गर्न प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

३. पाठलाई सङ्क्षेपीकरण गरी एक अनुच्छेदमा लेख्नुहोस् ।

४. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

मिति, निवेदक, प्रधानाध्यापक, गाउँ विकास समिति, निर्माण, विषय

५. तलको निवेदन पढेर त्यसको जवाफमा लेख्ने पत्र तयार गर्नुहोस् :

श्रीमान् महाप्रबन्धक,
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड,
सानोठिमी, भक्तपुर ।

विषय : मुद्रण संयन्त्र तथा प्रविधि अवलोकन गर्नेबारे ।

महोदय,

म यही आदर्श माध्यमिक विद्यालय, सानोठिमीमा कार्यरत शिक्षक हुँ । यस विद्यालयका कक्षा नौका विद्यार्थीले पाठ्य पुस्तक छापेको दृश्य हेर्न मन गरेका छन् । म आफैँलाई पनि यस बारेमा प्राविधिक अनुभव छैन । हाम्रो भावनासँग सहमत भएर विद्यालयले पनि शैक्षिक भ्रमण गर्न अनुमति प्रदान गरेको छ । अत: यसका लागि कार्यक्रम निर्धारण गरी हामीलाई अवलोकनको अवसर प्रदान गर्नु हुन अनुरोध छ ।

निवेदक

शिवकुमार निरौला
(नेपाली विषय शिक्षक)
आदर्श माध्यमिक विद्यालय
सानोठिमी, भक्तपुर

६. तलको विज्ञापन पढेर निर्देशनअनुसार गर्नुहोस् :

**बाल अधिकार सबैको सरोकार**

- **बाल बालिकाको हकहितका लागि सदैव क्रियाशील बनौँ ।**
- **बाल अधिकार संरक्षणका लागि सहयोग र सहकार्य गरौँ ।**
- **बाल बालिकाका कुरा सुनौँ र बाल दुर्व्यवहारको अन्त्य गरौँ ।**

**नेपाल सरकार**
**महिला, बाल बालिका तथा समाज कल्याण मन्त्रालय**

(क) बाल बालिकाका हकहितका सम्बन्धमा एक अनुच्छेद लेख्नुहोस् ।

(ख) बाल अधिकारको संरक्षणका बारेमा कुनै गैर सरकारी संस्थालाई लेख्ने पत्र तयार गर्नुहोस् ।

(ग) बाल बालिकाप्रति हुने दुर्व्यवहार अन्त्य गर्ने उपायहरूको सूची बनाउनुहोस् ।

७. तलको अनुच्छेदका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

विद्यार्थी जीवन छात्रावासमा बढी अनुशासित हुन्छ । त्यहाँ विद्यार्थीको समय अलिकति पनि दुरुपयोग हुँदैन । विद्यार्थीहरू प्राय: बिहान पाँच बजे नै उठ्छन् र नित्य कर्ममा लाग्छन् । बिहान सामूहिक प्रार्थना हुन्छ । प्रार्थनामा सबै विद्यार्थीहरू सामेल हुनुपर्छ । त्यसपछि विद्यार्थी अध्ययनमा सामेल हुन्छन् । साँझमा विद्यार्थीहरूलाई एक घण्टा खेल्ने अवसर प्रदान गरिन्छ । त्यति बेला उनीहरू आफ्नो रुचिअनुसार फुटबल, भलिबल, ब्याडमिन्टन आदि खेल खेल्छन् । बेलुका पनि सबै विद्यार्थी दस बजेसम्म अध्ययन गर्छन् ।

(क) विपरीतार्थक शब्द खोज्नुहोस् :

शिक्षक, सदुपयोग, साँझ, सुत्नु, आदान

(ख) अर्थ खुल्ने गरी फरक वाक्यमा प्रयोग गर्नुहोस् :

छात्रावास, अनुशासन, प्राय:, नित्य, कर्म, प्रार्थना

(ग) तलका शब्दको अर्थ लेखेर शिक्षकलाई देखाउनुहोस् :

कर्म, सन्ध्या, अध्ययन, अवसर, रुचि

८. तलका शब्दको निर्माण प्रक्रिया बुझ्नुहोस् र तिनलाई सार्नुहोस् :

| | |
|---|---|
| छात्र + आवास = छात्रावास | दुर् + उपयोग = दुरुपयोग |
| विद्या + आलय = विद्यालय | विद्या + अर्थी = विद्यार्थी |
| अनु + शासन + इत = अनुशासित | समूह + इक = सामूहिक |
| सम्बन्ध + इत = सम्बन्धित | सम् + लग्न = संलग्न |

९. 'अनुशासन' शब्द शासनमा 'अनु' उपसर्ग लागेर बनेको हो, त्यस्तै तपाईं पनि 'अनु' उपसर्ग लागेका अन्य पाँच ओटा शब्द लेख्नुहोस् ।

## व्याकरण

१. तलका उदाहरणअनुसार त्यस्तै अन्य पाँच पाँच ओटा शब्द लेख्नुहोस् :

| उदाहरण | |
|---|---|
| किरो, निलो, तितो आदि | सुरुमा 'इ' ह्रस्व हुने शब्द |
| माहिलो, कलिलो, गहिरो आदि | बिचमा 'इ' ह्रस्व हुने शब्द |
| पुर्बेली, मुर्ख्याइँ, पुस्ट्याइँ आदि | तद्भव प्रत्यय लागेका तत्सम शब्द |
| दाइ, भाइ, नाति, आदि | अन्त्यको 'इ' ह्रस्व हुने पुलिङ्ग शब्द |
| पढाइ, लेखाइ, बठ्याइँ आदि | आइ, याइँ प्रत्यय लागि अन्त्यमा 'इ' ह्रस्व हुने शब्द |
| अगाडि, माथि, भोलि, आदि | अन्त्यको 'इ' ह्रस्व हुने अव्यय शब्द |
| धुलो, बटुवा, आलु आदि | उ ह्रस्व हुने शब्द |
| पानी, कोदाली, गरिबी आदि | शब्दको अन्त्यको ई दीर्घ हुने शब्द |
| भाउजू, फुपू, सासू आदि | अन्त्यको 'ऊ' दीर्घ हुने नाताबोधक स्त्रीलिङ्गी शब्द |
| आऊ, गर्नू, बस्नू आदि | 'ऊ' दीर्घ हुने विध्यर्थक क्रियापद |

२. उदाहरणअनुसारका पाँच पाँच शब्द खोजेर तालिकामा देखाउनुहोस् :

| उदाहरण | |
|---|---|
| सहिद, सहर, स्कुल आदि | 'स' को प्रयोग हुने शब्द |
| आज, अब, तब आदि | उच्चारणअनुसार अजन्त प्रयोग हुने अव्यय शब्द |
| बस, बस्, बसोस् आदि | उच्चारणअनुसार अजन्त/हलन्त प्रयोग हुने क्रियापद |
| नाम, नेपाल, असल आदि | उच्चारण हलन्त भए पनि अजन्त हुने शब्द |
| बहिनी, वकिल, बदमास आदि | उच्चारणअनुसार नै 'ब' वा 'व' लेखिने शब्द |
| संवाद, संयोग, संलग्न आदि | य, र, ल, व पूर्व शिरबिन्दु प्रयोग हुने शब्द |
| चङ्गा, मान्छे, चम्चा, | उच्चारणअनुसार नै ङ्, न् वा म् लेखिने शब्द |

३. 'क' समूह र 'ख' समूहका बिचमा जोडा मिलाउनुहोस् :

| क समूह | ख समूह |
|---|---|
| रुखबाट | प्रत्यय जस्तै एउटै डिकामा लेखिने शब्दांश |
| पश्चिमपट्टि | एउटै डिकामा लेखिने आपरिवर्तित द्वित्व शब्द |
| आमाबाबु | एउटै डिकोमा लेखिने अकरण बोधक 'न' |
| नाटककार | मध्यवर्ती नाम जोडेर लेखिने दुई लिपिको हलन्त नाम |
| भातसात | एउटै डिकामा लेखिने विभक्ति |
| नपढेकी | एउटै डिकामा लेखिने छोटा नामयोगी शब्द |
| गरगहना | एउटै डिकोमा लेखिने पूर्ण द्वित्व शब्द |
| गल्र्यामगुर्लुम | एउटै डिकामा लेखिने दुई दुई लिपिले बनेका समस्त शब्द |
| रामकृष्ण | एउटै डिकामा लेखिने आंशिक द्वित्व शब्द |

४. उदाहरणअनुसारका तिन तिन ओटा शब्दहरू लेख्नुहोस् :

(क) अनु, निस्, निर, दुस्, दुर्, वि, नि, अधि, अति, अभि, सु, प्रति, परि, उप उपसर्गमा 'इ' 'उ' ह्रस्व छ ।

जस्तै : अनुवाद, निश्चय, निराहार, दुस्साहस, दुर्गम, विहार, नियम, अधिकार, अतिशय, अभिभावक, सुगम, प्रतिकार, परिभाषा, उपहार

(ख) 'इक, इका, इत, इम, इमा, इष्ठ, उक' यी तत्सम प्रत्ययमा 'इ' 'उ' ह्रस्व छन् ।

जस्तै : आर्थिक, गायिका, पण्डित, अग्रिम, महिमा, वरिष्ठ, जागरुक

(ग) 'ईय, ईन, अनीय, वी, ई' यी तत्सम प्रत्ययमा 'ई' दीर्घ छ ।

जस्तै : भवदीय, ग्रामीण, आदरणीय, तेजस्वी, विद्रोही, गुणी

(घ) तलका पुलिङ्ग शब्दको अन्त्यका 'इ' 'उ' ह्रस्व र स्त्रीलिङ्गी शब्दको अन्त्यका 'ई' 'ऊ' दीर्घ छन् ।

जस्तै : हरि, भानु, साधु, ऋषि, गुरु, देवी, भगवती, लक्ष्मी, भृकुटी, बधू

(ङ) ऋ, त्र, ण, श, ष, क्ष, ज्ञ वर्णहरू (कृष्ण, सञ्जय, गण्डकी, शस्त्र, आकर्षण, पक्ष, ज्ञान आदि) तत्सम शब्दमा मात्र प्रयोग हुन्छन् ।

५. वर्ण विन्यास सम्बन्धी तलका त्रुटिहरू सच्याउनुहोस् :

(क) बिद्यार्थी को प्रमूख उद्धेस्य सिक्षा आर्जन गरनु हो । यशका लागि पाठ्य पुस्तक का साथै अन्य सम्धर्ब ग्रन्थ पनी पढ्नुपर्छ । सछ्म ब्यक्ति वन्न बिद्यार्थिलाइ समाजको एथार्थ ग्यान पनि चाइन्छ ।

(ख) नेपालका बहु सङ्ख्यक ब्यक्तिहरू परम्परा अनुसार आ आफ्नो धर्म मान्छन् । अतिथ्य शत्कार पनी एक किसिमको धर्म हो । यो सबैको लागि उतिकै महत्त्वपूर्ण छ । यसको महीमा अइले मात्र होइन पइले पनि थियो र अव पक्षीसम्म पनी रहनेछ । साँजमा आएका पाउना देउता सरअ मान्य हुन्छन् । अतिथीको यथोचित शत्कार गर्नु मानविय गुण पनी हो ।

६. सरल रूप र त्यसबाट बनेका तिर्यक रूपका बिचमा जोडा मिलाउनुहोस् :

| सरल रूप | तिर्यक रूप |
|---|---|
| पैसो | यस |
| गानु | उस |
| यो | मैँ |
| ऊ | तैँ |
| म | पैसा |
| तँ | गाना |

७. तलका सरल रूपलाई तिर्यक रूपमा बदल्नुहोस् :

गर्नु, को, केटो, बिरालो, दुलो, सोझो

८. सरल र तिर्यक कारकका आधारमा तलका वाक्यहरू सच्याउनुहोस् :

(क) मेरो छोरोले अपाङ्गता भएको साथीलाई सहयोग गर्छ ।

(ख) उले आज धेरै चरोहरू मार्‍यो ।

(ग) उको आँखोमा राम्रो दृष्टि शक्ति छ ।

(घ) यो मान्छेले रेडियालाई राम्ररी हेर्‍यो ।

९. तलका उदाहरणका आधारमा त्यस किसिमका अन्य वाक्यहरू रचना गर्ने अभ्यास गर्नुहोस् :

(क) सामान्यार्थक वाक्य

- हजुरआमा कथा सुनाउनुहुन्छ ।
- खेतालाले आज मेलो सकेनन् ।
- तिम्रा कक्षामा कति छात्रछात्रा छन् ?

(ख) विध्यर्थक वाक्य

| आज्ञार्थक वाक्य | इच्छार्थक वाक्य |
|---|---|
| - तँ गोठ जा । | - तिम्रो रोग निको होस् । |
| - तिमी घरमै बस । | - ईश्वरले हाम्रो कल्याण गरून् । |
| - तपाईं गाई दुहुनुहोस् । | - अब हामी घर जाऔँ । |

(ग) अनिश्चयार्थक वाक्य

| सम्भावनार्थक वाक्य | सङ्केतार्थक वाक्य |
|---|---|
| - हाम्रो देश धनी बन्ला । | - पानी परे बाली सप्रन्छ । |
| - हामी सबै खुसी हौँला । | - पैसा भयो भने म पुस्तक किन्छु । |
| - सरकारले जनताको भलो गर्ला । | - ऊ मन्त्री भयो भने देश बनाउला । |

१०. तलका धातु प्रयोग गरी आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थमा दुई दुई वाक्य लेख्नुहोस् :

दि, आउ, गर्, हेर, हु

**११. तलका क्रियापदलाई आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थको समूहमा विभाजन गर्नुहोस् :**

गर, पढून्, आइज, आउला, नुहाओस्, फर्केलिन्, नबस, दिऊन्, जाओ, उब्जियोस्, खेल, किन्ला, निस्कला

**१२. तलका वाक्यलाई आज्ञार्थक, इच्छार्थक र सम्भावनार्थकमा बदल्नुहोस् :**

(क) तिमी सबेरै उठ्छौ ।

(ख) तँ अक्षर राम्रो लेख्छस् ।

(ग) तपाईं माला लाउनुहुन्छ ।

(घ) गुरुङ दाइ काठ काट्छन् ।

**परियोजना कार्य**

आफ्नो टोलका सरसफाइ सम्बन्धी समस्याहरू टोलबासीसँगै सोधेर ती समस्या समाधानका लागि सम्बन्धित कार्यालयमा लेख्ने पत्र तयार पार्नुहोस् ।

पाठ्यक्रम विकास केन्द्र

# पाठ १६ बन्धनबाट मुक्ति

*राजेन्द्र विमल*



१. मास्टर चोआलाल बर्दिबास हाइस्कुलका गणित विषयका शिक्षक थिए। ट्युसनको कमाइले नै तिन छोरालाई पढाउन भ्याए। छोराहरू पढाइमा राम्रा पनि थिए। दुई जनाले दूतावासबाट छात्रवृत्ति पाएका थिए। कान्छो कुसङ्गतमा लागी कुलतको सिकार भएको थियो। रक्सी, जाँड तथा गाँजाको सेवन र झगडालु स्वभाव केही छुटेका थिएनन्।

२. चोआलाल एकसट्ठी वर्षमा विधुर भए। पत्नी अनेकौँ रोगबाट पीडित थिइन्। दम, उच्च रक्तचाप, मुटुको व्यथा अनेक थरी ! बेलैमा राम्ररी उपचार गराएको भए निदान हुन सक्थ्यो। तर उपचार हुन सकेन। इष्टमित्र, शुभेच्छुक, छरछिमेक, नातेदार सबैले सम्झाए, “यो ईश्वरको इच्छा हो। यो मृत्युको नियम हो। पतिपत्नी सँगसँगै जान त सबै चाहन्छन् तर एउटाले बिजोग बेहोर्नै पर्छ। तिन तिन जना छोरा, बुहारी, नाति नातिनाले घर भरिभराउ छ।” मास्टरले चित्त बुझाउन खोजे तर उनको चित्त बुझेन।

३. बुढीको मृत शरीर जलाउने समय बित्दै थियो। कान्छो कता लडेको थियो, थाहै भएन। अन्त्यमा बुढा स्वयम्ले श्रीमतीको किरिया गरे। किरियापुत्रीको स्याहारदेखि शुद्धशान्तिसम्म गरिने सबै व्यवस्थापनको जिम्मा मास्टरका प्रिय शिष्यहरूले लिएका थिए।

४. आमा मरेको समाचार सुनेर जेठा डा. सूर्यनाथ बेलायतबाट सपरिवार आयो। माहिलो इन्जिनियर चन्द्रनाथ पनि आइपुग्यो। कान्छा तारानाथ ठेकेदार हुन्, घरै बस्थ्यो।

---

**शब्दार्थ**

विधुर : पत्नी मरेको पति

निदान : पत्ता लगाउने

शुद्धशान्ति : मान्छे मरेको घरमा जुठो चोख्याउने दिन गरिने कर्म

५. बुढाको भित्री मनमा महापात्रलाई राम्रोसँग पञ्चदान कर्म गरौँ भन्ने थियो । उनले छोराहरूका अगाडि यस्तो विचार प्रकट गरे । छोराहरूलाई बोलाएर भने, "तिमीहरूका लागि आमाले आफ्ना सबै सुख त्यागिदिइन् । उनै आमाको आशीर्वादले तिमीहरू ठुल्ठुला पदमा छौ । उनको मृत्युपछिको काम मिलेर गर्‍यौ भने आशीर्वाद पाउँछौ, बाबु ।" दिनको चार पटक छोरा बुहारी सम्मिलित गोष्ठी गरे । उनीहरूमा खस्याकखुसुक चल्न थाल्यो, कमाएर बुढाले के गरे ? मरेकी बुढीका लागि काठको पलङ मात्र किन ? सुनकै पलङ, सुनका गहना, सुनका जुत्ता, छाता सबै दान गरून् । बुढाका कानमा पनि यस्ता शब्द पर्थे । तर उनी निर्जीव बनेर कुशासनमा बसिरहन्थे । लाचार भई छोरा बुहारीतिर याचक भावले हेर्थे । आखिरमा स्टिलका एक दुई थाल, गिलास, सस्तो छाता र तन्नाभन्दा दानका लागि केही आएन । बाँचुन्जेलसम्म त राम्रो उपचार र हेरचाह नपाएको भन्दै दानका लागि जे सामान आए, त्यसमा पनि बुढाले चित्त बुझाए ।

६. एकादशीभन्दा एक दिन पहिले बुढाले फेरि छोराहरूलाई बोलाउने हिम्मत गरे, "बाबुहरू ! मेरो सञ्चय कोषमा तिन लाख रकम जम्मा थियो । नातिहरूको मुण्डन, वर्तमानमा दुई लाख खर्च गरेँ । एक लाख जति बैङ्कमा जम्मा होला । चेकबाट भुक्तानी ल्याउनू र आमाको श्राद्ध राम्रोसँग सम्पन्न गर्नू ।"

७. बुढाको यस कुराबाट सबैले राहतको अनुभव गरे । नभई नहुने कर्ममा केही पैसा लगाउने र बाँकी पैसाले आआफ्ना कामका लागि छुट्टिनुभन्दा अघिल्लो रात भोज गर्ने निर्णय गरे ।

८. शुद्धशान्तिका दिन बुढाले छोराहरूलाई भने, "अब त म एक्लो भएँ । तिमीहरूकी आमाले मलाई टुहुरो पारेर गइन् । अब मेरा बारेमा केही सोचेका छौ ?" प्रश्नले सबै स्तब्ध भए । दायित्वको गुरुता बोधले होइन, असमयको रागले । जेठाले मौन भङ्ग गर्‍यो, "यो भनेको के नि, बा ?"

९. "त्यही भनेको बाबु । म त सारै असहाय भएँ । जग्गा जमिन पनि छैन । सञ्चय कोष पनि छैन । केही रिन पनि बाँकी छ ।"

१०. "अनि पेन्सन ?" माइलोको स्वरमा रुखोपनको मात्रा बढी थियो ।

११. बुढाले स्याँस्याँ गर्न थाले, "तिम्री आमा छँदा जसरी पनि भात छड्काइहाल्थिन् । कान्छाको ताल यस्तै छ । दिनदिनभरि भोकै राखिदिन्छ । पेन्सन जति कान्छालाई दिएँ । तर सबै पेन्सन दिए पनि त्यसले पुगेन भन्छ ।"

---

शब्दार्थ

महापात्र : दान दिन योग्य

कुशासन : कुशले बनाइएको बस्ने चकटी

याचक : माग्ने

मुण्डन : केश खौरने काम

गुरुता : महिमा, उच्चता

१२. "म कहाँबाट यस बुढालाई पाल्न सक्छु ? दुनियाँले माड्साब भनेर ढोग्छन् । यो माड्साबले मलाई जे अन्याय गरे, मैलाई थाहा छ ।" गाँजाको सुरमा कान्छो बरबरायो ।

१३. बाबु आमाले आफूलाई कहिल्यै मिठो खान र राम्रो लाउन नदिएको, स्कुलको फिस तिर्न र किताब किन्न पनि धौधौ परेको जस्ता बयान गर्दागर्दै कान्छो थचक्क बस्यो । टाउकामा हात राखेर रुन थाल्यो ।

१४. बुढी आमा बाँचुन्जेल परदेशी छोराहरूले उनको अवस्थाबारे सोध्ने फुर्सत पाएनन् । आवश्यकता ठानेनन् । उनलाई कसैले निस्तो भातसम्म पनि अघाउन्जेल खान दिएन । कमजोर हुँदाहुँदै बुढी थला परिन् । मोतियाबिन्दुले गर्दा देख्न नसक्ता राती बुहारीलाई बोलाउँथिन् । बुहारी एकछिन त निदाएको स्वाङ पारी टार्न खोज्थी, फेरि सराप्तै फतफताउँदै उठ्थी, निर्जीव ढुङ्गालाई उचाले झैँ उचाल्थी । नाक थुनेर शौचालयसम्म लान्थी र फेरि ओछ्यानमा थचारेर फर्किन्थी । बुढाले सबै कुरा सम्झे ।

१५. आज शुद्धशान्तिको भोज छ । भोज सुरु भइसकेको छ । बासमती चामलको भात, रहरको दाल, घिउ पापड, तीलको अचार, तित्रीको चटनी, तिन चार किसिमका तरकारी, पकौडा, दही आदि सबै व्यञ्जनका सुगन्ध हावामा फैलिएका छन् । नातागोताका मानिसहरूले घर भरिएको थियो । साना केटाकेटीदेखि सबै आआफ्ना किसिमले रमाइरहेका थिए ।

१६. बुढालाई भने कसैले वास्ता गरेनन् । भोकले सहन नसकेपछि बुढाले एउटा युवकलाई केही खान दिन भने । माहिलो छोरो यो हेर्दै थियो । माहिलाले हकारेर बोल्यो, "यो के गर्नुभएको बा ? एकछिन तपाईं भोक सहेर बस्न सक्नुहुन्न ? निम्तारुहरूले खानै खाएका छैनन्, यहाँ तपाईंका आँतमा ज्वाला दन्किन थाल्यो ।" डाक्टर र इन्जिनियरका बाबुले यसरी हात जोरेको देखेर युवक झनक्क रिसायो ।

१७. बुढाले भने, "हो बाबु ! बच्चा छँदा एकछिन दुध खान नपाएर तँ रुँदा, मेरो मुटु चिरिन्थ्यो । आज मैले मुख फोरेर खान मागेँ । तेरो इज्जतै गयो । म बस्छु बा, सहेर बस्न सक्छु ।"

१८. कोठा बाहिर आँगनका पाहुनाहरूसँग अट्टहास गरेको सुनेर बुढाको मन फेरि चिरियो । यिनीहरूलाई आमा मरेकामा केही पछुतो छैन । मानौँ आमाको मृत्यु होइन, छोराको जन्म भएको छ । बुढाको संसार अँध्यारो भयो । उनलाई भोज खानेहरूसँग पनि रिस उठ्न थाल्यो ।

१९. बुढाको आत्मा रोइरहेको थियो । मनले यो प्रश्न पनि गर्‍यो - आखिर छोराहरूले भोजको यस्तो भव्य आयोजना कसरी गरेका होलान् ? मात्र एक लाखले त पुगेन होला । उनको वात्सल्य फेरि छचल्किन्थ्यो । पछि थाहा भयो - यस आयोजनाको थप खर्च उनैका पूर्व शिष्यहरूले गरेका रहेछन् ।

---

**शब्दार्थ**

अट्टहास : ठुलो स्वरको हाँसो

आयोजना : कुनै काम पुरा गर्नका लागि पहिलेदेखि गरिएको प्रबन्ध

२०. काम सकियो । सबै आआफ्ना काममा फर्किए । डाक्टर बेलायततिर लाग्यो । इन्जिनियर इन्दौर फर्क्यो । गँजडी कान्छो आफ्नै पुरानै रङ्गढङ्गमा मस्त थियो ।

२१. मास्टर चोआलाल एक्लो भए । यस्तो एक्लोपनको अनुभूति उनलाई आमा बित्दा पनि भएको थिएन । मास्टर आाफ्नो कोठामा कि त न्यास्रिँदै धुमधुम्ती बसेका हुन्थे, कि त भोक खप्न नसकी घोप्टो परी सुतिरहेका हुन्थे । तिर्खाले घाँटी सुक्दा पनि भान्सा कोठामा गई पानी खाने पनि हिम्मत हुँदैनथ्यो । बिहानको नित्य कर्म सकिएपछि जवानीका दिनमा श्रीमतीले ल्याउने गरेको तात्तातो चिया सम्झी आँसु झार्थे । उनलाई कहिले ज्वरो आएको हुन्थ्यो, कहिले ढाड त कहिले टाउको दुखेको हुन्थ्यो ।

२२. दसैँमा माहिलाको परिवार आउँदा घरमा बुढालाई लिएर फेरि महाभारत मच्चियो । बाबु बाँकी दुई जना दाजुभाइको पनि भएका हुनाले बाबुले आर्जेको सम्पत्तिमा मात्र होइन, बाबुको स्याहारसुसार गर्ने समयमा पनि भागबन्डा लगाउने प्रस्ताव कान्छाले राख्यो । यो प्रस्ताव सुन्नासाथ आफूहरू टुरमा बाहिर जानुपर्ने निहुँ गरी भोलिपल्टै माहिलाले सपरिवार कुलेलम ठोक्यो । चोआलाललाई सब थाहा भयो । उनले कान्छालााई बोलाएर आफूलाई कुनै वृद्धाश्रममा हाल्दिन अनुरोध गरे तर उसले वास्ता नै गरेन ।

२३. बुढाको दुर्गति झन् बढ्दै गयो । बुढा सबैले खाना खाएको हेरिरहन्थे । उसलाई खाना थोरै मात्र दिइन्थ्यो । बुहारीको भनाइ थियो - बुढाले धेरै खाए भने अपाच्य भई लत्ताकपडा, तन्ना, तकिया फोहोर पार्न सक्छन् । बुढा श्रीमतीको फोटो अगाडि हात जोरेर उभिन्थे र आफ्नो मनको बह पोख्थे । एक दिन थप खाना माग्दा छोराले अप्रत्याशित रूपमा उनको गालामा एक चड्कन बजाइदियो ।

२४. त्यस रात बुढाले आफ्नो बगली छामे । कन्दनीमा श्रीमतीको अन्तिम निसानी थियो - सुनको शिरफुल । यस गहनाले दुवैको विवाहको सुमधुर स्मृति आफूभित्र जोगाएको थियो । बुढाले बिस्तारै गहना निकालेर धेरै बेरसम्म ओल्टाई पल्टाई हेरे ।

२५. एका बिहानै सकी नसकी हिँडेर बुढा राजमार्गको छेउमा आएर उभिए । बस आयो, चढे । कन्डक्टरले पैसा माग्यो । चालिस वर्ष पुरानो नारी घडी फुकालेर दिए । कन्डक्टर एकछिन अकमक्क पर्‍यो । फेरि दङ्ग पर्दै अगाडि बढ्यो । नारायणघाट आई कुनै बेला श्रीमतीले राखन दिएको त्यही शिरफुल बेचे । त्यहाँबाट उनी सिधै देवघाट गएर सन्यास वरण गरे र सन्यासी परिधान ग्रहण गरे ।

---

शब्दार्थ

रङ्गढङ्ग : ढङ्ग, ढाँचाकाँचा

अनुभूति : अनुभव गर्ने काम

भागबन्डा : सम्पत्तिको बाँडफाँड, अंशबन्डा

बह : मनको पिर

वरण : धारण

२६. देवघाट घुम्न जाँदा उहाँसँग मेरो भेट भयो। उहाँ अब अशक्त र विवश देखिनु हुँदैनथ्यो। हार्मोनियम बजाई मिठो स्वरमा भजन गाइरहनुभएको थियो । उहाँको मधुर स्वर र भजनका हृदय स्पर्शी शब्दहरूले म सम्मोहित भएँ। वरिपरि वृत्ताकार बसेका उहाँका शिष्यहरूको जमात थियो। थाहा पाएँ - उहाँ त्यहाँ मधुरानन्दको नाउँले प्रसिद्ध हुनुहुँदोरहेछ। प्रवचन गर्नुहुन्छ, भजन रच्नुहुन्छ र गाउनुहुन्छ । मलाई देखेर उहाँले मलाई नजाने सङ्केत गर्नुभयो र सबै गइसकेपछि मैले हाल खबर सोध्दा उहाँले भन्नुभयो, "भाइ, म खहरेले बगाएर ल्याई बगरमा फालिएको बग्रेठो थिएँ। तिमीलाई देखेर मैले आफ्नो जन्मस्थान सम्झेँ। तिमीले यहाँ देखेका सबै भक्त मेरा सन्तान हुन्। तिमीले हृदयमा अटाउन सक्ने जति तिम्रा आफन्त हुन्। संसारलाई माया लुटाऊ, संसार तिम्रै हो, यस सत्यको बोध मलाई यहीँ आएर भयो। अब म यो संसारको बन्धनबाट मुक्त भएको छु।"

## अभ्यास

### सुनाइ

१. **कथाको पहिलो अनुच्छेद सुनी ठिक बेठिक भन्नुहोस् :**

(क) मास्टर चोआलाल एकाउन्न वर्षमा विधुर भए।

(ख) उनकी श्रीमती उच्च रक्तचापको रोगबाट पीडित थिइन्।

(ग) चोआलालका दुई जना छोराहरू थिए।

(घ) श्रीमतीको मृत्युमा सबैजसो नातेदारले यो मृत्युको नियम हो भनेर बुढालाई सम्झाए।

(ङ) चोआलालको एउटा छोराको बिहे भएको थिएन।

२. **कथा सुनेका आधारमा तलका भनाइ कसले कसलाई भनेका हुन्, पत्ता लगाई भन्नुहोस् :**

(क) तिमीहरूका लागि आमाले आफ्ना सबै सुख त्यागिदिइन्।

(ख) म कहाँबाट यस बुढालाई पाल्न सक्छु।

(ग) यहाँ तपाईंको आँतमा ज्वाला दन्किन थाल्यो। एकछिन तपाईं भोक सहेर बस्न सक्नुहुन्न ?

(घ) हो बाबु, बच्चा छँदा एकछिन दुध खान नपाएर तँ रुँदा मेरा मुटु चिरिन्थ्यो।

(ङ) भाइ, म खहरेले बगाएर ल्याई बगरमा फालिएको बग्रेठो थिएँ।

३. **कथाको बाइसौँ र तेइसौँ अनुच्छेद साथीबाट सुन्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) दसैँमा कुन छोराको परिवार आउँदा झगडा परेको थियो ?

(ख) बाबुको स्याहारसुसार गर्न भागबन्डासमेत लगाउनुपर्ने प्रस्ताव आएपछि माहिलो छोराले के प्रतिक्रिया दियो ?

(ग) बुढाले कान्छो छोरालाई कस्तो अनुरोध गरे ?

(घ) चोआलाललाई किन थोरै मात्र खान दिइयो ?

(ङ) चोआलाललाई छोराले किन बेस्सरी गालामा हान्यो ?

४. कथाको अन्तिम अनुच्छेद सुनी त्यसमा व्यक्त भएका विचारलाई सारांशमा भन्नुहोस् ।

**बोलाइ**

१. उदाहरणका आधारमा शुद्ध उच्चारण गर्नुहोस् :

जस्तै : भण्डार/भन्.डार्

व्यवस्थापन, आशीर्वाद, भुक्तानी, मिर्गौला, सञ्चय कोष

२. तल दिइएका अनुकरणात्मक शब्दहरूको प्रयोग गरी छोटो कथा सुनाउनुहोस् :

खस्याकखुसुक, थचक्क, फतफत, सिरिङ्ङ, जुरुक्क, जिङ्रिङ्ङ, झनक्क, ह्वाँह्वाँ

३. तपाईँले जानेको कुन कथा सिलसिला मिलाएर भन्नुहोस् ।

**पढाइ**

१. कथाका अनुच्छेदहरूलाई सस्वर पठन गर्नुहोस् । आफ्नो पठनमा कुनै कमी कमजोरी भएको भएमा सुधारका लागि सुझाव दिन साथीहरूलाई आग्रह गर्नुहोस् ।

२. कथा पढेका आधारमा 'वृद्धवृद्धाको सम्मान र हेरचाह गर्नुपर्छ' भन्ने विषयमा एक अनुच्छेद लेख्नुहोस् ।

**लेखाइ**

१. तल दिइएका टुक्काहरूको अर्थ पहिचान गरी जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) कुरो खानु | गाली गर्नु |
| (ख) मासु खानु | रिसाएर हेर्नु |
| (ग) मुख छाड्नु | भनेको मान्नु |
| (घ) आँखा तर्नु | चनाखो हुनु |
| (ङ) कान ठाडो पार्नु | दिक्क पार्नु |
| | कुट्नु |

२. **निम्न लिखित शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

प्रतिष्ठित, कुलत, अन्ध विश्वास, भुक्तानी, असहाय, प्रलय, वृत्तान्त

३. **चोआलालका कान्छा छोराको बाँकी जीवन कसरी बित्यो होला, अनुमान गरी लेख्नुहोस् ।**

४. **निम्न लिखित प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

(क) चोआलालका राम्रा विशेषताहरू के के हुन् ?

(ख) चोआलालको कान्छो छोरो कुलतमा फस्नुका कारणहरू के के हुन सक्छन् ?

(ग) वृद्धवृद्धा भएपछि तिरस्कृत हुनुका कारणहरू के के हुन सक्छन् ?

(घ) चोआलालका छोराहरूले आफ्ना बाबुआमाप्रति गर्नुपर्ने कर्तव्यलाई कसरी निर्वाह गर्नुपर्थ्यो ?

(ङ) यस कथाको शीर्षक 'बन्धनबाट मुक्ति' भन्ने किन राखिएको होला ?

५. **कथाको तेइसौँ अनुच्छेदलाई जम्मा चार ओटा बुँदाहरूमा टिपोट गर्नुहोस् ।**

६. **कथाको दोस्रो अनुच्छेदलाई एक तृतीयांश हुने गरी सारांश लेख्नुहोस् ।**

७. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) 'पतिपत्नी सँगसँगै जान त सबै चाहन्छन् । तर एउटाले बिजोग बेहोर्नै पर्छ ।'

(ख) 'तिमीले हृदयमा अटाउन सक्ने जति तिम्रा आफन्त हुन् । संसारलाई माया लुटाऊ, संसार तिम्रै हो ।'

## व्याकरण

१. **तल दिइएको अनुच्छेदमा कर्तृ, कर्म र भाव वाच्यको प्रयोग भएको छ, पढ्नुहोस् :**

दुई महिनाअघि मात्रै मिर्गौला फेल भएको थाहा पाएपछि सन्तानपुरी दुःखमायालाई मिर्गौला कसले देला भन्ने चिन्ता भयो । "श्रीमान् जसोतसो उपचार खर्च जुटाउन त तयार हुनुभयो । तर मिर्गौला कसले दिने ?" उनले सुनाइन् । उनले भनिन्, "सहयोगका लागि धेरैतिर दगुरियो । रुन त कति रोइयो कति । तर सुखमा हितैषी देखिएका पनि अप्ठेरो पर्दा बिराना हुन पुगे । हत्तपत्त आमालाई भनेपछि उहाँ मिर्गौला दिन तयार हुनुभयो । त्यसपछि प्रत्यारोपणका लागि अस्पताल भर्ना भएकी हुँ ।" उनका अनुसार मिर्गौला फेल भए जत्तिकै चिन्ता दाता नभेटिँदा हुने रहेछ । यस्तो अवस्थामा विवाह गरी गएका चेलीबेटीलाई झनै समस्या हुने रहेछ । उनले भनिन्,"न त घर परिवारले सहयोग गर्छन्, न त माइती पक्षले नै । आफ्नी आमा मात्रै सन्तानका लागि जे गर्न तयार हुने रहिछन् ।" मानव अङ्ग प्रत्यारोपण केन्द्रका मानिससमेत बिरामीका अवस्थाको भिन्नताका बारेमा अनभिज्ञ छैनन् । परिवारका पुरुष सदस्य बिरामी हुँदा महिलाहरूको जायजेथा र गरगहना सबै बेचेर खर्च जुटाइन्छ । उनीहरूद्वारा नै मिर्गौलासमेत दिइन्छ । महिला बिरामी हुँदा भने पुरुषद्वारा मिर्गौला दिने कुरा विरलै सुनिन्छ ।

२. तलको अनुच्छेदबाट कर्तृवाच्य टिप्नुहोस् :

आमोदले भन्यो, "म आज विद्यालय जान्नँ । सरलाई बिरामी छ भनिदेऊ है ।" अनिका हुन्छ भन्दै टाउको हल्लाउँदै हिँडी । बाटामा जिज्ञासाले सोधी, "आमोद खोई त ?" आउँदैन रे भन्दै ऊ फटाफट हिँडी । अलि पर निमीषा, सौर्य र अनिषा भेटिए । उनीहरूले पनि आमोदकै बारेमा सोध्लान् भनेर उसले हततपत्त भनी, "तिमीहरूले पनि आमोदकै बारेमा साध्ने होला नि । ऊ टाउको दुखेर सुतेको छ । सबैलाई त्यही भनिदिनु भनेको छ ।"

३. तलको अनुच्छेदबाट कर्मवाच्य छान्नुहोस् :

आज बिहान म दाँत माझ्दै थिएँ । त्यत्तिकैमा ब्रस भाँचियो । त्यसपछि कपाल कोर्न थालेकी थिएँ, काइँयो पनि भाँचियो । त्यो कुरा मैले शकुन्तलालाई भनेँ । ऊ भने मेरा कुरा सुन्दै नसुनी बोलिराखी । आफ्नो त आज चाँडै गृहकार्य पनि सकियो । अब मज्जासँग चिया खाइन्छ । दाइकी छोरीलाई लिटो खुवाइन्छ । अनि भान्छामा गएर अचार बनाइन्छ । मैले फेरि उसलाई आग्रहका स्वरमा भनेँ, "बहिनी मलाई तेरो काँइयो दे न ।" आमाले मेरो कुरा सुन्नुभएछ । उहाँले मलाई आफ्नो काइँयो झिकेर दिनुभयो ।

४. तलको अनुच्छेदबाट भाववाच्य छान्नुहोस् :

विश्वनाथ आफ्नो कोठामा बसेर रोइराखेको थियो । दिदीले ऊ रोएको देख्नुभयो । नरोऊ भाइ, नरोऊ । अहिले रोएर के काम ? आफू त सानामा खुब रोइयो । दु:ख पनि खुब पाइयो नि । बिहानै उठेर बुबालाई भान्सामा सघाइयो । आमाको जागिर बिहानै थियो । बेलुकी चाहिँ भान्सामा आमालाई सघाइयो । गृहकार्य गर्न कहिल्यै राम्रोसँग भ्याइएन । विद्यालयमा गाली खाइयो । पछि त राती अबेरसम्म बसेर गृहकार्य गर्न थालियो । सानामा दु:ख पाए पनि अहिले भने हाँसिँदै छ ।

५. वाच्य परिवर्तन गर्नुहोस् :

(क) कुमारले किताब किन्यो ।

(ख) मद्वारा भात खाइयो ।

(ग) हिजो खुब दगुरियो ।

(घ) खेतालाले बारी खन्यो ।

(ङ) आज त बिहान आठ बजेसम्म सुतिएछ ।

(च) चोरहरूले घरका राम्रा सामान जति सबै चोरेछन् ।

(छ) आज विद्यालय कति बजे आइयो ?

(ज) कति ओटा कथा पढियो ?

(झ) मुसाले कपडामा प्वालैप्वाल पारेछ ।

६. कथाबाट शब्दका सुरुमा ह्रस्व भएका दस ओटा शब्दको सूची बनाउनुहोस् ।

७. कथाबाट शब्दका अन्त्यमा दीर्घ भएका दस ओटा शब्दको सूची बनाउनुहोस् ।

८. कथाबाट शब्दका बिचमा ह्रस्व भएका दस ओटा शब्दको सूची बनाउनुहोस् ।

९. तलको अनुच्छेदमा भएका गल्ती सच्याउनुहोस् :

तिमी त असल पो रहीछ्यौ । मेरो साथि सिता ले भनेर पो थाहा पाएँ । खगेन्द्रले सधैँ तीम्रो कुरा काट्थ्यो । त्यही कुरा सुनेर मैले तिम्रा बारेमा नराम्रो धारणा बनाएको हुँ । उनी हरुले प्रसंशा गरेको मानिस चाहिं बरु दुस्ट रहेछ । अरुका कुरा सूनेर भन्दा आफैले व्यवहारको मूल्याङ्कन गरेर मानिश चिन्नु राम्रो हुने रहेछ ।

## सिर्जनात्मक कार्य

दिइएका बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् :

एउटा जङ्गलमा हात्ती र बाँदर .......... सँगै मिलेर बस्नु .......... सँगै खानेकुरा खोजेर खानु .......... एक दिन “को ठुलो” भन्ने विषयमा झगडा हुनु .......... लाटोकोसेरालाई झगडा छिनिदिन अनुरोध गर्नु .......... लाटोकोसेराले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु .......... खोला तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु .......... खोला तर्नु .......... नरिवलको रुख ज्यादै अग्लो हुनु .......... हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन भन्नु .......... बाँदरलाई नरिवल बोक्न अप्ठ्यारो हुनु .......... हात्तीले मुखमा च्याप्नु .......... लाटोकोसेराले नरिवल कसरी ल्यायौ भनी सोध्नु .......... उनीहरूले यथार्थ जवाफ दिनु .......... दुवैले समान कार्य गरेकाले दुवैले आआफ्ना काममा ठुला छौ भनी लाटोकोसेराले निर्णय सुनाउनु .......... दुवैले एक आपसमा माफी माग्नु .......... पुनः ती दुवै जना मिलेर बस्नु .......... आफ्नो काममा सबैको उत्तिकै महत्त्व हुन्छ भन्ने सन्देश